आर्थिक वर्ष २०७४/७५

को

# मन्त्रालयगत
# प्रगति विवरण

नेपाल सरकार

## अर्थ मन्त्रालय

२०७५

# प्राक्कथन

नेपालको संविधानको धारा ११९ को उपधारा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको वार्षिक अनुमान संघीय संसद समक्ष पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकम र खर्चको विवरण पनि पेश गर्नुपर्ने व्यवस्था रहेको छ । राज्यले आर्थिक सामाजिक विकासका लागि गरेको लगानी, स्वीकृत कार्यक्रम र प्राप्त उपलब्धिको मन्त्रालयहरुबाट प्राप्त विवरणका आधारमा एकीकृत मन्त्रालयगत प्रगति विवरण तयार गरिएको छ । प्रस्तुत विवरण वित्तीय स्रोत र साधनको वितरण र सो को उपयोगमा कायम रहेको दक्षताको मापन गर्न उपयोगी हुने विश्वास लिएको छु ।

आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयनका लागि नीतिगत र संरचनागत परिवर्तन गरिएको थियो । आर्थिक वर्ष शुरु हुनु अगावै संसदबाट बजेट अनुमोदन गर्ने व्यवस्था, विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा समावेश भएका कार्यक्रमलाई आर्थिक वर्षको प्रारम्भमै सोझै निकासा दिने व्यवस्था, राष्ट्रिय गौरवका आयोजनालाई पर्याप्त श्रोतको व्यवस्था, भूकम्पपछिको पुनर्निर्माणका लागि आवश्यक स्रोतको सुनिश्चितता र ऊर्जाको सहज उपलब्धता हुने व्यवस्थाले बजेट कार्यान्वयन प्रभावकारी हुने अपेक्षा गरिएको थियो । तथापि मन्त्रालयहरुको कार्य सम्पादन र वित्तीय कार्यकुशलतामा अपेक्षित सुधार भने आउन सकेको छैन । आर्थिक समृद्धिको यात्रालाई अगाडि बढाउदै आगामी दिनमा **"समृद्ध नेपाल सुखी नेपालीको"** नारालाई सार्थक तुल्याउन मौजुदा बजेट विनियोजन र कार्यान्वयन क्षमतामा सुधार गर्ने, उत्पादनमुलक क्षेत्रमा लगानी केन्द्रीत गर्ने, रोजगारी सृजना हुने क्षेत्रमा विनियोजन कुशलता अभिवृद्धि गर्ने एवं कार्ययोजना बनाई बजेट कार्यान्वयनमा जोड दिनु पर्ने भएको छ ।

यो प्रगति विवरणबाट मन्त्रालयहरुको भौतिक तथा वित्तीय अवस्था, सम्पादित महत्त्वपूर्ण कार्यहरु र मन्त्रालयगत स्रोत परिचालनको बारेमा संसदलाई यथार्थ जानकारी हुने विश्वास लिएको छु। यद्यपि प्रस्तुत विवरणमा आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहमा उपलब्ध गराएको समानीकरण र सशर्त अनुदानको उपयोग गरी हासिल भएको भौतिक प्रगति र वित्तीय उपलब्धी समावेश गरिएको छैन । तत् तत् तहबाट सम्बन्धित संसद/सभामा प्रस्तुत विषयमा जानकारी गराउनु पर्ने व्यवस्थाले उक्त अनुदानको उपलब्धी सम्बन्धी विवरण सार्वजनिकीकरण प्रदेश र स्थानीय तहमा नै हुने विश्वास लिएको छु । प्रस्तुत विवरण सार्वजनिक खर्च व्यवस्थापन, विकास निर्माण र जनतामा पुऱ्याइने सेवा प्रवाहमा चासो राख्ने सरोकारवाला सबैलाई उपयोगी हुने र सम्बन्धित मन्त्रालयको काम कारवाहीलाई अझै बढी पारदर्शी र उत्तरदायी बनाउन सकिने विश्वास राख्दछु । अन्त्यमा, यो विवरण तयार गर्ने कार्यमा संलग्न सबैलाइ धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

**डा. युवराज खतिवडा**
**अर्थमन्त्री**

# प्रगति विवरणको सम्बन्धमा

- प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालयहरूको संक्षिप्त परिचय, गत आर्थिक वर्ष २०७३/७४ को यथार्थ खर्च र प्रगति, आर्थिक वर्ष २०७४/७५ मा विनियोजन ऐनद्धारा मन्त्रालयहरुलाई विनियोजित बजेटको २०७४ चैत्र मसान्तसम्मको खर्चको विवरण तथा २०७४ फागुन मसान्तसम्म तत् तत् मन्त्रालयहरुबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू र बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको प्रगति विवरण संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।
- आर्थिक ऐन, २०७४ बमोजिम सम्बन्धित निकायको सिफारिसमा प्रदान गरिएको राजस्व छुटको विवरण र चालु आर्थिक वर्ष २०७४/७५ को वैशाखसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक सहायताको विवरण समेत समावेश गरिएको छ ।
- विवरणमा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ (संशोधन सहित) बमोजिम कायम रहेका ३१ मन्त्रालयहरूको मन्त्रालयगत प्रगति समावेश गरिएको छ ।
- विवरणमा सम्बन्धित मन्त्रालयहरुले उपलब्ध गराएका सूचनाका अतिरिक्त महालेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित सूचना र तथ्याङ्क समेत प्रस्तुत गरिएको छ ।

**अर्थ मन्त्रालय**

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १-१० |
| २. | अर्थ मन्त्रालय | ११-२९ |
| ३. | उद्योग मन्त्रालय | ३०-३९ |
| ४. | वाणिज्य मन्त्रालय | ४०-४८ |
| ५. | आपूर्ति मन्त्रालय | ४९-५३ |
| ६. | ऊर्जा मन्त्रालय | ५४-६४ |
| ७. | सिँचाइ मन्त्रालय | ६५-७४ |
| ८. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७५-८२ |
| ९. | कृषि विकास मन्त्रालय | ८३-९८ |
| १०. | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ९९-१०६ |
| ११. | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १०७-११५ |
| १२. | पशुपञ्छी विकास मन्त्रालय | ११६-१२३ |
| १३. | खानेपानी तथा सरसफाइ मन्त्रालय | १२४-१३२ |
| १४. | गृह मन्त्रालय | १३३-१४१ |
| १५. | परराष्ट्र मन्त्रालय | १४२-१५६ |
| १६. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १५७-१७२ |
| १७. | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | १७३-१८० |
| १८. | युवा तथा खेलकुद मन्त्रालय | १८१-१८७ |
| १९. | रक्षा मन्त्रालय | १८८-१९३ |
| २०. | वन तथा भू-संरक्षण मन्त्रालय | १९४-२०३ |
| २१. | शिक्षा मन्त्रालय | २०४-२१३ |
| २२. | विज्ञान तथा प्रविधि मन्त्रालय | २१४-२१८ |
| २३. | श्रम तथा रोजगार मन्त्रालय | २१९-२२५ |
| २४. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २२६-२३८ |
| २५. | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २३९-२५२ |
| २६. | सामान्य प्रशासन मन्त्रालय | २५३-२५७ |
| २७. | सूचना तथा सञ्चार मन्त्रालय | २५८-२६६ |
| २८. | सहरी विकास मन्त्रालय | २६७-२८१ |
| २९. | स्वास्थ्य मन्त्रालय | २८२-२९४ |
| ३०. | जनसंख्या तथा वातावरण मन्त्रालय | २९५-३०० |
| ३१. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ३०१-३०४ |

**अनुसूचीहरु:** १. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताहरुको विवरण

२. विभिन्न कार्यालय, संघ/संस्था तथा व्यक्तिहरुलाई दिइएको राजस्व छुटको विवरण

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू. हजारमा)

| अनुदान संख्या | मन्त्रालय/निकाय | आ.व. २०७३/७४ को यथार्थ खर्च | आ.व. २०७४/७५ को विनियोजित बजेट | आ.व. २०७४/७५ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १०१ | राष्ट्रपति | २४९९४९ | १५८४०४ | १४८७६३ |
| १०२ | उपराष्ट्रपति | ३७२६५ | ४३४६५ | ३८२८३ |
| २०२ | व्यवस्थापिका - संसद | १५१५३२८ | १७४३६७७ | १४४८९७४ |
| २०४ | अदालत | ४१९८१६६ | ५२२१६६५ | ४३९७५५६ |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८५२३५९ | ११७२७०८ | ९७७२०८ |
| २०८ | महालेखा परीक्षकको कार्यालय | ३८८४०८ | ६२०१९८ | ५३२४२९ |
| २१० | लोक सेवा आयोग | ६७३९४६ | ६८३७३२ | ६११०३३ |
| २१२ | निर्वाचन आयोग | ५७६०३९० | ७०९११३ | १०२६९१४६ |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | १७०६५७ | २०४६७४ | १८६०८१ |
| २१६ | महान्यायाधिवक्ताको कार्यालय | १०२६९३८ | ९४१२५५ | ९२०६४५ |
| २१८ | न्याय परिषद् | ६२०५६ | ७५४६७ | ६२८३४ |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | | ३५५१६ | ८०८५१ |
| २२२ | राष्ट्रिय महिला आयोग | | ३५५१६ | |
| २२४ | राष्ट्रिय दलित आयोग | | ३५५१६ | |
| २२६ | राष्ट्रिय समावेशी आयोग | | ३५५१६ | |
| २२८ | आदिवासी जनजाति आयोग | | ३५५१६ | |
| २३० | मधेशी आयोग | | ३५५१६ | |
| २३२ | थारू आयोग | | ३५५१६ | |
| २३४ | मुस्लिम आयोग | | ३५५१६ | |
| २५० | प्रदेश प्रमुखहरु | | ८०४१६ | १२९५६८ |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३४०००४० | १४९६२२०७३ | ९८६८२३२१ |
| ३०५ | अर्थ मन्त्रालय | ६१२९४७६ | ११९९५०५२ | ९५११३६६ |
| ३०६ | आपूर्ति मन्त्रालय | ९५५००५ | ९९४९१० | ९४५३१५ |
| ३०७ | उद्योग मन्त्रालय | ३८५८००३ | ८१७७९७४ | ६४०१४४४ |
| ३०८ | उर्जा मन्त्रालय | १४७१०६८९ | १९२९९४०५ | १४८६३७६८ |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १९३३५८ | २१७९५३ | १८२१२२ |
| ३१२ | कृषि विकास मन्त्रालय | २१७५५३१९ | २४२६१९३७ | १८१८३६८३ |
| ३१३ | खानेपानी तथा सरसफाई मन्त्रालय | २२७३८८४३ | २२७०४०७३ | १७६७९७७८ |
| ३१४ | गृह मन्त्रालय | ५६३४८०३७ | ५५०९२४९० | ५२८९४११६ |
| ३२५ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४८८७४२६ | ५०९३३६४ | ४१४१६०२ |
| ३२६ | परराष्ट्र मन्त्रालय | ३८९४०७९ | ६३०५९९७ | ५३४५८०२ |
| ३२७ | पशुपन्छी विकास मन्त्रालय | ७०७०५६५ | ६१३४७३८ | ४८९२५९० |

| अनुदान संख्या | मन्त्रालय/निकाय | आ.व. २०७३/७४ को यथार्थ खर्च | आ.व. २०७४/७५ को विनियोजित बजेट | आ.व. २०७४/७५ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | १२६०८५१६ | १५३४४३९४ | १२२२६४८१ |
| ३३० | बाणिज्य मन्त्रालय | ३७९२५२ | १७८४७४९ | १०००५५१ |
| ३३१ | जनसंख्या तथा वातावरण मन्त्रालय | ४८६४७३५ | ७६४७७८३ | ५२७३८१६ |
| ३३२ | विज्ञान तथा प्रविधि मन्त्रालय | ९३०९९२ | १२१२०२१ | १०२७०२३ |
| ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ५१८५९०४ | ६६९८६२२ | ५८८०२३२ |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७७८४०७२६ | ९६५५७२६४ | ७६५५१३०३ |
| ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २१८५१२२ | २२२८४३० | १८०००७१ |
| ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २९६३२०० | २२४२४३६ | १८८७७५० |
| ३४५ | रक्षा मन्त्रालय | ४३१८९०६६ | ४५०८६११८ | ४१४९६०२९ |
| ३४७ | शहरी विकास मन्त्रालय | १५४०६७३९ | ३०४८३०४२ | २४३१४३९४ |
| ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ९७८८५१३ | १७३२५५७ | १४४४६९० |
| ३५० | शिक्षा मन्त्रालय | १०९०९००६० | ६६१२४४१६ | ४५६८८२०४ |
| ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ७४१७६४ | १६६८८६६ | १४०३०५५ |
| ३५६ | सामान्य प्रशासन मन्त्रालय | ८७१२४३ | ११०१६३८ | १०३४३३४ |
| ३५७ | सिंचाइ मन्त्रालय | २६९००४१० | २७४०५८४० | २४३६३५०४ |
| ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ४४३७११२ | ४९७६३९९ | ४२०२८९८ |
| ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १०९८२१८०४ | ८१८५३८९३ | ६५५१४६३० |
| ३७० | स्वास्थ्य मन्त्रालय | ३९१२१९२४ | ३१७८१०९९ | २४४२०६७९ |
| ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ९५४३९९ | ११४२१७१ | ८८३३२५ |
| ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | ७६२००२ | १३०५३६० | १०८४७३७ |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ४०७९१३९३ | ८३०३९०१४ | ५२११०१७४ |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ४५३२१५९० | ४६२९२४३५ | ४१९२९९४४ |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २२४३४८९१ | ३३०२०३४२ | ३२४७४९८७ |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ३५३१८४० | ४०८७५९८ | ४००७६४७ |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ३७९९१७८३ | ६०८३३००० | ५०५१२६८४ |
| ६०२ | अर्थ मन्त्रालय- विविध | ८२५६५०५ | ६९३०८४०९ | १७५४४८८३ |
| ७०१ | प्रदेश | | ७१४३५०० | ७५६१६९० |
| ८०१ | स्थानीय तह | | २२५०५४५९१ | २४५५६०८२७ |
| | **जम्मा** | **८३७२४७७८७** | **१२७८९९४८५५** | **१०४६७२७८२०** |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

सार्वजनिक प्रशासनको सर्वोच्च निकायको रूपमा रहने यस कार्यालयले समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ । विधेयक तथा अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने, नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य गर्नुका साथै नेपाल सरकारको तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन र मूल्याङ्कनको कार्य यस कार्यालयले गर्दछ। यस कार्यालयले नेपाल सरकारका मन्त्रालय एवं निकायहरुबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन र मूल्याङ्कनको कार्य गर्दछ। देशको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा अद्यावधिक जानकारी लिने तथा अनुगमन गर्ने, व्यवस्थापन सूचना प्रणालीको विकास, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन, प्रशासनिक पुनर्संरचना, द्विपक्षीय वा बहुपक्षीय सन्धि/सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानवअधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यहरु समेत गरी आएको छ ।

## २. दीर्घकालीन सोचः

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुशासनको नेतृत्वदायी र उत्कृष्ट निकायको रूपमा स्थापित गर्ने ।

## ३. उद्देश्यः

- प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउने ।
- सार्वजनिक सेवा प्रवाहलाई दक्ष र प्रभावकारी बनाउने ।
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक वनाउने ।
- मानव अधिकारको प्रवर्द्धन गर्ने ।
- विद्युतीय शासनलाई बढावा दिने।
- मन्त्रालय तथा निकायहरुको रेखदेख र नियन्त्रण गर्ने ।
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउने ।
- शून्य सहनशीलता मार्फत् भ्रष्टाचार निवारण गर्ने ।
- सदाचार पद्धतिलाई प्रोत्साहन गर्ने ।

## ४. रणनीतिहरुः

- भौतिक पूर्वाधार विकासमा समन्वय एवं सुधार गर्ने।
- विद्युतीय शासन प्रणालीको विकास एवं विस्तार गर्ने ।
- डेस्क प्रणालीमा आधारित वर्तमान संगठन संरचनालाई थप सुदृढ गर्ने ।
- कार्यसम्पादन सूचक मार्फत् नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने ।

- गुनासो व्यवस्थापनलाई सुदृढ गर्ने ।
- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने ।
- भूकम्पपछिको पुनर्निर्माण कार्यमा सहजीकरण गर्ने।
- मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्ने ।
- संघीयता कार्यान्वयनको विषयमा समन्वय एवं सहजीकरण गर्ने ।

## ५. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस कार्यालयले सम्पादन गर्नु पर्ने कार्यहरु देहायनुसार रहेका छन्:

- नेपाल सरकारको कार्यविभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा सङ्गठन संरचना हेरफेर;
- नेपाल सरकारको कार्यसम्पादन नियमावली;
- विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन;
- मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन;
- सङ्घीयता समन्वय, कार्यान्वयन र सहजीकरण;
- विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति वा जारी;
- नेपाल सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- देशको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, कूटनीतिक गतिविधि तथा शान्ति सुव्यवस्थाको अद्यावधिक जानकारी तथा अनुगमन;
- व्यवस्थापिका-संसद्को अधिवेशन आह्वान र अन्त्य;
- केन्द्रीयस्तरमा व्यवस्थापन सूचना प्रणालीको विकास तथा अनुगमन;
- शासकीय सुधार, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना;
- द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन;
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;
- मानवअधिकारको संरक्षण र प्रवर्द्धन;
- सुशोभन;
- विपद् व्यवस्थापनको अद्यावधिक जानकारी र निर्देशन;
- भ्रष्टाचार विरुद्धको नीति, योजना तथा त्यसको कार्यान्वयन;
- प्रधानमन्त्री दैवीप्रकोप/सहायता कोष सञ्चालन;
- प्रधानमन्त्रीको आन्तरिक तथा बाह्य जनसम्पर्क र सञ्चार;
- प्रचलित कानुन बमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;
- नयाँ नेपाल निर्माण कोष;
- अदालतको फैसला कार्यान्वयनको अनुगमन;
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय;
- संवैधानिक परिषद्;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग;

- लोकसेवा आयोग;
- राष्ट्रिय मानव अधिकार आयोग;
- राष्ट्रिय योजना आयोग;
- क्षेत्रीय प्रशासन;
- लगानी बोर्ड;
- राष्ट्रिय सतर्कता केन्द्र;
- सार्वजनिक खरिद अनुगमन कार्यालय;
- नेपाल ट्रष्टको कार्यालय;
- गरिबी निवारण कोष;
- प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरु ।

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन महिनासम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ४९ | भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरुको पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ। | भौतिक संरचनाहरुको पुननिर्माण गर्ने क्रममा चालु आ.व को चैत्र १४ सम्म २ सय २० वटा सरकारी भवन, ३ हजार १ सय ५९ वटा विद्यालय भवन र विश्वविद्यालय/ कलेजहरुको पुनर्निर्माण सम्पन्न भएको छ । यसै गरी ५ सय ८६ वटा स्वास्थ्य संस्थाहरु, ७९ वटा सुरक्षा निकाय तर्फका भौतिक संरचनाहरु र ५ सय ८१ वटा खानेपानी आयोजनाहरुको पुनर्निर्माण सम्पन्न भएको । |
| ५० | लाभग्राही सूचीमा परेका भूकम्पबाट क्षतिग्रस्त व्यक्तिगत आवास पुनर्निर्माणको अनुदान वितरणलाई तिब्रता दिइने। | निजी आवास पुनर्निर्माणका लागि चालु आ.व.को चैत्र १४ सम्म प्रथम किस्ता बापत ६ लाख ८९ हजार ९ सय १२, दोस्रो किस्ता वापत २ लाख ८० हजार ७ सय ४० र तेस्रो किस्ता बापत ६४ हजार ५ सय ५४ लाभग्राहीलाई पाउने रकम उपलब्ध गराइएको । |
| ५२ | गुणस्तरीय पुननिर्माणका लागि आवश्यक सीपयुक्त जनशक्ति तयार गरिने कार्यक्रमहरु सञ्चालन गरिनेछ। | संरचना निर्माणको कार्यलाई प्राथमिकतामा राख्दै हालसम्म १ हजार १ सय ६५ जना प्राविधिकहरुलाई आवास निर्माणको लागि प्रशिक्षण (TOT) उपलब्ध गराइएको। नेपाली सेना, प्रहरीसहितको सहभागीतामा TOT तालिम सञ्चालन गरिएको । |
| ५३ | पहिचान भइसकेका जोखिमयुक्त बस्तीहरुलाई सुरक्षित | जोखिम युक्त वस्तीहरुको स्थान्नान्तर |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | स्थानान्तरण गरी एकीकृत वस्तीहरुको निर्माण गरिनेछ। यस्तो वस्तीमा आधारभूत पूर्वाधारहरुको निर्माण गरिनेछ। | सम्बन्धमा ९ सरय ९३ वटा वस्तीहरुको भौगर्भिक अध्ययन सम्पन्न भएको छ। सो मध्ये ३ सय १९ वटा वस्तीहरुको लागि सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने देखिएको छ। २ सय ४६ वटा वस्तीहरु पूर्ण वा आंशिक रुपमा असुरक्षित भएकोले अन्यत्र स्थानान्तरण गर्नु पर्नेछ। एकीकृत वस्ती बसाउनका लागि ११ वटा वस्तीहरुको भौगर्भिक अध्ययन सम्पन्न गरिएको । |
| ५४ | कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरुको लागि पर्याप्त श्रोतको व्यवस्था गरेको छु।यी आयोजनाहरुको कार्यान्वयन सरल र सहज बनाउन कानूनी र प्रक्रियागत व्यवस्था गरिनेछ। | राष्ट्रिय गौरवका आयोजना (सञ्चालन र व्यवस्थापन) निर्देशिका तर्जुमा गर्ने कार्य अघि बढाइएको । |
| १६७ | गरिबी निवारण गर्ने कार्यक्रमहरुलाई प्रभावकारी र एकीकृत रुपमा कार्यान्वयन गरी नतिजा हासिल गरिनेछ। | • गरिवी निवारण गर्ने कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने क्रममा ६० जिल्लाका ३२ हजार सामुदायिक संस्थाहरुको लागि १३ अर्ब भन्दा बढी रकमको घुम्ती कोष स्थापना गरिएको छ। सामुदायिक पूर्वाधारका ४ हजार ३ सय ५० आयोजनाहरु सम्पन्न भएका छन्।<br>• भूकम्प प्रभावित जिल्लाहरुमा कुल १ सय ४८ Events Mason तालिम सञ्चालन गरी ३ हजार ७ सय दक्ष जनशक्ति उत्पादन गरिएको ।<br>• गरिवी निवारण कोषले कार्यक्रम सञ्चालन गरेका जिल्लाहरुको सर्वेक्षण अध्ययन गर्दा गरिवी वार्षिक २% ले घटेको देखिएको । |
| १८९ | मानव अधिकारका लागि नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष गरेका प्रतिबद्धताहरु पूरा गरिनेछ । मानव अधिकारको प्रत्याभूतिका लागि सम्बन्धित सरकारी निकायहरुलाई सजग गराइनेछ । | प्रतिवद्धताहरु कार्यान्वयनका लागि नीतिगत र संरचानगत व्यवस्था भई क्रमशः कार्यान्वयन गरिएको । |
| १९० | राष्ट्रिय आय, व्यक्तिगत घटना लगायतका तथ्याङ्क सुदृढ तुल्याउने र स्थानीय तहसम्मको विस्तृत तथ्याङ्क प्रणाली स्थापना गर्ने व्यवस्था गरिनेछ । नेपालको समग्र आर्थिक तथ्यांक सङ्कलन गर्न आर्थिक गणनाको कार्य अगाडि बढाइनेछ । | तोकिएकै समयमा आर्थिक गणनाको कार्य सम्पन्न गर्न तयारी भइरहेको । |

## ७. आर्थिक वर्ष २०७४/७५ फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- राष्ट्रिय सतर्कता केन्द्रबाट चालु आ.व. २०७४।७५ को फागुनमसान्तसम्म ४८३ वटा उजुरीहरु छानविन गरी फछ्र्यौट गरिएको ।
- १८ जिल्लाका १/१ वटा सामुदायिक विद्यालयमा "सदाचार प्रवर्द्धन सम्बन्धी सचेतना" कार्यक्रम सम्पन्न भएको, ५२४ वटा सरकारी कार्यलयहरुमा नागरिक बडापत्र अनुगमन गरिएको ।
- गत आ.व. ०७३।७४ मा STRENGTHENING NATIONAL RURAL TRANSPORT PROGRAM (SNRTP) तर्फका ८ वटा आयोजनाको प्राविधिक परीक्षणको ड्राफ्ट रिपोर्ट प्राप्त भएकोमा चालु आ.व. मा सोको Final Report प्राप्त भएको ।
- कानुनले तोकेको समयसीमाभित्र सम्पत्ति विवरण नबुझाउने १९ हजार ९ सय ६८ जना पदाधिकारीहरुलाई कारवाहीको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको ।

### क) नेपाल ट्रष्टको कार्यालय

- तीन जिल्लामा सघन सम्पत्ति खोजविनको कार्य सम्पन्न भएको ।
- गोकर्णमा पर्खाल निर्माण, रत्नमन्दिर बगैंचा क्यारी निर्माण तथा रत्नमन्दिर पर्खाल निर्माण एवं मर्मत कार्य सम्पन्न भएको ।

### ख) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

**राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट हालसम्म भएको प्रगति विवरण :**

**१. लाभग्राहीले पाएको किस्ताको विवरण (२०७४।१२।१४ सम्म)**

| विवरण | जम्मा लाभग्राही | अनुदान सम्झौता | प्रथम किस्ता भुक्तानी | दोस्रो किस्ता माग | दोस्रो किस्ता भुक्तानी | तेस्रो किस्ता माग | तेस्रो किस्ता भुक्तानी | निर्माण कार्य शुरु भएका घर संख्या | निर्माण सम्पन्न घर संख्या | सम्झौता हुन बाँकी लाभग्राही |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७६७,७०५ | ७०४,५९३ | ६८९,९१२ | ३३०,००७ | २८०,७४० | ९४,६४५ | ६४,६५४ | ३८१,०३३ | ११३,१४२ | ६३,११२ |

**२. बनिसकेका र बन्दै गरेका सरकारी भवन, विद्यालय भवन र सुरक्षा निकायका भवनहरुको संख्यात्मक विवरण**

| सि.नं. | विवरण | पुनर्निर्माण गर्नुपर्ने जम्मा | पुनर्निर्माण सम्पन्न | पुनर्निर्माण भैरहेका | पुनर्निर्माणको प्रक्रिया सुरु हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| क | सरकारी भवन (पूर्ण क्षति) | २३० | ६ | १२० | १०४ | |
| | सरकारी भवन (आंशिक क्षति) | २५३ | २१४ | २७ | १२ | मर्मत/प्रवलीकरण |
| | **जम्मा** | **४८३** | **२२०** | **१४७** | ११६ | |
| ख | **विद्यालय भवन** | **७५५३** | **३१५७** | **२०३५** | २३६१ | |
| ग | विश्वविद्यालय/कलेजहरु | ३० | २ | २१ | ७ | |
| **स्वास्थ्यतर्फ** | | | | | | |
| घ | स्वास्थ्य संस्था (पूर्ण क्षति) | ५४४ | २५५ | ८६ | २०३ | प्रिफ्याब संरचना |
| | स्वास्थ्य संस्था (आंशिक क्षति) | ६५३ | ३३१ | ९४ | २२८ | मर्मत/प्रवलीकरण |
| | **जम्मा** | **११९७** | **५८६** | **१८०** | ४३१ | |
| **सुरक्षा निकायतर्फ** | | | | | | |
| ङ | नेपाली सेनाका भवनहरु | २०४ | ५५ | ७ | १४२ | |
| च | नेपाल प्रहरीका भवनहरु | १३९ | ४ | ९९ | ३६ | |
| छ | सशस्त्र प्रहरीका भवनहरु | ३१ | १६ | १५ | ० | |
| ज | राष्ट्रिय अनुसन्धान विभागका भवनहरु | ९ | ४ | ५ | ० | |

**३. सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको संख्यात्मक विवरण**

| सि.नं. | विवरण | पुनर्निर्माण गर्नुपर्ने जम्मा | पुनर्निर्माण सम्पन्न | पुनर्निर्माण भैरहेका | पुनर्निर्माणको प्रक्रिया सुरु हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| क | सांस्कृतिक र पुरातात्विक सम्पदाहरु | ७५३ | १०० | ३२९ | ३२४ | |

**४. बनिसकेका र बन्न बाँकी भौतिक पूर्वाधारहरुको विवरण**

| सि.नं. | विवरण | पुनर्निर्माण गर्नुपर्ने जम्मा | पुनर्निर्माण सम्पन्न | पुनर्निर्माण भैरहेका | पुनर्निर्माणको प्रक्रिया सुरु हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|
| क | ग्रामीण सडकहरुको पुनर्निर्माण | ७५ | ० | ३६ | ३९ | |
| ख | खानेपानी आयोजनाहरु | ३२१२ | ५८१ | ७९५ | १८३६ | |

**५. जोखिमयुक्त बस्ती स्थानान्तरण**

| | | | |
|---|---|---|---|
| १. भौगर्भिक अध्ययन सम्पन्न स्थान | ९९३ | ४. पुर्ण वा आंशिक रुपमा असुरक्षित भएकोले सार्नुपर्ने | २४६ |
| २. सुरक्षित स्थान (केही गर्नु नपर्ने) | ३८८ | ५. जोखिमयुक्त स्थानमा रहेका लाभग्रहीहरुको संख्या | ३७९४ |
| ३. सुरक्षा उपाय अवलम्वन गर्नुपर्ने | ३१९ | ६. रु. २ लाख अनुदान लिई जग्गा व्यवस्थापन गरेका लाभग्राहीको संख्या | ३८८ |
| | | ७. एकिकृत बस्ती बसाउनको लागि भौगर्भिक अध्ययन गरिएको बस्ती संख्या | ११ |

## ग) लगानी बोर्डको कार्यालय

- अरुण तेस्रो र माथिल्लो कर्णाली जलविद्युत आयोजनाका लागि जग्गा अधिकरण र हस्तान्तरणसम्बन्धी कार्यहरु सम्पन्न भएका छन् ।
- डाङ्गगोटे सिमेन्ट उद्योग, होङ्शी, रिलाएन्स सिमेन्ट उद्योग र हुजिङ सिमेन्ट उद्योग जस्ता ठूला सिमेन्ट उद्योग स्थापना भएका छन् ।

## घ) गरिबी निवारण कोष

- आय आर्जन उपपरियोजना अन्तर्गत सामुदायिक संस्थाको प्रस्ताव तयारी, सम्झौता र पहिलो किस्ता निकासा कार्य भइरहेको ।
- भूकम्पबाट प्रभावित ३६८२ सामुदायिक संस्थालाई RF revitalization कोष प्रदान गरिएको ।
- भूकम्प प्रभावित जिल्लाहरुमा कुल १ सय ४८ events mason तालिम सञ्चालन गरी ३ हजार ७ सय दक्ष जनशक्ति उत्पादन गरिएको ।
- चालु आ.व.मा २०१६ वटा आयआर्जनका क्रमागत उपपरियोजना र ८९ वटा सामुदायिक भौतिक पूर्वाधारका उप परियोजना सम्पन्न भएको ।
- आयआर्जन उपपरियोजना अन्तर्गत स्थानीय उत्पादन समूहहरुको क्षमता तथा सीप परिमार्जन र उनीहरुद्धारा उत्पादित हस्तकलाका सामग्रीको मागबमोजिमको गुणस्तर सुधार र बजार पहुँचसम्बन्धी कार्यक्रम सञ्चालन, ३ सय ५० उत्पादन समूह अन्तर्गत ७ हजार ४ सय ८० कालिगढ प्रत्यक्ष रुपमा लाभान्वित भएको ।
- भूकम्प प्रतिरोधी घर निर्माणसम्बन्धी जिल्लास्तरमा १२ जिल्लाका ३ सय ९६ जनालाई अभिमूखीकरण तालिम प्रदान गरिएको ।

## ङ) कर्णाली विकास आयोग

- कर्णाली विकासको १० वर्षे योजनाको मस्यौदा तयार भएको ।
- कर्णालीको स्वास्थ्य, शिक्षा र महिलासम्बन्धी योजनाको TOR तयार भएको ।

**च) सूचना प्रविधि विकास आयोजना**

- आर्थिक तथा पूर्वाधार विकास महाशाखा अन्तर्गत एशियाली विकास बैंकको अनुदान सहयोगमा सूचना प्रविधिका माध्यमले विद्युतीय सुशासन पद्दति अवलम्वन गरी ग्रामीण क्षेत्रका समुदायहरुको आर्थिक तथा सामाजिक स्थितिमा सुधार गर्न सूचना प्रविधि विकास आयोजना सञ्चालनमा ल्याइएको । ३८ जिल्लाका ग्रामीण क्षेत्रका समुदायहरुमा सूचना प्रविधिको सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्य राखेको यस आयोजनाको कुल लागत ३ करोड १० लाख अमेरिकी डलर रहेको । आर्थिक वर्ष २०६५/६६ मा सुरु भएको यस आयोजनाको कुल लागतमध्ये एशियाली विकास बैंकको अनुदान सहयोग २ करोड ५० लाख डलर र नेपाल सरकारको ६० लाख डलर रहेको ।

**छ) अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

- आर्थिक वर्ष २०७३/७४ मा आयोगमा परेका कूल १९५८० उजुरी मध्ये ७०६५ वटा उजुरी प्रारम्भिक छानवीनबाट तामेलीमा, ३०६ वटा उजुरी विस्तृत अनुसन्धानमा र ४४९० वटा उजुरी अन्य आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको।
- आयोगबाट विस्तृत अनुसन्धान पश्चात् १५४ वटा मुद्दा विशेष अदालतमा दायर गर्ने निर्णय भएको साथै २९ वटा विभागीय कारवाही गर्ने निर्णयहरुबाट ७१ जनालाई विभागीय कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाइएको, ४ वटा निर्णयहरुबाट दुस्परिमाण सच्चयाउनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको र २/२ वटा निर्णयबाट क्रमशः ध्यानाकर्षण र सचेत गराउन लेखी पठाइएको।
- आ.व. ७३/७४ मा विशेष अदालतबाट फैसला भएका मुद्दा मध्ये ७३.१३% मुद्दाहरुमा आयोगलाई सफलता प्राप्त भएको छ।

## ८. आर्थिक वर्ष २०७३/७४ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरुः

**क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

- नेपाल सरकार **(**कार्यसम्पादन नियमावली**)**, २०६४ मा चौथो संशोधन भएको ।
- नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा ११ पटक सचिव बैठक सम्पन्न भइ देहायका निर्णयहरु गरेको।
  - सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउने।
  - सम्माननीय प्रधानमन्त्रीज्यूबाट विभिन्न समयमा भएका विशेष सम्बोधन तथा निर्देशनको कार्यान्वयन गर्ने ।
  - पुँजीगत खर्च बढाउन प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने ।
  - भूकम्पका कारण क्षति भएका सरकारी भवनहरु तथा सांस्कृतिक एवं पुरातात्विक महत्त्वका सम्पदाहरुको पुनर्निर्माण कार्यलाई तिव्रता दिने।
- हेलो सरकारमा प्राप्त हुन आएका ९८७३ गुनासा मध्ये ६१३४ वटा गुनासाहरु फछ्यौट भएका (६२.१३ प्रतिशत) छन् ।
- प्रदेश प्रमुखको नियुक्तिको लागि कार्यविधि तयार गरिएको ।
- प्रदेशमा विभिन्न विषयका कानून/निर्देशिका/कार्यविधि/ढाँचाको नमूना तयार गरी पठाइएको ।

- प्रदेश र स्थानीय तहको अन्तरिम संगठन तथा अस्थायी दरवन्दी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको ।

**ख) सार्वजनिक खरिद अनुगमन कार्यालय**

- विद्युतीय खरिद प्रणाली सञ्चालन मार्गनिर्देशिका, २०७३ जारी गरिएको ।

**ग) राष्ट्रिय सतर्कता केन्द्र**

- १५ वटा राष्ट्रिय गौरवका आयोजनाहरु र अन्यतर्फ १५ वटा आयोजनाहरुको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि सार्वजनिक खरिद, र आधारभूत छानविन तथा अनुसन्धान गरी दुई विषयमा कुल ७८ जना कर्मचारीहरुलाई तालिम प्रदान गरिएको ।
- राष्ट्रिय सर्तकता केन्द्र (कार्यसञ्चालन) नियमावली, २०६५ ले गरेको व्यवस्थाबमोजिम राष्ट्रिय सतर्कता केन्द्रले गत आर्थिक वर्ष २०७३।७४ मा सम्पन्न गरेका कार्य एवं उपलब्धिहरु, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न नेपाल सरकारलाई प्रदान गरिएका सुझावहरु समेत समेटिएको वार्षिक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष प्रस्तुत गरिएको ।

## ९. आर्थिक वर्ष २०७३/७४ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण :

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०११ | मन्त्रिपरिषद् | १८६२२८ | १७९३४८ | ९६.३१ |
| ३०१०१३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २११९२६ | २०७७१२ | ९८.३८ |
| ३०१०१५ | गरिबी निवारण कोष | ३८२२८६६ | २५२५८२० | ६६.०७ |
| ३०१०२० | सार्वजनिक खरिद अनुगमन कार्यालय | १६६५२८ | ४७५७४ | २८.५७ |
| ३०१०२२ | नेपाल ट्रष्टको कार्यालय | ३५४८० | ३२९३८ | ९२.८४ |
| ३०१०२५ | राष्ट्रिय सतर्कता केन्द्र | ९१६०७ | ८६१३४ | ९४.०३ |
| ३०१०३० | क्षेत्रीय प्रशासन कार्यालयहरु | १००१५६ | ८५८२८ | ८५.६९ |
| ३०१०३१ | लगानी बोर्डको कार्यालय | ६२३७६ | ३८८३३ | ६२.२६ |
| ३०१०३२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | २०३०८६ | १४८९५६ | ७३.३५ |
| ३०११०१ | सूचना र प्रविधि विकास आयोजना | १०२५६ | ६९५७ | ६७.८३ |
| ३०११०२ | कर्णाली विकास आयोग | २३९६१ | १७७०४ | ७३.८९ |
| ३०११०३ | सुदूर पश्चिम विकास आयोग | २३४३२ | १८५१८ | ७९.०३ |
| ३०१८०१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ५७८९९६३० | ३८०१९४८९ | ६५.६६ |
| | **जम्मा** | **६२८३६७३२** | **४१४१५८११** | **६५.९१** |

**पुँजिगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०१३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५१२२५ | ३६४०५ | ७१.०७ |
| ३०१०२० | सार्वजनिक खरिद अनुगमन कार्यालय | १५३९० | ४०८५ | २६.५४ |
| ३०१०२२ | नेपाल ट्रष्टको कार्यालय | २१८८६ | २१८६३ | ९९.८९ |

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०२५ | राष्ट्रिय सतर्कता केन्द्र | ७४१५१ | २७२९८ | ३६.८१ |
| ३०१०३० | क्षेत्रीय प्रशासन कार्यालयहरु | २१९८४ | २१४५७ | ९७.६० |
| ३०१०३१ | लगानी बोर्डको कार्यालय | ७४९२५ | ३३३३८ | ४४.५० |
| ३०१०३२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १६१९५ | १४१९७ | ८७.६६ |
| ३०११०१ | सूचना र प्रविधि विकास आयोजना | ८३१३६५ | १५१२५४ | १८.१९ |
| ३०११०२ | कर्णाली विकास आयोग | ८२५ | ७६३ | ९२.४८ |
| ३०११०३ | सुदूर पश्चिम विकास आयोग | १३२६ | १३२६ | १००.०० |
| ३०१८०१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ५४६७९८१२ | ११६७२२४२ | २१.३५ |
| | **जम्मा** | **५५७८९०८४** | **११९८४२२८** | २१.४८ |

## १०.आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०११ | मन्त्रिपरिषद् | २१४,३४२ | १६२,६७२ | ७५.८९ |
| ३०१०१३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २५१,०८० | १५६,०३३ | ६२.१४ |
| ३०१०१५ | गरिबी निवारण कोष | १,६८७,६६५ | ७५३,९६६ | ४४.६८ |
| ३०१०२० | सार्वजनिक खरिद अनुगमन कार्यालय | ९४,४५३ | ३४,५३० | ३६.५६ |
| ३०१०२२ | नेपाल ट्रष्टको कार्यालय | ४९,३३३ | २८,४७३ | ५७.७२ |
| ३०१०२५ | राष्ट्रिय सतर्कता केन्द्र | ११५,७३६ | ५६,००३ | ४८.३९ |
| ३०१०३० | क्षेत्रीय प्रशासन कार्यालयहरु | १३७,०५७ | ७०,६०६ | ५१.५२ |
| ३०१०३१ | लगानी बोर्डको कार्यालय | ९०,५०८ | २०,१५८ | २२.२७ |
| ३०१०३२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १,३१८,४७७ | ८६३,९१४ | ६५.५२ |
| ३०११०१ | सूचना र प्रविधि विकास आयोजना | ३१,६०२ | ४,५७७ | १४.४८ |
| ३०११०२ | कर्णाली विकास आयोग | २८,०९७ | १०,९८० | ३९.०८ |
| ३०११०३ | सुदूर पश्चिम विकास आयोग | २७,९२३ | १०,२२६ | ३६.६२ |
| ३०१८०१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ७८,१६२,०६१ | ५१,३६६,८३४ | ६५.७२ |
| | **जम्माः** | ८२,२०८,३३४ | ५३,५३८,९७२ | ६५.१३ |

**पुँजिगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०१३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७,४७९ | १९,८१२ | ३४.४७ |
| ३०१०२० | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८९,४०० | ९,१३८ | १०.२२ |
| ३०१०२२ | नेपाल ट्रष्टको कार्यालय | २२,१२५ | २०,९९६ | ९४.९० |
| ३०१०२५ | राष्ट्रिय सतर्कता केन्द्र | ३६,८०० | १४४ | ०.३९ |
| ३०१०३० | क्षेत्रीय प्रशासन कार्यालयहरु | १०,१०० | ४,८०६ | ४७.५८ |

| ब.उ.शी.नं. | आयोजना/ कार्यक्रम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०३१ | लगानी बोर्डको कार्यालय | १०,७१० | ७४५ | ६.९६ |
| ३०१०३२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १४,४७० | ४,५८७ | ३१.७० |
| ३०११०१ | सूचना र प्रविधि विकास आयोजना | ५७०,०४८ | ७४,२८८ | १३.०३ |
| ३०११०२ | कर्णाली विकास आयोग | ७२८ | ७२१ | ९९.०४ |
| ३०१८०१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ७०,०८०,७०८ | ११,२२२,६६५ | १६.०१ |
| | **जम्मा** | ७०,८९२,५६८ | ११,३५७,९०२ | १६.०२ |

♦ ♦ ♦

# अर्थ मन्त्रालय

## १. पृष्ठभूमिः

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ । सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व संकलन, समष्टिगत आर्थिक स्थायित्व, आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो ।

## २.दीर्घकालीन सोच :

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

## ३. ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने ।

## ४. रणनीतिक उद्देश्यहरुः

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने ।
- प्राथमिक स्वास्थ्य सेवा, प्राथमिक शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक-आर्थिक पूर्वाधार र बढी मात्रामा गरिवी निवारणोन्मुख क्षेत्र अनुकुल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने ।
- बढी भन्दा बढी राजस्व वृद्धि हुने उपाय अवलम्बन गर्ने ।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलब्ध गराउने ।
- मागमा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारितामा सुधार गर्ने ।
- सार्वजनिक संस्थानहरूमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरूको प्रत्याभूति गर्ने र तिनीहरूले प्रदान गर्ने सेवाहरूमा सुधार गर्ने ।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने ।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रणसम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन;
- आर्थिक विश्लेषण;
- आर्थिक साधनहरूको बाँडफाँड;

- मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन;
- नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा बीमा;
- आय व्यय विवरण (बजेट);
- राजस्व नीति र योजना;
- राजस्व प्रशासन एवं राजस्व संकलन;राजस्व अनुसन्धान;
- सामान्य मूल्य नीति;
- सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय;
- आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय;
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय एवं बहुपक्षीय सहायता;
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण;
- सार्वजनिक ऋण तथा नियन्त्रण;
- तलब, भत्ता, दैनिक भ्रमण भत्ता, निवृत्तीभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधासम्बन्धी विषय;
- सरकारी स्वामित्वमा रहेका संस्थानहरूको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण;
- विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था ;
- सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन;
- लेखा नियन्त्रण तथा व्यवस्थापन;
- सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन;
- सार्वजनिक संस्थानको प्रशासन, नीति निर्माण र समन्वय;
- राजस्व र आर्थिक प्रशासन तालिम;
- पुँजी बजार;
- सार्वजनिक लगानी;
- महालेखा परीक्षकको कार्यालय;
- कर्मचारी सञ्चय कोष;
- नागरिक लगानी कोष;
- सार्वजनिक संस्थान निर्देशन बोर्ड;
- सम्पत्ति शुद्धीकरण;
- युवा स्वरोजगारसम्बन्धी;
- अवकाश कोष;
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन;
- नगर विकास कोष;

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १७६ | पूर्वाधार विकासमा निजी क्षेत्र तथा विदेशी लगानी अभिवृद्धि गर्न चालु वर्षमा शुरु गरिएको स्वदेशी तथा विदेशी बैंकहरू समेतको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना गर्ने कार्य आगामी वर्षमा सम्पन्न गरिनेछ। | नेपाल सरकारले ५% लगानी गर्ने निर्णय भएको । प्रथम किस्ता वापतको रकम रू.९० करोड लगानी गरेको । |
| १७७ | युवा स्वरोजगार कोष, ग्रामीण स्वावलम्बन कोष, आर्थिक पुनरुद्धार कोष जस्ता समान प्रकृतिका कोषहरूलाई एकापसमा गाभी एउटा सशक्त र प्रभावकारी संस्था स्थापना गर्न अध्ययन गरिनेछ। | उक्त कार्यका लागि परामर्शदाता नियुक्त कार्यारम्भ गरिएको । |
| १७८ | वित्तीय क्षेत्र विकास रणनीतिलाई कार्यान्वयनमा ल्याइनेछ। सबै नेपालीको बैंक खाता खोल्ने कार्यक्रमलाई सशक्त कार्यान्वयन गरिनेछ। सूचना प्रविधिको अधिकतम प्रयोग गरी शाखा रहित बैंकिङ, इन्टरनेट बैंकिङ तथा मोबाइल वालेट जस्ता नवीनतम वित्तीय सेवा उपलब्ध गराउन बैंकहरूलाई प्रोत्साहन गरिनेछ। पुँजी निर्माणमा स्वदेशी लगानी वृद्धि गर्न आम नागरिकलाई बचत गर्न प्रोत्साहन गरिनेछ। वित्तीय साक्षरताका कार्यक्रमलाई अघि बढाइनेछ। | समयबद्ध रुपमा कार्यक्रम सञ्चालन भइरहेको । |
| १७९ | द्वन्द्वको समयमा विस्थापित बैंक शाखाहरू पुनर्स्थापना गर्ने कार्यलाई थप प्राथमिकता दिइनेछ। प्रत्येक गाउँपालिका र नगरपालिकामा कम्तीमा एउटा वाणिज्य बैंकको शाखा स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ। स्थानीय तहको सञ्चित कोष खाता वाणिज्य बैंकमा रहने र यसको विद्युतीय सूचना महालेखा नियन्त्रक कार्यालयमा प्राप्त हुने व्यवस्था मिलाइनेछ। | कुल विस्थापित ३ सय १८ शाखामध्ये हालसम्म १ सय ५१ वटा शाखा पुनस्थापना भएको । बाँकी शाखाहरु पुनस्थापना हुने प्रकृयामा रहेको। सबै स्थानिय निकायमा शाखा खोल्न वाणिज्य बैंकहरुलाई निर्देशन दिइएको । हालसम्म २ सय ९३ स्थानीय निकायमा वाणिज्य बैंकको शाखा स्थापना भइसकेको । |
| १८० | कृषि, उद्योग लगायतका उत्पादनशील क्षेत्रमा प्रवाह हुने पुनर्कर्जाको सुविधालाई थप प्रभावकारी बनाइनेछ। कृषि क्षेत्रमा सहुलियत दरमा प्रदान गरिने कर्जाको प्रक्रियालाई सरल बनाई आम किसानको पहुँच वृद्धि गरिनेछ। | व्यावसायिक कृषि कर्जामा ब्याज अनुदान दिने कार्यविधि संशोधन गरी सरल र पहुँच योग्य बनाइएको । |
| १८१ | बीमा कम्पनीहरूलाई आफ्नो सेवा मुलुकभर विस्तार गर्न र यससम्बन्धी जनचेतना अभिवृद्धि गर्न उत्प्रेरित गरिनेछ । नेपालमा सञ्चालित बीमा कम्पनीहरूले विदेशी पुनर्बीमा कम्पनीहरूसँग पुनर्बीमा गराउँदा बर्सेनि ठूलो धनराशी विदेशिइरहेको तथ्यलाई मनन गरी नेपालमा | १ हजार ३ सय ४७ वटा शाखा मार्फत सेवा प्रवाह भइरहेको । नेपालमा नै पुर्नवीमा गराउन आवश्यक प्रकृया निर्धारण गरी कार्यान्वयनमा ल्याउन बीमा समितिलाई निर्देशन दिइएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | रहेका जीवन तथा निर्जीवन बीमा कम्पनीहरूले बीमालेखको उल्लेख्य हिस्सा अनिवार्य रुपमा नेपाल पुनर्बीमा कम्पनीमा पुनर्बीमा गर्नुपर्ने व्यवस्था गरिनेछ। | |
| १८२ | पुँजी बजारको विकास र स्थायित्वका लागि नीतिगत र संस्थागत व्यवस्था गरिनेछ। उत्पादनमूलक कम्पनीहरूलाई पुँजी बजारमा प्रवेश गर्न प्रोत्साहन गरिनेछ। धितोपत्र कारोबारलाई पारदर्शी र पूर्ण स्वचालित बनाइनेछ। धितोपत्र नियमनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गरिनेछ। | Associate Membership प्राप्त गरेको । |
| १८३ | राज्यकोषबाट हुने तलबभत्ता लगायत सबै सरकारी भुक्तानी सम्बद्ध व्यक्ति तथा संस्थाको बैंक खातामार्फत् मात्र हुने व्यवस्था गरिनेछ। अन्तर्राष्ट्रिय कारोबारका लागि इ-गेटवे प्राप्त गरी अन्तर्राष्ट्रिय व्यापारको भुक्तानी इ-पेमेण्टको माध्यमबाट गर्ने व्यवस्था गरिनेछ। इ-पेमेण्टको माध्यमबाटै राजस्व संकलन गर्न सकिने व्यवस्था गरिनेछ। | नेपाल सरकारबाट हुने सवै भुक्तानी र राजस्व प्राप्ति तर्फ इ-पेमेण्ट परीक्षणको रूपमा सुरु गरिएको । |
| १८४ | अन्तर्राष्ट्रिय आर्थिक सहायता राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा परिचालन गरिनेछ। संघीयता अनुकुल हुने गरी विकास सहायता नीति परिमार्जन गरिनेछ। स्थानीय तह र प्रदेशमा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन गर्ने विधि र प्रक्रिया तय गरी कार्यान्वयन गरिनेछ। | विकास सहायतालाई नेपालको संविधान तथा राष्ट्रिय प्राथमिकता र आवश्यकताअनुसार परिचालनको लागि विकास सहायता नीति मस्यौदा तर्जुमा भइ सरोकारवालासँग छलफलको क्रममा रहेको । |
| १८५ | विकास प्रक्रियामा सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वयात्मक रूपमा परिचालन गरिनेछ। गैरसरकारी संस्थाहरूको कार्यसञ्चालन र प्रक्रिया पारदर्शी बनाउन अनुगमनलाई प्रभावकारी बनाइनेछ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सरकारले तोकेको क्षेत्र र स्थानमा पारदर्शी रूपमा काम गर्नुपर्ने व्यवस्थामा कडाइ गरिनेछ। सम्बन्धित स्थानीय तहले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रमको अनुगमन गर्ने व्यवस्था गरिनेछ। यससम्बन्धी विद्यमान कानुन प्रतिस्थापन गरी नयाँ कानुन ल्याइनेछ। | गैरसरकारी संस्थाले परिचालन गर्ने रकमको पारदर्शिताको लागि ती संस्थाले परिचालन गरेको रकम सहायता सूचना प्रणाली [AID Management Plateform(AMP)]मा अनिवार्य प्रविष्टि गर्नुपर्ने व्यवस्थालाई प्रभावकारी वनाइएको । स्थानीय शासन सञ्चालन ऐनमा गैरसरकारी संस्थाले परिचालन गर्ने रकम स्थानीय तहको बजेट तथा कार्यक्रममा प्रतिबिम्बित हुने व्यवस्था गरिएको । |
| २०० | सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरूको कार्यसम्पादनमा सुधार गर्दै लगिनेछ। सरकारले सञ्चालन गर्न नपर्ने देखिएका सार्वजनिक संस्थानहरूलाई उपयुक्त प्रक्रियाबाट व्यवस्थापन गरिनेछ । | -सार्वजनिक संस्थान निर्देशन बोर्डको प्रभावकारिताका लागि प्राप्त प्रतिवेदनअनुसार बोर्डलाई सक्रिय गराउन ऐनको आवश्यकता र संघीयताका सवालमा सार्वजनिक संस्थानहरुको स्वरुप समेतलाई मध्यनजर गरी विधेयक तर्जुमा समिति गठनभएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०७।०७ को निर्णयानुसार "सार्वजनिक संस्थान र सरकारी स्वामित्वमा रहेका समिति, बोर्ड, कम्पनी तथा संस्थानहरुका स्वामित्वमा वा भोग चलनमा रहेको भवन तथा जग्गा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७४" स्वीकृत भइ लागु भएको।<br>- नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७४।०९।२३ को निर्णयानुसार कुनै पनि सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीलाई संस्थानको आर्थिक विनियमावलीमा उल्लेख भएको व्यवस्था बाहेक थप आर्थिक सुविधा प्रदान नगर्न नगराउन पत्राचार गरिएको ।<br>- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१०।१५ को निर्णयानुसार खारेज भएको नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको नियन्त्रणमा आएको । साथै गोरखाकाली रबर उद्योगमा कार्यरत कर्मचारीलाई उद्योगको विनियमावली बमोजिम सेवा सुविधा दिइ अनिवार्य अवकाश दिने र कम्पनी सञ्चालन वा खारेजीको विधि सिफारिस गर्न कार्य टोली गठन भएको । |
| २०१ | अर्थ मन्त्रालयमा रहेको विषयगत मन्त्रालय बजेट सूचना प्रणाली (एल एम बी आई एस) बाट प्राप्त हुने चौमासिक विभाजन सहितको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले कार्यान्वयन इकाई लाई बजेट निकासा दिनेछन्। | विनियोजन ऐन, २०७४ मा विनियोजन ऐनबमोजिम विनियोजन भएको रकम प्रचलित कानुको अधिनमा रही खर्च गर्ने अख्तियारी विनियोजन ऐन प्रारम्भ भएको दिन देखि नै अधिकार प्राप्त अधिकारीलाई हुने र प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ भन्ने व्यवस्था २०७४ को श्रावण १ गते देखि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | नै कार्यन्वयनमा आइसकेको । |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ। प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ। | बजेट तथा कार्यक्रम महाशाखा तथा महालेखानियन्त्रक कार्यालयसँग समन्वय गरी समयमै सोधभर्ना प्राप्त गर्ने कार्य भइरहेको । |
| २२३ | **नीतिगत तथा प्रणालीगत सुधार**<br>• संशोधित क्योटो अभिसन्धीअनुरुप भन्सार कानूनहरुमा सामयिक सुधार गरी अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गरिनेछ। पाँचौं चरणको भन्सार सुधार र आधुनिकीकरण कार्ययोजना तथा आन्तरिक राजस्व विभागको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा ल्याइनेछ।<br>• राजस्व चुहावट नियन्त्रण ऐन तथा कार्यविधिलाई यसै आर्थिक वर्षभित्र परिमार्जन गरिनेछ। इलेक्ट्रोनिक व्यापारलाई नियमन तथा सहजीकरण गर्न आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।<br>• राजस्व छुट प्रदान गर्ने पद्धतिलाई क्रमशः अन्त्य गर्दै राजस्व छुटलाई राजस्व खर्च प्रणालीबाट व्यवस्थित गर्दै लगिनेछ।<br>• नेपालसँग आर्थिक कारोबार बढी भएका देशहरु र लगानी एवं प्रविधि निर्यात गर्ने सम्भावना भएका देशहरुसँग दोहोरो करमुक्ति सम्झौता गर्ने प्रक्रिया अगाडि बढाइनेछ। | • पाँचौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना, २०१७-२०२१ स्वीकृत भइ कार्यान्वयन भइरहेको । आन्तरिक राजस्व विभागको ५ वर्षे प्रथम रणनीतिक योजना मूल्यांकन गरी दोस्रो रणनीतिक योजना (२०१७/१८—२०२२/२३) तयारीको कार्य अन्तिम चरणमा रहेको ।<br>• राजस्व चुहावट नियन्त्रण ऐन तथा कार्यविधि परिमार्जनको अवधारणा पत्र तयार गरिएको ।<br>• विदेशी अनुदान सहायतामा आयात हुने मालवस्तुमा राजस्व छुट प्रदान गर्ने पद्धतिलाई व्यवस्थित तुल्याउन राजस्व छुटको लागि अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था गरिएको।<br>• बंगलादेशसँग दोहोरो कर मुक्ति सम्झौतामा हस्ताक्षर गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको। |
| | **प्रक्रियागत सुधार**<br>• करदातालाई कर दाखिला गर्न सहज बनाउन हाल राजस्व संकलन गर्दै आएका बैंकहरुको जुनसुकै शाखाबाट विद्युतीय माध्यमबाट कर दाखिला गर्न सक्ने प्रणाली लागू गरिनेछ।<br>• नेपाल पनि विश्व भन्सार संगठनको सदस्य राष्ट्र | • नेपाल सरकारले प्राप्त गर्ने राजस्व र भुक्तानी गर्ने सबै खर्च विद्युतीय प्रणालीबाट भुक्तानी दिने नीतिअनुरुप परीक्षणको रुपमा कार्यान्वयन गर्ने चरणमा रहेको ।<br>• विश्व भन्सार संगठनद्वारा प्रतिपादित वस्तु |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | भएकोले सो संगठनबाट विकसित र प्रवर्द्धित मालवस्तुहरुको वर्गीकरण तथा संकेतीकरण, २०१७ लाई यसै वर्षदेखि कार्यान्वयनमा ल्याइने। | वर्गीकरण प्रणालीको नवीनतम् संस्करण कार्यान्वयनमा ल्याई वस्तु वर्गीकरणमा अन्तर्राष्ट्रिय रुपमा एकरुपता कायम गर्ने प्रयास गरिएको। |
| | • भन्सार स्वचालन प्रणालीलाई वेवमा आधारित बनाउँदै लगिनेछ। यसका लागि भन्सारको स्वचालित सूचना प्रणाली (आशिकुडा वर्ल्ड) लाई क्रमशः सबै भन्सार कार्यालयहरुमा विस्तार गरिनेछ। | • भन्सार जाँचपास प्रणालीलाई थप स्वचालित बनाउने क्रममा रसुवा, त्रि.वि.स्थल, कृष्णनगर, नेपालगञ्ज, धनगढी, गौर भन्सार कार्यालय तथा भद्रपुर छोटी भन्सार कार्यालयमा Web मा आधारित ASYCUDA World प्रणाली लागू गरी सकिएको । |
| | • आगामी साउन १ गतेदेखि पैठारीकर्ता तथा निकासीकर्ताले आयात निर्यात संकेत नम्बर प्राप्त गरेर मात्र व्यावसायिक प्रयोजनका लागि निकासी पैठारी गर्न पाउने व्यवस्था गरिनेछ। | • २०७४ श्रावण १ गतेदेखि आयात निर्यात गर्ने करदातालाई अनिवार्य रुपमा EXIM Code लिने व्यवस्था गरिएको । |
| | **करको दायरा विस्तार**<br>• आयआर्जन र व्यवसाय गर्ने चिकित्सक , इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिइ थप करदातालाई करको दायरामा ल्याइनेछ। | • यस आ.व.को फाल्गुण मसान्तसम्म व्यक्तिगत स्थायी लेखा नम्बरतर्फ ४८ हजार २ सय ९८ र व्यावसायिक स्थायी लेखा नम्बरतर्फ ८० हजार २ सय ९७ समेत जम्मा थप १ लाख २८ हजार ५ सय ९५ करदाता करको दायरामा आएका । |
| | **करदाता शिक्षा**<br>करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं सचेतना अभिवृद्धिसम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतनासम्बन्धी कार्यहरु आवश्यकताअनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ । | करदाता शिक्षा कार्यक्रमअन्तर्गत विभिन्न आन्तरिक राजस्व कार्यालयहरुबाट यस आर्थिक वर्षको फाल्गुण मसान्तसम्म ४ सय ८७ वटा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएका । |
| | **दक्षता एवं प्रणाली विकास**<br>कर प्रशासनको क्षमता विकास र प्रणाली सुधारका माध्यमबाट राजस्व परिचालनमा अभिवृद्धि गर्दै लगिने छ। यसका लागि अर्थ मन्त्रालय र मातहत विभागहरू बीच एकीकृत सूचना सञ्जाल विकास गरी सूचना आदान प्रदानको प्रभावकारी व्यवस्था गरिने छ। | कर प्रशासनको क्षमता विकास र प्रणालीगत सुधार गरी राजस्व परिचालनमा अभिवृद्धि गर्ने सन्दर्भमा आन्तरिक राजस्व विभाग र भन्सार विभागको तथ्याङ्क प्रणाली बीच अन्तर आवद्धता गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | **राजस्व चुहावट नियन्त्रण**<br>• राजस्व चुहावट नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय तहका राजस्व प्रशासनका बीचमा सूचना आदानप्रदानको व्यवस्था गरिनेछ।<br>• मालवस्तुको आन्तरिक ओसारपसारमा विद्युतीय प्रणालीको प्रयोगद्वारा व्यापारको आन्तरिक अनुगमन र निगरानीलाई प्रभावकारी बनाई व्यापार विचलनको नियन्त्रण गरिनेछ। चोरी पैठारी नियन्त्रणका लागि गस्ती परिचालन गरिनेछ।<br>• भन्सारमा मालवस्तुको यथार्थ घोषणा र सही वर्गीकरण गराई भन्सार मूल्याङ्कन प्रणालीलाई यथार्थ र कारोबार मूल्यमा आधारित बनाइनेछ।<br>• न्यून बिजकीकरण, चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ। | • राजस्व चुहावट नियन्त्रणका लागि सूचनाको अन्तरआवद्धतासम्बन्धी कार्य भइरहेको।<br>• चोरी पैठारी नियन्त्रण तथा वैध व्यापार प्रर्वद्धनका लागि राजस्व अनुसन्धान विभागबाट नियमित गस्ती परिचालन भइरहेको।<br>• समिति बनाई स्थलगत अनुगमन गर्ने कार्य भइरहेको र समितिको प्रतिवेदनका आधारमा थप कार्यवाही अगाडी बढाइने तत्सम्बन्धी कार्य भइरहेको।<br>• चुहावट नियन्त्रण केन्द्रीय समितिको २ वटा बैठक बसी सोबाट भएका निर्णयहरु कार्यान्वयनको लागि निर्देशन दिइएको ।<br>• न्यून बिजकीकरण भएका वस्तुहरुको खरिदसम्बन्धी निर्देशिका स्वीकृत भइ कार्यान्वयनमा ल्याईएको । |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

### सार्वजनिक व्यवस्थापन एवं सामान्य प्रशासन तर्फ

- कार्य योजना र कार्य सम्पादन सम्झौता समेतको कार्यान्वयनद्वारा मन्त्रालयबाट सम्पादन गरिने कार्यलाई छिटो, छरितो, पारदर्शी बनाउने कार्य गरिएको ।
- सार्वजनिक सेवालाई परिमाणमुखी बनाउन अर्थ सचिव र विभागीय प्रमुखहरूकाबीच कार्यसम्पादन करार गरिएको ।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भइ कार्यान्वयन हुन लेखीआएका मिसिल मध्ये चैत्र मसान्तसम्म ८ वटा फछ्र्यौट भई १४ वटा फछ्र्यौटको चरणमा रहेको ।

## राजस्व व्यवस्थापन तर्फ

### राजस्व सङ्कलन

**आर्थिक वर्ष २०७४/७५ मा राजस्व संकलनको प्रगति विवरण (रू. हजारमा)**

| आर्थिक वर्ष २०७४/७५ फागुन महिनासम्मको राजस्व असुलीको स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राजस्व शीर्षक | वार्षिक लक्ष्य | फागुन महिनासम्मको | | वार्षिक लक्ष्यको तुलनामा % | फागुन महिनाको लक्ष्यको तुलनामा % | फागुन सम्मको लक्ष्यका तुलनामा प्रगति % | वृद्धिदर |
| | | लक्ष्य | असुली | | | | |
| **भन्सार महसुल** | **१३७,३२७,१८६** | **८६,५१६,१२७** | **८४१६४६१८** | **६१.२९** | **९९.९५** | **९७.२८** | **१५.०२** |
| पैठारी | १२०,४५६,८९६ | ७५,८८७,८४४ | ७४०२९९७३ | ६१.४६ | ९९.४८ | ९७.५५ | १४.९१ |
| निकासी | १,२९७,२४३ | ८१७,२६३ | ७९९५४ | ६.१६ | ५.४२ | ९.७८ | २.१९ |
| पूर्वाधार कर | ९,६५१,५८३ | ६,०८०,४९७ | ६६५८२०० | ६८.९९ | १२८.३९ | १०९.५ | १६.५ |
| अन्य आय | ७९९,४९२ | ५०३,६८० | २८३४०५ | ३५.४५ | ४६.१३ | ५६.२७ | १३.२२ |
| कृषि शुल्क | ५,१२१,९७२ | ३,२२६,८४२ | ३११३०८६ | ६०.७८ | ८९.७३ | ९६.४७ | १५.२६ |
| **मूल्य अभिवृद्धि कर** | **२१५,९६८,७९४** | **१३६,७९८,८८०** | **१२६०१२२८४** | **५८.३५** | **९६.५४** | **९२.११** | **२३.७९** |
| आन्तरिक | ७३,८५३,९६५ | ४७,२६६,५३७ | ४६४६६७३१ | ६२.९२ | ९४.७६ | ९८.३१ | २३.९७ |
| पैठारी | १४२,११४,८२९ | ८९,५३२,३४२ | ७९५४५५५३ | ५५.९७ | ९७.४७ | ८८.८५ | २३.६९ |
| **अन्तः शुल्क** | **१०२,८८१,३०१** | **६३,६८३,२१४** | **६१३३४४५३** | **५९.६२** | **१००.२८** | **९६.३१** | **११.२१** |
| आन्तरिक | ५६,६००,२७८ | ३४,५२६,१७० | ३४७८३६९१ | ६१.४५ | ११९.५३ | १००.७५ | २४.५४ |
| पैठारी | ४६,२८१,०२३ | २९,१५७,०४४ | २६५५०७६२ | ५७.३७ | ७९.६८ | ९१.०६ | -२.४६ |
| **स्वास्थ्य सेवा शुल्क** | **१,२७०,४०४** | **८३८,४६७** | **६८७१९४** | **५४.०९** | **१४०.४६** | **८१.९६** | **२१.५२** |
| **शिक्षा सेवा शुल्क** | **९९१,५३५** | **६६४,३२८** | **५४७२५०** | **५५.१९** | **१०२.२९** | **८२.३८** | **१७.७४** |
| **आयकर** | **१६७,१९७,५६२** | **९०,७५०,०२६** | **८५७७२९०५** | **५१.३** | **५१.६७** | **९४.५२** | **१८.३३** |
| आयकर | १४९,७१६,९९३ | ७९,३५०,००६ | ७२५१७३४१ | ४८.४४ | ६०.८२ | ९१.३९ | १२.२७ |
| बहालकर | ४,९१९,८७४ | २,६०७,५३३ | २९७९१७३ | ६०.५५ | १२६.३ | ११४.२५ | २१.५ |
| व्याजकर | १२,५६०,६९६ | ८,७९२,४८७ | १०२७६३९१ | ८१.८१ | १५.२७ | ११६.८८ | ८८.८४ |
| **रजिष्ट्रेशन** | **१८,४११,३१९** | **१३,०७२,०३७** | **८४५०६४३** | **४५.९** | **३२.९४** | **६४.६५** | **-३६.०२** |
| **सवारी साधन कर** | **९,८८७,०२१** | **७,५१४,१३६** | **७२६५०३७** | **७३.४८** | **११०.४७** | **९६.६८** | **१८.४** |
| **अन्य** | **१२,२६९,४३६** | **८,३४३,२१७** | **१२८०२४५५** | **१०४.३४** | **१६७.३४** | **१५३.४५** | **१८३.०४** |
| **जम्मा कर राजस्व** | **६६६,२०४,५५८** | **४०८,१८०,४३१** | **३८७०३६८३९** | **५८.१** | **८७.९९** | **९४.८२** | **१८.१८** |
| **गैर कर राजस्व** | **६३,८५१,०१२** | **३१,२८६,९९६** | **४५७०५९३७** | **७१.५८** | **१८४.३७** | **१४६.०९** | **७१.५१** |
| **कुल राजस्व** | **७३०,०५५,५७०** | **४३९,४६७,४२७** | **४३२७४२७७६** | **५९.२८** | **९१.०६** | **९८.४७** | **२२.१९** |

- आर्थिक वर्ष २०७४/७५ को फागुन महिनासम्मको राजस्व संकलनको लक्ष्य रू. ४३९ अर्व ४६ करोड रहेकोमा रू.४३२ अर्व ७४ करोड असुली भइ लक्ष्यको तुलनामा ९८.४७ प्रतिशतले प्रगति भएको । गत वर्षको यही अवधिको राजस्व संकलनको तुलनामा वृद्धि दर २२.१९ प्रतिशत रहेको ।
- राजस्व प्रशासनको सुधारको लागि संघीय राजस्व बोर्ड गठनका लागि विधेयकको प्रारम्भिक मस्यौदा तयार गरी परामर्शको लागि नेपाल कानून आयोगमा पठाइएको ।

- गैर कर राजस्वका दरहरु परिमार्जन गर्न प्रारम्भिक प्रतिवेदन तयार भएको ।
- सचिव (राजस्व) को संयोजकत्वमा राजस्व परामर्श समितिको पुर्नगठन गरिएको।

**आन्तरिक राजस्व विभागतर्फ**

- करचुक्ताको निवेदन अनलाइनबाट दिने र प्रणालीबाटै चुक्ता प्रमाणपत्र तयार गरी जारी गर्ने व्यवस्था मिलाइएको।
- करदाताले आफूले पेश गरेको विवरण तथा भुक्तानी गरेको कर रकम समेत हेर्न सक्ने व्यवस्था गरिएको ।
- मूल्य अभिवृद्धि करको Audit Trail Report (ATR) करदाता स्वयंले हेर्न सक्ने व्यवस्था गरिएको।
- आय विवरण पेश गर्ने म्याद थपको निवेदन अनलाइनबाटै पेश गर्ने र कर अधिकृतले प्रणालीबाटै उचित म्याद थप गर्ने सुविधा थप गरिएको।
- एकीकृत कर प्रणाली (Integrated Tax System) को SOP तयार गरी कार्यान्वयनमा ल्याइएको।
- विभाग अन्तर्गत थप ८ वटा कार्यालयहरु आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, हेटौंडा, धनगढी, धरान, जनकपुर, लहान, दाङ्ग र ठूला करदाता कार्यालयहरुमा बैंक काउण्टर स्थापना गरिएको ।
- बारम्बार सोधिने करसम्बन्धी जिज्ञासा (FAQ-Frequently Asked Questions) लाई परिमार्जन गरी सार्वजनिक गरिएको ।
- मूल्य अभिवृद्धि करको Non-filer व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भइ कार्यान्वयन भइरहेको ।
- ITS तर्फ System Audit सम्पन्न भएको ।

**भन्सार विभागतर्फ**

- सेवाग्राहीलाई मालवस्तुको वर्गीकरण र महसुलका बारेमा जानकारी दिन तयार गरिएको एकीकृत भन्सार महसुल दरबन्दी पुस्तिका विभागको वेभसाइटमा राखिएको तथा Search Engine को माध्यमबाट चाहेको सूचना लिन सक्ने व्यवस्था गरिएको ।
- १६ (सोह्र) वटा भन्सार कार्यालयहरुमा ब्रोकर मोड्युलको कार्यान्वयन गरिएको।
- १४ (चौध) वटा भन्सार कार्यालयहरुमा आई. पि. क्यामरा मार्फत प्रत्यक्ष अनुगमन गर्न सक्ने व्यवस्था भएको।
- २ (दुई) वटा भन्सार कार्यालयहरुमा कार्गो र यात्रु जाँचपासका लागि अलग-अलग लेनहरु कार्यान्वयनमा ल्याइएको ।
- ४ (चार) स्थानमा सुक्खा बन्दरगाह स्थापनाको क्रममा रहेको, एक स्थानमा निर्माण अन्तिम चरणमा र तीन स्थानमा एकीकृत जांच चौकी स्थापनाको कार्य जारी रहेको।
- जाँचपासपछिको परीक्षणको काम भन्सार जाँचपास परीक्षण कार्यालयबाट मात्र हुने गरी कानूनी व्यवस्था गरिएको ।

**राजस्व अनुसन्धान विभागतर्फ**

- राजस्व चुहावट नियन्त्रण ऐनको मस्यौदा तयार गरिएको ।

- राजस्व चुहावट नियन्त्रणका जोखिम सूचकहरुको परिमार्जन गरिएको ।
- मालवस्तुको ओसारपसारको अनुगमन गरी व्यापार विचलनको नियन्त्रण गर्ने सन्दर्भमा प्रतिवेदन प्राप्त भएको।

**संस्थान समन्वयतर्फ**

- सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम विशाल बजार कम्पनी लिमिटेडमा नेपाल सरकारको नाममा कायम भएको रू. ३ अर्व ९६ करोड वरावरको ३ करोड ९६ लाख कित्ता शेयर आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको नाममा कायम गरिएको ।
- सार्वजनिक संस्थान निर्देशन बोर्डको प्रभावकारीताको लागि प्राप्त प्रतिवेदनअनुसार यस बोर्डलाई सक्रिय बनाउन छुट्टै ऐनको आवश्यकता तथा बोर्डलाई समेट्ने गरी सवै सार्वजनिक संस्थानहरुलाई नियमन गर्ने र संघीयतामा सार्वजनिक संस्थानहरुको स्वरुप समेतलाई मध्यनजर गर्दै विज्ञहरुको संलग्नतामा विधेयक तर्जुमा समिति गठन भइ कार्य भइरहेको।

**आर्थिक नीति विश्लेषणतर्फ**

- Macroeconomic Indicators २०७४ फाल्गुण मसान्तसम्मको अध्यावधिक गरिएको ।
- ४ वटा सार्वजनिक संस्थानहरुलाई कुल रू.२ अर्व १ करोड ४६ लाख ६८ हजार ऋण लगानीसम्बन्धी ऋण तमसुक गरिएको ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा लगानी हुने वैदेशिक ऋण तर्फको ऋण तथा अनुदान रकममा साना किसान विकास वैंङ्क लिमिटेडलाई रू.८० करोड र नेपाल विद्युत प्राधिकरणलाई रू.१५ अर्व रकम ( SDR १०,९२,२९,००० वरावर ) गरी कुल रू.१५ अर्व ८० करोड रकमको सहायक ऋण सम्झौता गरिएको।
- चालु आ.ब.को फाल्गुण मसान्तसम्ममा रू.११९ अर्ब ७९ करोड ७७ लाख ७५ हजार आन्तरिक ऋण उठाइएको ।
- सार्वजनिक निजी साझेदारी बिधेयकको मस्यौदा तयार भएको ।
- नेपालले Asset Recovery Inter-Agency Network Asia Pacific को सदस्यता प्राप्त गरेको ।
- सम्पत्ति शुद्धीकरण निवारणको लागि हुण्डि, ईलेक्ट्रोनिक करेन्सी जस्ता गैरकानुनी काम कारवाही रोक्न सो मध्ये हुण्डिलाई अपराध मान्ने कानुन बैंङ्किङ कसुर तथा सजांय विधेयकको संशोधनको मस्यौदा प्रस्ताव गरिएको।
- २०७४ साल साउन १ गते देखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एकपटकमा दश लाख रुपैयाँ वा सो भन्दा बढी मूल्यको कुनै सेवा वा वस्तु खरिद विक्री वा अन्य कारोवार गर्दा वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी नगद कारोवारको सीमा लागू गरिएको ।

**अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वयतर्फ**

- आ.ब. २०७४/०७५ को फागुन महिनासम्म अनुदान सहायता रु ६२ अर्ब ५४ करोड ५१ लाख र ऋण सहायता रु ८८ अर्ब ३३ करोड ४६ लाख गरी जम्मा रु १ खर्ब ५० अर्ब ८७ करोड ९७ लाखको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ ।जसमा द्विपक्षीय सहायता ५३ अर्ब १३

करोड ५१ लाख तथा बहुपक्षीय सहायता ९७ अर्ब ७४ करोड ४६ लाख रहेको छ ।दोश्रो चौमासिक सम्ममा रु ३८ अर्ब ७७ करोड ९३ लाख सहायता प्राप्त भएको ।

- २४ जुलाइ २०१७ (२०७४ साउन ९) अर्थ मन्त्रालयमा स्थानीय विकास साझेदारहरुसँग (local Development Partners) बैठक आयोजना गरिएको ।
- १५ अगस्ट २०१७ (२०७४ साउन ३१ गते) नेपाल सरकार र चीन सरकारबीच लगानी तथा आर्थिक सहायता प्रवर्द्धनसम्बन्धी आधारभूत खाका सम्झौता (MOU) सम्पन्न भएको ।
- १४ सेप्टेम्बर २०१७ (२०७४ भाद्र २९) अमेरिकाको Millennium Challenge Corporation (MCC) को Compact Program अन्तर्गत नेपालको सडक सुधार तथा स्तरोन्नति र बिद्युत क्षेत्रको प्रसारण लाइन विस्तारको लागि ५०० मिलियन अमेरिकी डलर (करीब रु ५१ अर्व ५० करोड बराबरको ) अनुदान उपलब्ध गराउने सम्बन्धमा वासिङटन डि.सी. मा नेपाल सरकार र अमेरिकी सरकार बीच सम्झौता सम्पन्न गरिएको ।
- ३१ डिसेम्बर २०१७ (२०७४ पौष १७ गते) मा Development Cooperation Report FY 2016-17, A Study on Foreign Aid Mobilization in Federal Nepal र Development Finance Assessment for Nepal गरी तीनवटा प्रतिवेदन प्रकाशन गरिएको ।

**बजेट तथा कार्यक्रमतर्फ**

- सरकारका तीनै तहको आर्थिक कारोबार सञ्चालनलाई व्यवस्थित गर्न तयार गरिएको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ लाई स्वीकृति गरिएको ।
- आर्थिक वर्ष २०७४/७५ को बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन प्रकाशन गरिएको।
- संविधानअनुसार प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानतर्फ रू. २३२ अर्ब हस्तान्तरण गरिएको।
- प्रदेश तथा स्थानीय तहबाट सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub-national Treasury Regulatory Application- SUTRA) कार्यान्वयन गर्न सहमति प्रदान गरिएको ।
- आर्थिक वर्ष २०७३/७४ को बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन प्रकाशन गरिएको।

**अनुगमन तथा मूल्याङ्कनतर्फ**

- आर्थिक वर्ष २०७४/७५ को फाल्गुन मसान्त सम्ममा सूचना प्राप्तिको लागि ९ वटा निवेदन परेकोमा सवै सूचना तथ्याङ्क उपलब्ध गराइएको ।
- सूचना वर्गीकरणसम्बन्धी मस्यौदा तयार गरिएको ।
- राष्ट्रिय गौरवका ७ वटा, P1 का ३ र P2 का ३ वटा आयोजनाहरुको स्थलगत अनुगमन गरिएको ।
- संघीय मध्यकालीन खर्च संरचना (Medium Term Expenditure Framework-MTEF) सम्बन्धमा अर्थ मन्त्रालय अन्तर्गतका विकास कार्यक्रमहरुको आ.व. २०७५/७६ देखि २०७७/७८ सम्मको खर्च विवरण तर्जुमा गरी राष्ट्रिय योजना आयोगमा पठाइएको ।

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ त्रैमासिक विवरण वेभ साइटमा प्रकाशन गर्ने गरिएको ।
- हेलो सरकार र विगुलवाट प्राप्त २ सय ४१ गुनासो सत प्रतिशत फछ्र्यौट गरिएको ।

**महालेखा नियन्त्रक कार्यालय**

- **Nepal Public Sector Accounting Standard(NPSAS)** अनुरुप ४३ वटै केन्द्रीय निकायको वित्तीय प्रतिवेदन तयार गरी महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षणको लागि पेश गरिएको ।
- हालसम्म २६ कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट E-Payment) लागु गरिएको ।
- सवै (८१) कोष तथा लेखा नियन्त्रक कार्यालयहरुमा कम्प्युटर प्रणालीमा आधारित सरकारी लेखा प्रणाली (Computerized Government Accounting System -CGAS) सञ्चालनमा ल्याइएको ।
- सरकारका तीनै वटै तहमा एकै प्रकारको आर्थिक संकेत तथा बजेट बर्गीकरणको खाता सूची (Chart of Accounts) स्वीकृत भइ प्रदेश र स्थानीय तहमा कार्यान्वयनमा ल्याइएको ।
- स्थानीय तहमा लेखा समूहको कर्मचारीको व्यवस्थापन गरिएको ।

**८. आर्थिक वर्ष २०७३/०७४ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः**

- आ.व. २०७३/७४ मा राजस्व संकलनको लक्ष्य रू.५६५ अर्व ८९ करोड रहेकोमा रू. ६०९ अर्व १७ करोड संकलन भइ लक्ष्यको तुलनामा १०७.६५ प्रतिशत प्रगति भएको । गत आ.व. को संकलनको तुलनामा २६.४० प्रतिशतले वृद्धि भएको ।
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६८ को पहिलो संशोधन, २०७३ स्वीकृत भइ कार्यान्वयनमा ल्याइएको ।
- व्यापारिक वस्तुहरुको आन्तरिक ओसारपसारसम्बन्धी नियमन निर्देशिका, २०६५ को पहिलो संशोधन स्वीकृत भइ कार्यान्वयनमा ल्याइएको ।
- आ.व.२०७३/७४ मा १,९२,७८६ थप करदाता करको दायरामा आई २०७४ असार मसान्तसम्ममा करदाताको संख्या १६,२३,२३१ पुगेको ।
- अन्तःशुल्क व्यवस्थापन प्रणाली (Excise Automation System) लाई Integrated Tax System मा समाहित गरी परिमार्जनसहित व्यवस्थित रुपमा लागू गरिएको।
- बाह्य परामर्शदाताबाट नेपालमा दोहोरो कर मुक्ति सम्झौताबाट प्रत्यक्ष वैदेशिक लगानीमा परेको प्रभाव (Study of the impact of Double Taxation Avoidance Treaties on Foreign Direct Investment of Nepal) बारे अध्ययन प्रतिवेदन प्राप्त गरिएको ।
- मेची, सुक्खा बन्दरगाह, वीरगन्ज, भैरहवा र विराटनगर र रसुवा भन्सार कार्यालयमा वेभमा आधारित ASYCUDA World प्रणाली लागू गरिएको ।
- मेची, विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगञ्ज र कञ्चनपुर भन्सार कार्यालयहरुमा Whole Baggage X-Ray Machine जडान गरी सञ्चालन गरिएको ।
- भन्सारसँग सम्बन्धित ९ सय ९२ वटा उजुरी/सूचनाहरु संकलन भइ ८ सय ३९ वटा फछ्र्यौट भइ कार्यान्वयन गरिएको ।

- राजस्व चुहावट नियन्त्रणको लागि ६ सय ५३ वटा शंकास्पद कारोवारस्थलको आकस्मिक खानतलासी गरी अनुसन्धानको दायरामा ल्याइएकोमा ५ सय २२ वटा करदाताको अनुसन्धान सम्पन्न भएको ।
- आन्तरिक ओसार पसार तथा भन्सार जाँचपास भएका १ हजार ५ सय ८४ वटा मालवाहक ढुवानी साधनहरुको चेकजाँच सम्पन्न भइ रू. ३३ करोड १५ लाख ५८ हजार राजस्व संकलन भएको।
- अनुसन्धानबाट थप विक्री कायम भएको रू. २ अर्ब ४० करोड ८० लाख ३१ हजार आयकर ऐन, २०५८ बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित कर कार्यालयमा पठाइएको।
- राजस्व चुहावटसँग सम्बन्धित ६ सय ६७ वटा मुद्दासँग सम्बन्धित मालवस्तुको लिलाम विक्री सम्पन्न भइ रू.१० करोड ७६ लाख ३ हजार राजस्व संकलन भएको।
- राजस्व चुहावटसम्बन्धी ६७ वटा मुद्दा सम्बन्धित जिल्ला अदालतमा दायर गरिएको।
- उद्योग मन्त्रालयबाट प्रस्तावित ७ बटा सार्वजनिक संस्थानहरुमा (वीरगंज चिनी कारखाना लि., हेटौडा कपडा उद्योग लि., बुटवल धागो कारखाना, गोरखकाली रवर उद्योग लि., कृषि औजार कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, नेपाल ओरिण्ड म्याग्नेसाईट प्रा.लि.) नेपाल सरकारले थप लगानी नगरी हालसम्म भएको भौतिक तथा मेशिनरी सम्पत्ति र ऋण लगानी लगायतका दायित्वहरु नेपाल सरकारमा नै रहने गरी निजीकरण ऐन, २०५० का प्रावधान तथा सञ्चालनका Modality लाई समेत अवलम्वन गरी उपयुक्त प्रकृया अघि बढाउन निजीकरण समितिको ८५ औ बैठकबाट नर्णिय भएको ।
- नेपाल वायुसेवा निगमलाई हवाईजहाज खरिद गर्दा कर्मचारी सञ्चयकोष र नागरिक लगानो कोषले प्रदान गर्ने १२/१२ अर्व रुपैया ऋण रकम सम्बन्धमा शर्त तोकि जमानत दिइएको ।
- नेपालको समष्टिगत आर्थिक नीतिको प्रारम्भिक मस्यौदा तयार भएको।
- १४ वटा सार्वजनिक संस्थानहरुलाई कुल रू.२० अर्व ८४ करोड ७१ लाख ०१ हजार ऋण लगानी गर्न ऋण तमसुक गरिएको ।
- नेपाल सरकारबाट सार्वजनिक संस्थानमा लगानी हुने वैदेशिक ऋण तर्फको ऋण तथा अनुदान रकममा नेपाल विद्युत प्राधिकरणलाई १४ करोड १२ लाख ५० हजार यूरोको ऋण सम्झौता र ५० लाख यूरोको सहायक अनुदान सम्झौता सम्पन्न गरिएको ।
- राष्ट्र ऋण उठाउने ऐन बमोजिम आर्थिक वर्ष २०७३/७४ का लागि बजेटमा ब्यवस्था गरिएको रू. ८८ अर्ब ३४ करोड आन्तरिक ऋण उठाइएको।
- पूँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना अन्तर्गत Debt Operation and Management Software ( DOMS) खरिदका लागि Montran Corporation, USA संग मार्च १, २०१७ मा सम्झौता गरिएकोमा हाल Software निर्माणको कार्य भइरहेको ।
- सम्पत्ति शुद्धिकरण ( मनि लाउण्डरिङ् ) निवारण नियमावली, २०७३ नेपाल सरकारबाट स्वीकृत भइ कार्यान्वयनमा ल्याइएको ।
- यस आ.व. मा २ सय ८४ वटा उजुरी सम्पत्ति शुद्धीकरण अनुसन्धन विभागमा दर्ता भएकोमा १ सय ७७ वटा प्रारम्भिक जाँचवुझका लागी जाँचवुझ अधिकृत तोकिएको, २ वटा उजुरी अनुसन्धानको

लागि अनुसन्धान अधिकृत तोकिएको, ६ वटा उजुरीको अदालतमा मुद्दा दायर भएको, ६३ वटा उजुरी तामेलीमा राखिएको र ४२ वटा उजुरी अन्य निकायमा लेखी पठाइएको।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणसम्बन्धी विविध विषयको अध्ययन गर्ने (दोस्रो चरणको राष्ट्रिय जोखिम मूल्याङ्कन NRA समेत) कार्यका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक सम्मिलित संयुक्त संयन्त्रको निर्माण भइ कार्य थालनी भएको ।
- सचेतनाका लागि रेडियोबाट श्रव्य सामाग्री प्रसारण १ हजार ६ सय ४४ पटक भएको, टेलिभिजनबाट श्रव्य दृश्य विज्ञापन ३ सय ५ पटक भएको, छापाबाट जनचेतना मूलक प्रचार प्रसार १ सय २३ पटक भएको, सचेतनामूलक प्रचार सामाग्री १ हजार प्रति उत्पादन र ६ सय प्रति वितरण गरिएको।
- बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ स्वीकृत भई कार्यान्वयनमा आएको ।
- नेपाल राष्ट्र बैंक ऐन, २०५८; बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ तथा कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन भइ कार्यान्वयनमा आएको ।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ तथा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा पहिलो संशोधन गरी कार्यान्वयनमा ल्याउन नेपाल धितोपत्र बोर्डलाई स्वीकृति प्रदान गरिएको ।
- नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको कर्मचारी सेवा शर्त विनियमावली, २०७३ स्वीकृति गरिएको ।
- वित्तीय क्षेत्र विकास रणनीति (२०७३/७४-२०७७/७८) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई कार्यान्वयनमा आएको ।
- व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ स्वीकृत गरिएको ।
- आर्थिक पुनरूद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२ को संशोधन गरिएको ।
- भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ स्वीकृत गरिएको ।
- भूकम्प पीडितको कर्जा पुनर्तालिकिकरण गरिएको ।
- एन.आई.डि.सी. डेभलपमेन्ट बैंक र राष्ट्रिय वाणिज्य बैंक एक आपसमा गाभ्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३/१०/१४ मा सैद्धान्तिक निर्णय भएको ।
- द्वन्द्वको कारण विस्थापित विभिन्न बैंकहरूका ३ सय १८ शाखाहरु मध्ये १ सय ५१ शाखा पुनःस्थापना भएको।
- विषयगत मन्त्रालय वजेट सूचना प्रणाली [Line Ministry Budget Information System-(LMBIS)] मार्फत बजेट तर्जुमा गरिएको ।
- बजेट कार्यान्वयन वर्ष प्रभावकारी बनाउन कार्यक्रम स्वीकृती र संशोधन मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मार्फत गर्ने व्यवस्था मिलाइएको।
- राष्ट्रिय गौरवका आयोजना र ठूला आयोजनाहरूको कार्यान्वयनमा तीब्रता ल्याउन स्रोतको कमी नहुने ब्यवस्था मिलाइएको ।

- बजेट तर्जुमा दिग्दर्शन परिमार्जन गरिएको।
- आर्थिक वर्ष २०७३/७४ मा सूचना प्राप्तिको लागि १८ वटा निवेदन परेकोमा सत प्रतिशत तथ्याङ्क उपलब्ध गराइएको ।

## ९. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११३ | अर्थ मन्त्रालय | ३०९८०७ | २९६३९० | ९५.६७ |
| ३०५०१२३ | महालेखा नियन्त्रक कार्यालय | ११९८४४ | ११२३४५ | ९३.७४ |
| ३०५०१३३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५००९९ | ४५३६५ | ९०.५५ |
| ३०५०१४३ | कुमारी चोक तथा केन्द्रीय तहसिल का. | १४७१९ | १४१८८ | ९६.३९ |
| ३०५०१५३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ६१९७२२ | ५४८८८२ | ८८.५७ |
| ३०५०१७३ | राजस्व प्रशासन तालिम केन्द्र | ५३०४० | ३९२०९ | ७३.९२ |
| ३०५०१८३ | भंसार विभाग | ९३६७२ | ८४८६८ | ९०.६० |
| ३०५०१९३ | भंसार कार्यालयहरु | ८६०२३४ | ७६१०८५ | ८८.४७ |
| ३०५०२०३ | आन्तरिक राजस्व विभाग | ८२८७०१ | ४८२३७२ | ५८.२१ |
| ३०५०२१३ | आन्तरिक राजस्व कार्यालयहरु | ९९७५०४ | ८६४०९९ | ८६.६३ |
| ३०५०२२३ | राजस्व अनुसन्धान विभाग | १२२८७८ | ७३७७७ | ६०.०४ |
| ३०५०२३३ | राजस्व अनुसन्धान ईकाई | ११५१३७ | १०५१९१ | ९१.३६ |
| ३०५०२४३ | ऋण असुली पुनरावेदन न्यायधीकरण | ९५७५ | ८३७५ | ८७.४७ |
| ३०५०२५३ | ऋण असुली न्यायधिकरण | २८७६४ | २८४५६ | ९८.९३ |
| ३०५०२८३ | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | ८५६१५ | ६२६७३ | ७३.२० |
| ३०५०२९३ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता | ३५९५८२ | २४७५१८ | ६८.८३ |
| ३०५१०३३ | कृषि बिकास बैंक, विविध | १५८१२ | १५८१२ | १००.०० |
| ३०५१०४३ | साना किसान विकास बैंक | १४६६०० | ७६८७२ | ५२.४४ |
| ३०५१०५३ | लघु विमा सहयोग कार्यक्रम | ५०८५८० | १६८५८० | ३३.१५ |
| ३०५१०६३ | शीत घर निर्माण (ब्याज अनुदान) | ८८०० | ३००० | ३४.०९ |
| ३०५१०९३ | सार्वजनिक संस्थान सुधार कार्यक्रम | १२७९० | १२२३४ | ९५.६५ |
| ३०५१११३ | युवा स्वरोजगार कोष | १०६२५५ | ९१६४३ | ८६.२५ |
| ३०५११४३ | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | २७४९६ | २६३८९ | ९५.९७ |
| ३०५११५३ | आर्थिक प्रशासन सुधार कार्यक्रम | १२०७४४ | ७००४३ | ५८.०१ |
| ३०५११७३ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | २२८५५० | २६२०४ | ११.४७ |
| ३०५११९३ | सार्वजिनक संस्थान निर्देशन बोर्ड | ९८२१ | ३७९० | ३८.५९ |
| ३०५३२०३ | वित्तिय पहुँच अभिवृद्धि कार्यक्रम | १५२५० | २०९४ | १३.७३ |
| ३०५३२१३ | भन्सार सुधार कार्यक्रम | ८५५९० | ४७३६९ | ५५.३४ |
| ३०५३२२३ | कृषि तथा पशुपालन ब्याज अनुदान | १००००००० | ० | ०.०० |
| ३०५३२३३ | नगर बिकास कोष | ५९९६०० | १३८००० | २३.०२ |

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५३२४३ | नगरपालिका फोहोर व्यवस्थापन सुधार | १०५००० | १०५००० | १००.०० |
| | **जम्मा** | **७६५९७८१** | **४५६१८२३** | **५९.५६** |

**पुँजीगत खर्च** (रू.हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११४ | अर्थ मन्त्रालय | २८७४३ | २७१२९ | ९४.३८ |
| ३०५०१२४ | महालेखा नियन्त्रक कार्यालय | १५१०० | ८८९३ | ५८.८९ |
| ३०५०१३४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ८५९० | ७६९७ | ८९.६० |
| ३०५०१४४ | कुमारी चोक तथा केन्द्रीय तहसिल का. | ११७० | ११७० | १००.०० |
| ३०५०१५४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | १९७२१७ | १५७१०७ | ७९.६६ |
| ३०५०१७४ | राजस्व प्रशासन तालिम केन्द्र | २८९०० | १०७२९ | ३७.१२ |
| ३०५०१८४ | भंसार बिभाग (भंसार सुदृढीकरण | १४००० | २९१५ | २०.८२ |
| ३०५०१९४ | भंसार कार्यालयहरु (गस्ती टोली समेत) | १३१९०३ | ८७२२३ | ६६.१३ |
| ३०५०२०४ | आन्तरिक राजस्व विभाग | २३७३० | १३३७६ | ५६.३७ |
| ३०५०२१४ | आन्तरिक राजस्व कार्यालयहरु | २७१५३७ | १६७४३७ | ६१.६६ |
| ३०५०२२४ | राजस्व अनुसन्धान विभाग | ९८९३० | ९३१९२ | ९४.२० |
| ३०५०२३४ | राजस्व अनुसन्धान ईकाई | २२३०० | १६४५७ | ७३.८० |
| ३०५०२४४ | ऋण असुली पुनरावेदन न्यायधीकरण | ६२१६ | ६२०९ | ९९.८९ |
| ३०५०२५४ | ऋण असुली न्यायधिकरण | १०११३ | १०१०० | ९९.८७ |
| ३०५०२८४ | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | २८६४५ | २३३८२ | ८१.६३ |
| ३०५१११४ | यूवा तथा साना व्यवसायी स्वरोजगार कोष | २३७५ | २३०५ | ९७.०५ |
| ३०५११५४ | आर्थक प्रशासन सुधार कार्यक्रम | २६४४३६ | १९१६६४ | ७२.४८ |
| ३०५११९४ | सार्वजिनक संस्थान निर्देशन बोर्ड | ३८० | ० | ०.०० |
| ३०५३२१४ | भन्सार सुधार कार्यक्रम | १०४७३६९ | ७४०६७६ | ७०.७२ |
| | **जम्मा** | **२२०१६५४** | **१५६७६६१** | **७१.२०** |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११३ | अर्थ मन्त्रालय | ३१३,२९५ | २१८,८१५ | ६९.८४ |
| ३०५०१२३ | महालेखा नियन्त्रक कार्यालय | १४३,३८७ | ८४,८६० | ५९.१८ |
| ३०५०१३३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ५८,५२३ | ३९,९२९ | ६८.२३ |
| ३०५०१४३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १८,३६९ | १०,३१८ | ५६.१७ |
| ३०५०१५३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ६९९,३०७ | ३६१,०७४ | ५१.६३ |
| ३०५०१७३ | राजस्व प्रशासन तालिम केन्द्र | ५७,८०० | २६,१३८ | ४५.२२ |
| ३०५०१८३ | भंसार बिभाग | १६१,७३३ | ६३,०६९ | ३९.०० |
| ३०५०१९३ | भंसार कार्यालयहरु | ८६४,८८७ | ४६८,५५७ | ५४.१८ |

| व.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०२०३ | आन्तरिक राजस्व विभाग | ८८८,८४५ | ४५९,२६३ | ५१.६७ |
| ३०५०२१३ | आन्तरिक राजस्व कार्यालयहरु | १,०७७,७२० | ५८६,४५५ | ५४.४२ |
| ३०५०२२३ | राजस्व अनुसन्धान विभाग | ८६,८७८ | ५०,४९६ | ५८.१२ |
| ३०५०२३३ | राजस्व अनुसन्धान ईकाई कार्यालयहरु | १०६,८९९ | ६७,०१६ | ६२.६९ |
| ३०५०२४३ | ऋण असुली पुनरावेदन न्यायधिकरण | १०,७२९ | ५,२८० | ४९.२१ |
| ३०५०२५३ | ऋण असुली न्यायधिकरण | ३१,५५९ | २१,४३६ | ६७.९२ |
| ३०५०२८३ | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | १०४,२१० | ३५,६७९ | ३४.२४ |
| ३०५०२९३ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | १,००५,५६५ | ११३,७१३ | ११.३१ |
| ३०५१०३३ | कृषि बिकास बैंक , विविध | १७,५९१ | १०,४९१ | ५९.६४ |
| ३०५१०४३ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | १९०,९५० | ८१,२०१ | ४२.५२ |
| ३०५१०५३ | लघु विमा सहयोग कार्यक्रम (पशु ,बाली,स्वास्थ्य ) | १८७,५१५ | १३६,९७० | ७३.०४ |
| ३०५१०६३ | शीत घर निर्माण (ब्याज अनुदान) | १२,०९१ | १,३३८ | ११.०७ |
| ३०५१०९३ | सार्वजनिक संस्थान सुधार कार्यक्रम | १५,१०० | ८,८७५ | ५८.७७ |
| ३०५१११३ | युवा स्वरोजगार कोष | ८७,०४१ | ५२,२५७ | ६०.०४ |
| ३०५११४३ | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | २१,००० | ७,८२६ | ३७.२७ |
| ३०५११५३ | आर्थिक प्रशासन सुधार कार्यक्रम | ८१,७२१ | २१,७४८ | २६.६१ |
| ३०५११७३ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | २३८,१०९ | २,५२१ | १.०६ |
| ३०५११९३ | सार्वजनिक संस्थान निर्देशन बोर्ड | ८,८८९ | २,७०३ | ३०.४१ |
| ३०५१२०३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ३१,००० | ० | ०.०० |
| ३०५१२१३ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | १७,६८७ | ४,६३४ | २६.२० |
| ३०५१२२३ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ९,३०० | ० | ०.०० |
| ३०५३२०३ | वित्तीय पहुँच अभिवृद्धि कार्यक्रम | ३७,१०० | ० | ०.०० |
| ३०५३२१३ | भन्सार सुधार कार्यक्रम | २४७,१९८ | १०७,५१२ | ४३.४९ |
| ३०५३२२३ | कृषि तथा पशुपालन ब्याज अनुदान | २,३००,००० | ० | ०.०० |
| ३०५३२३३ | नगर बिकास कोष | ६९३,००६ | ९६,३०० | १३.९० |
| ३०५३२४३ | नगरपालिका फोहोर व्यवस्थापन सुधार कार्यक्रम-टिडिएफ | २३०,००० | २३०,००० | १००.०० |
| | **जम्मा** | **१०,०५५,००४** | **३,३७६,४७४** | **३३.५८** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/कार्यालय/निकाय/आयोजना | बजेट | खुद खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११४ | अर्थ मन्त्रालय | ३१,२२६ | १३,३७९ | ४२..८५ |
| ३०५०१२४ | महालेखा नियन्त्रक कार्यालय | १०,९६९ | २,४७७ | २२.५८ |

| ब.उ.शी.नं. | मन्त्रालय/कार्यालय/निकाय/आयोजना | बजेट | खुद खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०१३४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | १२,०९१ | ४,९३५ | ४०.८२ |
| ३०५०१४४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १,३४८ | ८६१ | ६३.८७ |
| ३०५०१५४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | १८५,७७३ | ६८,७५१ | ३७.०१ |
| ३०५०१७४ | राजस्व प्रशासन तालिम केन्द्र | ७,५६४ | १,८१४ | २३.९८ |
| ३०५०१८४ | भंसार बिभाग | १६,८१५ | २,३०६ | १३.७१ |
| ३०५०१९४ | भंसार कार्यालयहरु | २३९,१३३ | ५३,०७४ | २२.१९ |
| ३०५०२०४ | आन्तरिक राजस्व विभाग | ४३,२०४ | २३,२७२ | ५३.८७ |
| ३०५०२१४ | आन्तरिक राजस्व कार्यालयहरु | २५८,७२५ | ७२,६१० | २८.०६ |
| ३०५०२२४ | राजस्व अनुसन्धान विभाग | १०,८३८ | ४,१४६ | ३८.२५ |
| ३०५०२३४ | राजस्व अनुसन्धान ईकाई कार्यालयहरु | ३३,३५१ | ६,३१८ | १८.९४ |
| ३०५०२४४ | ऋण असुली पुनरावेदन न्यायधिकरण | ७७९ | - | ०.०० |
| ३०५०२५४ | ऋण असुली न्यायधिकरण | ९०३ | ८६७ | ९६.०१ |
| ३०५०२८४ | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | २६,७७५ | १२,९२६ | ४८.२८ |
| ३०५१११४ | युवा स्वरोजगार कोष | २,६९५ | - | ०.०० |
| ३०५११५४ | आर्थिक प्रशासन सुधार कार्यक्रम | ६५,३७७ | १०,९२८ | १६.७२ |
| ३०५११९४ | सार्वजनिक संस्थान निर्देशन बोर्ड | १९३ | - | ०.०० |
| ३०५१२०४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ८३,५०० | - | ०.०० |
| ३०५१२१४ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ३,७०३ | ६८ | १.८४ |
| ३०५३२१४ | भन्सार सुधार कार्यक्रम | ८६९,१६५ | १९७,१७२ | २२.६९ |
| | **जम्मा** | **१,९०४,१२७** | **४७५,९०४** | **२४.९९** |

◆ ◆ ◆

# उद्योग मन्त्रालय

## १. पृष्ठभूमिः

देशलाई औद्योगीकरणतर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गरी औद्योगिक विकासका माध्यमद्वारा रोजगारीका अवसर सिर्जना, औद्योगिक उत्पादन, निर्यात प्रवर्द्धन तथा विदेशी मुद्रा आर्जन गरी उच्च आर्थिक वृद्धि लक्ष्य हासिल गर्न नेपाल सरकारको केन्द्रीय निकायको रूपमा यस मन्त्रालयको स्थापना भएको हो ।

## २. दीर्घकालीन सोचः

दिगो एवं बृहत आधारसहितको औद्योगिक विकासद्वारा राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने ।

## ३. ध्येयः

- मुलुकको आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याउने गरी औद्योगिक क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्नु ।
- औद्योगिक क्षेत्रमा स्वदेशी लगानी प्रवर्द्धन एवं वैदेशिक लगानी तथा प्रविधि आकर्षित गर्नु ।
- औद्योगिक उत्पादनलाई उच्च गुणस्तरयुक्त एवं प्रतिष्पर्धात्मक बनाउदै आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नु ।
- सन्तुलित प्रादेशिक विकासका लागि उद्योग क्षेत्रको योगदान बढाउनु ।

## ४. रणनीतिः

- उद्योगहरूलाई आवश्यक स्रोत र साधन माथिको पहुँच, ऊर्जा र अन्य भौतिक पूर्वाधारको व्यवस्था तथा नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।
- स्थानीय स्रोत एवं सीपको उपयोग र बजारसँगको सम्बन्ध विस्तारमार्फत सन्तुलित प्रादेशिक विकासलाई बढवा दिने गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनलाई प्रभावकारी वनाउने ।
- लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीति तथा ऐनको परिमार्जन, तर्जुमा र कार्यान्वयन गर्ने ।
- गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी गर्न प्रोत्साहित गर्ने ।
- पिछडिएका गरीव समूहमा उद्यमशीलता विकास गरी लाभमूलक रोजगारी सिर्जना गर्न जोड दिने ।
- बौद्धिक सम्पतिको अधिकार संरक्षणसम्बन्धी प्रणालीगत कार्यको व्यवस्थापन गर्ने ।

### ४.१ समष्टिगत लक्ष्यः

औद्योगिक उत्पादन, उत्पादकत्व तथा गुणस्तर वृद्धि गरी आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धनद्वारा आत्मनिर्भर अर्थतन्त्रको विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र देहायबमोजिम रहेको छ :

- उद्योग तथा औद्योगिक विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- खानी तथा खनिज पदार्थ अन्वेषणसम्बन्धी नीति, योजना तथा कार्यान्वयन,
- खानी तथा खनिज विकास विषयक अध्ययन, तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक विकास,
- औद्योगिक क्षेत्रहरू तथा औद्योगिक संघ—संस्थाहरू,
- संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन तथा अन्य अन्तर्राष्ट्रिय औद्योगिक संगठन,
- वैदेशिक लगानी प्रवर्द्धन,
- औद्योगिक लगानी प्रवर्द्धन,
- घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन,
- नाप, तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन,
- उद्योगसम्बन्धी सार्वजनिक प्रतिष्ठान,
- उत्पादकत्व वृद्धि विषयक नीति तथा कार्यक्रम,
- औद्योगिक प्रविधि विकास र प्रविधि हस्तान्तरण,
- औद्योगिक जनशक्तिको विकास तथा तालिम, अन्वेषण तथा सर्वेक्षण,
- औद्योगिक प्रवर्द्धन र संरक्षण,
- कम्पनी प्रशासन,
- औद्योगिक सम्पत्ति र प्रशासन,
- संगठित संस्थाको दामासाही प्रशासन,
- विशेष आर्थिक क्षेत्र,
- नेपाल इञ्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग, जियोलोजी, केमेष्ट्री, केमिकल, मेटालर्जिकल, मेट्रोलोजी समूहको सेवा सञ्चालन ।

## ६. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रलयहरुबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रु. ५० लाखसम्म, नगरपालिकाभित्रको रु. १ | • आगामी आर्थिक वर्ष देखि मन्त्रालय र मातहतबाट सञ्चालन हुने विकास कार्यक्रमहरु संबिधानको अनुसूची र मन्त्रिपरिषदको कार्य बिस्तृतिकरण बमोजिम सरकारका ३ वटै |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | करोडसम्म र उपमहानगरपालिकाभित्रको रु.२ कारेडसम्म बजेट भएका आयोजनाहरु सम्बन्धित विषयगत मन्त्रालयहरुले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकम सहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छु । | तहहरु बाट सञ्चालन गर्ने गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव गरिएको। <br>• मेड्पा रणनीतिक योजनाको दोश्रो मस्यौदा तयार भई कार्यान्वायन समितिबाट मेड्पा निर्देशन समितिमा सिफारिश भएको । <br>• स्थानीय तहको लागि उद्यम विकास कोषको नमुना संरचना र उद्यम विकासको कोषको नमुना कार्यविधि बनाइ स्थानीय तहबाट उद्यम र उद्यमशीलता विकास कार्यक्रम कार्यान्वायन गर्ने नमूना SOP तयार गरिएको । |
| ८३ | अन्तर्राष्ट्रिय लगानी सम्मेलन प्रतिवद्धता जनाएका परियोजनाहरुमा लगानीकर्ताहरुलाई सहजतापूर्वक लगानी गर्ने वातावरण निर्माण गरिनेछ । नेपाललाई लगानीको आकर्षक गन्तव्य बनाउन आवश्यक पूर्वाधार तयार गरिनेछ । | • विदेशी लगानी तथा प्रबिधि हस्तान्तरण सम्बन्धि विधेयक संसदमा पेश भएकोमा संसद्को कार्यकाल समाप्त भएकोले निष्क्रिय भएको हुँदा आगामी संसदमा पेश गरिने । <br>• लगानी बोर्डसँग समन्वय गरी आयोजना बैंक निर्माण गर्ने कार्य अगाडि बढेको । <br>• लगानी सहजीकरणको लागि Nepal Investment Portal स्थापना र सञ्चालनका लागि अध्ययन भई रहेको । |
| ८४ | रोजगार सिर्जना गर्ने तथा निर्यातजन्य उद्योगहरुको स्थापनालाई उत्प्रेरित गरिनेछ । विदेशमा लगानी प्रवर्द्धन कार्यक्रमहरु आयोजना गरिनेछ । वैदेशिक लगानीका लागि आवश्यक प्रशासनिक प्रक्रियाहरु स्पष्ट र सरलीकृत पार्दै अन्तर निकाय समन्वय बढाइनेछ । गैरआवासीय नेपाली समुदायलाई नेपालमा लगानीका लागि प्रोत्साहन गरिनेछ । | • भैरहवा विशेष आर्थिक क्षेत्रको सञ्चालनमा आएको। विशेष आर्थिक क्षेत्रको नियमावली तर्जुमा भएको। <br>• विद्युत प्राधिकरणबाट सव -स्टेसन निर्माणका लागि कार्य अगाडि बढिरहेको । |
| ८५ | युवाशक्तिले सञ्चालन गर्ने छानिएका उद्यमहरुलाई आवश्यक प्रविधि र बजार प्रवर्द्धन अनुदान दिइनेछ । युवा उद्यम कार्यक्रमलाई निरन्तरता दिइनेछ । लघु तथा घरेलु उद्योगलाई प्रवर्द्धन गर्ने कार्यक्रम अन्तर्गत सचेतना, सीप विकास, उपयुक्त प्रविधि, सहुलियत व्याजदरको ऋणमा सहज पहुँच, बजार विकास जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ । | • उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमका लागि सूचना प्रकाशन गरिएको । <br>• उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन भइरहेको । <br>• महिला उद्यमशीलता विकास कोष मार्फत ऋण प्रवाहका लागि सूचना प्रकाशनको तयारी भइ रहेको। <br>• उद्योग मन्त्रालय र राष्ट्रिय युवा परिषदबीच रोजगारी सृजना गर्ने सम्बन्धमा “दश युवा एक उद्यम कार्यक्रम” सञ्चालन गर्न सहमति पत्रमा हस्ताक्षर भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ८६ | प्राथमिकताका क्षेत्रमा उद्यम सञ्चालन गरी अनुभव प्राप्त गरेका महिला उद्यमीहरुको सीप र दक्षता विकास तथा प्रविधि प्रवर्द्धन गरिनेछ । उत्कृष्टताका आधारमा महिला उद्यमी प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ । पिछडिएका ग्रामीण महिला लक्षित उद्यामशीलतामा जोड दिइनेछ । लघु, घरेलु साना र मझौला उद्योगहरुको प्रवर्द्धन गर्न स्थानीय स्रोत, साधन र सीपको आधारमा स्थानीय माग अनुसारका वस्तु उत्पादन गर्न आवश्यक प्रविधि, व्यवस्थापन र बजार प्रवर्द्धनमा क्षमता विकास गरिनेछ । | • महिला उद्यमी सम्मान कार्यक्रम सञ्चालन गर्नको लागि उद्यमी छनौट कार्य प्रक्रिया अगाडि बढेको ।<br>• भगत सर्वजित दलित विकास कार्यक्रम अन्तर्गत उद्यमशीलता विकास तालिम सञ्चालन भइरहेको । |
| ८७ | गरिबीको रेखामुनि रहेका नागरिकहरुको उद्यमशीलता विकासका लागि स्थानीय तहको सिफारिसमा सहुलियतपूर्ण ऋण प्रदान गरिनेछ । | • लघु घरेलु तथा साना उद्यमविकास कोष सञ्चालनमा रहेको । |
| ८८ | खनिज अन्वेषण, विकास तथा उत्पादनमा लगानी आकर्षित गरिनेछ । सिमेन्ट, मार्बल, म्याग्नेसाइट, तामा फलाम जस्ता खनिज पदार्थमा आधारित उद्योगहरुलाई क्षमता विस्तार गर्न प्रोत्साहन गरिनेछ । रत्न पत्थर ढुङ्गालाई प्रशोधन गरी निर्यात गर्न प्रोत्साहन गरिनेछ । प्राकृतिक ग्यााँस तथा पेट्रोलियम पदार्थहरुको सम्भाव्य स्थानहरुमा थप अध्ययन गरिनेछ । | • रत्न पत्थर स्तर वृद्धि तालिम कार्यक्रम सञ्चालन भएको । |
| ८९ | विशेष आर्थिक क्षेत्र सञ्चालनमा ल्याइनेछ । थप औद्योगिक क्षेत्रहरु स्थापना गर्न अध्ययन गरिनेछ। सिमेन्ट तथा फलाम, तामा उद्योग खानीसम्मको पहुँच मार्ग र विद्युत प्रसारण लाईन लगायत पूर्वाधार विकास गरिनेछ । | भैरहवा बिशेष आर्थिक क्षेत्रमा १९ वटा उद्योग स्थापनाको आवेदन मूल्याङ्कन सफल भई उद्योगहरुसँग उद्योग स्थापना सम्झौता कार्य भएको । ३८० कि.मि. भन्दा बढी खानिस्थल पहुँचमार्ग निर्माण भइरहेको । विद्युत प्राधिकरणबाट सवस्टेशन निर्माणका लागि कार्य अगाडि बढिरहेको । |
| ९० | नेपाल एकीकृत व्यापार रणनीति अन्तर्गत प्राथमिकीकरण गरिएका वस्तुहरुको उत्पादन प्रवर्द्धन गरिनेछ । भगत सर्वजीत दलित विकास कार्यक्रमलाई थप प्रभावकारीताका साथ निरन्तरता दिइनेछ । वातावरणमैत्री उद्योगहरुलाई थप प्रोत्साहित गरिनेछ । | • भगत सर्वजित उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत उद्यमशीलता विकास तालिम सञ्चालन भइरहेको । |

## ७. चालु आर्थिक वर्ष २०७४।७५ को फाल्गुण मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

**<u>नीतिगत तथा कानुनी सुधार</u>**

- कम्पनी ऐन, २०६३ संशोधन गरिएको ।
- खानी तथा खनिज पदार्थ नियमावली , २०५६ को चौथो संशोधन गरिएको ।
- विषेश आर्थिक क्षेत्रसम्बन्धी नियमावली, २०७४ पारित गरिएको ।
- पेट्रोलियम नियमावलीको पाँचौं संसोधन स्वीकृत भएको ।

**<u>संरचनागत तथा प्रक्रियागत सुधार</u>**

- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको नयाँ संगठन संरचना तयार भएको ।
- संघीय संरचनाबमोजिम नेपालको संबिधान र कार्य विस्तृतिकरण प्रतिवेदनअनुसार संघ, प्रदेश र स्थानीय तहमा जिम्मेवारी बाँडफाँड गरिएको ।
- निजी क्षेत्रका समस्याहरुको समाधानका लागि नेपाल सरकार र निजी क्षेत्रको साझेदारीमा मन्त्रालयमा नेपाल व्यवसाय मञ्च (Nepal Business Forum) को सचिवालय स्थापना गरी कर्मचारी व्यवस्था गरिएको ।
- उद्योगी व्यवसायी तथा सरोकारवालालाई सूचना प्रवाह गर्न बिराटनगर, वीरगंज, पोखरा, भैरहवा, नेपालगंज तथा धनगढीमा औद्योगिक लगानीकर्ता सूचना केन्द्रको स्थापना गरिएको ।
- उद्योग विभागमा सूचना केन्द्रको स्थापना गरी कर्मचारीको ब्यवस्था गरिएको तथा उद्योग विभागमा उद्योग दर्ता, नवीकरण लगायत सेवा पर्वाहमा Online System लागू गरिएको ।
- उद्योग विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय बीच Online Integration द्वारा सूचना आदान प्रदान हुने व्यवस्था मिलाइएको ।

**<u>लघु, घरेलु तथा साना उद्योग विकास र प्रवर्द्धन</u>**

- सार्क हस्तकला भवन निर्माण प्रक्रिया बहुवर्षीय ठेक्का अन्तर्गत अगाडि बढाइएको ।
- लघु, घरेलु तथा साना उद्यमीलाई प्रविधिमा सहयोग पुर्‍याउन प्रविधि हस्तान्तरण कार्यविधिअनुरुप प्रविधि हस्तान्तरण कार्य प्रारम्भ भएको ।
- महिला उद्यमशिलता विकास कोषबाट चालु आ. ब. मा ४६ जिल्लामा कर्जा प्रबाह गर्ने गरी प्रस्ताव आव्हान गरिएकोमा ९८७ प्रस्तावहरुको मूल्याङ्कन कार्य भई ७६५ प्रस्तावहरुलाई स्वीकृत गरिएको ।
- घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनमा नीतिगत सिफारिस गर्न उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक,बैंकर्स एसोसिएसन तथा निजी क्षेत्रका प्रतिनिधिहरु सम्मिलित एक संयन्त्र गठन गरिएको ।

**<u>वस्तु तथा सेवाको गुणस्तर सुधार</u>**

- नेपाल गुणस्तर ५ सय ३३ (LPG सम्बन्धी) कार्यान्वयनमा ल्याइएको । हालसम्म देशका ५७ वटा Gas Refiling र Botling Plant मध्ये ८ वटा ग्यास उद्योगले LPG सम्बन्धि नेपाल गुणस्तर ५ सय ३३ प्रमाणपत्र प्राप्त गरेको ।

- Taxi मिटर E-Billing System कार्यान्वयन भईरहेको र हालसम्म १० हजार भन्दा बढी Taxi मा जडान कार्य सम्पन्न गरिएको ।

**<u>औद्योगिक क्षेत्र तथा विशेष आर्थिक क्षेत्र स्थापना तथा विस्तार</u>**

- ७ वटै प्रदेशमा कम्तिमा एक वटा औद्योगिक क्षेत्रको स्थापनाका लागि विस्तृत परियोजना प्रतिबेदन (DPR) तयार गर्ने कार्य भइरहेको ।
- नेपाल सरकार तत्कालीन उद्योग मन्त्रालय, शहरी विकास मन्त्रालय , दक्षिणकाली नगरपालिका र फूटवेयर एसोसियसन नेपालबीच दक्षिणकाली नगरपालिकामा फूटवेयर जोन स्थापना गर्ने सम्झौता भएको ।

**<u>खानी तथा खनिजजन्य वस्तुहरुको अन्वेषण र विकास</u>**

- व्यवस्थित शहरको विकासको लागि पोखरा र नुवाकोटको विदुरमा भू-इन्जिनियरिंग अध्ययन कार्य सम्पन्न गरी प्रतिवेदन प्राप्त भएको।
- मकवानपुरको नामटारमा १० वर्ग कि.मि. मा विस्तृत फिल्ड अध्ययन कार्य सम्पन्न भएको ।
- मकवानपुरको किटभन्ज्यांमा फलाम खानीको अन्वेषण कार्य सम्पन्न भएको ।
- धादिङ्गको महादेवस्थानमा चूनढुँगा खानिको Drilling कार्य भइरहेको ।
- नवलपरासीको धौवादी फलाम खानिमा अन्वेषण कार्य भइरहेको ।
- गोरखामा युरेनियम खानीको प्रारम्भिक अन्वेषण कार्य सम्पन्न भएको ।

**<u>सार्बजनिक संस्थान व्यवस्थापन</u>**

- नेपाल औषधि लिमिटेडबाट सिटामोल, जीवनजल उत्पादन कार्य शुरु भएको साथै WHO, GMP को लागि Renovation को कार्य अन्तिम चरणमा पुगेको ।
- हेटौडा तथा उदयपुर सिमेन्ट उद्योग स्तरउन्नति तथा पूर्ण क्षमतामा सञ्चालन कार्य प्रारम्भ भएको ।
- गोरखकाली रवर उद्योगको सञ्चालनसम्बन्धमा अध्ययनका लागि प्रविधि महाशाखाका सह सचिवको संयाजकत्वमा एक कार्यदल गठन भइ कार्य प्रारम्भ भएको ।

**<u>अन्य उल्लेखनिय उपलब्धीहरु</u>**

- उद्योग विभागका कार्यहरु Online बाट सञ्चालन भएको ।
- उद्यमशीलता विकासका लागि स्नातक तहमा पाठ्यक्रम निर्माण गर्न पोखरा विश्वविद्यालयसँग MOU भएको ।

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११३ | उद्योग मन्त्रालय | ९१५१५ | ५८९३९ | ६४.४० |
| ३०७०१२३ | उद्योग विभाग | ३३५१०२ | ३३५०६२ | ९९.९९ |
| ३०७०१३३ | खानी तथा भूगर्भ विभाग | १३७१०९ | १३५१८१ | ९८.५९ |
| ३०७०१४३ | घरेलु तथा साना उद्योग विभाग | ३०३२७२ | २८०५९७ | ९२.५२ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०१५३ | केन्द्रिय कारागार कारखाना | ५२३३ | ३६१९ | ६९.१६ |
| ३०७०१६३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६१३४० | ५४२६५ | ८८.४७ |
| ३०७०१७३ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | ४७७९७ | ४५३८७ | ९४.९६ |
| ३०७०१८३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ३८९३२ | ३८८८८ | ९९.८९ |
| ३०७०१९३ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १८६४२४ | १८६४२४ | १००.०० |
| ३०७१०१३ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम-उर्जा कार्यक्रम समेत | १६६०४ | ८५१७ | ५१.२९ |
| ३०७१०२३ | खनिज अन्वेषण तथा विकास आयोजना | १३४३१ | ६८१० | ५०.७० |
| ३०७१०३३ | पेट्रोलियम अन्वेषण परियोजना | ८९३० | ७६६१ | ८५.७९ |
| ३०७१०४३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ६५६५ | १५५८ | २३.७३ |
| ३०७१०५३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५२६०१ | ४००६९ | ७६.१८ |
| ३०७१०६३ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | २३१५५४ | २१३१७२ | ९२.०६ |
| ३०७१०७३ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ४४८७१ | ३१८७७ | ७१.०४ |
| ३०७१०८३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २१४८९ | १३२२२ | ६१.५३ |
| ३०७१०९३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | १०४७३ | ८८५९ | ८४.५९ |
| ३०७११२३ | लघु उद्यम विकास कार्यक्रम | ९८१९११ | २५७६०८ | २६.२४ |
| ३०७११४३ | नेपाल व्यापार एकिकृत रणनीति (उद्योग कार्यक्रम) | ९९४६ | ६४८३ | ६५.१८ |
| ३०७११५३ | ग्रामीण उद्यम् तथा विप्रेषण परियोजन (समृद्धि) | २४९४४० | २५२०७ | १०.११ |
| ३०७८०१३ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (४८ जिल्ला) | २८६००९ | २८२२२२ | ९८.६८ |
| ३०७८०२३ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (२७ जिल्ला) | ३३०८३२ | ३११७६५ | ९४.२४ |
| | | ३४७१३८० | २३५३३९२ | ६७.७९ |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११ | उद्योग मन्त्रालय | ३१०१५ | २६६५२ | ८५.९३ |
| ३०७०१२ | उद्योग विभाग | ८४५८८ | ५०५०३ | ५९.७० |
| ३०७०१३ | खानी तथा भूगर्भ विभाग | १६७४० | १५२६५ | ९१.१९ |
| ३०७०१४ | घरेलु तथा साना उद्योग विभाग | १२८००० | ७२२९ | ५.६५ |
| ३०७०१५ | केन्द्रिय कारागार कारखाना | १०१५ | ५९९ | ५९.०१ |
| ३०७०१६ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २९००० | २६९०५ | ९२.७८ |
| ३०७०१७ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | २४५०० | १४७७७ | ६०.३१ |
| ३०७०१८ | कम्पनी रजिष्ट्रारको कार्यालय | १२४०१ | १२३९२ | ९९.९३ |
| ३०७०१९ | सैनिक सामग्री उत्पादन निर्देशानलय | २२३४२१ | २२३४२१ | १००.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७१०१ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम-उर्जा कार्यक्रम समेत | ३१७८ | २७६५ | ८७.०० |
| ३०७१०२ | खनिज अन्वेषण तथा विकास आयोजना | २५९८५७ | ११०२८३ | ४२.४४ |
| ३०७१०३ | पेट्रोलियम अन्वेषण परियोजना | १५८१ | १३७२ | ८६.७८ |
| ३०७१०४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १८८१५ | १६०८२ | ८५.४७ |
| ३०७१०५ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १६४४५ | १०५७० | ६४.२७ |
| ३०७१०६ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | १४२७९ | १४१९० | ९९.३८ |
| ३०७१०७ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | २४५९ | २३५४ | ९५.७३ |
| ३०७१०८ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १४९६८५६ | ६५७९११ | ४३.९५ |
| ३०७१०९ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | १३ | ० | ०.०० |
| ३०७११२ | लघु उद्यम विकास कार्यक्रम | ४६१४५ | ३३७३४ | ७३.१० |
| ३०७११४ | नेपाल व्यापार एकिकृत रणनीति (उद्योग कार्यक्रम) | ७९०४ | ३६७६ | ४६.५१ |
| ३०७११५ | ग्रामीण उद्यम् तथा विप्रेषण परियोजन (समृद्धि) | ४९९३६ | १८९६७ | ३७.९८ |
| ३०७८०१ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (४८ जिल्ला) | २७७७०६ | १९२६२५ | ६९.३६ |
| ३०७८०२ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (२७ जिल्ला) | १००००० | ५५८७० | ५५.८७ |
| | **जम्मा** | **२८४५८५४** | **१४९८१४२** | **५२.६४** |

## ९. आ.व. २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११३ | उद्योग मन्त्रालय | १८८,२४७ | ३३,६८९ | १७.९० |
| ३०७०१२३ | उद्योग विभाग | २८३,८२८ | २९,७७९ | १०.४९ |
| ३०७०१३३ | खानी तथा भूगर्भ विभाग | १११,२६३ | ५९,०७५ | ५३.०९ |
| ३०७०१४३ | घरेलु तथा साना उद्योग विभाग | ८७,६१६ | ६७,२१७ | ७६.७२ |
| ३०७०१५३ | केन्द्रिय कारागार कारखाना | ९,७३१ | २,४३९ | २५.०६ |
| ३०७०१६३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ७०,४४१ | ३९,७४० | ५६.४२ |
| ३०७०१७३ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | ५५,३४८ | ३३,०३१ | ५९.६८ |
| ३०७०१८३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ३६,०८२ | २३,६३४ | ६५.५० |
| ३०७०१९३ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १८९,९६५ | ५१,००२ | २६.८५ |
| ३०७१०१३ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम-उर्जा कार्यक्रम समेत | १८,०८० | २,४९७ | १३.८१ |
| ३०७१०२३ | खनिज अन्वेषण तथा विकास आयोजना | १३,२९१ | २,६६२ | २०.०३ |
| ३०७१०३३ | पेट्रोलियम अन्वेषण परियोजना | ८,९३४ | ४,७६६ | ५३.३५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७१०४३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ६,१२८ | ६२९ | १०.२६ |
| ३०७१०५३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५४,९३५ | २३,५६८ | ४२.९० |
| ३०७१०६३ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | १२४,९५० | ९९,१६२ | ७९.३६ |
| ३०७१०७३ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ५२,६५३ | १८,३५१ | ३४.८५ |
| ३०७१०८३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | ३८,०८८ | १२,७९० | ३३.५८ |
| ३०७१०९३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | १३,७२५ | ३,८३४ | २७.९३ |
| ३०७११२३ | लघु उद्यम विकास कार्यक्रम | १,०८६,३६६ | १५९,६३९ | १४.६९ |
| ३०७११४३ | नेपाल व्यापार एकिकृत रणनीति (उद्योग कार्यक्रम) | १०,१८४ | ३,५०९ | ३४.४६ |
| ३०७११५३ | ग्रामीण उद्यम् तथा विप्रेषण परियोजन (समृद्धि) | ६११,५९४ | ३०,४३२ | ४.९८ |
| ३०७८०१३ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (४८ जिल्ला) | ४५८,९५८ | २४३,७४९ | ५३.११ |
| ३०७८०२३ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (२७ जिल्ला) | २८९,२६४ | १२७,६५४ | ४४.१३ |
| | **जम्मा** | **३,८१९,६७१** | **१,०७२,८४८** | **२८.०९** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११४ | उद्योग मन्त्रालय | ५८,९३५ | २,४१६ | ४.१० |
| ३०७०१२४ | उद्योग विभाग | ९७,१०० | ३५,१५६ | ३६.२१ |
| ३०७०१३४ | खानी तथा भूगर्भ विभाग | ४०,५१६ | ९,८६५ | २४.३५ |
| ३०७०१४४ | घरेलु तथा साना उद्योग विभाग | ३९,७७९ | २११ | ०.५३ |
| ३०७०१५४ | केन्द्रिय कारागार कारखाना | १,१६५ | १८१ | १५.५४ |
| ३०७०१६४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २१,४८२ | १,९२२ | ८.९५ |
| ३०७०१७४ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | १२,९४७ | ५,११४ | ३९.५० |
| ३०७०१८४ | कम्पनी रजिष्ट्रारको कार्यालय | २०,८१६ | ६,२४४ | ३०.०० |
| ३०७०१९४ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १८५,६०३ | १३,१५१ | ७.०९ |
| ३०७१०१४ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम-उर्जा कार्यक्रम समेत | ७९८ | ५६२ | ७०.४३ |
| ३०७१०२४ | खनिज अन्वेषण तथा विकास आयोजना | ११९,४३६ | १९,६५७ | १६.४६ |
| ३०७१०३४ | पेट्रोलियम अन्वेषण परियोजना | १,१३९ | ५४७ | ४८.०२ |
| ३०७१०४४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | २०,३३४ | ३,८९९ | १९.१७ |
| ३०७१०५४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ९,४५६ | १,५२१ | १६.०९ |
| ३०७१०६४ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | १,७१८ | ४८१ | २८.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७१०७४ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ४,९६८ | १,०७४ | २१.६२ |
| ३०७१०८४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | ३,०१०,७६७ | ६१९,६३० | २०.५८ |
| ३०७१०९४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ९३० | ५७ | ६.१३ |
| ३०७११२४ | लघु उद्यम विकास कार्यक्रम | ५०,२७७ | ४,१८६ | ८.३३ |
| ३०७११४४ | नेपाल व्यापार एकिकृत रणनीति (उद्योग कार्यक्रम) | ८,९८८ | १,३४८ | १५.०० |
| ३०७११५४ | ग्रामीण उद्यम् तथा विप्रेषण परियोजन (समृद्धि) | ९४,२९४ | ५,९२३ | ६.२८ |
| ३०७८०१४ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (४८ जिल्ला) | २७८,२७५ | १०४,९१६ | ३७.७० |
| ३०७८०२४ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (२७ जिल्ला) | ११८,१०४ | १०,८६० | ९.२० |
| | **जम्मा** | **४,१९७,८२७** | **८४८,९२१** | **२०.२२** |

◆ ◆ ◆

# वाणिज्य मन्त्रालय

## १. पृष्ठभूमि :

वाणिज्य मन्त्रालय नेपालको समग्र वाणिज्य तथा व्यापारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने मन्त्रालय हो । यस मन्त्रालयले मुख्य रुपमा सरकारी र सार्वजनिक व्यापारको सञ्चालन, निकासी र पैठारीमा सहजीकरण,वाणिज्य,व्यापार र पारवहनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, द्विपक्षीय तथा बहुपक्षीय व्यापारसम्बन्धी सन्धि सम्झौता,पारवहन, गोदाम तथा अन्तर्राष्ट्रिय परिवहन व्यवस्था लगायत अन्तर्राष्ट्रिय व्यापार कूटनीतिको सञ्चालन र प्रवर्द्धनसम्बन्धी कार्यहरु गर्दै आएको छ ।

साविकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय नामको एउटै मन्त्रालय अस्तित्वमा रहेकोमा वि.सं. २०६५ साल भाद्र महिनामा वाणिज्य तथा आपूर्तिसम्बन्धी विषयलाई हेर्न छुट्टै वाणिज्य तथा आपूर्ति मन्त्रालय गठन गर्ने गरी कार्य सञ्चालन हुँदै आएकोमा नेपाल सरकारको मिति २०७२/९/२९ को निर्णयले अलग मन्त्रालयको रुपमा मन्त्रालयको छुट्टै संगठन संरचना, कार्यक्षेत्र र दरबन्दी स्वीकृत भएको छ ।

मुलुकको वाणिज्य क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण, प्रवर्द्धन, र नियमन गर्ने जस्ता मुख्य कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ । यसको लागि वाणिज्य क्षेत्रसँग सम्बद्ध आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूलाई विभिन्न मन्त्रालय, निजी क्षेत्र, नेपाल सरकारका अन्य निकाय तथा दातृनिकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका कार्यमा मन्त्रालय सक्रिय रही आएको छ । यस मन्त्रालय अन्तर्गत एक वाणिज्य विभाग, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड नामको एक कम्पनी, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल इन्टरमोडल यातायात विकास समिति गरी दुई वटा समितिहरु विकास समिति ऐनद्वारा सञ्चालित छन् । साथै, नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना, व्यापार सूचना तथा निर्यात सहयोग आयोजना गरी दुई आयोजनाहरु मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका छन ।

## २. दीर्घकालीन सोंचः

निकासी प्रवर्द्धन मार्फत राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने ।

## ३. ध्येय :

व्यापारलाई राष्ट्रिय विकास प्रयासमा मूल प्रवाहीकरण गर्दै सरकारी, निजी एवं सहकारी क्षेत्रको समन्वित प्रयासमा व्यापार सहजीकरण र अग्र तथा पृष्ठ सम्बन्धको विकास गरी व्यापारको विस्तार र विविधिकरण गर्दै निर्यात वृद्धि मार्फत व्यापार घाटा कम गर्ने ।

## ४. रणनीतिहरु :

- विभिन्न क्षेत्रगत नीति, योजना तथा कार्यक्रमहरुसँग आवद्ध गराउँदै व्यापारलाई मूलप्रवाहीकरण गर्ने ।
- लगानी र प्रविधिको उपयुक्त संयोजनबाट गुणस्तरीय उत्पादन र निकासीमा वृद्धि गरी कुल ग्राहस्थ उत्पादनमा व्यापारको हिस्सा बढाउने ।
- वाणिज्य नीति २०७२ र नेपाल व्यापार एकीकृत रणनीति, २०७३ ले पहिचान गरेका निर्यात योग्य वस्तु तथा सेवा केन्द्रित विकास रणनीति कार्यावन्यन गर्ने ।
- निर्यात योग्य वस्तु तथा सेवाको उत्पादन र विकासमा स्थानीय श्रम, सीप र प्रविधिको उपयोग गरी पृष्ठ तथा अग्र सम्बन्ध कायम गर्ने ।
- मौजुदा पारवहन व्यवस्थालाई विस्तार गरी थप प्रभावकारी बनाउने ।
- व्यापारका लागि आवश्यक भौतिक तथा सूचना प्रविधिजन्य पूर्वाधारहरुको विकास गर्नका लागि समन्वयात्मक रुपमा साधन र स्रोत परिचालन गर्ने ।
- उत्पादकहरुलाई मूल्य श्रृंखलामा आवद्ध गर्न आवश्यक भौतिक पूर्वाधारको सुविधा उपलव्ध गराउने ।
- वित्तीय श्रोत साधन, आवश्यक सूचना र प्रविधिमा उत्पादक र उद्यमीको पहुँच वढाउने ।

## ५. कार्यक्षेत्र :

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायानुसार रहेका छन् :

- वाणिज्य तथा व्यापारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार विषयक अध्ययन, अनुसन्धान र सर्वेक्षण;
- निकासी तथा पैठारीसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- निकासी प्रवर्द्धन;
- सरकारी तथा सार्वजनिक व्यापारको सञ्चालन;
- वाणिज्यसम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन;
- वाणिज्य, व्यापार र पारवहनसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क;
- विश्व व्यापार सङ्गठन लगायत बहुपक्षीय व्यापारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता तथा प्रतिबद्धताको कार्यान्वयन र अनुगमन;
- साफ्टा, विमस्टेक लगायतका क्षेत्रीय व्यापार सम्झौतासँग सम्बन्धित संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता तथा प्रतिवद्धताको कार्यान्वयन र अनुगमन;
- द्विपक्षीय तथा बहुपक्षीय व्यापारसम्बन्धी सन्धि सम्झौता;
- पारवहन, गोदाम तथा अन्तर्राष्ट्रिय परिवहन व्यवस्था;
- वस्तुको बहुविधिक (Multimode) ढुवानी;
- अन्तर्राष्ट्रिय व्यापार कूटनीतिको सञ्चालन र प्रवर्द्धन;

- व्यापार क्षेत्रसँग सम्बन्धित सुख्खा बन्दरगाह, कन्टेनर फ्रेट स्टेशन, गोदाम निर्माण लगायतका पूर्वाधारको स्थापना र व्यवस्थापन ।

## ६. आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्त सम्मको प्रगति |
|---|---|---|
| ९० | नेपाल एकीकृत व्यापार रणनीति अन्तर्गत प्राथमिकीकरण गरिएका वस्तुहरूको उत्पादन प्रवर्द्धन गरिनेछ। | नेपालबाट निर्यात हुने वस्तुहरु मध्ये चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति तयार भइ कार्यान्वयनसम्बन्धी कार्यक्रम तर्जुमा भएको । चिया, कफि, अदुवा र अलैची जस्ता निर्यातजन्य वस्तुको उत्पादन अभिवृद्धि गर्न व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मार्फत प्रवर्द्धनात्मक कार्यक्रमहरु (अलैची सुकाउने ड्रायर वितरण, अदुवाको विउ वितरण आदि) सञ्चालन गरिएको । |
| ९१ | वाणिज्य नीति, २०७२ र नेपाल एकीकृत व्यापार रणनीति, २०७३ को प्रभावकारी कार्यान्वयनबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता भएका निकासीजन्य वस्तुहरूको विकास र निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधिकरण र विस्तारमा जोड दिइनेछ। | नेपालबाट निर्यात हुने चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति तयार भइ कार्यान्वयन कार्ययोजना तयार भएको। निर्यातजन्य वस्तुको विकास र विविधिकरण गर्न विभिन्न सरोकारवाला निकायहरुसँग समन्वय गरी उत्पादन, उत्पादकत्व, वस्तुको विकास, निर्यात अभिवृद्धि, निकायगत समन्वय र कार्यहरु गर्न अनुरोध गरिएको साथै बजेटलाई निर्यातसँग आवद्ध गर्न निर्यातसँग सम्वद्ध बजेट प्रणालीको Coding गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई अनुरोध गरिएको । |
| ९२ | पश्मिना, कफी, चिया, अदुवा, अलैंची, मह, जडीबुटी लगायतका उच्च मूल्य, कम आयतन र उच्च निर्यात योग्य वस्तुहरूको उत्पादन, विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ। | पश्मिना, कफी, चिया, अदुवा, अलैंची, मह, जडीबुटी लगायतका उच्च मूल्य, कम आयतन र उच्च निर्यात योग्य वस्तुहरूको उत्पादन, विकास तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा कफी, हाते कागज, अलैची र चियाको ५ वर्षे रणनीति तयार गरिएको । |
| ९३ | मित्रराष्ट्र चीन सरकारको पहलमा शुरु गरिएको बेल्ट एण्ड रोड इनिसिएटिभमा सहभागिताबाट नेपालले अधिकतम लाभ लिनसक्ने गरी कार्यक्रमहरू तयार गरिनेछ। | वेल्ट एण्ड रोड इनिसिएटिभको सहभागितामा चीन र भारत जोड्ने यातायात सञ्जाल, व्यापारिक मार्ग र सम्भाव्य नयाँ आर्थिक केन्द्र स्थापना गर्न अध्ययन गरी थप व्यापारिक मार्गको सञ्जाल र नयाँ आर्थिक क्षेत्रको पहिचान गर्न विज्ञबाट अध्ययन/अनुसन्धान गराउने कार्य अन्तिम चरणमा रहेको । |
| ९४ | हाल निकासीमा दिइंदै आइएको निकासी प्रोत्साहन अनुदानको प्रभावकारिता हेरी पुनरावलोकन गरिनेछ। निकासीजन्य वस्तुहरूको गुणस्तर प्रमाणीकरण गर्न सुविधासम्पन्न प्रयोगशाला निर्माण गरिनेछ। | निर्यात हुने वस्तुको गुणस्तर परीक्षणका लागि Plant Diagnostic Reference प्रयोगशालाहरुको स्थापना गर्न विस्तृत डिजाइन तथा सर्वेसम्बन्धी प्रतिवेदनहरु तयार भएको । निकासीमा दिने प्रोत्साहन सुविधासम्बन्धीको प्रक्रिया सम्बन्धमा विज्ञबाट सुझाव लिने कार्य भइरहेको। |

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्त सम्मको प्रगति |
|---|---|---|
| ९५ | वीरगञ्ज एकीकृत सुरक्षा चौकी आगामी आर्थिक वर्षको शुरुदेखि नै सञ्चालनमा ल्याइनेछ। विराटनगर, भैरहवा र नेपालगञ्जमा निर्माणाधीन एकीकृत जाँच चौकीहरूको निर्माण कार्यलाई तीव्रता दिइनेछ। | वीरगञ्जमा रहेको एकीकृत जाँच चौकी निर्माण सम्पन्न भएको । सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको अवसरमा एकीकृत जाँच चौकी (Integrated Check Post)हरु निर्माण गर्ने सम्बन्धमा विराटनगरस्थित जाँच चौकीको निर्माण प्रक्रिया शुरु गर्ने, वीरगंज स्थित जाँच चौकीको डिसेम्बर २०१७ भित्र निर्माण गरी भारतीय पक्षले नेपाललाई हस्तान्तरण गरे पश्चात सो सञ्चालनमा ल्याउने र भैरहवा र नेपालगञ्जमा निर्माण गरिने जाँच चौकीको इन्जिनियरिङ्ग डिजाइन सम्पन्न गर्ने गरी कार्यदिश दिइएको । |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

चालु आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्म यस मन्त्रालय र अन्तर्गत निकायहरुबाट सम्पादन भएका महत्त्वपूर्ण उपलव्धिहरुः

- कोलकात्तामा लामो समयदेखि नेपाली कन्टेनर कार्गो र बल्क कार्गो (कृषिमल र चिनी) अड्किएको विकराल Pendency समस्यालाई नेपाली र भारतीय पक्षहरुलाई परिचालन गरी उक्त समस्याको कूटनीतिक तवरबाट हल गरेको ।
- दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह सहित नेपाल-भारतबीच छुट्टै राजमार्ग, महाकाली नदीमाथि पुल, भन्सार विन्दु तयार गर्ने सम्बन्धमा प्राविधिक विषय तय गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणमा भएको संयुक्त वक्तव्य अनुरुप Joint Inspection Team गठन गरिएको ।
- कोलकातादेखि जोगबनीसम्म कन्टेनर कार्गो रेलमार्गबाट ल्याउने सम्वन्धमा भारतीय पक्षलाई सहमति गराइएको ।
- भारत सरकारले सन् २०१७ जुलाई १ देखि लागू गरेको Goods and Services Tax (GST) बाट नेपाली ब्यापारी उद्यमीहरुलाई परेको मर्का समाधान गर्ने सम्बन्धमा भारतीय पक्षसँग निरन्तर वार्ता गरी तेस्रो मुलुकबाट आयातित कार्गो माथि लागेको GST मिनाहा गरिएको । त्यसैगरी भारतबाट आयात गरिने सेवा खासगरी परामर्श सेवा, मर्मत सेवा, रोयल्टी लगायतका सेवामा लाग्दै आएको GST लाई मिनाहा गराइएको। भारतमा GST लागू गरिए पश्चात भारततर्फ निर्यात हुने अदुवामाथि GST का कारणले लाग्दै आएको अवरोधलाई भारतीय पक्षसँग वार्ता गरी सो अवरोधलाई हटाइएको ।
- ब्यापार सहजीकरण र पूर्वाधार विकाससम्बन्धी Nepal - India Regional Trade and Transport Project (NIRTTP) आयोजना अन्तर्गत विश्व बैंकको ऋण सहायतामा व्यापार पूर्वाधार सुधार गर्ने उद्देश्यले नारायणगढ- मुग्लिङ्ग सडक खण्ड (३३ किलोमिटर) लाई ४ लेन बनाउने र १८ बटा नयाँ पूलहरु निर्माण गर्ने कार्य जारी रहेको ।
- नेपालबाट निर्यात हुने वस्तुहरु मध्ये सन् २०१७ मा प्रारम्भ गरी सन् २०२१सम्म सम्पन्न गर्ने गरी International Trade Centre (ICT), Geneva को प्राविधिक सहयोगमा चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति तयार गरिएको र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मार्फत तिनीहरुको कार्यान्वयन प्रारम्भ भएको ।

- नेपाल र चीन बीच पारवहन सुविधाको उपयोगको लागि पारवहन, ढुवानी सम्झौता सम्पन्न भइ यसको कार्यान्वयनको लागि आवश्यक पर्ने प्रोटोकलको मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालय मार्फत चिनीयाँ पक्षलाई उपलब्ध गराइएको ।
- नेपाल र चीनबीच स्वतन्त्र व्यापार सम्झौता Free Trade Agreement (FTA) को सम्भाव्यता अध्ययन गर्न सन् २०१६ मा उच्च स्तरमा सहमति भए बमोजिम उक्त FTA को सम्भाव्यता अध्ययनको प्रारम्भिक मस्यौदा तयार गरिएको ।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली कफिको बजार पहुँच वृद्धि गर्न नर्वे, सिंगापुर, न्यूजिल्याण्ड, अस्ट्रेलिया र अमेरिकामा नेपाली कफिको ट्रेडमार्क दर्ता गर्ने कार्य सम्पन्न गरिएको ।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली अलैंचीको बजार प्रवर्द्धन गर्नको लागि भारत, पाकिस्तान र संयुक्त अरब इमिरेट्समा नेपाली अलैंचीको सामुहिक व्यापार चिन्ह (Collective Trade Mark) दर्ता गरिएको ।
- अलैंची, अदुवा, पश्मिना र कृषिजन्य वस्तुहरुको उत्पादन विकास र प्रवर्द्धनका लागि प्रविधि हस्तान्तरण, भण्डारण सुविधा, प्रशोधन केन्द्र स्थापनामा आर्थिक सहयोग, प्राविधिक तालिम जस्ता कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा अलैची सुकाउने आधुनिक ड्रायर ७० थान, अदुवा भण्डारण गर्ने ८० वटा सोलार निर्माण गर्न विभिन्न ८ वटा जिल्लाहरुमा सहयोग गरिएको।
- काठमाडौंको चोभारमा Container Freight Station (CFS) र अन्तर्राष्ट्रिय प्रदर्शनीस्थल निर्माणको लागि काठमाडौंको चोभार स्थित साविक हिमाल सिमेन्ट उद्योगको जमिन नेपाल सरकार, मन्त्रिपरिषद्बाट उपलव्ध गराउने काम सम्पन्न भएको ।
- E-Commerce विश्व बजारमा तीव्र रुपमा वृद्धि भइरहेको छ । यस सन्दर्भमा नेपालको अन्तर्राष्ट्रिय व्यापारमा E-commerce को प्रयोगसम्बन्धी विषयमा सम्बन्धित सरकारी तथा व्यावसायिक सरोकारवालाहरुको संलग्नतामा एक कार्ययोजना तयार गरिएको । यसबाट E-Commerce लाई नेपालमा मूर्त रुप दिन Payment Gateway, Delivery Mechanism, उपभोक्ता हक हित संरक्षण लगायतका क्षमताजन्य कार्यहरु अघि बढ्नेछन् ।

**नीति रणनीतिसम्बन्धी**

- वस्तुको प्रत्यक्ष विक्री सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक,२०७४ व्यवस्थापिका-संसदबाट स्वीकृत भइ कार्यान्वयनमा आएको ।
- नेपालको संविधान, २०७२ मा व्यवस्था भए बमोजिम दलित, सीमान्तकृत तथा आर्थिक रुपले विपन्न वर्ग, महिला वर्गलाई उद्यम व्यवसाय स्थापना तथा सञ्चालनमा सहुलियत प्रदान गरी उत्प्रेरित गर्न अधिकृत पुँजी रू. १ करोडसम्मको प्राईभेट फर्म दर्ता गर्दा रू.१००।- मात्र दर्ता शुल्क लाग्ने व्यवस्थाका लागि प्राईभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ लाई एघारौं संशोधन गरिएको ।
- नेपालबाट निर्यात हुने वस्तुहरु मध्ये चिया, कफि, हाते कागज र अलैंचीको निर्यात रणनीति र निर्यात सम्भाव्य वस्तुहरुको Non Tariff Measures-NTMs प्रतिवेदन तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको ।
- महत्त्वपूर्ण व्यावसायिक व्यक्ति छनौट, सम्मान तथा सुविधासम्बन्धी कार्यविधि, २०७४ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भइ कार्यान्वयनमा आएको ।

- व्यापार घाटा न्यूनीकरण गर्नको लागि यससम्बन्धी कार्ययोजना ¸२०७४ को मस्यौदा तयार गरिएको।यसको प्रभावकारी कार्यान्वयनबाट आगामी वर्षहरुमा व्यापार घाटालाई न्यूनीकरण गर्न मद्दत पुग्ने विश्वास रहेको ।
- निर्यातमा दिइने नगद अनुदान (Cash Incentives) लाई समयानुकुल परिमार्जन गर्ने सम्बन्धमा मस्यौदा तर्जुमा गरिएको ।

**क्षेत्रीय तथा बहुपक्षीय व्यापारसम्बन्धी**

- प्रत्येक दुई वर्षमा आयोजना हुने विश्व व्यापार संगठनको नियम तर्जुमा गर्ने सर्वोच्च निर्णायक निकाय (Highest Governing Body) मन्त्रिस्तरीय सम्मेलनमा माननीय वाणिज्य मन्त्रीको नेतृत्वमा नेपालले १० देखि १३ डिसेम्बर २०१७ मा Buenos Aires, Argentina मा सहभागिता गरेको ।उक्त अवसरमा विश्व व्यापारका विद्यमान नीति, नियम र अहिले उत्पन्न नवीन मुद्दाहरु (Issus) मा नेपालको धारणा स्पष्टसँग विश्वसामु राखिएको ।

**व्यापारजन्य पूर्वाधारहरुको निर्माणसम्बन्धी**

- सम्माननीय प्रधानमन्त्रीज्यूको २०१७ अगष्ट महिनामा भएको भारत भ्रमणको अवसरमा एकीकृत जाँच चौकीहरु निर्माणका सम्बन्धमा विराटनगरस्थित एकीकृत जाँच चौकीको निर्माण गर्ने, वीरगन्ज स्थित जाँच चौकीको डिसेम्बर २०१७ भित्र कार्य सञ्चालन गर्ने र भैरहवा र नेपालगञ्जमा निर्माण गरिने जाँच चौकीको इन्जिनियरिङ डिजाइन सम्पन्न गर्ने सम्बन्धमा सहमति भएको ।सो अनुरुप बिराटनगरस्थित ICP हाल निर्माणाधिन अवस्थामा रहेको, वीरगञ्जस्थित ICP सम्पन्न भइ निकट भविष्यमा हस्तान्तरण हुने अवस्थामा रहेको छ।त्यसैगरी, भैरहवा र नेपालगञ्जको ICP र Designसम्बन्धी कार्य भइरहेको ।
- रसुवाको टिमुरेमा निर्माणाधीन सुख्खा बन्दरगाहको लागि आवश्यक जग्गाको अधिग्रहण तथा मुआव्जा वितरण भइ Detail Design तयार गर्ने कार्य भइरहेको । यसैबीच, चीन सरकारको सहयोगमा निर्माण हुने उक्त सुख्खा बन्दरगाहको Preliminary Drawing Design मा १५ जनवरी २०१८ (तद्नुसार ०१ माघ २०७४) मा हस्ताक्षर सम्पन्न भएको ।
- काठमाडौंको चोभारमा Container Freight Station र अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल निर्माणको लागि साविकमा हिमाल सिमेन्ट उद्योगले चर्चेको जम्मा १५०० (एक हजार पाँच सय) रोपनी जग्गा नेपाल सरकार वाणिज्य मन्त्रालयको नाममा कायम भइ Container Freight Station र अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल निर्माणको लागि Engineering Design कार्य हाल भइरहेको ।
- आगामी दिनहरुमा व्यापार मार्फत राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गर्न सबै प्रदेशहरुलाई सबलीकरण गर्न सबै प्रदेशहरुमा १/१ वटा अन्तर्राष्ट्रिय स्तरको Trade Expo Center निर्माण गर्ने निर्णय गरिएको । यसको कार्यान्वयनका लागि प्रदेश नं. १ को धरान, प्रदेश नं. २ को वीरगञ्ज, प्रदेश नं. ३ को चोभार (काठमाडौं), प्रदेश नं. ४ को दमौली, प्रदेश नं. ५ को दाङ्ग, प्रदेश नं. ६ को नेपालगञ्ज र

प्रदेश नं. ७ को कञ्चनपुरमा त्यस्तो अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनी स्थल निर्माण गर्ने विषय मन्त्रिपरिषद्बाट स्वीकृत गरिएको ।

**द्विपक्षीय व्यापार तथा व्यापार सहजीकरणसम्बन्धी**

- नेपाल र चीन बीच पारवहन सुविधाको उपयोगको लागि पारवहन, ढुवानी सम्झौता सम्पन्न भइ यसको कार्यान्वयनको लागि आवश्यक पर्ने प्रोटोकलको मस्यौदा तयार गरी परराष्ट्र मन्त्रालय मार्फत चीनिया पक्षलाई उपलब्ध गराइएको ।
- काठमाडौंको चोभारमा Container Freight Station निमार्णका लागि यही मार्च १४, २०१८ मा अन्तर्राष्ट्रिय वोलपत्र आव्हान भएको ।
- भैरहवाको सुख्खा बन्दरगाहको Pavement निर्माण कार्य सम्पन्न भएको । वीरगंज सुख्खा बन्दरगाहमा रहेको गोदामघर विस्तार कार्यको ८३ प्रतिशत काम सम्पन्न भएको । साथै, रेल्वे ट्र्याकलाई व्यवस्थित गर्न अध्ययन कार्य शुरु भएको ।
- नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना अन्तर्गत कामाण्डौको चोभरमा आधुनिक सुविधा सहितको सुख्खा वन्दरगाहको निमार्ण गर्ने, मौजुदा सुख्खा बन्दरगाहहरूको स्तरोन्नति गर्ने, SPS Laboratory को निर्माण गर्ने, National Single Window System को विकास लगायतका व्यापार पूर्वाधारहरूको निर्माण तथा सुधारका कार्यक्रमहरु अघि बढाइएको ।
- व्यापार सहजीकरण गर्न आवश्यक पर्ने सूचना तथा अद्यावधिक अभिलेखका लागि भन्सार विभागसंगको समन्वयमा Import Export –IE Code बनाई कार्यन्वयनमा ल्याइएको ।
- भारतको कोलकाता बन्दरगाहबाट नेपालको प्रमुख भन्सार नाकाहरुसम्म आवतजावत हुने कन्टेनरमा Electronic Cargo Tracking System-ECTS को कार्यविधि र Modality, (Protocol) तयार गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको । यसबाट नेपाली कार्गोको ट्रान्जिटको अवस्था बारे जानकारी हुने, कार्गो भन्सार विन्दुमा आइपुग्ने समयको अनुमान हुने र पारवहन प्रणाली बढी भरपर्दो र प्रविधि मैत्री हुने जस्ता लाभहरु हुन्छन् ।

**वस्तु विकास तथा निर्यात प्रवर्द्धनसम्बन्धी**

- अन्तर्राष्ट्रिय बजारमा नेपाली कफिको बजार पहुँच वृद्धि गर्न नर्वे, सिंगापुर, न्यूजिल्याण्ड, अस्ट्रेलिया र अमेरिकामा नेपाली कफिको ट्रेडमार्क दर्ता गर्ने कार्य सम्पन्न गरिएको।यसबाट उक्त राष्ट्रहरुमा नेपाली कफिलाई बजारीकरण गर्न सहज भएको ।
- अन्तर्राष्ट्रिय बजारमा नेपाली अलैंचीको बजार प्रवर्द्धन गर्नको लागि भारत, पाकिस्तान र संयुक्त अरव इमिरेट्समा नेपाली अलैंचीको सामुहिक व्यापार चिन्ह (Collective Trade Mark) दर्ता गरिएको ।
- चीन, भारत, अस्ट्रेलिया तथा जर्मनी लगायतका देशहरुमा सञ्चालन भएका विभिन्न अन्तर्राष्ट्रिय व्यापार मेलाहरुमा नेपाली उद्यमी तथा व्यवसायीहरुलाई सहभागी गराउनुको साथै नेपालमा पनि यस्तै व्यापार मेलाहरुको आयोजना गरिएको ।

**वाणिज्य प्रशासनसम्बन्धी**

- वाणिज्य विभाग र अन्तर्गतका ५ वाणिज्य कार्यालयहरु तथा १५ वटा घरेलु तथा साना उद्योग कार्यालयहरूमा Online Firm Management Information System( FMIS) को कार्यान्वयन गरिसकेको।

- वाणिज्य विभाग, ५ वटा वाणिज्य कार्यालयहरु र ४५ वटा घरेलु तथा साना उद्योग कार्यालय तथा समितिका कार्यालयहरुको FMIS प्रविष्टी भएका ४ लाख ७५ हजार ७ सय २५ फर्महरु मध्ये करीव १ लाख ५० हजार फर्महरुको सम्बन्धित कागजातहरु Digitized गरिएको ।
- वाणिज्य विभाग र अन्तर्गतका निकायहरुवाट चालु आ.व.को फाल्गुण मसान्त सम्ममा प्राइभेट तर्फ फर्म दर्ता ४२ हजार ९ सय ६२, फर्म नविकरण २५ हजार १ सय १६, फर्म संसोधन २० हजार १ सय ३२ र फर्म खारेजी ३ हजार ८ सय २२ गरिएका छन भने साझेदारी फर्म तर्फ फर्म दर्ता ८ सय १७, फर्म नवीकरण ५ सय ४०, फर्म संसोधन १ सय ९१ र ८४ खारेजी गरिएका छन् ।
- चालु आर्थिक वर्षमा व्यवसायिक फर्म दर्ताको आधारमा करिव ८७ हजार ५ सय ५८ जनाको रोजगारी सृजना भएको अनुमान छ ।

**सूचना प्रणालीमा आधारित व्यापार प्रणालीको विकाससम्बन्धी**

- २७ सेप्टेम्बर २०१६ मा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले Nepal Trade Information Portal (NTIP) नामको नेपालको अनलाइन पोर्टल सञ्चालनमा ल्याएको । सो पोर्टलको सञ्चालनबाट नेपालको आयात निर्यातसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारीहरु एकै ठाउँबाट उपलब्ध हुने व्यवस्था गरिएको ।

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३००११ | वाणिज्य मन्त्रालय | ३५६०० | ३४६९४ | ९७.४६ |
| ३३००१२ | वाणिज्य विभाग | ३५४८९ | ३५२२७ | ९९.२६ |
| ३३००१३ | वाणिज्य कार्यालयहरु | २७४७५ | २७२७५ | ९९.२७ |
| ३३०१०४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ६७९३८ | ४७४३७ | ६९.८२ |
| ३३०१०६ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ८८७९७ | ६५८४८ | ७४.१६ |
| ३३०१०८ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १६८४६३ | ४५४७३ | २६.९९ |
| | **जम्मा** | **४२३७६२** | **२५५९५४** | **६०.४०** |

**पुँजिगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३००११ | वाणिज्य मन्त्रालय | १५३५७ | १४३८१ | ९३.६४ |
| ३३००१२ | वाणिज्य विभाग | ५२०० | ५१९३ | ९९.८७ |
| ३३००१३ | वाणिज्य कार्यालयहरु | २३०२ | २३०२ | १००.०० |
| ३३०१०४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ५५० | ३६८ | ६६.९१ |
| ३३०१०६ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १६९९ | १६९९ | १००.०० |
| ३३०१०८ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | ८९४८९५ | ९९३५५ | ११.१० |
| | **जम्मा** | **९२०००३** | **१२३२९८** | **१३.४०** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३००११ | वाणिज्य मन्त्रालय | १०५,४२१ | २४,६५६ | २३.३९ |
| ३३००१२ | वाणिज्य विभाग | ४३,३२९ | २०,८७६ | ४८.१८ |
| ३३००१३ | वाणिज्य कार्यालयहरु | ३७,९३४ | २२,५९४ | ५९.५६ |
| ३३०१०४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | १५१,३६५ | ४२,३८७ | २८.०० |
| ३३०१०६ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | २११,४०२ | ६९,३३१ | ३२.८० |
| ३३०१०८ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १२५,४०४ | २६,१८० | २०.८८ |
| | **जम्मा** | **६७४,८५५** | **२०६,०२४** | **३०.५३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३००११४ | वाणिज्य मन्त्रालय | १३,१०७ | २२७ | १.७३ |
| ३३००१२४ | वाणिज्य विभाग | २९,००० | २,३०१ | ७.९३ |
| ३३००१३४ | वाणिज्य कार्यालयहरु | ५,३९० | २,२४९ | ४१.७३ |
| ३३०१०४४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | १,१०० | - | ०.०० |
| ३३०१०६४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १५,३०७ | ७,५४८ | ४९.३१ |
| ३३०१०८४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १,०४५,९९० | ७८,८७१ | ७.५४ |
| | **जम्मा** | **१,१०९,८९४** | **९१,१९६** | **८.२२** |

♦ ♦ ♦

# आपूर्ति मन्त्रालय

## १. पृष्ठभूमिः

राष्ट्रिय हितको प्रवर्द्धन गर्न वस्तु तथा सेवाको स्वस्थ र प्रतिस्प्रधात्मक वितरण प्रणालीको माध्यमबाट गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्दै आपूर्ति व्यवस्था दिगोरूपमा प्रभावकारी र भरपर्दो बनाउनु यस मन्त्रालयको मुख्य कार्य रहेको छ। मन्त्रालय अन्तर्गत आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग, नेपाल खाद्य संस्थान, नेशनल ट्रेडिङ लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र नेपाल आयल निगम सञ्चालित छन् ।

## २. दीर्घकालीन सोचः

राष्ट्रिय हितको प्रवर्द्धन गर्न वस्तु तथा सेवाको स्वस्थ र प्रतिस्प्रधात्मक वितरण प्रणालीको माध्यमबाट गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति सुनिश्चिततासहित उपभोक्ताको हक र हितको संरक्षण गर्दै आपूर्ति व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने ।

## ३. ध्येय :

उपभोक्ताको हक हित संरक्षण गर्दै गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको आपूर्ति एवं वितरण व्यवस्था सुदृढ गर्ने ।

## ४. उद्देश्यः

- उपभोक्ताको हित संरक्षण गर्दै दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहजरूपमा आपूर्ति हुने व्यवस्था मिलाउनु ।
- कृतिम अभाव, कालोबजारी र अस्वाभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्ने तथा विपदको समयमा समेत उपभोग्य वस्तुको आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नु ।
- आपूर्ति व्यवस्थालाई दीगो, भरपर्दो र गुणस्तरीय बनाउनु ।

## ५. रणनीतिः

- वस्तु तथा सेवाको सहज एवं मितव्ययी आपूर्तिको लागि सरकारी, निजी, सामुदायिक र सहकारी संस्थाहरूबीच प्रभावकारी समन्वय गर्ने ।
- लोककल्याणकारी राज्यको अवधारणाअनुरूप नीतिगत तथा संरचनागत सुधार गरी आधारभूत उपभोग्य वस्तु र सेवाको कम लागतमा आपूर्ति व्यवस्थापन गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवालाई सुलभ बनाउन नियमित रूपमा बजार अनुगमन गरी कानूनअनुसार बजार नियमन गर्ने ।
- विपद्को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास तथा भण्डारण क्षमता वृद्धि गर्ने ।

## ५.१ कार्यनीतिः

- खाद्यान्न, पेट्रोलियम पदार्थ, औषधिलगायतका आधारभूत आवश्यकताका वस्तुहरूको उत्पादन,भण्डारण र वितरण क्षमता अभिवृद्धि गरी आपूर्ति व्यवस्था सहज एवम् सुलभ तुल्याइनेछ ।
- स्थानीय स्तरमा खाद्यान्न उत्पादन वृद्धि तथा खाद्य आनीबानीमा परिवर्तन ल्याउन आहार परिवर्तन कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- प्रक्रियागत सरलीकरण र संस्थागत सुधारमार्फत व्यापारको कारोबार लागत घटाउन विशेष जोड दिइनेछ ।
- प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ ।
- क्षेत्रगत पहिचानका विशेष उत्पादनहरूलाई बजार पहुँच पुऱ्याउनका लागि सहजीकरण गरिनेछ ।
- कर्णाली लगायत दुर्गम क्षेत्रहरूमा खाद्यान्नमा आत्मनिर्भर बनाउनको लागि एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहज आयातमार्फत वस्तु र सेवाको आपूर्ति व्यवस्था गर्न व्यापार विविधीकरणमा जोडदिइनेछ ।
- आपूर्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म सबल,प्रभावकारी र उत्तरदायी बनाइनेछ ।
- न्यून आय वर्गको हित संरक्षण गर्नका लागि सार्वजनिक आपूर्ति प्रणालीलाई सुलभ, पारदर्शी र दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रूपमा आपूर्ति हुने व्यवस्था सुनिश्चित गर्नआपूर्ति नीति, २०६९ मा परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।
- उपभोक्ता जागरण तथा सशक्तिकरण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- बजार अनुगमन सघन एवम् नियमित बनाउँदै सूचना प्रविधिको प्रयोग बढाई कालोबजारी नियन्त्रणका लागि आवश्यक कानुनी, संस्थागत तथा प्रक्रियागत सुधार गरिनेछ ।
- खाद्यान्न, औषधी र पेट्रोलियम पदार्थको सङ्कटकालीन मौज्दात कायम गरिनुका साथै यस्तावस्तुहरूको भण्डारण क्षमता बढाउँदै लगिनेछ ।
- पेट्रोलियम पदार्थको आपूर्ति र वितरण व्यवस्थालाई विविधीकरण गर्न आवश्यक कानुनी र संस्थागत प्रावधानहरूको विकास गरिनेछ ।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन् :

- आपूर्तिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- आपूर्ति विषयक अध्ययन, अनुसन्धान र सर्वेक्षण,
- अत्यावश्यक वस्तुको आपूर्ति तथा नियमन,निकासी प्रवर्द्धन
- आपूर्तिसम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन,

- खाद्य तथा अन्य उपभोग्य र अत्यावश्यक वस्तुसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, आपूर्ति र नियमन,
- उपभोक्ताको हक, हित र अधिकारको संरक्षण,
- सिण्डिकेट र कार्टेलिङ्गको नियन्त्रण,
- आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन।

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ९६ | बजारमा गुणस्तरयुक्त वस्तु तथा सेवाको सरल र सुलभ आपूर्ति प्रणाली स्थापित गरी यसको प्रभावकारी अनुगमन गरिनेछ । उपभोक्ताको हक र अधिकारको संरक्षण गर्दै उपभोक्ता सशक्तिकरण तथा जागरण अभियान कार्यक्रमलाई मुलुकभर विस्तार गरिनेछ । | • उपत्यकाका १६ वटा नगरपालिकाहरुमा उपभोक्ता जागरणसम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन सम्पन्न भएको। उपत्यका भित्र, बाहिर र विशेष अनुगमन गरी माघ महिनासम्ममा ३ हजार ५ सय ६० पटक बजार अनुगमन भएकोमा फागुन महिनामा थप १ सय ६२ पटक बजार अनुगमन भइ जम्मा ३ हजार ७ सय २२ पटक बजार अनुगमन गरी आवश्यक कारवाही गरिएको। |
| ९७ | पेट्रोलियम पदार्थको आपूर्तिमा सहजता ल्याउन रक्सौल-अम्लेखगञ्ज पाइपलाइन निर्माण कार्यलाई निरन्तरता दिइनेछ । पेट्रोलियम पदार्थको आपूर्ति नियमित र सहज बनाउन सात वटै प्रदेशमा कम्तीमा ९० दिन र एल.पी.ग्याँसको कम्तीमा ४५ दिनको माग धान्न सक्ने भण्डारणगृह निर्माण कार्य शुरू गरिनेछ । | • मोतिहारी - रक्सौल-अमलेखगंज पेट्रोलियम पाइपलाइन निर्माणको शिलान्यास भएको।<br>• पेट्रोलियम पदार्थ तथा एल.पि.ग्याँसको सबै प्रदेशहरुमा कम्तिमा ९० दिनको माग धान्न सक्ने गरी भण्डारण गृहहरु निर्माण गर्न अवधारणा पत्र तयार भई चितवन, सर्लाही , रुपन्देही र झापामा जमीन खरिद गर्ने कार्य सम्पन्न भएको। |
| ९८ | कर्णाली लगायत देशका दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति नियमित गर्न दिइएको ढुवानीमा अनुदान र दुर्गम क्षेत्रहरूमा आयोडिनयुक्त नून ढुवानी कार्यक्रमलाई कायमै राखेको । | • तोकिएका २३ दुर्गम जिल्लामा चालू आ.ब.को माघ महिना सम्ममा ८२८३ मे.ट खाद्यान्न ढुवानी भएकोमा फागुन महिनामा थप २०८५ मे.टन ढुवानी भइ जम्मा १०३६८ मे.टन खाद्यान्न ढुवानी सम्पन्न भएको।<br>• तोकिएका दुर्गमका १७ जिल्लाहरूमा चालू आ.ब. को माघ महिना सम्ममा ३३०३०.५ क्वी. नून ढुवानी भएकोमा फागुन महिनामा थप १५९६९.८५ क्वी. ढुवानी गरी जम्मा ४९०००.३५ क्वी. नुन ढुवानी सम्पन्न भएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- उपत्यकाका १६ वटा नगरपालिकाहरुमा उपभोक्ता जागरण सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन सम्पन्न भएको।
- उपत्यका भित्र, बाहिर र विशेष अनुगमन गरी जम्मा ३७२२ पटक बजार अनुगमन गरी आवश्यक कारवाही गरिएको।
- मोतिहारी - रक्सौल-अमलेखगंज पेट्रोलियम पाइपलाइन निर्माणको सिलान्यास भई कार्य अगाडि बढेको।
- तोकिएका २३ दुर्गम जिल्लाहरुमा जम्मा १०३६८ मे.टन खाद्यान्न ढुवानी सम्पन्न भएको।
- तोकिएका दुर्गमका १७ जिल्लाहरूमा जम्मा ४९०००.३५ क्वी. नुन ढुवानी सम्पन्न भएको ।

## ९. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०६०११३ | आपुर्ति मन्त्रालय | १४५१३६ | १११९५६ | ७६.५८ |
| ३०६०१२३ | आपुर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण | ६८४७३ | ३६०९१ | ५२.७० |
| ३०६०१३३ | नेपाल खाद्य संस्थान (खद्यान्न ढुवानी कार्यक्रम) | ५२५०१० | ५१६२५३ | ९८.३३ |
| ३०६१०१३ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | १७४९९९ | १३८९५६ | ९३.८८ |
| | **जम्मा** | **९१३६१८** | **८०२४५६** | **८७.८३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| व.उ.शि.नं. | मन्त्रालय/निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०६०११४ | आपुर्ति मन्त्रालय | १९४५५ | १८९१४ | ९७.२१ |
| ३०६०१२४ | आपुर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण | १४०१० | १३१४४ | ९३.८१ |
| ३०६०१३४ | नेपाल खाद्य संस्थान(खद्यान्न ढुवानी कार्यक्रम) | ३०००० | ३०००० | १०० |
| ३०६१०१४ | साल्ट ट्रेडिङ्ग कर्पोरेशन | ०० | ०० | ०० |
| | **जम्मा** | **६३४६५** | **६२०५८** | **९७.७८** |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्त सम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०६०११ | आपूर्ति मन्त्रालय | ७४,०७४ | २८,६७६ | ३८.७१ |
| ३०६०१२ | आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग | ८६,४७६ | ३२,७७९ | ३७.९१ |
| ३०६०१३ | खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान) | ५९८,७३१ | ३९५,८५५ | ६६.१२ |
| ३०६१०१ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १६४,७७५ | १६४,७७५ | १००.०० |
| | **जम्मा** | **९२४,०५६** | **६२२,०८५** | **६७.३२** |

**पुँजीगत खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०६०११ | आपूर्ति मन्त्रालय | ६,४८१ | १,२४९ | १९.२७ |
| ३०६०१२ | आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग | ७,८७३ | २,७९७ | ३५.५३ |
| ३०६०१३ | खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान) | ४६,५०० | - | ०.०० |
| ३०६१०१ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेट) | १०,५०० | १०,५०० | १००.०० |
| | **जम्मा** | **७१,३५४** | **१४,५४६** | **२०.३९** |

◆ ◆ ◆

# ऊर्जा मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालमा जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवं भरपर्दो स्रोत हो । ऊर्जा राष्ट्रिय विकासको मेरूदण्ड र आधुनिक जीवन शैलीको अपरिहार्य आवश्यकता भएकाले नेपालले पछिल्ला आवधिक योजनाहरूमा जलविद्युत विकासलाई उच्च प्राथमिकता दिंदै आएको छ । जलविद्युत विकासमा पुँजीसघन (Capital Intensive) प्रविधिको प्रयोग हुने हुनाले यस क्षेत्रमा सरकारी, निजी र सामुदायिक लगानी आकर्षण गर्ने प्रयास भइरहेको छ। साथै, वैदेशिक लगानी भित्र्याउन पनि प्रयत्न भइरहेका छन्। खास गरेर विद्युत ऐन, २०४९ तथा जलविद्युतसम्बन्धी अन्य नीतिहरू र आवधिक योजना समेतबाट जलविद्युतको उत्पादन तथा वितरणमा निजी क्षेत्र र समुदाय समेतलाई संलग्न गराउन विभिन्न प्रवर्द्धनात्मक तथा प्रोत्साहनात्मक व्यवस्थाहरू गरिएका छन् ।

## २. दीर्घकालीन सोचः

देशको सर्वाङ्गीर्ण विकासको लागि पर्याप्त विद्युत आपूर्ति गरी नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउने र सबै जनतालाई भरपर्दो रूपमा गुणस्तरीय, दिगो तथा सर्वसुलभ विद्युत सेवा उपलब्ध गराई जलविद्युतलाई निर्यात योग्य वस्तुका रूपमा स्थापित गर्नु ऊर्जा मन्त्रालयको दृष्टिकोण रहेको छ ।

## ३. उद्देश्यः

भरपर्दो र गुणस्तरीय जलविद्युत सेवाको विस्तार गरी सबै जनता र क्षेत्रको सहज पहुँच सुनिश्चित गर्नु ।

## ४. रणनीतिः

- जलविद्युतमा लगानी बढाई विद्युत उत्पादनमा वृद्धि गर्ने ।
- विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
- वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युतको पहुँच सर्वसुलभ बनाउने ।
- विद्युत उत्पादन समिश्रणको माध्यमबाट ऊर्जा सुरक्षाको प्रत्याभूति गर्ने ।

### ४.१ लक्ष्यः

जलविद्युतलाई आर्थिक क्रियाकलापसँग आबद्ध गरी विकास कार्यमा टेवा पुऱ्याउने ।

## ५. कार्य क्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायानुसार छन्

- ऊर्जा उत्पादन, व्यवस्थापन, उपयोग, सुरक्षा, प्रवर्द्धन र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा; कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- ऊर्जाको उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन;
- ऊर्जासम्बन्धी बहुउद्देश्यीय योजनाको समन्वय, निर्माण, सञ्चालन तथा प्रवर्द्धन;
- ऊर्जासम्बन्धी जनशक्तिको विकास;

- नवीकरणीय ऊर्जाको विकास;
- ऊर्जा विकास तथा विद्युत् विकाससम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण, सञ्चालन, सम्भार र विकास;
- ऊर्जासम्बन्धी कम्पनी तथा संस्थाको समन्वय र प्रशासन;
- ऊर्जा विकासमा निजी क्षेत्रको लगानी प्रवर्द्धन (लगानी बोर्डको कार्यक्षेत्र बाहेक);
- ऊर्जाको उपयोगसम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्पर्क;
- ऊर्जाको उपयोगसम्बन्धी द्विपक्षीय वा बहुपक्षीय संयन्त्रको संयोजन, वार्ता तथा सन्धि सम्झौता;
- जलस्रोतसम्बन्धी द्विपक्षीय वार्ता, बहुपक्षीय सन्धि सम्झौता;
- विद्युतको नियमन, रोयल्टी तथा महसुलदरको निर्धारण र कार्यान्वयन;
- नेपाल विद्युत् प्राधिकरण तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित निकायसँग समन्वय;
- अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेको जल तथा त्यसको उपयोग र ऊर्जासम्बन्धी कार्य;
- नेपाल इन्जिनियरिङ सेवाअन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन-
  (क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह;
  (ख) मेकानिकल इन्जिनियरिङ समूह;
  (ग) सिभिल इन्जिनियरिङ समूहको हाइड्रोपावर उपसमूह ।

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तब्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ५५ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न हुनेछ । यसबाट थप ४५६ मेगावाट विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडिनेछ । | आयोजनाको Headworks Concreting कार्य ९६.६ प्रतिशत सम्पन्न भएको। अडिट लगायत अन्य सुरुङहरु खन्ने कार्य ८७.५ प्रतिशत सम्पन्न भएको। मुख्य सुरुङ्ग ब्रेक थ्रु भएको र निर्माण कार्य सुचारु रहेको । |
| | बुढीगण्डकी जलविद्युत आयोजना इन्जिनियिरङ, खरिद, निर्माण र लगानी मोडेलमा अगाडि बढाउने गरी प्रक्रिया अगाडि बढाइने छ ।यस आयोजनाको मुआब्जा वितरण र सञ्चालन खर्चका लागि रु १० अर्ब १७ करोड विनियोजन गरेको। | हालसम्म धादिङतर्फ १ हजार १ सय जग्गाधनी र गोरखा तर्फ २ हजार ३ सय जग्गा धनीबाट निवेदन संकलन भइ ६४ करोड भुक्तानी भएको। |
| | | पुनर्वास तथा पुनर्स्थापनाको लागि प्रारम्भिक रुपमा स्थल पहिचान र तथ्याङ्क सङ्कलनको कार्य भएको । |
| | | EPCF को नीति / कार्यविधि तयार गर्न कमिटी गठन भएको । |
| १०६ | ऊर्जा क्षेत्रको विकासका लागि हाल सञ्चालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिएको हुने। | विभिन्न उत्पादन, प्रसारण, र वितरण आयोजनाहरुको निर्माण भइरहेको । |
| | "उज्यालो नेपाल अभियान" अन्तर्गत "नेपालको पानी जनताको लगानी" कार्यक्रम मार्फत ७ वर्षमा १७ हजार मेगावाट विद्युत उत्पादन गरिने । | नेपाल सरकार, नेपाल र भारतबाट द्विपक्षीय रुपमा अघि बढेको आयोजना, नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीबाट अघि बढाइएका आयोजनाहरु, तथा विद्युत उत्पादन कम्पनी र निजी क्षेत्रबाट अघि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | बढाइएका आयोजनाहरु विकास निर्माणको विभिन्न चरणमा रहेका । |
| | संघ, प्रदेश र स्थानीय सरकारको लगानी, विदेशमा श्रम गरिरहेका युवाहरु एवं जनआन्दोलनका योद्धा र घाइतेहरुका साथै आम नेपालीको लगानी, सार्वजनिक संस्थाहरुको पुँजी तथा वैदेशिक लगानीको माध्यमबाट विद्युत क्षेत्रमा राष्ट्रलाई आत्मनिर्भर बनाइने । | • विद्युत उत्पादन कम्पनी लिमिटेडलाई ३०७ मे.वा. क्षमताको जगदुल्ला जलविद्युत आयोजनाको अध्ययन कार्य अगाडि बढाइएको ।<br>• ६८८ मे वा क्षमताको बेतन कर्णाली जलविद्युत आयोजनाहरुको सर्वेक्षण अनुमतिपत्र जारी भई अध्ययन कार्य अगाडि बढाइएको। |
| | आवासीय प्रयोजन तथा उद्योग क्षेत्रको माग पूरा गर्न, खाना पकाउने ग्यास विस्थापन गर्न एवं विद्युतीय यातायातको विकास गर्न आवश्यक विद्युतशक्ति उत्पादन र वितरण गरी पेट्रोलियम पदार्थको परनिर्भरता न्यून गर्दै लगिने। | लोड सेडिङ्गको अवस्थामा उल्लेखनीय सुधार भएको कारणले पेट्रोलियम पदार्थको उपयोग कम गर्ने तर्फ केही सकारात्मक असर देखिएको । |
| १०७ | निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीहरुको लगानीमा कम्तीमा ५०० मेगा वाट क्षमताको जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाइने । | विद्युत उत्पादन कम्पनी लिमिटेडलाई ४२६ मे.वा. क्षमताको फुकोट कर्णाली जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी भइ अध्ययन कार्य अगाडि बढाइएको। |
| १०८ | निर्माणाधीन अवस्थामा रहेका सबै विद्युत उत्पादन, प्रसारण एंव वितरण आयोजनाहरुलाई समयमा नै सम्पन्न गर्न पर्याप्त स्रोत परिचालन गरिने। | निर्माणाधीन अवस्थामा रहेका आयोजनाहरुलाई उपलब्धताको आधारमा अधिकतम स्रोत परिचालन गरिएको । |
| | निर्माणाधिन चमेलिया जलविद्युत आयोजना र कुलेखानी तेश्रो जलविद्युत आयोजना अगामी आर्थिक वर्षमा सम्पन्न गरिने । | ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भइ राष्ट्रिय ग्रीड प्रणालीमा जोडिसकेको। |
| | | कुलेखानी जलविद्युत आयोजनाको २०७४।०७५ को आठ महिनाको समग्र ९६ प्रगति प्रतिशत रहेको सिभिल ठेकेदारसँग केही विवादित विषयहरुमा टुङ्गो लगाउन बाँकी रहेको। |
| | जलविद्युत उत्पादनमा स्वदेशी निजी लगानी आकर्षित गर्न पिकिङ् तथा जलाशययुक्त आयोजनाहरुका लागि नयाँ विद्युत खरिद दर लागु गरिने। | गत आर्थिक वर्षमा नयाँ खरिद दर तय भइ नेपाल विद्युत प्राधिकरणबाट कार्यान्वयन भइरहेको । |
| १०९ | नलसिंगाड, भेरी -१,जगदुल्ला, उत्तरगंगा, नौमुरे, सुनकोशी-२ र ३, दूधकोशी, तमोर लगायतका जलाशययुक्त तथा पिकिङ् परियोजनाहरुलाई एकसाथ अगाडि बढाइने । | यी आयोजनाहरुको अध्ययन कार्य अघिल्ला आ. व. हरुबाटै शुरु भएको। यी आयोजनाहरु मध्ये नलसिंगाड र जगदुल्ला विद्युत उत्पादन कम्पनीबाट, उत्तरगंगा, नौमुरे, दूधकोशी, तमोर नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीबाट तथा सुनकोशी-२ र ३ विद्युत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | विकास विभागबाट अध्ययन कार्य भइरहेको । |
| | उच्च विद्युत मागको समयमा विद्युत प्रणालीमा आपूर्तिको व्यवस्था गर्न पम्प स्टोरेज प्रकृतिका जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन र विकास गरिने । | यसकालागि उपयुक्त आयोजना छनौटको कार्य भइरहेको । |
| ११० | सार्वजनिक- निजी साझेदारमा प्रसारण लाइन निर्माण गर्नको लागि निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने । | राष्ट्रिय प्रसारण ग्रीड कम्पनीबाट केही उच्च भोल्टेज स्तरका प्रसारण लाईनहरुको अध्ययन कार्य शुरु भएको । |
| | ढल्केबर-मुजफ्फरपुर अन्तरदेशिय प्रसारण लाइनको पूर्ण क्षमतामा उपयेग गर्न ढल्केवर सबस्टेशनको क्षमता ४०० केभी बनाउन पर्याप्त स्रोतको व्यवस्था गरेने । | • भारतको अनुदान सहयोगमा १३२ के. भि. क्षमताका कटैया-कुशाहा तथा परवानीपुर-रक्सौल अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण कार्य सम्पन्न भइ थप १०० मेगावाट विद्युत भारतबाट आयात हुन शुरु भएको।<br>• ४०० केभी सबश्टेशन निर्माणको लागि नेपाल विद्युत प्राधिकरणबाट बोलपत्र अव्हान भइ प्राविधिक बोलपत्र मूल्याङ्कन भइरहेको। |
| | वुटवल देखी गोरखपुर सम्म ४०० केभी क्षमताको अन्तदेशीय प्रसारण लाइन निर्माण कार्य आगामी आर्थिक वर्षमा शुरू गरिने । | अमेरिकी सरकारबाट मिलेनियम च्यालेञ्ज कर्पोरेशन (MCC) मार्फत प्रसारण लाईनको अध्ययन तथा निर्माणको लागि प्राप्त हुने अनुदानसम्बन्धी सम्झौता नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको । |
| | निर्माणाधीन हेटौंडा-ढल्केबर-दुहवी प्रसारण लाइनलाई ४०० केभी क्षमतामा स्तोरन्नति गरी अगामी दुई वर्षभित्र निर्माण कार्य सम्पन्न गरिने। | हेटौडा – इनरुवा ४ सय के.भी .यस प्रसारण लाइनको कूल ७ सय ९२ टावरहरु मध्ये ५ सय २२(६६%) टावरहरुको Foundation निर्माण कार्य र ४ सय ३५ (५५%) टावरहरुको Erection कार्य सम्पन्न भएको । ढल्केवर सवस्टेशनमा २ थान १ सय ६० एमभीए (MVA)ट्रान्सफर्मर Pre-commissioning कार्य सम्पन्न भएको। |
| १११ | विद्युत चुहावट न्यूनीकरण तथा नियन्त्रण कार्यलाई अभियानका रुपमा सञ्चालन गरिने । | विद्युत चुहावट न्यूनीकरण तथा नियन्त्रण तर्फ भए गरेका प्रयासहरुबाट विद्युत चुहावटमा करिब २.८८ प्रतिशतले कमी आई हाल २३.१२ % रहेको |
| | विद्युत चुहावट तथा विद्युतबाट हुने दुर्घटनालाई कम गर्न काठमाडौं उपत्यकाका केही सहरी क्षेत्रमा भूमिगत वितरण लाइनको निर्माण कार्य प्रारम्भ गरिने । | सोही प्रयोजनका लागि बोलपत्र आह्वान गर्ने कार्य अन्तिम अन्तिम चरणमा पुगेको । |
| | विद्युत वितरण प्रणालीलाई सुदृढ तुल्याउन स्मार्ट मिटर र ग्रीड प्रणाली लागु गर्ने कार्यलाई निरन्तरता दिइने। | • ठेक्का सम्झौता सम्पन्न भइ (TOD) मिटरको टेस्टिङ्ग कार्य अन्तिम चरणमा रहेको।<br>• ठेक्का सम्झौता सम्पन्न भइ सफ्टवेयर बनाइसकिएको र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | चाडै नै फिल्डमा समेत कार्यान्वयनमा गरिने।<br>• प्रस्तावको मूल्याङ्कनको कार्य सम्पन्न भइ आर्थिक प्रस्ताव खोल्ने क्रममा रहेको।<br>• प्रस्तावको मूल्याङ्कनको कार्य सम्पन्न भइ आर्थिक प्रस्ताव खोल्ने क्रममा रहेको। |
| | काठमाडौं उपत्यकाको विद्युत वितरण लाइनहरुको सुदृढीकरण गरी प्राविधिक चुहावट न्यून गरिने । | एशियाली विकास बैङ्कको सहयोगमा सञ्चालित काठमाडौं उपत्यका विद्युत वितरण प्रणाली सुदृढीकरण आयोजना अन्तर्गतका कार्यहरु बजेट विनियोजनको आधारमा सत प्रतिशत सम्पन्न भएको तर माग भने दुई गुणा बढेको। |
| ११२ | नेपालको कुल जलविद्युत उत्पादन क्षमता यकिन गर्न जल तथा ऊर्जा आयोगबाट भइरहेको अध्ययन कार्य सम्पन्न गरिनेछ । ऊर्जा क्षेत्र तर्फका कार्यक्रमहरुका लागि रु ६२ अर्ब ४७ करोड छुट्याएको । | Interim Report II तयार भइ Draft Final Report तयार गर्ने कार्य सूचारु रहेको । |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरु:

- विद्युतको माग र आपूर्तिबिचको उच्चतम व्यवस्थापन एवं विभिन्न प्रशारण तथा सबस्टेशनहरुको क्षमता अभिवृद्धि गरी मुलुकभर (बेलुकाको उच्च मागको समयमा औद्योगिक ग्राहकको हकमा अधिकतम ३ घण्टाको अवधिबाहेक) लोडसेडिङ्ग अन्त्य गरिएको ।
- निजी प्रवर्द्धकबाट अगाडि बढाइएको ४ मेगावाट क्षमताको पुवा खोला, ६.१ मेगावाट क्षमताको अपर माइ सी, ४ मेगावाट क्षमताको सार्दि खोला, २.८३ मेगावाट क्षमताको चाके खोला, ४ मेगावाट क्षमताको सभा खोला, १३.६ मेगावाट क्षमताको थापा खोला र ५ मेगावाट क्षमताको फावा खोला गरी जम्मा ३९.५३ मेगावाट निर्माण सम्पन्न भइ राष्ट्रिय ग्रीडमा आवद्ध भएका।
- आर्थिक वर्ष २०७४/७५ को चैत्र महिनासम्ममा नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रका जलविद्युत कम्पनीहरुलाई थप ५ हजार २ सय २२ मेगावाट जडित क्षमता बराबरको १ सय १५ वटा ठूला र साना जलविद्युत आयोजनाहरुको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी गरिएका छन् । साना ठूला गरी जम्मा ९९२ मेगावाटको २७ वटा विद्युत उत्पादन अनुमति पत्र जारी गरिएको छ । साथै प्रसारण लागि ४७ वटा सर्वेक्षणको अनुमतिपत्र जारी गरिएको छ । यस अवधिमा सोलारसम्बन्धी १० वटा ,७२ मेगावाट सर्भे अनुमति पत्र प्रदान गरिएको छ ।
- विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन अन्तर्गत निर्देशिका तयारी अन्तर्गत GIS मा आधारित अनुमति पत्र व्यवस्थापन प्रणाली, विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण र वितरण जानकारी स्वीकृति दिने अनुमति प्रदान गर्ने र जलविद्युतत आयोजनाहरुको अध्ययन अन्तर्गत विस्तृत इन्जिनियरिङ डिजाइन (१ वटा ,१५ मेगावाट ), सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य अन्तर्गत (३४ वटा, ४५८० मेगावाट),पूर्व ,सम्भाव्यता अध्ययन (३ वटा ,३०० ,मेगावाट) वातावरणीय अध्ययन ३वटा पहिचान अध्ययन १ वटा अध्ययन अद्यावधिक ४ वटा र अन्य अध्ययन कार्य अन्तर्गत ४ वटा आयोजनाहरु रहेको छ । त्यसैगरी आयोजना विकासको लागि , ४ वटा जलविद्युत आयोजनाहरुको विस्तृत

इन्जिनियरिङ डिजाइन , १४ साना जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन,१० वटा मझौला तथा ठूला जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन १ वटा जलाशययुक्त आयोजनाको भूगोलिक तथा Topographical Survey एवं वातावरणीय अध्ययन कार्य,१ वटा बहुद्देशीय आयोजनाहरुको सम्भाव्यता अध्ययन एवं वातावरणीय अध्ययन कार्य भइरहेको छ । त्यस्तैगरी विभागद्वारा ५० वटा आयोजनाहरुको Screening Ranking गरी आगामी वर्षहरुमा ती आयोजनाहरुको अध्ययन कार्य गर्ने योजना रहेको छ। साथै, विद्युत क्षेत्रलाई सबल बनाउन करिब ५ वटा गाईडलाईन म्यानुलहरु समेत बनाउने कार्य भइरहेको छ ।

- विद्युत विकासद्वारा विस्तृत इन्जिनियरिङ डिजाईनमा ROR जलविद्युत आयोजना अन्तर्गत (४ वटा,७८.९८ मेगावाट) सम्भाव्यता तथा वातावरणीय अध्ययन अन्तगर्त ROR जलविद्युत आयोजना (२९ वटा, २९३१.८४ मेगावाट) र Reservoir जलविद्युत आयोजना (५ वटा,१५८१ मेगावाट),पूर्व सम्भाव्यता अध्ययन अन्तर्गत Reservoir जलविद्युत आयोजना (२ वटा,२०० मेगावाट),चालु आ.व मा ६५करोड ५९ लाख ९५ हजार रुपयाँ रोयल्टी वितरण गरिएको ।
- भारतको अनुदान सहयोगमा १३२ के.भि. क्षमताका कटैया-कुशाहा तथा परवानीपुर-रक्सौल अन्तरदेशीय विद्युत प्रसारण लाइनहरुको निर्माण कार्य सम्पन्न भइ थप १०० मेगावाट विद्युत भारतबाट आयात हुन शुरु भएको।
- ग्राहकको सुविधासमेतका लागि देशका प्रमुख शहरहरुमा Online Payment System लागु गरिएको । निकट समयमै विद्युत महशुल संकलन कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन स्मार्ट मिटर प्रविधि लागू गर्ने प्रकृया अगाडि बढाइएको ।
- कानूनी सुधारको व्यवस्था अन्तर्गत विद्युत नियमन आयोग ऐनको व्यवस्थापिका संसदबाट पारित भइ मिति २०७४/५/१९ मा सम्माननीय राष्ट्रपतिज्यूवाट प्रमाणिकरण भएको ।
- नेपाल-भारत बीच Power Exchange Committee, (PEC) को बैठक बसी विद्युत आदान प्रदानसम्बन्धी सम्झौता भएको।
- वैकल्पिक ऊर्जालाई प्रोत्साहन गर्न Roof Top Solar सँग Net Metering गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको । साथै ग्रीड सोलारको विद्युत खरीद दर निर्धारण गरिएको ।
- कोहलपुर-महेन्द्रनगर १३२ के.भी. प्रशारण लाइन निर्माण सम्पन्न भएको र विभिन्न क्षमताका सवस्टेशनहरु (करीब ४७८ MVA) को स्तरोन्नति गरी विद्युत आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइएको ।
- बुटवल-छिञ्चु-अत्तरियासम्म ४०० के.भी. दोस्रो सर्किट प्रशारण लाइनको विस्तृत अध्ययन गर्न परामर्शदाता नियुक्त गरी कार्य प्रारम्भ गरिएको ।
- विद्युत उपभोक्तालाई परेको समस्या मन्त्रालयमा जानकारी गराई तत्काल समाधान गर्ने उद्देश्यले मन्त्रालयमा विद्युत हटलाइन डेक्सको स्थापना गरिएको ।
- सप्तकोशी उच्च बाँध तथा सुनकोशी कमला डाइभर्सन आयोजनाको संयुक्त आयोजना कार्यालयको प्रत्येक वर्ष प्रगति पुनरावलोकन हुने गरी ३० महिना म्याद थप गरिएको।
- पञ्चेश्वर वहुउद्देश्यीय आयोजनाको DPR लाई प्राविधिक राय सुझावहरुका आधारमा अवश्यक परिमार्जन गरी अन्तिम रुप दिने उद्देश्यले नेपाल तर्फको प्राविधिक विशेषज्ञको टोली (Team of Experts) गठन

भइ उक्त टोलीले भारतीय Team of Experts का टोलीसङ्ग दुई चरणको वार्ता (पहिलो वैठक मिति २०७४/०५/०५ देखि २०७४/०५/०७ गते सम्म र दोस्रो वैठक मिति २०७४/०५/२० देखी २०७४/०५/२१ सम्म) प्राविधिक विषयहरुमा छलफल गरीएको ।

- विद्युत उत्पादन कम्पनीले आयोजना विकासको लागि किमाथांका अरुण, जगदुल्ला हाईड्रोपावर, फुकोट कर्णाली विद्युत उत्पादन लगायतको आयोजनाहरुको विद्युत विकास विभागबाट सर्वेक्षण अनुमति पत्र प्राप्त गरी फुकोट कर्णाली र वेतन कर्णालीको विस्तृत इन्जिनिरिङ्ग अध्ययनको लागि नेपाल विद्युत प्राधिकरण इन्जिनियरिङ्ग कम्पनी लिमिटेडसङ्ग सम्झौता भई कार्य प्रारम्भ भएको छ भने फुकोट कर्णालीको हकमा वातावरणीय अध्ययनको लागि समेत सोही कम्पनीसङ्ग सम्झौता भइ कार्य प्ररम्भ भएको ।
- विद्युत उत्पादन कम्पनी अन्तर्गत भेरी १ जलाशययुक्त जलविद्युत आयोजना (६१७ मेगावाट) नेपाल सरकार, ऊर्जा मन्त्रालय (सचिवस्तर) मिति २०७४।०३।२२ को निर्णयानुसार आयोजनाको विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त भइसकेको र आयोजनाको अध्ययनको लागि लागत अनुमान तयार गर्ने कार्य भइरहेको।
- नलसिङगाड जलविद्युत आयोजना विकास समिति खारेज भए पश्चात नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड स्थापना भई कारोवार स्वीकृत भएको र नलसिङगाड जलविद्युत आयोजनाको बजेट नलगाड हाइड्रोपावर कम्पनी लिमिटेडमा स्थानान्तरण भएको।
- राष्ट्रिय गौरवका आयोजनाहरुमध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको मुख्य सिभिल कार्य अन्तर्गत मिति २०७४।०८।०३ गते ८.५ कि. मी. लामो सुरुङ्ग खन्ने कार्य सम्पन्न (Tunnel Breakthrough) भएको।
- Power Transmission and Distribution Efficiency Enhancement Project कार्यान्वयनको लागि नेपाल सरकार र एशियाली विकास बैंकबीच १५२ मिलियन यू.एस.डलर बराबरको ऋण सम्झौतामा २५ भाद्र २०७४ मा तदनुसार १० सेप्टेम्वर २०१७ मा हस्ताक्षर सम्पन्न भएको।
- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड अन्तर्गत कर्मदिव-दोदोधारा ४०० के.भी. सर्किट ट्रान्समिसन लाईनको विस्तृत अध्ययन, सर्भे र डिजाइन गर्नको लागि परामर्श दाताहरुबाट आशयपत्र माग गरिएको।दोदोधारा सवस्टेशनको लागि २१ बिघा १६ कठ्ठा १९ धुर जग्गाको मुआब्जा वितरणको प्रकृयामा रहेको ।कालिकोट जिल्ला, खाडाचक्र नगरपालिका वडा नं. ११, रेङ्गीलमा सवस्टेशन निर्माणको लागि जग्गा अधिग्रहणको निम्ति कालिकोट जि.प्र.का. मार्फत सूचना जारी गरी हाल मुआब्जा निर्धारणको प्रक्रियाका रहेको ।सुर्खेत जिल्ला, चौकुने गाँउपालिका, वडा न. ४ मा सव-स्टेशन निर्माणको लागि जिल्ला प्रशासन कार्यालय, सुर्खेत मार्फत जग्गा अधिग्रहणको सूचना जारी गरिएको ।
- पश्चिम सेती-दोदोधारा ४०० के.भी. डबल सर्किट ट्रान्समिसन लाइनको सर्वेक्षण अनुमतिपत्र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका नाममा जारी भएको ।प्रथम चरणको रुट निर्धारण गर्न ड्रोन उपकरण सहितको प्रारम्भिक सर्भे गर्नको लागि परामर्शदाताहरुको छनौट गरिएको।
- टाँडेखानी -कुश्मा २२० के.भी. डबल सर्किट ट्रान्समिसन लाइनको सर्वेक्षण अनुमतिपत्र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका नाममा जारी भएको ।टाँडेखानी सवस्टेशन निर्माणको लागि मंगला गाउँपालिका, खरपानी क्षेत्रमा प्रारम्भिक जग्गा अधिग्रहण अधिकृत नियुक्त गरी अधिग्रहणको प्रक्रिया

अगाडि बढाइएको ।डबल सर्किट ट्रान्समिसन लाइनको प्रथम चरणको रुट निर्धारण गर्न GPS उपकरण सहितको प्रारम्भिक सर्भे गरिएको ।

- ग्रीड कनेक्टेड सौर्य ऊर्जा विकाससम्बन्धी कार्यविधि, २०७४ तयार गरी लागु भएको।
- बुढी गण्डकी जल विद्युत आयोजनाको गोर्खा र धादिङ्ग जिल्लाहरुमा अधिग्रहण गरिएको जग्गाको मुआव्जा वितरण गर्नका लागि जिल्ला प्रशासन कार्यालय, गोरखामा रु ५ अर्ब र धादिङ्गमा रू. ५ अर्ब समेत गरि जम्मा रू. १० अर्ब पठाईएको छ। यस आ.व. २०७४/७५ को दोश्रो चौमासिक अवधिमा मुआव्जा वितरणको लागि ३ हजार ४ सय जनाको ७ हजार १ सय कित्ता निवेदन संकलन भइ भुक्तानीको क्रममा रहेको।हालसम्म धादिङतर्फ १ हजार १ सय जग्गाधनी र गोरखा तर्फ २ हजार ३ सय जग्गा धनीबाट निवेदन संकलन भई ६४ करोड भुक्तानी भएको।
- वैकल्पिक ऊर्जा विकाससम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको ।
- विद्युत नियमन आयोगको नियमावलीको मस्यौदा तयार भई अर्थ मन्त्रालयको राय सुझाव लिने कार्य सम्पन्न भइ, कानून, न्याय तथा संसदीय ममिला मन्त्रालयमा तर्जुमा सहमतिको लागि पठाइएको ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को खण्ड (ध) को बुंदा नं. ३ को कार्यान्वयनको सहजीकरणका लागि स्थानीय निकायबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण एवं वितरणको अनुमतिपत्र जारी सम्बन्धमा आवश्यक पर्ने निर्देशिकाको मस्यौदा तयार गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाइएको ।
- २१६ मेगावाट क्षमताको अपर त्रिशुली १ जल विद्युत आयोजनाका प्रवर्धक र नेपाल विद्युत प्राधिकरण विच विद्युत खरीद सम्झौता सम्पन्न भएको।
- १२० मेगावाट क्षमताको रसुवा भोटेकोशी जल विद्युत आयोजनाका प्रवर्द्धक र नेपाल विद्युत प्राधिकरण विच विद्युत खरीद सम्झौता सम्पन्न भएको।
- अपर अरुण जलविद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयारीको लागि परामर्शदातृ निकायसँग सम्झौता सम्पन्न भएको।
- विद्युत विकास विभागबाट जम्मा ६३४ मेगावाट बराबरको १३ वटा सर्वेक्षण अनुमतिपत्र जारी भएको र उत्पादन अनुमति तर्फ जम्मा ४०९ मेगावाट बरावरको १० वटा अनुमतिपत्र जारी भएको।
- चीन सरकारको अनुदान सहयोगमा सिंहदरबार परिसरको सरकारी भवनहरुमा करिव १ मेगावाट क्षमता बराबरको सौर्य विद्युत प्रणाली जडान कार्य सम्पन्न भई सञ्चालन भइरहेको।
- नेपाल विद्युत प्राधिकरणवाट निर्माणाधीन ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७४/१०/२७ गते उद्घाटन सम्पन्न भएको ।

## ८. आर्थिक वर्ष २०७३/०७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११ | ऊर्जा मन्त्रालय | २५०६४२ | २४४२४९ | ९७.४५ |
| ३०८०१२ | विद्युत विकास विभाग | ७२२५६ | ६५३५२ | ९०.४५ |
| ३०८०१३ | विद्युत महशुल निर्धारण आयोग | ३०८४ | २३३८ | ७५.८१ |
| ३०८१०१ | जल तथा ऊर्जा आयोग | २७२३२ | २२२३३ | ८१.६४ |
| ३०८१०२ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २८७० | १०६८ | ३७.२१ |
| ३०८१०३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | २६१२ | २५४० | ९७.२४ |
| ३०८१०४ | सप्तकोशी बहुउद्धेश्यीय आयोजना | १३०३५ | ७७५२ | ५९.४७ |
| ३०८१०५ | पंचेश्वर बहुउद्धेश्यीय आयोजना | १६९७५ | १०६५१ | ६२.७५ |
| ३०८१०६ | जलविद्युत आयोजना अध्ययन | १३२९ | १२५४ | ९४.३६ |
| ३०८१०७ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | ९०५ | ८६३ | ९५.३६ |
| ३०८१०९ | रोयल्टी व्यवस्थापन तथा वितरण | ५९९१५३ | ५५५९७५ | ९२.७९ |
| ३०८११२ | बुढीगंगा जलविद्युत आयोजना | २५२४० | १६४३६ | ६५.१२ |
| ३०८११३ | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | ३३१४० | २७१७१ | ८१.९९ |
| ३०८११४ | नलसिंगाड जलविद्युत आयोजना विकास समिति | २२७०७ | १९०३४ | ८३.८२ |
| ३०८११५ | राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ५६५०० | ३०८० | ५.४५ |
| | **जम्मा** | **११२७६८०** | **९७९९९६** | **८६.९०** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११ | ऊर्जा मन्त्रालय | २५४१० | ४१९९ | १६.५२ |
| ३०८०१२ | विद्युत विकास विभाग | १६३३६४ | ५९६२२ | ३६.५० |
| ३०८०१३ | विद्युत महशुल निर्धारण आयोग | २७०२ | १९४ | ७.१८ |
| ३०८१०१ | जल तथा ऊर्जा आयोग | ३१७५५ | ९९५९ | ३१.३६ |
| ३०८१०२ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | ९५८०० | ० | ०.०० |
| ३०८१०३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | ७९७५ | ६६७३ | ८३.६७ |
| ३०८१०४ | सप्तकोशी बहुउद्धेश्यीय आयोजना | १३८२०८ | १९००७ | १३.७५ |
| ३०८१०५ | पंचेश्वर बहुउद्धेश्यीय आयोजना | १२३०७ | ४८२ | ३.९२ |
| ३०८१०६ | जलविद्युत आयोजना अध्ययन | ७४०२३६ | २२८८२५ | ३०.९१ |
| ३०८१०७ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | २४२७२ | ११६०५ | ४७.८१ |
| ३०८१०९ | रोयल्टी व्यवस्थापन तथा वितरण | ८०० | ७९९ | ९९.८८ |
| ३०८११२ | बुढीगंगा जलविद्युत आयोजना | ३५२९७४ | १३८३२१ | ३९.१९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८११३ | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | ५३०२१९६ | ५०३९११७ | ९५.०४ |
| ३०८११४ | नलसिंगाड जलविद्युत आयोजना विकास समिति | ५६६३९० | ३७५२२० | ६६.२५ |
| ३०८११५ | राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ६२८४०० | ९३८० | १.४९ |
| | **जम्मा** | **८०९२७८९** | **५९०३४०३** | **७२.९५** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११ | ऊर्जा मन्त्रालय | ८०५,५८५ | १५२,९८१ | १८.९९ |
| ३०८०१२ | विद्युत विकास विभाग | ९०,३५१ | ५३,४१२ | ५९.१२ |
| ३०८०१३ | विद्युत महशुल निर्धारण आयोग | ३,२३५ | १,३११ | ४०.५३ |
| ३०८१०१ | जल तथा ऊर्जा आयोग | ३०,७४६ | १७,७४८ | ५७.७२ |
| ३०८१०२ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २,५५३ | १,०४९ | ४१.०९ |
| ३०८१०३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १,१९३ | ८०१ | ६७.१४ |
| ३०८१०४ | सप्तकोशी बहुउद्धेश्यीय आयोजना | ४८,९७४ | ५,४५५ | ११.१४ |
| ३०८१०५ | पंचेश्वर बहुउद्धेश्यीय आयोजना | १५,४६४ | ६,५१२ | ४२.११ |
| ३०८१०६ | जलविद्युत आयोजना अध्ययन | ३,०१४ | ४९३ | १६.३६ |
| ३०८१०७ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | ८७९ | ५४९ | ६२.४६ |
| ३०८१०९ | रोयल्टी व्यवस्थापन तथा वितरण | ६४८,३६४ | २९५ | ०.०५ |
| ३०८११२ | बुढीगंगा जलविद्युत आयोजना | २७,८८१ | १५,६४४ | ५६.११ |
| ३०८११३ | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | ३७,३५८ | १५,३०३ | ४०.९६ |
| ३०८११४ | नलसिंगाड जलविद्युत आयोजना विकास समिति | ० | ० | - |
| ३०८११५ | राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | ५६,३७४ | १,३५४ | २.४० |
| | **जम्मा** | **१,७७१,९७१** | **२७२,९०७** | **१५.४०** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११ | ऊर्जा मन्त्रालय | ४५,५८७ | २,३५२ | ५.१६ |
| ३०८०१२ | विद्युत विकास विभाग | २३९,१६५ | ४२,२७३ | १७.६८ |
| ३०८०१३ | विद्युत महशुल निर्धारण आयोग | २,७४७ | २०० | ७.२८ |
| ३०८१०१ | जल तथा ऊर्जा आयोग | ३८,९०५ | १०,५४४ | २७.१० |
| ३०८१०२ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | १०३,२७७ | - | ०.०० |
| ३०८१०४ | सप्तकोशी बहुउद्धेश्यीय आयोजना | १५१,३०३ | ५४० | ०.३६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८१०५ | पंचेश्वर बहुउद्धेश्यीय आयोजना | ८,७१३ | ४८७ | ५.५९ |
| ३०८१०६ | जलविद्युत आयोजना अध्ययन | ८३१,४०३ | १०७,७७० | १२.९६ |
| ३०८१०७ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | १७,६७० | २,४९५ | १४.१२ |
| ३०८११२ | बुढीगंगा जलविद्युत आयोजना | ४६८,१३३ | ३१,८१६ | ६.८० |
| ३०८११३ | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | १०,१३६,८८७ | १०,००९,६२१ | ९८.७४ |
| ३०८११४ | नलसिं गाड जलविद्युत आयोजना विकास समिति | - | - | - |
| ३०८११५ | राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशकसम्बन्धी कार्ययोजना | २८९,९३० | ९,३८८ | ३.२४ |
| | **जम्मा** | १२,३३३,७२० | १०,२१७,४८६ | ८२.८४ |

◆ ◆ ◆

# सिँचाइ मन्त्रालय

## १. पृष्ठभूमिः

विकट भू-बनावट तथा जमिनको अवस्थितिका कारणले नेपालको कुल क्षेत्रफल १,४७,१८,१०० हेक्टरमध्ये २६,४१,००० हेक्टर कृषियोग्य जमिन रहेको छ । कृषियोग्य जमिन मध्ये करिब १७,६६,००० हेक्टर जमिनमामात्र सिँचाइ सुविधा पुगेको अनुमान छ । जल पथान्तरण तथा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरूको कार्यान्वयन अपेक्षाकृत गतिमा हुन नसक्दा उक्त क्षेत्रफलको करिब ४० प्रतिशत जमिनमा मात्र बार्‍है महिना सिँचाइ सुविधा उपलब्ध गराउन सकिएको अनुमान गरिएको छ । नेपालको तराई, मधेस, भित्री मधेस, पहाडि तथा उपत्यकाको भूमिगत जलश्रोतको स्थिति सम्भाव्यता र परिमाणको अध्ययन गर्नुका साथै सुख्खाग्रस्त र वैकल्पिक श्रोत नभएका क्षेत्रहरूमा स्यालो तथा डिप टयुबवेलको माध्यमवाट सिँचाई उपलब्ध गराउने उद्देश्य राखिएको छ ।

## २. दीर्घकालीन सोचः

मुलुकको सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरि दिगो एवं भरपर्दो सिँचाइ सुविधा पुर्‍याउने, जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानी-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुर्‍याउने ।

## ३. ध्येयः

- कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुर्‍याउनका लागि मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम उपयोग गरी सिँचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने ।
- सिँचाइ संरचनाहरूको उचित मर्मत, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ सिँचाइ योजनाहरूको निर्माण गरी वर्षैभरी भरपर्दो सिँचाइ सेवा पुर्‍याउने ।
- सिँचाइका लागि सतह तथा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने ।
- सम्भाव्यताका आधारमा मुलुकका सबै क्षेत्रमा सिँचाइको संतुलित र सामञ्जस्ययुक्त विकास गर्ने ।
- बहुउद्देश्यीय जलाशय एवं अन्तर जलाधार जल स्थानान्तरण योजना लगायत सिँचाइसम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने ।
- जल उत्पन्न प्रकोपबाट सिर्जित भौतिक तथा आर्थिक हानी नोक्सानीलाई तटबन्ध, स्पर, चेकड्याम, वायोइन्जिनियरिङ्ग तथा अन्य उपयुक्त प्रविधिको माध्यमबाट जनसहभागितामूलक पद्धति अपनाई न्यूनीकरण गर्दै जाने ।
- जल उत्पन्न प्रकोप न्यूनीकरणका लागि निर्माण भएका संरचनाहरूको आवश्यकतानुसार मर्मत सम्भार तथा पुनर्स्थापना गर्ने ।

- जनसंख्या वृद्धि, आप्रवासन, जलवायु परिवर्तन, अवैज्ञानिक भू-उपयोग तथा जलजन्य प्रकोपका कारण जलाधार, वस्तीटार, ठूला पूर्वाधारहरू (राजमार्ग) र अन्य समुदाय वसोवास गर्ने क्षेत्रमा परेको प्रतिकूल प्रभावको अध्ययन गरी अनुकुलनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विकेन्द्रीकरणको अवधारणाअनुरुप आपतकालीन नदी तथा पहिरो नियन्त्रण कार्यक्रम र व्यवस्थापनमा उपयुक्त प्रविधिको अवलम्वन गरी त्यसमा स्थानीय निकायको संलग्नता वृद्धि गर्ने।
- नदी तथा पहिरो नियन्त्रण व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गर्न संस्थागत सुदृढीकरण तथा जनशक्तिको विकास र परिचालन गर्ने ।

## ४. रणनीतिक उद्देश्यहरूः

- तत्काल प्रतिफल दिने तथा रोजगार सिर्जना गर्ने साना तथा मझौला सतह र भूमिगत सिँचाइ आयोजनाहरूको प्राथमिकतापूर्वक कार्यान्वयन गर्ने ।
- बहुउद्देश्यीय जलाशययुक्त एवं जलाधार जलस्थानान्तरण जलस्रोत आयोजना अन्तर्गत सञ्चालन हुने सिँचाइका कार्यक्रममार्फत वर्षैंभरि सिँचाइ सुविधा पुऱ्याउने ।
- सिँचाइ संरचनाहरूको विकास एवं सञ्चालन गर्दा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, सहभागिता मूलक हुने रोजगारी अभिवृद्धि गर्ने गरी अध्ययन, अनुसन्धान, डिजाइन एवं कार्यान्वयन गर्ने।
- सिँचाइ विकास कार्यक्रम सञ्चालन गर्दा अन्य सम्बन्धित निकायसँग समन्वय गरी स्थानीय तहमा रहेका वातावरणमैत्री तालतलैया, पोखरी, सिमसार तथा मूलहरूको संरक्षण, सम्वर्द्धन हुने गरी सञ्चालन गर्ने।
- बाढी, पहिरो जस्ता जल उत्पन्न प्रकोपहरूको चुनौतीलाई सम्बोधन गर्न नियन्त्रणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै नदीको जलाधार क्षेत्रको एकीकृत संरक्षणको कार्यक्रम सञ्चालन गर्नको लागि राष्ट्रिय तथा स्थानीयस्तरमा गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रण कार्यहरू प्राथमिकताको आधारमा गुरु योजनाअनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गरी सम्बन्धीत प्रकोप प्रभावित उपभोक्ता समूह समेतको सहभागितामा सञ्चालन गरिनेछ ।
- जल उत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी आवश्यक पर्ने पूर्व सूचना प्रणाली र चेतावनी प्रणाली व्यवस्थापन कार्यमा जोड दिइनेछ ।
- जल उत्पन्न प्रकोपबाट प्रभावित क्षेत्रलाई जोखिमको आधारमा अति जोखिमपूर्ण क्षेत्र, जोखिमपूर्ण क्षेत्र, सामान्य जोखिमपूर्ण क्षेत्र र जोखिम रहित क्षेत्रमा वर्गीकरण गरी सोहीअनुसार प्राथमिकताको आधारमा क्षेत्र निर्धारण गरिनेछ । वर्गीकरण गरिएको क्षेत्रमा सोहीअनुरुप वस्ती विकास तथा आर्थिक क्रियाकलापका कार्यहरू गर्न प्रोत्साहित गरिनेछ ।
- जोखिम रहित बगर तथा उकास जग्गा प्रयोगका लागि निजी क्षेत्रले चाहेमा सो को उपयोग गर्नु पूर्व नेपाल सरकारको अनुमति अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था गरिनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी तथा समुदायमा आधारित प्रकोप प्रभावित उपभोक्ता समूहलाई समेत सहभागी गराइनेछ ।
- छिमेकी मुलुक भइ बग्ने सीमा नदीहरूमा हुने डुवान तथा कटानको समस्यालाई दुवै मुलुकको आपसी समन्वय तथा समझदारीका आधारमा समाधान गरिनेछ ।

- जल उत्पन्न प्रकोपसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि सम्झौता तथा मापदण्डको पालना गर्न विद्यमान कानुनी एवं संस्थागत व्यवस्थामा सुधार गरिनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रण कार्यको प्रभावकारिताका लागि नयाँ तथा उपयुक्त प्रविधिको पहिचान, विकास तथा विस्तारमा जोड दिइनेछ ।
- प्रदेश र स्थानीय निकासँग समन्वय र सहकार्य गरी ती निकायलाई जोखिम न्यूनीकरणमा परिचालन गराइनेछ ।
- जल उत्पन्न प्रकोप व्यवस्थापन क्षेत्रमा अनुसन्धान तथा विकासको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- जल उत्पन्न प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा स्रोत, साधनको दोहोरोपना तथा व्यय हुन नदिने नीति अबलम्बन गरिनेछ ।
- यस नीतिमा उल्लेखित उद्देश्य हासिल गर्न आवश्यकतानुसार कानुनी र संस्थागत सुधार गरिनेछ ।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरुः

- सिँचाइ क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग एवं विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन;
- सिँचाइ र यसको उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन;
- सिँचाइसम्बन्धी बहुमुखी योजनाको निर्माण, सञ्चालन, सम्भार र प्रवर्द्धन;
- बाढी र नदी नियन्त्रण;
- सिँचाइ विकाससम्बन्धी अध्ययन, अनुसन्धान, आयोजनाको सम्भाव्यता अध्ययन, निर्माण सञ्चालन, सम्भार र विकास;
- सिँचाइ विकासमा निजी क्षेत्रको प्रवर्द्धन;
- जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा कार्यान्वयन;
- सिँचाइ आयोजनाहरूको निर्माण, संरक्षण र सिँचाइ सुविधाको समुचित प्रयोग (फार्म सिँचाइ र साना सिँचाइसम्बन्धी कार्याक्रमहरू समेत);
- भूमिगत जलस्रोत;
- सिँचाइ र त्यसको उपयोग सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क;
- सिँचाइ र त्यसको उपयोगसम्बन्धी द्विपक्षीय वा बहुपक्षीय वार्ता, सन्धि सम्झौता;
- सिँचाइसँग सम्बन्धित निकायसँग समन्वय;
- पानीपोत;
- जलउपत्पन्न प्रकोप व्यवस्थापन तथा नियन्त्रण;
- जल उत्पन्न प्रकोपसम्बन्धी विषयको अध्ययन, अनुसन्धान तथा कार्यान्वयन;
- जल उत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- जल उत्पन्न प्रकोपसम्बन्धी विषयमा अन्तर्राष्ट्रिय प्रतिनिधित्व;

- नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन;
  - (क) सिभिल इन्जिनियरिङ समूहको इरिगेशन र हाइड्रोलोजी उपसमूह;
  - (ख) मेटेरियोलोजी समूह;
  - (ग) एग्री इरिगेशन इन्जिनियरिङ समूह;

**६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः**

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ५६ | रानी जमरा कुलरिया सिंचाइ आयोजनाको पहिलो चरण आगामि आर्थिक वर्षमा सम्पन्न भइ दोस्रो चरणको प्रारम्भिक कार्य शुरु गरीनेछ। भेरी ववइ डाइभर्सन बहुद्देश्यिय आयोजनाको सुरुङ खन्ने कार्य शिघ्र शुरु गरीनेछ। सिक्टा सिंचाइ आयोजनाको पश्चिमलर्फको निर्माण कार्यलाइ तिब्रता दिइनेछ। | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट मिति २०७५/१/२३ सम्म ४०६० मिटर टनेल वोरीङ्ग कार्य सम्पन्न भएको छ। रानी जमरा कुलरिया सिचाई आयोजनाको प्रथम चरण कार्य सम्पन्न हुने तर्फ कार्य भैरहेको र दोस्रो चरणको लागि विश्वबैंक र अर्थमन्त्रालय विच २०० मिलियन डलरको सम्झौता भएको छ। |
| ७१ | ठूला र निर्माणाधीन सिँचाइ आयोजनाहरुको निर्माण कार्यलाई तीब्रता दिइनेछ। नदीमाथिका सुख्खा टारहरुको सिँचाइका लागि नदीमाथिको गह्रा हराभरा सिँचाइ योजना विस्तार गरिनेछ। साना सिँचाइका कार्यक्रमहरु कृषकको मागअनुसार कार्यान्वयन गरिनेछ। कृषिका सुपरजोन, जोन, पकेट र ब्लकहरुमा उपयुक्त प्रविधिबाट सिँचाइ सुविधा पुऱ्याइनेछ। | ठूला र निर्माणाधीन सिँचाइ आयोजनाहरुको निर्माण कार्यलाई तीब्रताकासाथ अगाडि बढाइएको। |
| ७२ | सञ्चालन रहेका सुनसरी-मोरङ, बागमती, कमला लगायतका सिँचाइ आयोजनाहरुलाई उच्च क्षमतामा चलाउने गरी मर्मत गरिनेछ। वृहत सिँचाइ आयोजनाहरुको पुनर्स्थापना कार्यलाई निरन्तरता दिएको छ। समृद्ध तराई मधेस सिँचाइ आयोजना र मझौला सिँचाइ कार्यक्रमलाई निरन्तरता दिएको छु। | <u>सुनसरी मोरंग सिँचाइ आयोजना</u><br>१) ८ वटा स्पर निर्माण<br>२) १०% हेडवर्क्स इन्टेक सञ्चालन तथा मर्मत सम्भार<br><u>बाग्मती सिँचाइ आयोजना</u><br>१) १.१ हेक्टर जग्गा खरिद भएको।<br>२) १.१ कि.मि. सिञ्चित क्षेत्र बचाउ तथा संरक्षण कार्य<br>३) ५५% क्षेतिग्रस्त संरचना जिर्णोद्वर कार्य।<br>४) ९ कि.मि. नहर De-Silting कार्य।<br><br>कमला लगायतका सिँचाइ आयोजनाहरु यस बर्षको आ.व.मा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | आएको बाढीबाट आंशिक रुपमा क्षतीग्रस्त भएकोले बजेटको अभावमा उच्च क्षमतामा सञ्चालन गर्न कठिन देखिन्छ।<br>२) यस वर्षको विनियोजित बजेटबाट कार्यक्रमअनुरुप आयोजना सञ्चालनमा विशेष प्राथामिकता दिई मर्मत कार्य अगाडि बढी रहेको।<br>३) बृहत सिँचाइ आयोजनाहरुमा विनियोजित बजेटबाट अति आवश्यक संरचनाहरुको निर्माण कार्य गर्न लागत अनुमान स्वीकृति, टेण्डर प्रक्रिया तयार भइरहेको। |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरूः

- आर्थिक वर्षको फाल्गुन मसान्तसम्म ३६ हजार २ सय २० हेक्टर सिञ्चित क्षेत्र (लक्ष्यको ६५ प्रतिशत) प्रगति हासिल भएको ।
- भू-कम्पबाट क्षतिग्रस्त सिँचाइ प्रणालीहरुको मर्मत सम्भार तथा पुनर्निर्माणका लागि १४ वटा जिल्लाहरुको २ सय ७७ वटा सिँचाइ प्रणालीमा विनियोजित बजेटको ७३ प्रतिशत प्रगति हासिल भएको ।
- रानी जमरा कुलरिया सिँचाइ आयोजना तर्फ ०.४७ कि.मि. मूल नहर निर्माण , १.१ वटा मूल नहर संरचना , ०.४८ कि.मि. फिडर नहर निर्माण, १.३ वटा फिडर नहर संरचना निर्माण, १.१ वटा नयाँ शाखा नहर संरचना निर्माण भएको ।
- भेरी बबइ सिँचाइ आयोजना तर्फ ०.१ कि.मि एक्सेस रोड ग्राभल कार्य, १.५४ कि.मि. सुरुङ्ग निर्माण कार्य (सिचाई प्रणालीको निर्माण) भएको ।
- सिक्टा सिँचाइ आयोजना तर्फ ४.१२ हेक्टर जग्गा खरिद भएको मूल नहरमा स्टक्चर निर्माण २.८ कि.मी., मूल नहर लाइनिङ्ग कार्य ०.६ कि.मि. , नहरको माटो कार्य ०.५ कि.मि. भएको र ६.४ कि.मि. सिञ्चित क्षेत्र बचाउ तथा संरक्षण कार्य सम्पन्न भएको ।
- बबई सिँचाइ आयोजनातर्फ १.६३ कि.मि. ग्रामिण तथा सर्भिस सडक, ३.५१ कि.मि. मुल नहर, ०.७ कि.मि. नहर रिमोडलिङ्ग कार्य सम्पन्न भएको, बाढीबाट क्षतिग्रस्त ०.४३ कि.मि. सिंचित क्षेत्र तथा संरचना तटबन्ध पुनर्निर्माण कार्य सम्पन्न भएको ।
- विभिन्न जिल्लामा गरि २०६ वटा स्यालो ट्यूबवेल ६५ वटा डिप ट्यूबवेल निर्माण सम्पन्न भएको।
- नदी नियन्त्रण कार्यक्रम तर्फ ३३.०८ कि.मी. तटबन्ध निर्माण हुनुको साथै विभिन्न ५० वटा पहिरो नियन्त्रण सम्बन्धी कार्य भइरहेको ।
- जल उत्पन्न प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम तर्फ ३० वटा जलाधार क्षेत्रमा निर्माण कार्य भैरहेको र ३ वटा सम्पन्न हुनुकोसाथै ४ वटा पूर्वाधार संरक्षण कार्य भएको र १ वटा सम्पन्न।
- भारतीय अनुदान सहयोगमा संचलित नदी नियन्त्रण योजनाहरु तर्फ ०.२५ कि.मी. तटबन्ध निर्माण भएको ।
- बस्ती टार बजार संरक्षण कार्यहरु तर्फ ०.४५ कि.मी.तटबन्ध निर्माण भएको ।

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७०११ | सिँचाइ मन्त्रालय | ३०९२४ | ३०८४५ | ९९.७४ |
| ३५७०१२ | सिँचाइ विभाग | १०२४३० | ८७७५९ | ८५.६८ |
| ३५७०१३ | क्षेत्रीय सिँचाइ निर्देशनालयहरु | ५४९१३ | ५४९१३ | १००.०० |
| ३५७०१४ | सिँचाइ विकास डिभिजन-सब डिभिजन समेत | ३८०८९१ | ३८०८९१ | १००.०० |
| ३५७०१५ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ७६७१६ | ७६७१६ | १००.०० |
| ३५७०१६ | यान्त्रिक कार्यालय-३ | १५३०४ | ११३१५ | ७३.९३ |
| ३५७०१७ | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | १९१६७१ | १७४१८६ | ९०.८८ |
| ३५७१०१ | प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम | ८१०२ | ८१०२ | १००.०० |
| ३५७१०२ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ११७२९ | ११७१४ | ९९.८७ |
| ३५७१०३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | १४५५५६ | १२१०६९ | ८३.१८ |
| ३५७१०५ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ३९२३ | २७७६ | ७०.७६ |
| ३५७१०७ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ३८२ | ३५१ | ९१.८८ |
| ३५७१०८ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २१२६४ | १८९२२ | ८८.९९ |
| ३५७१०९ | नदी नियन्त्रण | ७११२० | ७०१४४ | ९८.६३ |
| ३५७११० | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ११८५९ | ११३०६ | ९५.३४ |
| ३५७११२ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ( बागमती,कमला,खाँडो र लालबकैया समेत) | ८८५२ | ८५५१ | ९६.६० |
| ३५७११३ | भूमिगत जलस्रोत विकास समिति | ४९६८० | ३९७२६ | ७९.९६ |
| ३५७११४ | भूमिगत स्यालो तथा डिप ट्युबबेल सिँचाइ आयोजना | ५०४९ | ४०९८ | ८१.१६ |
| ३५७११७ | सुर्खेत उपत्यका सिँचाइ आयोजना | ३३१ | ३२९ | ९९.४० |
| ३५७११८ | मर्मत सम्भार आयोजनाहरु | ३२६८९ | २९७४९ | ९१.०१ |
| ३५७११९ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | १०६१६ | १०१२३ | ९५.३६ |
| ३५७१२० | बागमती सिँचाइ आयोजना | १९१३६ | १८७४७ | ९७.९७ |
| ३५७१२१ | बबई सिँचाइ आयोजना | १४४७४ | १४४७४ | १००.०० |
| ३५७१२२ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | १७५०८ | १६०७० | ९१.७९ |
| ३५७१२३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | २८७८६ | २८७८६ | १००.०० |
| ३५७१२४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ६९३५ | ६९३५ | १००.०० |
| ३५७१२५ | सिक्टा सिँचाइ आयोजना | १७९७६ | १७५२५ | ९७.४९ |
| ३५७१२६ | नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना | ३९३५ | ३९१२ | ९९.४२ |
| ३५७१२७ | मझौला सिँचाइ आयोजना | ६८७५ | ६६२० | ९६.२९ |
| ३५७१२८ | दरौदी- पालुङटार सिँचाइ (नदी नियन्त्रण) आयोजना | ७५० | ७५० | १००.०० |
| ३५७१२९ | कर्णाली अंचल सिँचाइ विकास कार्यक्रम | ३८६ | ३८५ | ९९.७४ |
| ३५७१३० | सेती महाकाली सिँचाइ विकास कार्यक्रम | ३९४ | ३७० | ९३.९१ |
| ३५७१३१ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर समेत) | ८६२ | ८५९ | ९९.६५ |
| ३५७१३२ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | ३३०४२ | ३३०४२ | १००.०० |
| ३५७१३५ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १२४२१ | १२४२१ | १००.०० |
| ३५७१३६ | जलसाधन योजना तयारी सुविधा आयोजना | ३९२६२ | ३४०२८ | ८६.६७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७१३७ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३२८६ | २२८५ | ६९.५४ |
| ३५७१३८ | भूमिगत जल सिँचाइ बिकास डिभिजन | ७०२६७ | ५४४०२ | ७७.४२ |
| ३५७१३९ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ११५६० | ६०९७ | ५२.७४ |
| ३५७१४० | सम्बृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | ३४२४ | २४९१ | ७२.७५ |
| ३५७१४१ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २२१८ | १४६० | ६५.८३ |
| | **जम्मा** | **१५२७४९८** | **१४१५२४४** | **९२.६५** |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७०११ | सिँचाइ मन्त्रालय | १४४७४ | ११६७० | ८०.६३ |
| ३५७०१२ | सिँचाइ विभाग | ९४६ | ९४३ | ९९.६८ |
| ३५७०१४ | सिँचाइ विकास डिभिजन-सब डिभिजन समेत | २०५४७ | १९०६५ | ९२.७९ |
| ३५७०१५ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ५५८० | ५५७० | ९९.८२ |
| ३५७१०१ | प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम | ९९३ | ८३२ | ८३.७९ |
| ३५७१०२ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ६९१०१ | ६५२९८ | ९४.५० |
| ३५७१०३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | १४१९२१० | ११८८४१५ | ८३.७४ |
| ३५७१०५ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ७४१९० | ६९६५९ | ९३.८९ |
| ३५७१०७ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २३६३८ | २३६१६ | ९९.९१ |
| ३५७१०८ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | १०९१६०८ | ८४६५५४ | ७७.५५ |
| ३५७१०९ | नदी नियन्त्रण | ६४२४५८० | ६२५७२५५ | ९७.४० |
| ३५७११० | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ३१४८०० | २९२३५३ | ९२.८७ |
| ३५७११२ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ( बागमती,कमला,खाँडो र लालबकैया समेत) | ७०९१२० | ७०८०२९ | ९९.८५ |
| ३५७११३ | भूमिगत जलस्रोत विकास समिति | ४५००० | २८९९१ | ६४.४२ |
| ३५७११४ | भूमिगत स्यालो तथा डिप ट्युबबेल सिँचाइ आयोजना | ६८७८०९ | ६३०३३८ | ९१.६४ |
| ३५७११७ | सुर्खेत उपत्यका सिँचाइ आयोजना | ० | ० | ० |
| ३५७११८ | मर्मत सम्भार आयोजनाहरु | १३१२१९५ | ११००१०७ | ८३.८४ |
| ३५७११९ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ७६०८८४ | ७५४३९२ | ९९.१५ |
| ३५७१२० | बागमती सिँचाइ आयोजना | ६१३४३३ | ५०५४०२ | ८२.३९ |
| ३५७१२१ | बबई सिँचाइ आयोजना | १०३८१८९ | १०२२६०१ | ९८.५० |
| ३५७१२२ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ४४२८१३ | ४३६४५७ | ९८.५६ |
| ३५७१२३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ७८८६२३ | ७१०४७२ | ९०.०९ |
| ३५७१२४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ३३२८०६ | ३३२२२४ | ९९.८३ |
| ३५७१२५ | सिक्टा सिँचाइ आयोजना | १५६१३१७ | १२१२८८६ | ७७.६८ |
| ३५७१२६ | नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना | ५८५०३१ | ४६६८९४ | ७९.८१ |
| ३५७१२७ | मझौला सिँचाइ आयोजना | ३५५३३६६ | ३३२५२१५ | ९३.५८ |
| ३५७१२८ | दरौदी- पालुङटार सिँचाइ (नदी नियन्त्रण) आयोजना | ४००२९ | ३२३२३ | ८०.७५ |
| ३५७१२९ | कर्णाली अंचल सिँचाइ विकास कार्यक्रम | १७६८१० | १५०७२३ | ८५.२५ |
| ३५७१३० | सेती महाकाली सिँचाइ विकास कार्यक्रम | २८१३४२ | २६१७२७ | ९३.०३ |
| ३५७१३१ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर समेत) | ३४४५०० | ३१५३९४ | ९१.५५ |
| ३५७१३२ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण | २४७८९०२ | २३१७९०८ | ९३.५१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | समेत) | | | |
| ३५७१३५ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ५४२३६९ | ५०६५५४ | ९३.४० |
| ३५७१३६ | जलसाधन योजना तयारी सुविधा आयोजना | १६१६४३ | ९२१४६ | ५७.०१ |
| ३५७१३७ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | २०६०८३ | ७०३०३ | ३४.११ |
| ३५७१३८ | भूमिगत जल सिँचाइ बिकास डिभिजन | १९६३ | १९४० | ९८.८३ |
| ३५७१३९ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ३२२२० | २८१६४ | ८७.४१ |
| ३५७१४० | सम्बृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | १९४०९६१ | १६९१४४१ | ८७.१४ |
| ३५७१४१ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २०५१८ | १३२२ | ६.४४ |
| | **जम्मा** | **२८११७५९३** | **२५४८५१८३** | **९०.६४** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७०११ | सिँचाइ मन्त्रालय | ४७,६८२ | २३,२०९ | ४८.६७ |
| ३५७०१२ | सिँचाइ विभाग | १२५,११९ | ७१,६९३ | ५७.३० |
| ३५७०१३ | क्षेत्रीय सिँचाइ निर्देशनालयहरु | ६०,७११ | ४२,८५५ | ७०.५९ |
| ३५७०१४ | सिँचाइ विकास डिभिजन-सब डिभिजन समेत | ४५८,७३० | २९३,३४५ | ६३.९५ |
| ३५७०१५ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ९६,७०६ | ६०,१७३ | ६२.२२ |
| ३५७०१६ | यान्त्रिक कार्यालय-३ | २२,४२५ | ८,१९० | ३६.५२ |
| ३५७०१७ | जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | २१६,७५९ | १३३,६९९ | ६१.६८ |
| ३५७१०१ | प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम | ८,६०५ | ५,९३० | ६८.९१ |
| ३५७१०२ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ११,२४७ | ८,२७९ | ७३.६१ |
| ३५७१०३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | १७४,३१६ | ८२,१५७ | ४७.१३ |
| ३५७१०५ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ३,९६४ | ६९६ | १७.५६ |
| ३५७१०७ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ४४१ | ५१४ | ११६.५५ |
| ३५७१०८ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | २५,०७२ | १४,३७८ | ५७.३५ |
| ३५७१०९ | नदी नियन्त्रण | ९९,९३६ | ५९,६३७ | ५९.६८ |
| ३५७११० | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | १०,५२० | ७,५४७ | ७१.७४ |
| ३५७११२ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ( बागमती,कमला,खाँडो र लालबकैया समेत) | १०,७९६ | ४,३८२ | ४०.५९ |
| ३५७११३ | भूमिगत जलस्रोत विकास समिति | ६६,६३१ | २९,१७१ | ४३.७८ |
| ३५७११४ | भूमिगत स्यालो तथा डिप ट्युबबेल सिँचाइ आयोजना | ४,९६२ | २,४३५ | ४९.०७ |
| ३५७११८ | मर्मत सम्भार आयोजनाहरु | ३७,३६२ | १८,१९४ | ४८.७० |
| ३५७११९ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ११,९६७ | ७,००५ | ५८.५४ |
| ३५७१२० | बागमती सिँचाइ आयोजना | २१,५२४ | १३,१३० | ६१.०० |
| ३५७१२१ | बबई सिँचाइ आयोजना | १८,८०९ | १२,८२७ | ६८.२० |
| ३५७१२२ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | १९,३३० | १२,६९१ | ६५.६५ |
| ३५७१२३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | २८,८४६ | १९,१६० | ६६.४२ |
| ३५७१२४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | ७,५६५ | ५,१२२ | ६७.७१ |
| ३५७१२५ | सिक्टा सिँचाइ आयोजना | २३,५१९ | १४,९६८ | ६३.६४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७१२६ | नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना | ४,०७२ | ३,०९८ | ७६.०८ |
| ३५७१२७ | मझौला सिँचाइ आयोजना | १२,९५७ | ६,१९४ | ४७.८० |
| ३५७१२८ | दरौदी- पालुङटार सिँचाइ (नदी नियन्त्रण) आयोजना | ७६७ | २६७ | ३४.८१ |
| ३५७१२९ | कर्णाली अंचल सिँचाइ विकास कार्यक्रम | ४१४ | १८९ | ४५.६५ |
| ३५७१३० | सेती महाकाली सिँचाइ विकास कार्यक्रम | ४५५ | २७१ | ५९.५६ |
| ३५७१३१ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर समेत) | १,२७० | ६१३ | ४८.२७ |
| ३५७१३२ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | ४९,४९१ | २१,७०४ | ४३.८५ |
| ३५७१३५ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १८,४८७ | १०,९३६ | ५९.१६ |
| ३५७१३६ | जलसाधन योजना तयारी सुविधा आयोजना | ४१,८७५ | १६,३४१ | ३९.०२ |
| ३५७१३७ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३,४२७ | १,४४४ | ४२.१४ |
| ३५७१३८ | भूमिगत जल सिँचाइ बिकास डिभिजन | ८६,२४७ | ४७,९६६ | ५५.६१ |
| ३५७१३९ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १५,९६६ | ५,९५९ | ३७.३२ |
| ३५७१४० | सम्बृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | ३,९९४ | २,३०१ | ५७.६१ |
| ३५७१४१ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | २,२०५ | ९७८ | ४४.३५ |
| | **जम्मा** | १,८५५,१७१ | १,०६९,६४८ | ५७.६६ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७०११ | सिँचाइ मन्त्रालय | १४,६६० | ६९५ | ४.७४ |
| ३५७०१२ | सिँचाइ विभाग | १,१४७ | १,१४७ | १००.०० |
| ३५७०१४ | सिँचाइ विकास डिभिजन-सब डिभिजन समेत | २२,६३६ | ११,१८५ | ४९.४१ |
| ३५७०१५ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ६,४७८ | २,८२३ | ४३.५८ |
| ३५७०१६ | यान्त्रिक कार्यालय-३ | १,४३२ | १,२२० | ८५.२० |
| ३५७१०१ | प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम | ९२३ | १३६ | १४.७३ |
| ३५७१०२ | सिँचाइ संस्थागत विकास कार्यक्रम | ६८,२८७ | ५,८१६ | ८.५२ |
| ३५७१०३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | १,२९०,८०७ | ५००,५८८ | ३८.७८ |
| ३५७१०५ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ८३,३३२ | १८,५९२ | २२.३१ |
| ३५७१०७ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ३३,७९३ | २०,९४५ | ६१.९८ |
| ३५७१०८ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना | १,५१५,१५२ | ६०१,५२५ | ३९.७० |
| ३५७१०९ | नदी नियन्त्रण | ७,७१६,३५६ | ३,९४७,१७८ | ५१.१५ |
| ३५७११० | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | १९२,२५४ | ५०,७४७ | २६.४० |
| ३५७११२ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ( बागमती,कमला,खाँडो र लालबकैया समेत) | ६८३,२३२ | ३२,५०३ | ४.७६ |
| ३५७११३ | भूमिगत जलस्रोत विकास समिति | ४१,५३९ | ११,८९२ | २८.६३ |
| ३५७११४ | भूमिगत स्यालो तथा डिप ट्युबबेल सिँचाइ आयोजना | ४२२,७३२ | १०६,८०२ | २५.२६ |
| ३५७११८ | मर्मत सम्भार आयोजनाहरु | १,३१२,९३६ | २४९,७६७ | १९.०२ |
| ३५७११९ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ६१५,८६९ | ३५५,००० | ५७.६४ |
| ३५७१२० | बागमती सिँचाइ आयोजना | ४६७,९६८ | ३४२,५५७ | ७३.२० |
| ३५७१२१ | बबई सिँचाइ आयोजना | ७३७,५४६ | ३७४,५५९ | ५०.७८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५७१२२ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ४६०,४९५ | ४०६,६४९ | ८८.३१ |
| ३५७१२३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ५९७,६१६ | २९७,७७१ | ४९.८३ |
| ३५७१२४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | २३२,८७९ | ८१,७९५ | ३५.१२ |
| ३५७१२५ | सिक्टा सिँचाइ आयोजना | १,५६३,६४० | ७४०,३६९ | ४७.३५ |
| ३५७१२६ | नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजना | ६२३,७६० | ११९,८३७ | १९.२१ |
| ३५७१२७ | मझौला सिँचाइ आयोजना | ३,८१९,८७० | १,५५८,३९२ | ४०.८० |
| ३५७१२८ | दरौदी- पालुङटार सिँचाइ (नदी नियन्त्रण) आयोजना | ४०,६६७ | ७,७३३ | १९.०२ |
| ३५७१२९ | कर्णाली अंचल सिँचाइ विकास कार्यक्रम | १२६,४४५ | ६७,१२१ | ५३.०८ |
| ३५७१३० | सेती महाकाली सिँचाइ विकास कार्यक्रम | २४१,९६५ | ११८,९२८ | ४९.१५ |
| ३५७१३१ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर समेत) | ४१२,८८२ | २९५,८३७ | ७१.६५ |
| ३५७१३२ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | १,९२१,३४१ | ९२०,११५ | ४७.८९ |
| ३५७१३५ | भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३,३६९,६०५ | १,८२१,२२२ | ५४.०५ |
| ३५७१३६ | जलसाधन योजना तयारी सुविधा आयोजना | २७७,६४७ | ४४,०५२ | १५.८७ |
| ३५७१३७ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ७९१,६०९ | १६७,१८१ | २१.१२ |
| ३५७१३८ | भूमिगत जल सिँचाइ विकास डिभिजन | २,२७९ | १,२६७ | ५५.५९ |
| ३५७१३९ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ६५,९८७ | ११,०६७ | १६.७७ |
| ३५७१४० | सम्बृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | १,५१२,७७१ | ३९५,८५३ | २६.१७ |
| ३५७१४१ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देशिय आयोजना | ३१,८८२ | ९,४७७ | २९.७३ |
| | **जम्मा** | **३१,३२२,४१९** | **१३,७००,३४३** | **४३.७४** |

♦ ♦ ♦

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## १. पृष्ठभूमिः

कानूनी राज्यको अवधारणाअनुरुप नेपाल कानूनको तर्जुमा, मौजुदा कानूनहरूमा समसामयिक संशोधन एवं नेपाल राजपत्रको प्रकाशन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विषयमा कानूनी राय लगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्न कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्थापना भएको हो ।

## २. दीर्घकालीन सोचः

नेपाली जनताको इच्छा र आकांक्षा अनुकूलको कानूनी संरचना, न्याय अनुभूत गर्न सक्ने न्याय प्रबन्ध र देश विकास तथा राज्य सञ्चालनका लागि आवश्यक कानून तर्जुमा गर्ने।

## ३. ध्येयः

- संविधान प्रदत्त मौलिक हक र विश्वव्यापी रूपमा अवलम्बन गरिएका मानव अधिकारहरूको प्रवर्द्धन र संरक्षण गर्ने।
- कानूनको प्रभावकारी कार्यान्वयनबाट कानूनी शासनको अनुभूति जनतामा पुऱ्याउने, कानूनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ४. रणनीतिहरुः

### ४.१ समष्टिगत लक्ष्यः

- ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने, मस्यौदा जाँच गर्ने,
- नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने,
- कानूनको एकीकरण तथा संहिताकरण, नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार गर्ने,
- न्याय प्रशासनसम्बन्धी काम गर्ने।

### ४.२ कार्यनीतिगत लक्ष्यः

- न्यायमा आम जनताको समान पहुँच अभिवृद्धि गरी कानूनको शासन सुदृढ गर्ने,
- कानून निर्माणमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुने व्यवस्था गर्ने,
- सर्वसुलभ, छिटो, छरितो न्याय सम्पादन गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने,
- मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनका लागि राज्यका निकायहरूलाई परिचालन गर्ने,
- मानव अधिकारको विषयलाई सबै क्षेत्रगत विषय, विकास नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्ने ।

### ४.३ रणनीतिक उद्देश्य

- कानूनको शासनलाई प्रवर्द्धन गर्न आवश्यक कानूनको पहिचान तथा सुधार गर्ने तथा मानव अधिकारको मूल्य मान्यताअनुसारको कानूनको विकास हुने अवसरको सृजना गर्ने,
- न्याय सेवामा कार्यरत जनशक्तिलाई कानूनको व्यवहारिक प्रयोग तथा समसामयिक विषयमा आवश्यक तालीमको व्यवस्था गर्ने,
- न्यायको विकेन्द्रीकरण गर्ने, कानूनी सहायतामा अभिवृद्धि गर्ने तथा मेलमिलाप लगायत विवाद समाधानका वैकल्पिक उपायहरूको प्रयोगमा अभिवृद्धि गर्ने,
- ऐन तथा नियम संग्रहको अद्यावधिक प्रकाशन तथा वितरण गर्ने, गराउने,
- कानून कार्यान्वयनलाई जोड दिन जिल्लास्तरमा मानव अधिकार लगायतका महत्त्वपूर्ण कानूनी व्यवस्थाहरूको सम्बन्धमा सचेतना कार्यक्रमक सञ्चालन गर्ने, गराउने ।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायानुसार रहेका छन् :

- ऐन, अध्यादेश, नियम र आदेशको तर्जुमा;
- नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन र सुधार;
- नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरूको सम्पादन;
- कानूनी राय तथा परामर्श;
- अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्बन्धी परामर्श;
- सरकारी मुद्दा फिर्ता, मिलापत्र र नेपाल सरकारलाई सरोकार पर्ने मुद्दाको प्रतिरक्षा;
- देहायका विषयमा प्रदान गरिने कानूनी राय-
  - (क) द्विपक्षीय वा बहुपक्षीय सन्धि सम्झौताको अनुमोदन, हस्ताक्षर, सम्मिलन वा स्वीकृति वा समर्थन;
  - (ख) अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति;
  - (ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व;
  - (घ) अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनुपर्ने दृष्टिकोण;
- नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्;
- अन्तर्राष्ट्रिय कानूनी विवाद;
- अन्तर्राष्ट्रिय कानूनसम्बन्धी संस्था र सम्मेलन;
- नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धिको अनुवाद;
- नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण;
- कानूनको एकीकरण तथा संहिताकरण;
- सन्धि, सम्झौताहरूको प्रकाशन;

- सर्वोच्च अदालत र अन्तर्गतका अदालतसम्बन्धी काम, न्याय प्रशासन, मुद्दा र अदालती लगत तथा सरकारी मुद्दाको अभिलेख;
- विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत तथा यस्तै प्रकृतिका अन्य अदालत तथा न्यायाधीकरण;
- निःशुल्क कानूनी सहायता;
- कानून किताबको व्यवस्था तथा प्रकाशन;
- विवाद समाधानका वैकल्पिक उपाय;
- कानून तथा न्यायसँग सम्बधित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सम्पर्क सहयोग र समन्वय;
- व्यवस्थापिका–संसदसम्बन्धी नीति, योजना र कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन;
- व्यवस्थापिका–संसद, व्यवस्थापिका–संसद सचिवालय तथा सोसम्बन्धी सेवाका कर्मचारीको सेवा सञ्चालन;
- व्यवस्थापिका–संसदको वैदेशिक सम्पर्क र समन्वय;
- अन्तर-व्यवस्थापिका संघ (आई.पी.यू.);
- सरकारी तथा गैरसरकारी विधेयक;
- सरकारी आश्वासन तथा सङ्कल्पको कार्यान्वयन;
- संविधानसभा अदालत;
- महान्यायाधिवक्ताको कार्यालय;
- न्याय परिषद;
- न्याय सेवा आयोग;
- राजस्व न्यायाधीकरण;
- न्यायिक जाँचबुझ आयोग;
- नेपाल कानून आयोग;
- नेपाल कानून व्यवसायी परिषद;
- राष्ट्रिय न्यायिक प्रतिष्ठान;
- नेपाल न्याय सेवाको सेवा सञ्चालन ।

## ६. चालु आर्थिक वर्ष २०७४/७५ फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

### क. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

- नेपालको संविधानको कार्यान्वयन गर्न ११० वटा विषयमा संघीय कानून, २२ वटा विषयमा प्रदेश कानून र ६ वटा विषयमा स्थानीय कानून बनाउनु पर्ने विषय पहिचान गरिएको र पहिचान भएका विषयहरुलाई प्राथमिकताक्रम निर्धारण गरी सो बमोजिम अगाडि बढाई कानून निर्माणको प्रक्रियालाई निरन्तरता दिइएको छ।यस क्रममा ३२ वटा विभिन्न विधेयक व्यवस्थापिका-संसदबाट पारित भएका छन्। विभिन्न ३९ वटा विधेयक व्यवस्थापिका-संसदमा पेश गरिएको छ। यस मन्त्रालयबाट तर्जुमा गर्नुपर्ने विषयका विधेयकहरुको अवधारणापत्र तयार गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति प्राप्त भइ प्रारम्भिक मस्यौदा तयार भएको छ। नयाँ विधेयक तर्जुमा सम्बन्धमा विभिन्न मन्त्रालयलाई २१ वटा विषयमा यस मन्त्रालयबाट सैद्धान्तिक सहमति दिइएको ।

- संघीयता कार्यान्वयन सम्बन्धमा न्याय प्रशासनसँग सम्बन्धित महत्त्वपूर्ण ऐनहरु पारित भइ पुनरावेदन अदालतहरु उच्च अदालतमा रुपान्तरण भइ न्यायपालिकाको संरचना परिवर्तन भएको ।
- मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि संहिता, मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन विधेयकहरु मिति २०७५ भाद्र १ देखि लागू हुने गरी प्रमाणिकरण भएको छ ।
- मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरु सिद्धान्त तथा मूल्य मान्यता र नविनतम अवधारणा विषयमा न्यायाधीश, विभिन्न सरकारी निकायका प्रमुख, कर्मचारी, नेपाल बार एसोशिएसनका प्रतिनिधि, गैर सरकारी निकायका प्रतिनिधि र सञ्चारकर्मीसँग गरिएको निम्न कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

| **सम्पन्न कार्यक्रम** | **कार्यक्रम सचालित जिल्ला** | **लाभान्वित/सहभागी संख्या** |
|---|---|---|
| मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा सचेतना कार्यक्रम | अर्घाखाँची, गुल्मी, कपिलवस्तु, तेह्रथुम, संखुवासभा, धनकुटा, सर्लाही, पर्सा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सुनसरी, सप्तरी, सिराहा, बर्दिया, धनुषा, महोत्तरी,काभ्रेपलाञ्चोक र कञ्चनपुर | ६१७२ |
| लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना अन्तर्गत कानूनी सुधार, सचेतना कार्यक्रम | सप्तरी, रौतहट, कैलाली, मोरङ र सिराहा | १२४५ |
| जातीय भेदभाव तथा छुवाछुत विरुद्धको कानूनी अभियान | कास्की, सुनसरी, सिराहा र कैलाली | १६०९ |
| | कास्की, तनहुँ, मोरङ्ग र कैलाली | ११३४ |
| जिल्ला तहमा पत्रकारहरुसँग संविधानका अन्तरवस्तु, संविधान कार्यान्वयनमा निर्माण भइरहेका कानूनहरुको विवरण र सञ्चार माध्यमको भूमिकासम्बन्धी अन्तरक्रिया | अर्घाखाँची, मोरङ र कैलाली | १७३ |
| | कास्की | १६६ |
| विवाद समाधानका वैकल्पिक उपायसम्बन्धी अन्तरक्रिया | गोरखा | १२१ |
| मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन सिफारीस कार्यान्वयनसम्बन्धी कार्यक्रम | तेह्रथुम, लमजुङ्ग र रोल्पा | ३०७ |
| भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि अन्तर्गतको कार्ययोजना कार्यान्वयनसम्बन्धी | सर्लाही, पर्सा, सप्तरी, कैलाली र स्याङ्जा | ९०७ |

| सम्पन्न कार्यक्रम | कार्यक्रम सचालित जिल्ला | लाभान्वित/सहभागी संख्या |
|---|---|---|
| अन्तरक्रिया कार्यक्रमहरु | | |
| शान्ति कोष अन्तर्गत सञ्चालित " Enhancing Access to Justice for CAP(Conflict Affected People) " कार्यक्रम अन्तर्गत legal awareness Campaigns in High School and Villages targeting to CAP including women, girls and marginalized सञ्चालन गरिएको | सिन्धुपाल्चोक, रामेछाप, धादिङ, गोरखा, लमजुङ्ग, तनहुँ, स्याङ्जा, कास्की, भोजपुर, खोटाङ, रोल्पा, दाङ र प्यूठान | ४०२५ |
| घुम्ती कानूनी सहायता क्लिनिक सञ्चालन | भोजपुर | ८५ |
| संक्रमणकालीन न्याय, कानून र आयोजना समापनसम्बन्धी विषयहरुमा अन्तरक्रिया कार्यक्रम सञ्चालन | | १०४ |
| द्वन्द्व पीडित व्यक्तिहरुको अवस्थासम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन | | ८७ |
| कानूनी सहायता प्रदायकहरुलाई क्षमता अभिवृद्धि तालिम | | ६४ |

- कानूनी सहायता कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न कानूनी सहायताको प्रभावकारिता सम्बन्धमा अदालत, सरकारी वकिल कार्यालय, कानून व्यवसायी, गैर सरकारी निकाय, सञ्चारकर्मी र कानूनी सहायतासँग सम्बन्धित अन्य सरोकारवालाहरुसँग अन्तरकृया गरी कानूनी सहायलाई ग्रामीणस्तरसम्म पुऱ्याइएको ।
- कानूनी सहायतासम्बन्धी क्रियाकलापहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्नको लागि एकीकृत कानूनी सहायता नीतिको प्रारम्भिक मस्यौदा तयार भएको ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्धको नीतिगत, कानूनी र संस्थागत व्यवस्थासम्बन्धी हाते पुस्तिका प्रकाशन र वितरण गरिएको ।
- निःशुल्क कानूनी सहायतासम्बन्धी सन्दर्भ सामग्री प्रकाशन र वितरण गरिएको ।
- संविधानले गरेका मूलभूत व्यवस्था र अन्य आधारभूत कानूनी व्यवस्था समेतको विषय समावेश गरी कानूनी शिक्षा सचेतना पुस्तिका परिमार्जनसहित पुनः प्रकाशन र वितरण गरिएको ।
- International Covenant on Civil and Political Rights को Optional Protocol अन्तर्गतको मानव अधिकार समितिमा नेपाल सरकार विरुद्ध दायर भएका Individual Complaints मा सो समितिका अभिमत (Views) लाई नेपाली भाषामा अनुवाद गर्ने जिम्मेवारी नेपाल सरकार मन्त्रिपरिषद्ले मन्त्रालयलाई दिएकोमा २ वटा अभिमतको अनुवादको कार्य सम्पन्न गरिएको ।

**ख. नेपाल कानून आयोग**

देहायका ६ वटा विधेयक तर्जुमा गरी आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको छः

क. झुठ्ठा अभिव्यक्ति निवारणका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

ख. संक्षिप्त कार्यविधि ऐनलाई संशोधन गर्न बनेको विधेयक,

ग. उपभोक्ता संरक्षणसम्बन्धी विधेयक,

घ. प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार व्यवस्थापनसम्बन्धी ऐनलाई संशोधन गर्न विधेयक,

ङ. खाद्य अधिकारसम्बन्धी विधेयक,

च. कारागारसम्बन्धी प्रचलित ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक,

**ग. न्याय सेवा तालिम केन्द्र**

आ.व. २०७३/७४ मा देहायका तालिमहरु सञ्चालन गरिएको छः

क. नेपाल न्याय सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुको पाँच हप्ते सेवाकालिन तालिम

ख. नेपाल न्याय सेवाका तथा अर्धन्यायिक निकायका राजपत्र अनंकित कर्मचारीहरुको पाँच हप्ते सेवाकालीन तालिम (केन्द्रमा र केन्द्र बाहिर)

ग. सार्वजनिक खरिदसम्बन्धी एक हप्ते तालिम

घ. नेपाल न्याय सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरुको तीन महिने सेवा प्रवेश तालिम

## ७. आ.व. २०७४/७५ को वजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको दोस्रो चौमासिक अवधिसम्मको प्रगति विवरण

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगतिको |
|---|---|---|
| २३ | संविधानले व्यवस्था गरेका मौलिक हकहरू कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ। | विषय पहिचान, अध्ययन तथा मस्यौदा तयारीका लागि प्रारम्भिक कार्य सम्पादन गरिएको छ। गोपनियताको हकसम्बन्धी मस्यौदा तयार गर्न नेपाल कानून आयोगमा पठाइएको छ।<br>• खाद्यसम्बन्धी हकको विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति दिइएको छ।<br>• शिक्षाको अधिकारसम्बन्धी विधेयकको लागि सैद्धान्तिक सहमति दिइएको छ।<br>• मौलिक हकसँग सम्बन्धित विषयगत मन्त्रालयलाई जिम्मेवारी तोकिएको छ।<br>• मुलुकी देवानी (संहिता) ऐन, २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ व्यवस्थापिका संसदबाट पारित भइ प्रमाणीकरण भइसकेको र उक्त ऐनहरु २०७५ साल भाद्र १ देखि लागू हुने। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगतिको |
|---|---|---|
| १८९ | मानव अधिकारका लागि नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिवद्धताहरु पूरा गरिनेछ। मानव अधिकारको प्रत्याभूतिका लागि सम्बन्धित सरकारी निकायहरुलाई सजग गराइनेछ। | नुवाकोट जिल्लामा ९७ जनाको सहभागितामा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, मूल्य मान्यता तथा Emerging issues का बारेमा सरकारी अधिकारीहरु तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ। रसुवा र कपिलवस्तु जिल्लामा ४ सय १२ जनाको सहभागितामा मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन सिफारिस कार्यान्वयनसम्बन्धी २ वटा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। |
| | | कपिलवस्तु, चितवन, मकवानपुर, धादिङ्ग, गोरखा, नवलपरासी र नुवाकोट जिल्लाहरुमा मानव अधिकार र मानवीय कानूनका सम्बन्धमा स्थानीय तह तथा शैक्षिक संस्थाहरुमा १४ वटा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको जसबाट २ हजार ३ सय ९७ जना लाभान्वित भएका छन्। |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गरिनेछ। आयोजना/कार्यक्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ। | विस्तृत क्रियाकलाप तथा कार्यक्रम सञ्चालन तालिका Calendar of Operation तयार भइ कार्यान्वयनका लागि स्वीकृत भएकोमा सो बमोजिम कार्यक्रम सञ्चालन भइरहेको छ। |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा अभिमुखीकरण तालिम प्रदान गरिनेछ। | अभिमुखीकरण तालिम सम्पन्न भएको |

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १६४२६० | १४०६२२ | ८५.६० |
| ३११०१२ | नेपाल कानून आयोग | ३०२९० | २४१४० | ७९.७० |
| ३११०१३ | न्याय सेवा तालिम केन्द्र | १९१२८ | १९११९ | ९९.९५ |
| | **जम्मा** | **२१३६७८** | **१८३८८१** | **८६.०५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७९०९ | ७१९९ | ९१.०२ |
| ३११०१२ | नेपाल कानून आयोग | १३३५ | ८३० | ६२.१७ |
| ३११०१३ | न्याय सेवा तालिम केन्द्र | १४४७ | १४४७ | १००.०० |
| | **जम्मा** | **१०६९१** | **९४७६** | **८८.६४** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | १४२,६२९ | ४६,५४९ | ३२.६४ |
| ३११०१२ | नेपाल कानून आयोग | ३६,०९७ | १७,०६७ | ४७.२८ |
| ३११०१३ | न्याय सेवा तालिम केन्द्र | ३२,४३९ | २२,१९१ | ६८.४१ |
| | **जम्मा** | **२११,१६५** | **८५,८०७** | **४०.६४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ३,७३५ | १,१३१ | ३०.२८ |
| ३११०१२ | नेपाल कानून आयोग | १,४२९ | ५२२ | ३६.५३ |
| ३११०१३ | न्याय सेवा तालिम केन्द्र | १,६२४ | १,५९६ | ९८.२८ |
| | **जम्मा** | **६,७८८** | **३,२४९** | **४७.८६** |

◆ ◆ ◆

# कृषि विकास मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा विक्रम सम्वत् १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो। यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं.१९९४ मा कृषि परिषद्को गठन भयो। वि.सं.२०३० सालमा खाद्य, कृषि तथा सिँचाइ मन्त्रालयका रुपमा रहेको यस मन्त्रालयको नाम आर्थिक वर्ष २०५५/५६ देखि कृषि तथा सहकारी मन्त्रालय हुँदै २०६९ जेष्ठ ५ मा कृषि विकास मन्त्रालयको रुपमा कायम रहेको छ ।

## २. दीर्घकालीन सोचः

निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु यस मन्त्रालयको दीर्घकालीन दृष्टिकोण रहेको छ।

## ३. लक्ष्यः

देशको आवश्यकता र सम्भाव्यताअनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवं दिगो आर्थिक वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुऱ्याउनु रहेको छ।

## ४. ध्येयः

- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने।
- व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने।
- प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने।

## ५. रणनीतिः

- कृषिजन्य उत्पादनको व्यवसायिकरण, विविधिकरण, गुणस्तर प्रवर्द्धन र ग्रामीण पूर्वाधारहरुको विकास र यान्त्रिकरण मार्फत् उत्पादन र उत्पादकत्व बढाई आय आर्जन र रोजगारीका अवसर वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गर्ने।
- उन्नत र गुणस्तरीय बीउ विजनको सुरक्षा, विषादीका असरहरुलाई न्यूनीकरण, कृषि बाली तथा मत्स्य बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने।
- कृषिजन्य उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर मापदण्ड निर्धारण तथा अभिवृद्धि गर्ने।
- कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषिजन्य उद्योगको विकासमा जोड दिने ।
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुहरुको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुनेगरी प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने।

- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरण मैत्री कृषि प्रविधिहरुको विकास एवं विस्तार गर्ने।
- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवालाई व्यवसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरुको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने।
- कृषि शिक्षा, अनुसन्धान र प्रसार बीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरुको विस्तारमा कृषि क्षेत्रमा कार्यरत् सम्पूर्ण सरकारी तथा गैह्र-सरकारी संस्थाहरु बीच अन्तर निकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयनलाई नतिजा उन्मुख बनाउने।
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क संकलन एवं विश्लेषण प्रणालीलाई समयानुसार आधुनिकिकरण गर्दै तथ्यमा आधारित (Evidence Based) कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने।
- प्रत्येक प्रदेशहरुको विभिन्न भू-परिस्थितिकीय (Agro-eco Zone) क्षेत्रमा उन्नत प्रविधिहरुको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधि गाउँ (Model Technology Village), कृषक पाठशाला (Farmers' Field School) र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायनुसार रहेका छन्ः

- कृषिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- खाद्यान्न, नगदे बाली (सजीवन तथा रबर प्लान्टसमेत), तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन;
- कृषि रसायन तथा माटोसम्बन्धी अनुसन्धान र प्रविधि विस्तार;
- कृषि इन्जिनियरिङ्ग र उन्नत कृषि औजारको अनुसन्धान, विकास तथा विस्तार;
- बाली संरक्षण, अनुसन्धान तथा सर्वेक्षण;
- कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम;
- कृषि नर्सरी तथा बीउ विजनको विकास;
- मत्स्यपालन जलचरसम्बन्धी अध्ययन, अनुसन्धान, विकास तथा बजार प्रवर्द्धन;
- माहुरीपालन तथा रेशम खेती;
- कृषि क्षेत्रको व्यावसायीकरण, औद्योगिकीकरण र कृषिजन्य वस्तुको बजार व्यवस्थापन तथा विस्तार;
- प्राङ्गारिक, जैविक तथा रासायनिक मल;
- खाद्य गुणस्तर निर्धारण, अनुसन्धान, नियन्त्रण तथा विस्तार;
- खाद्य तथा प्लान्ट क्वारेन्टाइन;
- कृषि क्षेत्रको बीउ, विजन, बिरूवा, माछा आदिको जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन;
- कृषि क्षेत्रसँगसम्बन्धीत विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण;

- खाद्य सुरक्षा;
- कृषि सूचना प्रणाली;
- कृषि वातावरण तथा विषादी व्यवस्थापन;
- प्राङ्गारिक खेती तथा प्राङ्गारिक प्रमाणीकरण;
- कृषिसम्बन्धी जैविक विविधता र जैविक प्रविधि (Bio-technology) को विकास तथा विस्तार;
- फसल तथा मत्स्य बीमा;
- कृषि वस्तु, सेवा र प्रविधिको सम्वद्धता, स्तरीकरण तथा प्रमाणीकरण;
- कृषिसम्बन्धी प्रयोगशालाको सम्वद्धतासम्बन्धी विषय;
- खाद्यान्नबाली र अत्यावश्यक वस्तुहरुको उत्पादन तथा बजार व्यवस्थापन;
- संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि सङ्गठन, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष तथा अन्तर्राष्ट्रिय कृषि संस्था;
- कृषि फार्म तथा कृषि केन्द्र;
- कृषिसम्बन्धी संस्थान, समिति तथा कम्पनी;
- नेपाल कृषि सेवाको सञ्चालन।

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरुबाट कार्यान्वियन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. १ करोडसम्म र उपमहानगरपालिका तथा महानगरपालिकाभित्रको रू. २ करोडसम्म बजेट भएका आयोजनाहरुसम्बन्धीत विषयगत मन्त्रालयहरुले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकमसहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छु। | यस मन्त्रालयलाई प्राप्त भएको कुल बजेट ३० अर्ब ५८ करोड ३० लाख मध्ये एक गाउँ विकास समिति एक कृषि प्राविधिक कार्यक्रममा खटिएका प्राविधिकहरुको तलब सशर्त अनुदानमा रू. ४१,०८,८०.०० र बाँकी रकम रू. ४,७१,५०,८८.०० हजार विभिन्न ११ बजेट उपशीर्षकहरुअनुसारका कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्ने गरी जम्मा रू. ५,१२,५९,६८.०० हजार (१६.७६%) मात्र स्थानीय तहहरुमा अख्तियारी दिन अर्थ मन्त्रालयमा पठाइसकिएको। |
| | | एक गाउँ एक प्राविधिक अन्तर्गत १ हजार ३ सय २० जना र हाल स्थानीय तहमा खटाइएका कर्मचारीहरु ७ सय ५३ गरी जम्मा २ हजार ७३ जवान कृषि प्राविधिक स्थानीय तहमा खटीएका छन। प्रदेश तहमा खटाउन १ सय २ जना कर्मचारी सिफारिस गरी सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। |
| ३५ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट तथा ब्लक विकास कार्यक्रम, बाली तथा उत्पादन | जम्मा ३ हजार ३ सय ४१ पकेट र २ सय ७८ ब्लक कार्यक्रम सञ्चालनका लागि कार्यक्रम र बजेट श्रावण मसान्तमा नै हस्तान्तरण भइसकेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | विशेषका क्रियाकलापहरु, कृषि बजारको पूर्वाधार निर्माण सुधार सहयोग कार्यक्रम र मत्स्य विकास कार्यक्रमहरु, एक वडा एक कृषि र पशु विकास प्राविधिक कार्यक्रम, साना सिँचाइ, कृषि प्रसार सेवा कार्यक्रमहरु र कृषि आय आर्जनका लक्षित कार्यक्रमहरु स्थानीय तहमा हस्तान्तरण गरेको छु । | तोकिएबमोजिमका कार्यक्रमहरुको सञ्चालनका लागि विभिन्न बजेट उपशिर्षकहरुमा रू. ५,१२,५९,६८,०००/- बजेट हस्तान्तरण भइसकेको। |
| ६४ | मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाइ नेपालीको प्रमुख पेशाको रूपमा रहेको कृषिको व्यवसायिकरण र आधुनिकीकरण बिना हाम्रो अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ। त्यसैले कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन वृद्धि गर्ने गरी आगामी आर्थिक वर्षमा कृषि क्षेत्रतर्फका कार्यक्रमहरुलाई थप परिष्कृत गर्दै निरन्तरता दिएको छु। कृषि क्षेत्रको एकीकृत विकास गर्न कृषि विकास रणनीतिले पहिचान गरेका कार्यक्रमहरुलाई प्राथमिकता दिएको छु। कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकूलित बनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गरिनेछ। | तोकिएका Flagship manager हरुको नेतृत्वमा कार्यक्रम सञ्चालन हुने गरी मन्त्रालय मातहतका निकायहरुमा जम्मा रू.१४०४५.० बजेट पठाइसकिएको |
| | | •नेपाल कृषि अनुसन्धान परिषदको श्रोत बीउ उत्पादन ९०७ मे.टन लक्ष्य रहेकोमा धानको ७३.०५ मे.ट., मकैको २७.८१ मे.ट., अन्य खाधान्न (जौ, कोदो, फापर) २.५३ मे.ट., आलुको २३.६ मे.ट., दलहनको ०.९३ मे.ट., उखुको १४४.३९ मे.ट., तरकारीको ०.८८ मे.ट., अदुवा २.०२, बेसार १.८४ मे.ट., अन्य ०.३३ गरी जम्मा २७७.३८ मे.ट. स्रोत बीउ उत्पादन भएको।<br>• प्रिवेसिक आलु बीउ उत्पादन लक्ष्य २ लाख दाना रहेकोमा ७३ हजार ४ सय १ दाना उत्पादन भएको। वर्णशंकर जातहरु पञ्जीकरणका लागि अनुसन्धान भइरहेको (धान-७, मकै-२)<br>• उच्च पहाडको लागि सिमिको २ जात पँजीकरणको लागि सिमिको तथ्याङ्क विश्लेषण भइरहेको।<br>• खोकु सुन्तला र तेह्रथुम स्थानीय कागतीको १-१ जातको चारित्रिकीकरण भइरहेको।<br>• खाद्यान्न, फलफूल, घाँसे बालीमा कार्बन उत्सर्जन र स्थीतिकरणको परिमाण पत्ता लगाउँनका लागि अनुसन्धान भइरहेको।<br>• गहुँको डढुवा रोगको व्यवस्थापन गर्नको लागि विभिन्न वनस्पतिको पातको झोलद्वारा नियन्त्रण गर्ने १ प्रविधि विकास गर्न अनुसन्धान भइरहेको।<br>• चिनो, कागुनो, लट्टे र जई को भौतिक, रासायनिक तथा पौष्टिक गुणहरु पहिचान गर्न चिनो र कागुनोको नमुना संकलन भएको। |
| | | कृषि उत्पादनका श्रोत सामग्री व्यवस्थापनदेखि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | बजारीकरण तथा प्रशोधनसम्मका मूल्य अभिवृद्धिका श्रृंखलाका चरणहरु सबैमा सहजीकरण गर्ने गरी कृषि आधुनिकिकरणको लागि सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पुराना र नयाँ गरी ३ हजार ३ सय ४१ पकेट, २ सय ७८ ब्लक ३९ जोन र १० सुपरजोनहरुमा विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा रहेका। |
| | | कृषक वर्गीकरणको मापदण्ड पुनरावलोकन तथा कृषक परिचय पत्र वितरणसम्बन्धी कार्यविधिको मस्यौदा तयारीको लागि परामर्श दाता मार्फत कार्य गराउन पूर्ण परामर्श दाता छनौट तथा सम्झौता भइ निर्माण प्रकृयामा रहेको। |
| ६५ | स्थान विशेषको तुलनात्मक र प्रतिस्पर्धी लाभको उत्पादन पहिचान गरी उत्पादनका साधनहरुको समुचित वितरणको माध्यमबाट कृषि उत्पादन वृद्धि गरिनेछ। स्थानीय बालीहरुको संरक्षण र विकासमा विशेष कार्यक्रम ल्याइनेछ। प्राविधिक तथा वित्तीय उत्प्रेरणाका साथै सबै प्रकारका कृषि सामग्री समयमै सुलभ रूपले कृषकसमक्ष पुग्ने व्यवस्था गरिनेछ। उपयुक्त मूल्य श्रृंखला स्थापित गर्दै कृषकले आफ्नो उत्पादनको उचित मूल्य र बजारमा पहुँच पाउने सुनिश्चित गर्न बिचौलियाको उपस्थितिलाई निरुत्साहित गरिनेछ। प्रादेशिक सन्तुलन कायम गर्ने गरी सरकारी, निजी र सहकारी क्षेत्रबाट ठूला शीतघर तथा भण्डारण केन्द्रहरुको निर्माण गरिनेछ। मध्यपहाडी लोकमार्ग र उत्तर-दक्षिण लोकमार्गको नजिक कृषि उपज बजारको पूर्वाधार निर्माण गरी कृषकहरुको बजार पहुँच वृद्धि गरिनेछ। निश्चित दूरीमा कृषि उपज केन्द्र तथा नर्सरीहरु स्थापना गर्नुका साथै खेतीस्थलदेखि बजारसम्म कृषि सडकहरुको विस्तार गरी कृषकहरुको बजार पहुँच लागत र कारोबार लागत घटाउने नीति लिइनेछ। आवश्यकताअनुसार उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिनेछ। प्राङ्गारिक खेतीको विस्तार गरी नेपाली कृषि उत्पादनलाई विश्व बजारमा निर्यात गर्न ब्राण्डिङ गरिनेछ। | हालसम्म जम्मा ५ सय ९ वटा उपआयोजनाहरुसँग अनुदान सहयोगको लागि सम्झौता भएको। यी उपआयोजनाहरुलाई अनुदान सहयोगका लागि यस आ.व.मा रू. ७७ करोड विनियोजन भएकोमा हालसम्म रू. २८ करोड ४२ लाख ७९ हजार अनुदान रकम उपलब्ध गराइएको। |
| | | • खाद्यान्न एवं तरकारीको बीउ उत्पादनमा संलग्न कृषक समूह सहकारीहरुलाई Matching Grant Scheme मार्फत अनुदान सहयोग गराउने कार्यक्रममा १ सय २० वटा लक्ष्य रहेकोमा ३८ कृषक समूह सहकारीसँग अनुदानका लागि सम्झौता भएको र हालसम्म २० वटालाई १ करोड ४ लाख भुक्तानी भएको।<br>• खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादन प्रशोधनमा संलग्न Seed company/seed traders/Agri business लाई Competitive Grant Scheme मार्फत ४ वटा Seed company लाई रू. १ करोड ७० लाख भुक्तानी भएको।<br>• एग्रोभेटहरुलाई Supply Chain Management मा आधारित कार्यक्रममा अनुदान सहयोग (Matching Grant Scheme-MGS) ७ वटा सम्झौता भएको र ४ वटा एग्रोभेटहरुलाई अनुदान सहयोग गरिएको।<br>• कृषक समूह तथा सहकारीहरुलाई साना अनुदान (खाद्यान्न तथा तरकारी बीउ उत्पादन) कार्यक्रम अन्तर्गत प्राप्त प्रस्तावना मूल्याङ्कन भइ ४८ वटा उपआयोजनाहरु छनौट भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | हालसम्म २ सय १० वटा संस्थाहरुलाइ रू. ४ करोड ९९ लाख ११ हजार अनुदान किस्ता उपलव्ध गराइएको । |
| | | जग्गा सम्याउने र पर्खाल लगाउने कार्य सम्पन्न भएको। वोलपत्र आव्हान भएको। मेशिनहरु आयातको लागि प्रक्रिया अगाडि बढाइएको। |
| | | वहुवर्षिय आयोजनाअनुसार हालसम्म ९५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। ब्लक बिछ्याउने कार्य भइरहेको र हाल यो कार्य अन्तिम चरणमा रहेको। |
| | | चालु आ.ब.को लागि मोटा धानको रू. २२४७.३७ र मध्यम धानको रू. २४३८.६४ प्रति क्वीन्टल सिफारिस गरी प्रस्ताव २०७४/३/२३ मा आपूर्ति मन्त्रालयमा पठाएको। कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालयको मिति २०७४/७/२६ को प्राप्त पत्रानुसार चालु आ.व. २०७४/०७५ को लागि उखुको औषत लागत मूल्य (मुख्य वाली र राटून वाली) रू. ३४७ प्रति क्विन्टल अनुमान गरी न्युनतम समर्थन मूल्य सिफारिसको लागि प्रक्रिया अगाडि बढाइएको। कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालयको मिति २०७४/९/२ को पत्र साथ प्राप्त गहुँको न्युनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन व्यवस्थासम्बन्धी प्रस्ताव उपर मिति २०७४/९/१६ को न्युनतम समर्थन मूल्य निर्धारण उच्च स्तरीय सिफारिस समितिको निर्णयानुसार चालु आ.व. ०७४/०७५ को लागि गहुँको न्युनतम समर्थन मूल्य रू. २५७१.७५ प्रति क्विन्टल निर्धारण हुन सिफारिस गरिएको (हाल नेपाल सरकार (मा. मन्त्रिस्तरीय) निर्णयानुसार आवश्यक प्रक्रियाको लागि आपूर्ति मन्त्रालयलाई पत्राचार गरिएको ) |
| | | यस आ.व.मा नेपाल अर्गानिक प्रोडक्टस प्रा.लि.काठमाडौंलाई रू. १ लाख ८० हजार र हिमालय साङ्ग्रिला टि स्टेटलाई रू. १ लाख ३९ हजार ५०० ब्याज अनुदान उपलब्ध गराइएको। |
| ६६ | सामुहिक खेती र करार खेतीको अवधारणालाई कार्यरुपमा उतार्न तत्काल यससम्बन्धी नीति तयार | कृषि व्यवसाय प्रवर्द्धन ऐनको मस्यौदा तर्जुमाको प्रकृयामा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | गरी कार्यान्वयनमा ल्याइनेछ। सामुहिक खेती गर्ने कृषकहरुलाई एकीकृत रुपमा प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। प्रादेशिक सन्तुलन कायम हुने गरी सरकारी, निजी र सहकारी क्षेत्रबाट शीतघर तथा भण्डारण केन्द्रहरुको निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | कृषि स्नातक इन्टर्न करारमा लिनका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग सम्झौता भएको र १ सय ५७ जना इन्टर्नहरुसम्बन्धीत ब्लक, जोन तथा सुपरजोनहरुमा खटिएका। |
| | | कोल्ड स्टोर निर्माणका लागि आवश्यक कार्यविधि स्वीकृत भइ निजी कम्पनीहरुबाट प्रस्ताव माग भएको । |
| ६७ | जमीनको क्षेत्रफल र स्वामित्वका आधारमा किसानको वर्गीकरण गरी योगदानमा आधारित किसान निवृत्तिभरण उपलब्ध गराउन अध्ययन गरिनेछ। यसका आधारमा कृषि श्रमिकहरुलाई क्रमशः सामाजिक सुरक्षा कार्यक्रममा सहभागी गराइनेछ। युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कृषि र पशुपालनलाई व्यवसायिकता उन्मुख गराइनेछ। कृषि र पशु बीमाका लागि दिइंदै आएको प्रिमियम अनुदानलाई कायमै राखेको छु। कृषि सहकारीहरुको क्षमता वृद्धि गरी यस्तो बीमा सहकारीमार्फत् पनि गर्न सकिने व्यवस्था गरिनेछ। हाल उपलब्ध बीमा सेवाहरुलाई एकीकृत गरी कृषि बीमा सेवा देशभर विस्तार गरिनेछ। | कृषक वर्गीकरणको मापदण्ड पुनरावलोकन तथा कृषक परिचय पत्र वितरणसम्बन्धी कार्यविधिको मस्यौदा तयारीको लागि परामर्श दाता मार्फत कार्य गराउन पूर्ण परामर्श दाता छनौट तथा सम्झौता भइ निर्माण प्रकृयामा रहेको। |
| | | विमा समितिले मिति २०७४/८/१८ को पत्रानुसार माग भएको रकम रकम रू. १६३६२१४८.४४ गत आ.व. ०७३/०७४ को वक्यौता भएको हुनाले चालु आ.व.को स्वीकृत कार्यक्रमअनुसार उक्त वक्यौता रकम भुक्तानी गर्न नमिल्ने भएकोले उक्त कार्यक्रम संशोधन गरी गत आ.व. को वक्यौता समेत भुक्तानी गर्ने गरी कार्यक्रम संसोधनको प्रकृया अगाडि बढाइएको। |
| ६९ | कृषि तथा पशुपंक्षी कर्जाको ब्याजमा ५ प्रतिशत अनुदानको व्यवस्थालाई निरन्तरता दिएको छु। रासायनिक मल र उन्नत बीऊमा दिइंदै आएको अनुदान लगायत अन्य सबै अनुदान तथा सुविधा कायमै राखेको छु। कृषिका लागि उपलब्ध गराइने सबै प्रकारको अनुदान कृषककै बैंक खातामार्फत् उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ। | नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरणअनुसार व्यवसायिक कृषि तथा पशुपंक्षी कर्जामा प्रदान गरिने व्याज अनुदानसम्बन्धी कार्यविधि, २०७३ अनुसार कृषि कर्जाको व्याजमा ५ प्रतिशत अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत आ.व २०७३/७४ को असार मसान्तसम्म रु ६ अर्ब २३ करोड र चालु आ.व २०७४/७५ को असार मसान्तसम्म रु ६ अर्ब २५ करोड र पुस मसान्तसम्म ६ अर्ब २७ करोड कृषि कर्जा बापत ऋण प्रवाह भएको। |
| | | हालसम्ममा कृषि सामग्री कम्पनी लिमिटेड मार्फत ११७४०७.२०० र साल्ट ट्रेडिङ्ग कर्पोरेसन मार्फत ८६४१९.२०० मे.टन गरी जम्मा २०३८२६.४०० मे.टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको । हालसम्म २१३८ मे.ट. गहुँ, ७०० मे.टन मकै, १५ मे.ट. मसुरो, ३ मे.ट. तोरी र ४०० के.जी कराउको उन्नत बीउ वितरण भएको। चैत धान वितरणका लागि १५ जिल्लामा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | टेन्डर आव्हान भएको। |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा रसम्बन्धीत मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गरिनेछ। आयोजना/कार्यक्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ। | तोकिएबमोजिमको विवरणहरु वेबसाइट मार्फत सार्वजनिक गरिएको । आयोजनाहरुको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्त भित्र पेश गर्ने निर्देशन दिइएको र स्वीकृतिका लागि पेश भएको। |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरु तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ। नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु स्थापना गरिसकिनेछ। कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दीहरु साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ। | सबै आयोजनाहरुको दरबन्दी स्वीकृत गरी कर्मचारी खटाउने कार्य भइसकेको। |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाइनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ। | आयोजना प्रमुखसँग कार्य विवरणसहित कार्य सम्पादन करार गर्ने कार्य सम्पन्न भएको ।<br>आयोजनामा कार्यरत अन्य कर्मचारीहरुसँग पनि कार्य सम्पादन करार भइसकेको।<br>तोकिएबमोजिम गर्न गराउन मातहका निकायहरुमा निर्देशन दिइएको। |
| २१० | विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौताअनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुगत आधारमा कार्यसम्पादनस्तर मापन गरिनेछ। निश्चित अङ्कभन्दा बढी अङ्क प्राप्त गरेमा निजामती सेवा ऐनअनुसार पुरस्कृत गरिनेछ। | विभागीय प्रमुख र आयोजना प्रमुखसँग कार्य सञ्चालन सम्झौता गरिएको । |
| २११ | तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई | तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराइनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र तोकिएको समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारवाही गरिनेछ। | गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था कायमै रहेको।<br>तोकिएको गुणस्तर कायम नगर्ने र तोकिएको समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारवाही गर्ने व्यवस्था गरिएको र सो बमोजिम गर्न निर्देशन समेत दिइएको। |
| २१२ | कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गरिनेछ। बिल पेश भएको मितिले पन्ध्र दिनभित्र बिल स्वीकृत गरी भुक्तानी दिइनेछ। | कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बील तयार गर्ने र बील पेश भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी गर्ने व्यवस्था मिलाइएको। |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्रसम्बन्धीत आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ। प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदनसम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ। | चालु आ.व.को असोज मसान्तसम्ममा विभिन्न १२ वटा आयोजनाहरुको सोधभर्ना लिनुपर्ने रकम रू. ७ अर्ब ५७ करोड ७८ लाख ९६ हजार ७ मध्ये हालसम्म रू. ७ अर्ब ५६ करोड ५५ लाख ८४ हजार ९७२ को सोधभर्ना भएको र रू. १ करोड २३ लाख ११ हजार ३४ शोधभर्ना लिन बाँकी रहेको। |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको चौधौं आव्हान अन्तर्गत ३२ वटा अवधारणापत्रहरु छनौट भइ पूर्ण आयोजना प्रस्ताव माग भएको, कृषि विज्ञान विषयमा स्नातकोत्तर तथा विद्याविरिधि तहमा शोधकार्य गर्ने विद्यार्थीहरुको छनौट भएको र अनुसन्धानबाट प्राप्त नतिजाहरुबाट कृषकहरु लाभान्वित हुनुका साथै शोधपत्रले भविष्यमा सञ्चालन हुने अनुसन्धानकार्यलाई थप सहयोग पुग्ने, (६ वटा शोधपत्रहरु सम्पन्न भएका)। आ.व. २०७४/७५ मा कोषको आर्थिक अनुदानबाट अनुमानित २२००० कृषकहरु तालिम, अध्ययन भ्रमण, उन्नत बीउ कीट, सामाग्री सहयोग, प्रविधि प्रदर्शन लगायतका विभिन्न कृषि प्रसार कार्यक्रमबाट लाभान्वित भएका छन्।
- साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना अन्तर्गत मागमा आधारित उच्च मूल्य जाने बस्तु उत्पादन, बजार प्रवर्द्धन र पोष्ट हार्भेष्ट गरी १ सय ६६ वटा कार्यक्रम सञ्चालन गर्न नेपाल राष्ट्र बैंक मार्फत अनुदान उपलब्ध गराइएको (उच्च मूल्य जाने वस्तुमा ७४९८.९९ हेक्टर थप क्षेत्रफल विस्तार, उच्च मूल्य वाली उत्पादन - ७६२५७.४७ टन, आम्दानी वृद्धि - समूह, सहकारीका सदस्यः नेरु ७८,६५४ प्रति घरपरिवार र कृषि उद्यमी, व्यवसायी नेरु ११,६५,५८४ प्रति घरपरिवार, लाभान्वित मध्ये ५८ प्रतिशत महिला लाभान्वित, १७०५३ मौरी घार वितरण, ४०३५ हे क्षेत्रफल सिँचित, ३५९ पावर टेलर, ३१७०५ प्लाष्टिक क्रेट, २०६१ स्प्रेयर टंकी, ३२५५ हजारी, ४७४५ प्लाष्टिक हाउस निर्माण, ल्याब ७, प्रशोधन भवन ८७,८५,३० मे टनको गोदाम घर , १५६३५ मे

टनको १२ शीत गृह र ११७ संकलन केन्द्र निर्माणाधिन), सोकेसिगं प्रवर्द्धन तालिम, उद्यमशिलता रोजगारी मूलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन भएको।

- बागवानी विकास कार्यक्रमबाट यस अष्टमासिक अवधिमा फलफूलको विरुवाहरु १६५.१७३ हजार वटा विक्री वितरण भएको छ । साथै, विभिन्न फलफूलहरुका ३५६.५६ हजार वटा विरुवा तथा ६०९.४ हजार वटा फलफूलका रुटस्टक विरुवा १२ वटा फर्म केन्द्रहरुमा उत्पादन भएको छ । विभिन्न जातको तरकारीको विउको १४३१.५ के.जी. उत्पादन भइ विक्री वितरण भएको छ । व्यवसायिक तरकारी खेतीको लागि आवश्यक पर्ने तरकारी वेर्ना २०४११.८ हजार वेर्ना उत्पादन गरि यस अवधिमा कृषकहरुको आवश्यकतावमोजिम विक्री वितरण गरिएको छ । आलंकारिक विरुवा ४०.९१३ हजार वटा विक्री वितरण भइसकेको छ । स्थलगत घुम्ती तालिम ३३, अगुवा कृषक तालिम १५, तथा स्कूल हर्टीकल्चर १४ वटा भएको छ । यस अवधिमा विभिन्न फार्मबाट रू.१७५५६.८४५ हजार गैर कर राजश्व संकलन गरिएको छ।
- आलु तरकारी तथा मसला विकास कार्यक्रम मार्फत विभिन्न तरकारी वालीको १५७५ के.जी. मूल तथा उन्नत वीउ उत्पादन भए फर्म/केन्द्रहरुबाट ४२२.९५ के.जी. विभिन्न तरकारीका उन्नत वीउहरु विक्री वितरण गरिएको ।१६ लाख ३७ हजार विभिन्न हिउदे तरकारीको विरुवा विक्री वितरण भएको ।२४.३९ मे.टन विभिन्न ताजा तरकारी विक्री वितरण गरिएको ।१९ पटक कृषक समूहमा स्थलगत घुम्ती तालिम र ७ पटक स्कूल अफ हर्टीकल्चर तालिम र ३ पटक अगुवा कृषक तालिम सञ्चालन भएको।३७ पटक तरकारी आलु तथा मसला पकेट क्षेत्रमा कृषकहरुमा प्राविधिक सेवा प्रदान गरिएको ।५.३ मे.टन वीउ आलु उत्पादन, १८ के.जी. टि.पि.एस. र १००४ के.जी. कन्दमूल प्रसारण सामाग्री विक्री वितरण भएको ।
- मत्स्य विकास कार्यक्रम कार्यान्वयनबाट यस अवधिमाः ह्याचलिङ ७ करोड ६८ लाख २५ हजार, फ्राइ ५३ लाख ८ सय ९० वटा, फिङगरलिङ्ग ६७ लाख १७ हजार ३ सय र सौन्दर्य माछा २६ हजार ९७ वटा उत्पादन भइ कुल ९० लाख ८९ हजार ८ सय ४० वटा (फ्राईमा रुपान्तरित गर्दा) फ्राई विक्री वितरण भएको छ । यसैगरी १ हजार ५ सय ८० जना मत्स्य कृषकहरुलाई विभिन्न प्रकारका मत्स्य तालिम दिइएको।
- खाद्यपोषण तथा प्रविधि कार्यक्रम तर्फ १ हजार ७८ पटक बजार निरीक्षण गरी खाद्य वस्तुका ७ सय ८८ वटा नमूना संकलन, खाद्य तथा दाना उद्योगको उत्पादन स्वच्छता सम्बन्धमा ५५ वटा मुद्दा दायर, २ हजार ९ सय ९५ खाद्य वस्तुका नमूनाहरुको प्रयोगशाला परीक्षण, क्षेत्रीय खाद्य क्वारेन्टाईन प्रयोगशालाहरुबाट आयात निर्यात प्रमाणिकरणको लागि खाद्य वस्तुका १५ हजार ५ सय ५२ नमूना जाँच परीक्षण भएको, २ सय जना सम्भाब्य उद्यमी/ व्यवसायीहरुलाई खाद्य प्रशोधनसम्बन्धी तालिम दिएको, विद्यालय शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका लगायत ४० जनालाई पोषणसम्बन्धी तालिम प्रदान गरिएको, खाद्य प्रविधि विकासका लागि विभिन्न स्तरमा ७ वटा ट्रायल परीक्षण तथा अध्ययन गरिएको, सञ्चालित कार्यक्रमबाट उपभोक्ता वर्गमा खाद्य स्वच्छता र पोषणको ज्ञान विस्तार भएको, १४ पटक होटल स्तरिकरण लोगो वितरण गरिएको।
- बाली संरक्षण कार्यक्रमबाट ४ हजार ८ सय ९ वटा विरुवा स्वस्थता प्रमाणपत्र तथा २२ हजार ३ सय २२ वटा आयात इजाजत प्रमाणपत्र वितरण भइ आयात निर्यात सहजिकरण भएको । ३ सय

९० वटा विषादी पञ्जीकरण भएको, ६ सय ५६ जनालाई खुद्रा विषादी विक्रेता इजाजत पत्र वितरण, ५ सय ५२ वटा खुद्रा विषादी विक्रेता इजाजत पत्र नवीकरण भएको, ५ सय २५ तरकारी तथा फलफुलका नमुनामा विषादि अवशेष परिक्षण गरिएको।

- समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रमका माध्यमबाट उप-आयोजना क्षेत्रमा बाली उत्पादन ३०% बढाउने लक्ष भएकोमा २०.२% ले बढेको, विउ प्रतिस्थापन दर १३% पुऱ्याउने लक्ष्य रहेकोमा १२.८ % प्रगति हासिल भएको ।
- कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम अन्तर्गत विश्व खाद्य दिवस सम्पन्न भइ ९६ जना कृषक पुरस्कृत भएका, बुटवलमा एघारौं राष्ट्रिय प्रांगारिक मेला सञ्चालन भइ १८ हजार ७ सय ९५ अवलोकनकर्ताले अवलोकन गर्नुका साथै रु २६ लाख ७५ हजार बराबरको आर्थिक कारोबार भएको। सार्वजनिक नीजि साझेदारीमा ८ वटा राष्ट्रिय, क्षेत्रीय तथा विशेष कृषि मेलाहरु सम्पन्न भएको।
- एकीकृत जलश्रोत व्यवस्थापन आयोजना कार्यान्वयनसँगै २१४ हे मा वीज वृद्धि, १ सय २१ वटा भकारो सुधार कार्यक्रम, ६३ वटा युवा लक्षित कार्यक्रम र ४३ वटा विपन्न समुदायमा लक्षित आय आर्जन कार्यक्रम सम्पन्न भइ कृषकहरु लाभान्वित भएको ।
- रानी जमरा कुलेरिया सिँचाइ आयोजना (कृषि) तर्फ १०० हेक्टरमा गहुँको वीज वृद्धि कार्यक्रम सञ्चालन भएकोमा ४०० मे. ट. वीउ उत्पादन हुने अनुमान गरिएको, ६ हे. मा तरकारीको ब्लक प्रदर्शन सञ्चालन गरिएको जसबाट १२० मेट ताजा तरकारी उत्पादन हुने अनुमान गरिएको, १० हे. मा आलुको वीउ उत्पादन कार्यक्रम सञ्चालन गरिएको जसबाट ७९ मेट आलु वीउ उत्पादन भएको।
- कृषि तथा खाद्य सुरक्षा आयोजनाबाट ५ सय ३२ वटा वाली उत्पादन कृषक पाठशाला समापन भई उन्नत प्रविधि प्रसारमा सहयोग पुगेको, ७ सय ५६ वटा मुख्य खाद्यान्न वाली र पोषणयुक्त वालीको प्रदर्शन समापन भई प्रविधि अवलम्वनमा सहयोग पुगेको, २ सय २८ वटा समूहमा गाँउस्तर नमुना बगैचा स्थापना गरी पोषणसम्बन्धी ज्ञान प्रसारमा सहयोग पुगेको, ७२ वटा समूहमा बाख्रा उत्पादकत्व सुधार कार्यक्रम फलोअप गरी जम्मा ६ सय ६८ वटा समूहमा कार्यक्रम सञ्चालन गरिएको जसबाट बाख्राको उत्पादकत्वमा सुधार आउने, बाख्रा जिविकोपार्जन सुधारको लागि गठन भएका समूहहरुमा ४ सय ४० वटा क्रस वोका वितरण एवं वीउ उत्पादन कार्यक्रम ५ सय १५ हेक्टरमा सञ्चालन गरी मकैको ४८ मे. ट. वीउ उत्पादन गरिएको।

## ९. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११ | कृषि विकास मन्त्रालय | ८६७३७ | ७९२३२ | ९१.३५ |
| ३१२०१२ | कृषि विभाग | २९८४१९ | २६८४०४ | ८९.९४ |
| ३१२०१३ | क्षेत्रीय कृषि निर्देशनालयहरु | ६१८६९ | ६०५५३ | ९७.८७ |
| ३१२०१४ | पशु सेवा विभाग | ७० | ७० | १००.०० |
| ३१२०२० | कपास विकास समिति | २२१९७ | २१५६१ | ९७.१३ |
| ३१२०२१ | चिया, कफि तथा अलैंची विकास बोर्ड | १०९३७६ | १०९१८९ | ९९.८३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२१०१ | कृषि अनुसन्धान तथा विकास कोष | ९६११२ | ८९६५२ | ९३.२८ |
| ३१२१०२ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ६१०७७९ | २७६३२१ | ४५.२४ |
| ३१२१०३ | विशेष कृषि उत्पादन कार्यक्रम | ५१०३९१७ | ५०६०७८८ | ९९.१५ |
| ३१२१०४ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ६९९३३५ | ५५३१९२ | ७९.१० |
| ३१२१०५ | कृषि विकास आयोजना (जनकपुर) | २३७३७ | २१६५६ | ९१.२३ |
| ३१२१०६ | रेशम खेती विकास कार्यक्रम | ६५१२२ | ६२९२९ | ९६.६३ |
| ३१२१०७ | बागबानी विकास कार्यक्रम | ३७८३९६ | ३३६१६८ | ८८.८४ |
| ३१२१०८ | आलु,तरकारी तथा मसला विकास कार्यक्रम | १९३७८७ | १७४६७८ | ९०.१४ |
| ३१२१०९ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २९४६० | २७५४० | ९३.४८ |
| ३१२११० | मत्स्य विकास कार्यक्रम | २७५६५८ | २५८१२७ | ९३.६४ |
| ३१२१११ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १४७८५० | १४३०१० | ९६.७३ |
| ३१२११२ | बाली संरक्षण कार्यक्रम | १७१०४४ | १५३१८३ | ८९.५६ |
| ३१२११३ | व्यवसायीक कीट विकास | ५८१६९ | ५३०९० | ९१.२७ |
| ३१२११४ | वाली बिकास कार्यक्रम | ३०१०३२ | २५१२५४ | ८३.४६ |
| ३१२११५ | कृषि सूचना तथा संचार केन्द्र | ४९०६५ | ४५४३५ | ९२.६० |
| ३१२११६ | कृषि प्रसार तथा तालिम केन्द्र | १०३८२३ | ९४९९४ | ९१.५० |
| ३१२११७ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ४६८४७ | ४१४०१ | ८८.३७ |
| ३१२११८ | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | ६१०५८ | ५८४१२ | ९५.६७ |
| ३१२११९ | कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम | १२२८६६ | ९१७९९ | ७४.७१ |
| ३१२१२० | सहकारी खेती, साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | ३१०८८७ | २७४३३३ | ८८.२४ |
| ३१२१२२ | व्यवसायिक कृषि तथा व्यापार आयोजना | १७०२०४८ | ९९०८१६ | ५८.२१ |
| ३१२१२४ | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | १४१९६३ | १२५३४० | ८८.२९ |
| ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | १६६२०६० | १६५३५६४ | ९९.४९ |
| ३१२१४३ | चीनी तथा उखु बिकास समिति | ५३७६ | ४७९१ | ८९.१२ |
| ३१२१५३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ४०१६६० | ३२९३५४ | ८२.०० |
| ३१२१५४ | उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन सुधार आयोजना | ० | ० | ०.०० |
| ३१२१५६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना–प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ६४७९१ | ४३४९३ | ६७.१३ |
| ३१२१५७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | १२५१०६ | ८६५१० | ६९.१५ |
| ३१२१५८ | कृषि तथा खाद्य सुरक्षा आयोजना | १४८६०८८ | १३०२०४९ | ८७.६२ |
| ३१२१६० | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ११२१०४९ | ५६३५५९ | ५०.२७ |
| ३१२१६२ | नेपाल व्यापार एकीकृत रणनीति (कृषि कार्यक्रम) | १६७७८ | १५०८२ | ८९.८९ |
| ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ४४८५४३४ | २५९३५५८ | ५७.८२ |
| ३१२१६४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १२५८८० | ० | ०.०० |
| ३१२१६५ | नेपाल कृषि सेवा विकास कार्यक्रम | १३५५०५ | ० | ०.०० |
| ३१२८०१ | कर्णाली अन्चल कृषि विकास आयोजना | ३१७६७ | ३१५०१ | ९९.१६ |
| ३१२८०२ | कृषि प्रसार कार्यक्रम | २५०५८७३ | २३८५२४६ | ९५.१९ |
| ३१२८०५ | घर बगैचा कार्यक्रम | ११४९९६ | २३४३३ | २०.३८ |
| | **जम्मा** | **२३५५३९८६** | **१८७५५२६७** | **७९.६३** |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११ | कृषि विकास मन्त्रालय | ४२७५ | ३२२८ | ७५.५१ |
| ३१२०१२ | कृषि विभाग | ४९६५० | ४८५६४ | ९७.८१ |
| ३१२०१३ | क्षेत्रीय कृषि निर्देशनालयहरु | ८९५० | ८९१६ | ९९.६२ |
| ३१२०२१ | चिया, कफि तथा अलैंची विकास बोर्ड | २५९५८ | २५९४४ | ९९.९५ |
| ३१२१०१ | कृषि अनुसन्धान तथा विकास कोष | ८९७ | ८९६ | ९९.८९ |
| ३१२१०२ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ५२०० | ५१६९ | ९९.४० |
| ३१२१०३ | विशेष कृषि उत्पादन कार्यक्रम | ० | ० | #DIV/0! |
| ३१२१०४ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ८००० | ७७८८ | ९७.३५ |
| ३१२१०५ | कृषि विकास आयोजना (जनकपुर) | ५२४०० | ४९७८४ | ९५.०१ |
| ३१२१०६ | रेशम खेती विकास कार्यक्रम | १०००० | ९८८४ | ९८.८४ |
| ३१२१०७ | बागबानी विकास कार्यक्रम | ५८७१२ | ४९८८५ | ८४.९७ |
| ३१२१०८ | आलु,तरकारी तथा मसला विकास कार्यक्रम | ४१०४६ | ३३३६६ | ८१.२९ |
| ३१२१०९ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २९६५ | २९६२ | ९९.९० |
| ३१२११० | मत्स्य विकास कार्यक्रम | २८६५० | २६४८५ | ९२.४४ |
| ३१२१११ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | १७३८०० | १७०८४२ | ९८.३० |
| ३१२११२ | बाली संरक्षण कार्यक्रम | ३०३३० | २८६७४ | ९४.५४ |
| ३१२११३ | व्यवसायीक कीट विकास | ७७०० | ७५४३ | ९७.९६ |
| ३१२११४ | वाली बिकास कार्यक्रम | २९७९३ | २९०८० | ९७.६१ |
| ३१२११५ | कृषि सूचना तथा संचार केन्द्र | ११८४७ | १०१४२ | ८५.६१ |
| ३१२११६ | कृषि प्रसार तथा तालिम केन्द्र | २७९४० | २१६८२ | ७७.६० |
| ३१२११७ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ११०६० | १०४६४ | ९४.६१ |
| ३१२११८ | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | १२५०० | १२२८२ | ९८.२६ |
| ३१२११९ | कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम | २०१८४ | १९९९५ | ९९.०६ |
| ३१२१२० | सहकारी खेती, साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | ३४६८०० | ३२९०९३ | ९४.८९ |
| ३१२१२२ | व्यवसायिक कृषि तथा व्यापार आयोजना | ४८०८०० | ३३०४४५ | ६८.७३ |
| ३१२१२४ | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | ४०००० | १०५८५ | २६.४६ |
| ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | ४३६६९७ | ३९९५१७ | ९१.४९ |
| ३१२१४३ | चीनी तथा उखु बिकास समिति | १००० | ९८२ | ९८.२० |
| ३१२१५३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ८२०० | ७३७९ | ८९.९९ |
| ३१२१५६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना–प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ३९०० | ३९०० | १००.०० |
| ३१२१५७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | ७८४७९ | ४२८६८ | ५४.६२ |
| ३१२१५८ | कृषि तथा खाद्य सुरक्षा आयोजना | १५५७६२ | १३८३२२ | ८८.८० |
| ३१२१६० | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | २४८१३७ | १३२७४५ | ५३.५० |
| ३१२१६२ | नेपाल व्यापार एकीकृत रणनीति (कृषि कार्यक्रम) | ७०० | ६९८ | ९९.७१ |
| ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ९४३९४२ | ७६१८८८ | ८०.७१ |
| ३१२१६४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १८००० | ० | ०.०० |
| ३१२१६५ | नेपाल कृषि सेवा विकास कार्यक्रम | १२१९० | ० | ०.०० |
| ३१२८०२ | कृषि प्रसार कार्यक्रम | २६३१७० | २५६२७३ | ९७.३८ |
| | **जम्मा** | **३६५९६३४** | **२९९८२७०** | **८१.९३** |

## १०.आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११ | कृषि विकास मन्त्रालय | १४०,२६२ | ५२,५४० | ३७.४६ |
| ३१२०१२ | कृषि विभाग | ७२,९३३ | ३३,४०९ | ४५.८१ |
| ३१२०१३ | क्षेत्रीय कृषि निर्देशनालयहरु | ८८,८५५ | ५३,९२८ | ६०.६९ |
| ३१२०२० | कपास विकास समिति | २५,१०९ | १६,१८९ | ६४.४७ |
| ३१२०२१ | चिया, कफि तथा अलैंची विकास बोर्ड | १०४,४०० | ५३,७५४ | ५१.४९ |
| ३१२०२२ | राष्ट्रिय किसान आयोग | ५४,१६९ | १६,८६१ | ३१.१३ |
| ३१२१०१ | कृषि अनुसन्धान तथा विकास कोष | १२६,४९३ | ६९,४५३ | ५४.९१ |
| ३१२१०२ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १,७४७,८६९ | ४०६,३५४ | २३.२५ |
| ३१२१०३ | विशेष कृषि उत्पादन कार्यक्रम | ३,८७८,६०५ | ३,७४९,२३९ | ९६.६६ |
| ३१२१०४ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ९४०,३१४ | ८९,९८८ | ९.५७ |
| ३१२१०५ | कृषि विकास आयोजना (जनकपुर) | २५,२६४ | १४,७८२ | ५८.५१ |
| ३१२१०६ | रेशम खेती विकास कार्यक्रम | ८७,१३९ | ५४,७१३ | ६२.७९ |
| ३१२१०७ | बागबानी विकास कार्यक्रम | ३०७,९७६ | १५२,१४७ | ४९.४० |
| ३१२१०८ | आलु,तरकारी तथा मसला विकास कार्यक्रम | २९३,१०० | ८७,३१५ | २९.७९ |
| ३१२१०९ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३४,३४५ | २०,५४२ | ५९.८१ |
| ३१२११० | मत्स्य विकास कार्यक्रम | २०३,६३७ | ११४,४७७ | ५६.२२ |
| ३१२१११ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | २२७,४२७ | ११७,३१८ | ५१.५८ |
| ३१२११२ | बाली संरक्षण कार्यक्रम | २४१,६०० | १०२,३९९ | ४२.३८ |
| ३१२११३ | व्यवसायीक कीट विकास | ६२,४४० | ३५,९७१ | ५७.६१ |
| ३१२११४ | वाली बिकास कार्यक्रम | ९२,४८३ | ५४,७१९ | ५९.१७ |
| ३१२११५ | कृषि सूचना तथा संचार केन्द्र | ५४,९६० | २४,६५० | ४४.८५ |
| ३१२११६ | कृषि प्रसार तथा तालिम केन्द्र | १३२,४३८ | ८०,८०७ | ६१.०१ |
| ३१२११७ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ६९,८३२ | ३९,२७२ | ५६.२४ |
| ३१२११८ | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | ७२,१७३ | ४१,६०२ | ५७.६४ |
| ३१२११९ | कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम | १२५,२५१ | ४४,२६८ | ३५.३४ |
| ३१२१२० | सहकारी खेती, साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | १५४,७३१ | २२,८६५ | १४.७८ |
| ३१२१२२ | व्यवसायिक कृषि तथा व्यापार आयोजना | १,७८०,८२५ | ५९६,२९२ | ३३.४८ |
| ३१२१२४ | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | ९६,४४५ | ४५,०७७ | ४६.७४ |
| ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | १,९४६,७७७ | १,२५९,५२७ | ६४.७० |
| ३१२१४३ | चीनी तथा उखु बिकास समिति | ८,१३१ | ५,६०४ | ६८.९२ |
| ३१२१५३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ३४८,१४७ | १५४,८३२ | ४४.४७ |
| ३१२१५६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना–प्रणाली | ३१,५०९ | १४,६६१ | ४६.५३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | आधुनिकिकरण कृषि कार्यक्रम | | | |
| ३१२१५७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | १२४,३८४ | ६२,००४ | ४९.८५ |
| ३१२१५८ | कृषि तथा खाद्य सुरक्षा आयोजना | १,२३७,७४८ | १,१४२,४७३ | ९२.३० |
| ३१२१६० | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ९८४,१४२ | ३३२,५२९ | ३३.७९ |
| ३१२१६२ | नेपाल व्यापार एकीकृत रणनीति (कृषि कार्यक्रम) | २३,७०१ | ११,०१४ | ४६.४७ |
| ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २,३०४,३८४ | ५२५,६९१ | २२.८१ |
| ३१२१६४ | नेपाल कृषि बजार विकास कार्यक्रम | २३२,६११ | ० | ०.०० |
| ३१२१६५ | नेपाल कृषि सेवा विकास कार्यक्रम | २६३,४०९ | ० | ०.०० |
| ३१२८०२ | कृषि प्रसार कार्यक्रम | १,६३०,२०५ | ९७६,१२२ | ५९.८८ |
| ३१२८०५ | घर बगैचा कार्यक्रम | ८७,६६४ | ७,३०१ | ८.३३ |
| | **जम्मा** | **२०,४६३,८८७** | **१०,६८२,६८९** | **५२.२०** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११ | कृषि विकास मन्त्रालय | ५,२६५ | १,९१५ | ३६.३७ |
| ३१२०१२ | कृषि विभाग | ६८,७६४ | १५,६६८ | २२.७९ |
| ३१२०१३ | क्षेत्रीय कृषि निर्देशनालयहरु | ६,५८१ | ४,२७५ | ६४.९६ |
| ३१२०२१ | चिया, कफि तथा अलैंची विकास बोर्ड | १८,५३० | १०,७४३ | ५७.९८ |
| ३१२०२२ | राष्ट्रिय किसान आयोग | ४७,३९८ | ४२,८७६ | ९०.४६ |
| ३१२१०१ | कृषि अनुसन्धान तथा विकास कोष | ८४० | ६१० | ७२.६२ |
| ३१२१०४ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | १,००० | - | ०.०० |
| ३१२१०५ | कृषि विकास आयोजना (जनकपुर) | २०६,०९५ | ५५,३६९ | २६.८७ |
| ३१२१०६ | रेशम खेती विकास कार्यक्रम | ३४,४५९ | २१,४३१ | ६२.१९ |
| ३१२१०७ | बागबानी विकास कार्यक्रम | १३४,०४९ | ३७,३६४ | २७.८७ |
| ३१२१०८ | आलु,तरकारी तथा मसला विकास कार्यक्रम | ४४,०७६ | १९,४९० | ४४.२२ |
| ३१२१०९ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ७,७५२ | २,२८६ | २९.४९ |
| ३१२११० | मत्स्य विकास कार्यक्रम | ३०,२६८ | १५,८१५ | ५२.२५ |
| ३१२१११ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ७७,२९० | ५१,६९३ | ६६.८८ |
| ३१२११२ | बाली संरक्षण कार्यक्रम | २३,५४३ | १८,३९७ | ७८.१४ |
| ३१२११३ | व्यवसायीक कीट विकास | ७,७०८ | ३,७८८ | ४९.१४ |
| ३१२११४ | वाली बिकास कार्यक्रम | १९,३२१ | ११,४३८ | ५९.२० |
| ३१२११५ | कृषि सूचना तथा संचार केन्द्र | ११,३८३ | ८१४ | ७.१५ |
| ३१२११६ | कृषि प्रसार तथा तालिम केन्द्र | २७,६०६ | १८,०४८ | ६५.३८ |
| ३१२११७ | समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र कार्यक्रम(कृषि) | ८,२०० | - | ०.०० |
| ३१२११८ | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम | १०,१५२ | ४,९८१ | ४९.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२११९ | कृषि व्यावसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम | ७,६९८ | ३,२७८ | ४२.५८ |
| ३१२१२० | सहकारी खेती, साना सिचांइ तथा मल बीउ ढुवानी कार्यक्रम | ९०० | - | ०.०० |
| ३१२१२२ | व्यवसायिक कृषि तथा व्यापार आयोजना | ६८३,००० | ९९,११३ | १४.५१ |
| ३१२१२४ | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | २५,६४५ | २३,४५८ | ९१.४७ |
| ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | ५०९,६३१ | १९४,९७२ | ३८.२६ |
| ३१२१४३ | चीनी तथा उखु बिकास समिति | १,०९६ | १,०६८ | ९७.४५ |
| ३१२१५३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ३,७२१ | १,३९२ | ३७.४१ |
| ३१२१५६ | रानी जमरा कुलरिया सिँचाइ आयोजना–प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ९०० | ८७४ | ९७.११ |
| ३१२१५७ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन तथा सूचना प्रणाली) | १०४,४५० | ८,८७९ | ८.५० |
| ३१२१५८ | कृषि तथा खाद्य सुरक्षा आयोजना | २८६,४३९ | २२४,२२१ | ७८.२८ |
| ३१२१६० | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | १३८,६७५ | २६,१८८ | १८.८८ |
| ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ९५४,४९४ | २५९,७९५ | २७.२२ |
| ३१२१६४ | नेपाल कृषि बजार विकास कार्यक्रम | ९९४ | - | ०.०० |
| ३१२१६५ | नेपाल कृषि सेवा विकास कार्यक्रम | १,२२० | - | ०.०० |
| ३१२८०२ | कृषि प्रसार कार्यक्रम | २८८,९०७ | १५३,८०८ | ५३.२४ |
| | **जम्मा** | **३,७९८,०५०** | **१,३३४,०४७** | **३५.१२** |

◆ ◆ ◆

# भूमिसुधार तथा व्यवस्था मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालमा वैदिककालदेखि नै भूमिलाई राज्यको अधीनमा राखी भूमिको उपभोग गर्नेले निश्चित कर राज्यलाई बुझाउनुपर्ने प्रचलन थियो । जग्गाको उपयोग गरेवापत मालपोत असुली गर्ने कार्य कहिलेदेखि भयो भन्ने यथार्थ अभिलेख आधिकारिक रूपमा नपाइएता पनि भूमिकर उठाउने कुरा ऋग्वेद र अथर्ववेदमा समेत उल्लेख भएको पाइन्छ। राजा राम शाहले जग्गा प्रशासनमा हले, पाटे, कोदाले, माटो मुरी, विजन, माना आदिको आधारमा जग्गाको इकाई तोकी लगत राख्ने व्यवस्था गरेका थिए भने राजा जयस्थिति मल्लले जग्गा नापजाँच गराउने र विर्ता जग्गा विक्री गर्न र बन्धक राख्न पाउने नियम बसालेका थिए।

वि.सं. १९१० मा मुलुकी ऐन लागू भएपछि मालपोत असुली, तहसिलका लागि कानूनीरूपमा जग्गा नापजाँच र जग्गाको लगत तयार पार्ने कार्यको सुरूवात भएको पाइन्छ।वि.सं. २०१५ देखि वि.सं. २०१७ सम्म मालपोत तथा भूमिकर र रजिष्ट्रेशनसम्बन्धी कार्य अर्थ मन्त्रालय अन्तर्गत रहेको देखिन्छ भने सरकारी तथा वन क्षेत्रको सर्भे र भूमिसुधारसम्बन्धी कार्य खाद्य, कृषि, नहर तथा वन मन्त्रालयले गरेको देखिन्छ। त्यसैगरी वि.सं. २०१७ देखि वि.सं. २०२१ सम्म मालपोत तथा भूमिकर, रजिष्ट्रेशन, गुठीहरू, सर्भे तथा नापी, विर्ता र भूमिसुधारसम्बन्धी कार्य अर्थ मन्त्रालय अन्तर्गत सम्पादन भएको पाइन्छ। वि.सं २०२१ देखि २०२४ सम्म भूमिसुधार मन्त्रालय अस्तित्वमा आएको देखिन्छ भने वि.सं. २०२४ देखि २०३८ सम्म भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालयको रूपमा परिवर्तन भएको देखिन्छ। वि.सं. २०४३ देखि मन्त्रालयको नाम परिवर्तन भई भूमिसुधार तथा व्यवस्था मन्त्रालयको रूपमा रही आएको छ ।

## २. दीर्घकालीन सोचः

भूमिको वैज्ञानिक व्यवस्थापन, सामाजिक न्यायमा आधारित भूस्वामित्व र विवेकशील उपयोगको सुनिश्चितता तथा भूमि व्यवस्थापन सुशासन प्रवर्द्धन गरी दिगो आर्थिक विकासमा योगदान पुऱ्याउने ।

## ३. उद्देश्यः

- भूमि तथा भूमि श्रोतको महत्तम उपयोगको वातावरण सिर्जना गर्ने ।
- भूमि प्रशासनसम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी एवं प्रभावकारी बनाउने ।
- विकास तथा पूर्वाधार निर्माणका लागि आवश्यक नापनक्सा सेवा तथा भौगोलिक सूचनाहरूको सर्वसुलभता बनाउने।

## ४. रणनीतिः

### ४.१ समष्टिगत लक्ष्य

- राष्ट्रिय भूमि नीति तर्जुमा गर्ने तथा राष्ट्रिय भू-उपयोग नीति, २०७२ कार्यान्वयन गर्ने ।
- सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा सम्वर्द्धन गर्ने ।

- वैज्ञानिक भूमिसुधारसम्बन्धी कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरबाट सञ्चालन गरी दिगो विकासमा योगदान पुऱ्याउने ।
- भूमि प्रशासनसम्बन्धी सेवा प्रवाह गर्ने निकायका जनशक्तिको क्षमता विकास तथा भौतिक अवस्थामा सुधार गर्ने।
- भूमि प्रशासन प्रणालीको विद्यमान प्रविधिमा रूपान्तरण गर्दै भू-सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने।
- गाउँब्लक क्षेत्र तथा द्वन्द्वबाट भूमि लगत क्षति भएका जिल्ला वा क्षेत्रको नापनक्सा सम्पन्न गर्ने।
- भौगोलिक सूचनाको सहज उपलब्धताका लागि पूर्वाधार एवं जनशक्तिको विकास गर्ने।

## ४.२ रणनीतिक लक्ष्य

- वैज्ञानिक भूमिसुधार कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी र समन्वयात्मक तवरमा सञ्चालन गरी आर्थिक समाजिक रूपले पछाडि परेका भूमिहिन वर्गको भूमिमा पहुँच बढाउने ।
- राष्ट्रिय भूमि नीति, भू-उपयोग नीति तथा योजनाको आधारमा उपलब्ध भूमिको समुचित उपयोग गरी खाद्य सुरक्षा, सुरक्षित आवास तथा सहरीकरण, दिगो पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद् जोखिम संवेदनशिलता निश्चित गर्ने।
- आधुनिक प्रविधिमा आधारित भू-अभिलेखको आधारमा पारदर्शी भूमि व्वयस्थापन प्रणाली स्थापना गरी सरल र सहज सेवा प्रवाह सुनिश्चित गर्ने ।

## ४.३ कार्य नीतिगत लक्ष्य

- जमिनको हदवन्दी पुनरावलोकन, मोही व्यवस्थापन, जमिनको स्वामित्वको व्यवस्थापन र जमिनमा विपन्न भूमिहिनहरूको पहुँच पुऱ्याउने।
- मुक्त कमैया तथा मुक्त हलिया पुनर्स्थापना कार्य सम्पन्न गर्ने।
- अनधिकृत, अनियन्त्रित तथा अव्यवस्थित बस्ती विकासमा रोक लगाउने र असुरक्षित वस्तीलाई सुरक्षित बसोबास हुने गरी वस्ती विकासलाई व्यवस्थित गर्ने।
- भूमि नीति र भू-उपयोग ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने।
- प्रकोप जोखिम संवेदनशील भू-उपयोग नक्सा, तथ्याङ्क र भू-उपयोग योजना तयार गर्ने।
- मालपोत र नापी कार्यालयहरूको सञ्जालीकरण गरी एकीकृत केन्द्रीय भू-सूचना प्रणालीको विकास गर्ने।
- नवीनतम प्रविधिको प्रयोग गरी नक्सा तथा भौगोलिक सूचनाहरू तयार तथा अद्यावधिक गर्ने।
- आधुनिक प्रविधियुक्त दक्ष जनशक्ति विकास गरी भूमि व्यवस्थापन सेवा क्षेत्रलाई वैज्ञानिक पेशाकोरूपमा स्थापित तथा विकास गर्ने।
- भूमि प्रशासनसम्बन्धी सम्पूर्ण सेवाहरू सरलीकृत, सूचना प्रणालीमा आधारित विकेन्द्रित र एकद्वार प्रणालीबाट प्रदान गर्ने।
- भूमिको अभिलेखलाई समय सापेक्ष, व्यवस्थित र वैज्ञानिक बनाउदैं लैजाने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार, (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय अनुसार रहेका छन् :

- भूमिसुधार तथा व्यवस्थासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ;
- मालपोत रजिष्ट्रेशन;
- जग्गा दर्ता, मूल्याङ्कन, जग्गा प्रशासन र राजश्व संकलन;
- सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण;
- भूमिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन;
- अन्तर्राष्ट्रिय सीमा र सीमास्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मत सम्भार;
- जग्गा नापजाँचसम्बन्धी प्रशासन;
- अनिवार्य बचत योजना, ऋण वितरण तथा असुली;
- जियोडेटिकल नापी, टोपोग्राफिक नक्सा तयारी र हवाई सर्भेक्षण लगायत नाप नक्सासम्बन्धी कार्य;
- गुठी संस्थान र सार्वजनिक गुठी अन्तर्गतको जग्गा व्यवस्थापन;
- सुकुम्बासी समस्या;
- मुक्त कमैया, कम्लहरी र हलिया व्यवस्थापन;
- भू-उपयोगसम्बन्धी नीति तथा व्यवस्थापन;
- भौगोलिक सूचना पूर्वाधार;
- भू-सूचना तथा अभिलेख;
- सरकारी तथा पर्ती जग्गा अभिलेख, संरक्षण;
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका भूमिसम्बन्धी विषय;
- नेपाल ईन्जिनियरिङ्ग सेवाको सर्भे समूहको सञ्चालन;

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ७५ | भू-उपयोग नीतिको कार्यान्वयनका लागि यससम्बन्धी कानून व्यवस्थापिका संसदको यसै अधिवेशनमा पेश गरिनेछ । उपयोगका आधारमा भूमिको वैज्ञानिक वर्गीकरण गरी जुन प्रयोजनका लागि छुट्टाइएको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ । | • भू-उपयोग विधेयक, २०७४ मस्यौदा तयारीका लागि नेपाल कानून आयोगमा अनुरोध गरी लेखी पठाइएको ।<br>• ईलाम, धनकुटा, तनहुँ, कास्की, पाल्पा, स्याङ्जा, अर्घाखाँची, गुल्मी, सुर्खेत र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न ९२ गाउँपालिका/नगरपालिकाहरुको भू-उपयोग नक्शा/डाटा तयार गर्ने कार्यको लागि छनौट भएका परामर्शदाताहरुले यस आयोजनामा Inception Report पेश |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | गरी भू-उपयोग नक्शाङ्कन कार्यको लागि Field मा Mobilization भएको । |
| ७६ | मुक्त कमैया र मुक्त हलियाको पुनस्थापना र सिप विकाससम्बन्धी कार्यक्रम | • मुक्त कमैया तर्फः ३७ परिवारलाइ जग्गा खरिद अनुदान उपलब्ध गराइएको, ५ परिवारलाई घर निर्माण सहयोग उपलब्ध गराइएको, २ सय ४५ परिवारलाई पुरानो घर निर्माण सहयोग उपलब्ध गराइएको, १ हजार ५ परिवारलाई काठ खरिद अनुदान दिइएको तीन वटा सिप विकास तालिम सम्पन्न गरिएको ।<br>• मुक्त हलिया तर्फः २५ परिवारलाई जग्गा खरिद अनुदान दिइएको, ९ परिवारलाई घर निर्माण सहयोग रकम वितरण गरिएको । |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू :

### १. भू-सूचना तथा अभिलेख कार्यक्रम

- विभिन्न नापी कार्यालयहरूमा रहेका ५ सय ९१ सिट नयाँ नापीबाट थप भएका संकलन गर्न छुट भएका कित्ता नापी नक्साको एमोनिया नक्सा संकलन गर्ने कार्य सम्पन्न भएको।
- नयाँ तथा गाउँ ब्लक नापीबाट तयार भएका ८३ हजार सिट कित्ता नापी नक्सा डिजिटाईज गर्न कार्य सम्झौता भएको ।

### २. मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम

- मालपोत कार्यालय वालिङ्ग, स्याङ्गजा र दाङ्गको क्षतिग्रस्त जग्गाधनी श्रेस्ता स्थलगत रुपमा गई तयार गर्ने कार्य भइरहेको।
- Online सेवालाई २३ (थप ४) वटा मालपोत कार्यालयमा पुऱ्याइएको ।

### ३. राष्ट्रिय भू-उपयोग आयोजना

- १० जिल्लाका ९२ गाउँपालिका/न.पा. को नक्सा डाटा तयार गर्नका लागि परामर्शदाताहरुबाट ड्राफ्ट रिपोर्ट प्राप्त भएको। उक्त प्रयोजनका लागि भूडाटा खरिद प्रकृया सम्पन्न भएको।

### ४. भूमिसुधार कार्यक्रम, मुक्त कमैया तथा हलिया पुनस्थापना

#### क. मुक्त कमैया वृत्ति विकास कार्यक्रम

- ३७ मुक्त कमैया परिवारलाई जग्गा खरिद अनुदान रकम उपलब्ध गराइएको ।
- ८७६ मुक्त कमैया परिवारलाई घर निर्माण अनुदान उपलब्ध गराइएको ।
- १००५ मुक्त कमैया परिवारलाई काठ खरिद अनुदान रकम उपलब्ध गराइएको ।
- ८० जना मुक्त कमैयाहरुलाई सिप विकास तालिम प्रदान गरिएको ।

**ख. मुक्त हलिया पुनस्थापना कार्यक्रम:**

- ९ मुक्त हलिया परिवारलाई घर निर्माण अनुदान रकम उपलब्ध गराइएको ।
- १३४ मुक्त हलिया परिवारलाई जग्गा खरिद अनुदान रकम उपलब्ध गराइएको ।

**५. किता नापी कार्यक्रम**

**क. नापनक्सा कार्यक्रम**

- १३५ हेक्टर गाँउ ब्लक नापी गर्ने कार्य सम्पन्न।
- ८०५ हेक्टर पुन नापी तथा डिजिटल नापी गर्ने कार्य सम्पन्न।

**ख. विशेष नापी कार्यक्रम**

- झापा र सिरहा जिल्लामा विशेष नापी कार्यालय स्थापना गरी नापनक्शा गर्ने कार्य चालू
- रहेको।
- अछाम, अर्घाखाँची र पाल्पा जिल्लामा २७५१ हेक्टर जग्गा नापी कार्य सम्पन्न भएको,
- द्वन्द्वबाट क्षति भएका नक्सा/श्रेस्ता पुनस्थापन कार्यक्रम अन्तर्गत १२६३ हेक्टर जग्गा नापी कार्य सम्पन्न भएको।

**ग. नापी कार्यालय सुदृढीकरण कार्यक्रम**

- ३० वटा नापी कार्यालय भवनको निर्माण कार्य भइरहेको।
- डिजिटल प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम १ पटक सञ्चालन गरिएको।

**६. स्थलरूप नापी कार्यक्रम**

**क. स्थलरूप कार्यक्रम**

- दूरसम्वेदन विधिबाट १४ सीट नक्सा अद्यावधिक गरिएको।
- २ सीट स्थलरूप नक्सा फिल्ड भेरिफिकेसन सम्पन्न गरिएको।
- २० सिट नक्सा पुनः छपाई गरिएको।
- नेपा-भारत संयुक्त सीमा सर्भेक्षण कार्यका लागि ४ वटा सर्भेक्षण टोली परिचालन गरिएको।

ख. **राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार कार्यक्रम**

- Topographical Database लाई नयाँ National Standard मा परिमार्जन गर्ने कार्य भइरहेको ।

**७. खगोल तथा भूमापन कार्यक्रम**

**जियोडेटिक नेटवर्क सुदृढीकरण**

- २ वटा प्रथम दर्जा नियन्त्रण बिन्दु निरीक्षण कार्य सम्पन्न गरिएको।
- ४ वटा दोश्रो दर्जा नियन्त्रण बिन्दुमा जि.पि.एस. प्रविधिबाट पूर्वेक्षण, मनुमेन्टेसन तथा सर्भेक्षण कार्य सम्पन्न भएको ।
- ४५ वटा तेस्रो दर्जाका नियन्त्रण विन्दुमा पूर्वक्षण, मनुमेन्टेसन तथा सर्वेक्षण कार्य सम्पन्न गरिएको।
- ५८ कि.मि. विरगंज पथलैया हेटौडा सडक खण्डमा पूर्वेक्षण तथा मनुमेन्टेशन कार्य सम्पन्न गरिएको।

## ८. भूमि व्यवस्थापन प्रशिक्षण कार्यक्रम

- ३ वर्षे Diploma in Geomatics Engineering कोर्षमा पहिलो ब्याजमा ४८ जना र दोश्रो व्याजमा ३० जना अध्ययनरत रहेको।
- ६ जना Master in Land Administration अध्ययनरत रहेको।
- सिनियर नापी तालिममा २४ जना अध्ययनरत रहेको।
- तेश्रो MOU अनुसार BE in Geomatics Engineering को कक्षा निरन्तर रुपमा संचालन भैरहेको ।

## ८. आर्थिक वर्ष २०७३/७४ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०११ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ७९४०४ | ६१४४८ | ७७.३९ |
| ३३६०१२ | भूमिसुधार तथा व्यवस्थापन विभाग | ६७०९८ | ६७०९८ | १००.०० |
| ३३६०१३ | मालपोत कार्यालयहरु | १०६४८४० | १००२१८९ | ९४.१२ |
| ३३६०१४ | भूमिसुधार कार्यालयहरु | १३३८१४ | १२१२१३ | ९०.५८ |
| ३३६०१५ | नापी विभाग | २४०३५ | २३९९५ | ९९.८३ |
| ३३६०१६ | नापी कार्यालयहरु | ९८०५६५ | ९१३६८८ | ९३.१८ |
| ३३६०१७ | भू-सूचना तथा अभिलेख विभाग | २९६२७ | २५६०८ | ८६.४३ |
| ३३६१०१ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १२२१७९ | ६३८३६ | ५२.२५ |
| ३३६१०२ | राष्ट्रिय भू-उपयोग आयोजना | ६१३२८० | ६१३२८४ | १००.०० |
| ३३६१०३ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | ११२४०२५ | ९१५११८ | ८१.४१ |
| ३३६१०५ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ६९२३९ | ६२२७३ | ८९.९४ |
| ३३६१०६ | कित्ता नापी कार्यक्रम | २५८३०८ | १९८१५६ | ७६.७१ |
| ३३६१०७ | स्थलरुप नापी (भूमि स्रोत) कार्यक्रम | ८६४७९ | ८०५९५ | ९३.२० |
| ३३६१०८ | खगोल तथा भू-मापन कार्यक्रम | ५३०१५ | ५३०१५ | १००.०० |
| | **जम्मा** | **४७०५९०८** | **४२०१५१६** | **८९.२८** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०११ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १६३६४ | १६१७७ | ९८.८६ |
| ३३६०१२ | भूमिसुधार तथा व्यवस्थापन विभाग | ११६६ | २५९ | २२.२१ |
| ३३६०१३ | मालपोत कार्यालयहरु | ८३८३४ | ६६६३२ | ७९.४८ |
| ३३६०१४ | भूमिसुधार कार्यालयहरु | २२६० | २१३२ | ९४.३४ |
| ३३६०१५ | नापी विभाग | २६४५ | १७६३ | ६६.६५ |
| ३३६०१६ | नापी कार्यालयहरु | ६३७३२ | ६२४४१ | ९७.९७ |
| ३३६०१७ | भू-सूचना तथा अभिलेख विभाग | ९४७३ | ९४७० | ९९.९७ |
| ३३६१०१ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | ३८०४३७ | २९७३३१ | ७८.१६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६१०२ | राष्ट्रिय भू-उपयोग आयोजना | ६५० | ४४५ | ६८.४६ |
| ३३६१०३ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | ८० | ८० | १००.०० |
| ३३६१०५ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | १६८४७ | ८०४६ | ४७.७६ |
| ३३६१०६ | कित्ता नापी कार्यक्रम | ५६५३६८ | ४९६१२१ | ८७.७५ |
| ३३६१०७ | स्थलरुप नापी (भूमि स्रोत) कार्यक्रम | ६८३४ | ६७९८ | ९९.४७ |
| ३३६१०८ | खगोल तथा भू-मापन कार्यक्रम | २६२१७ | १६६९१ | ६३.६६ |
| | **जम्मा** | **११७५९०७** | **९८४३८६** | **८३.७१** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०११ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ११२,८६३ | ४५,९८२ | ४०.७४ |
| ३३६०१२ | भूमिसुधार तथा व्यवस्थापन विभाग | ६३,८१० | ३८,१०८ | ५९.७२ |
| ३३६०१३ | मालपोत कार्यालयहरु | १,२८६,१२४ | ७२३,३३८ | ५६.२४ |
| ३३६०१४ | भूमिसुधार कार्यालयहरु | १५८,४८३ | ८८,३३६ | ५५.७४ |
| ३३६०१५ | नापी विभाग | २७,३६९ | १८,५६० | ६७.८१ |
| ३३६०१६ | नापी कार्यालयहरु | १,२५०,४६२ | ६९१,४५१ | ५५.३० |
| ३३६०१७ | भू-सूचना तथा अभिलेख विभाग | ५६,८७६ | १६,९६९ | २९.८४ |
| ३३६१०१ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | १६४,२४६ | ३४,०७३ | २०.७५ |
| ३३६१०२ | राष्ट्रिय भू-उपयोग आयोजना | ६५८,६९१ | ४४३,७८५ | ६७.३७ |
| ३३६१०३ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | १,५२१,१२२ | ६११,२८३ | ४०.१९ |
| ३३६१०५ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | ७१,४८३ | ३४,१३८ | ४७.७६ |
| ३३६१०६ | कित्ता नापी कार्यक्रम | २९२,५१२ | ११७,०४१ | ४०.०१ |
| ३३६१०७ | स्थलरुप नापी (भूमि स्रोत) कार्यक्रम | १२०,०५४ | ६४,०५८ | ५३.३६ |
| ३३६१०८ | खगोल तथा भू-मापन कार्यक्रम | ५९,३९३ | ३४,६८७ | ५८.४० |
| | **जम्मा** | **५,८४३,४८८** | **२,९६१,८०९** | **५०.६९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०११ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २२,८०३ | १४,०४० | ६१.५७ |
| ३३६०१२ | भूमिसुधार तथा व्यवस्थापन विभाग | ७,५५५ | ३३६ | ४.४५ |
| ३३६०१३ | मालपोत कार्यालयहरु | ९३,३५६ | ४६,९६५ | ५०.३१ |
| ३३६०१४ | भूमिसुधार कार्यालयहरु | २,६७३ | १,५३२ | ५७.३१ |
| ३३६०१५ | नापी विभाग | १३,६६४ | ११,७३४ | ८५.८८ |
| ३३६०१६ | नापी कार्यालयहरु | ६९,०६७ | ३६,००४ | ५२.१३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३६०१७ | भू-सूचना तथा अभिलेख विभाग | ११,८७२ | २,८२० | २३.७५ |
| ३३६१०१ | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम | ३०९,३५७ | ९४,७४२ | ३०.६३ |
| ३३६१०२ | राष्ट्रिय भू-उपयोग आयोजना | १,४९५ | १,४६२ | ९७.७९ |
| ३३६१०३ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | २८,१२१ | २२,३११ | ७९.३४ |
| ३३६१०५ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | २३,१०२ | ४,६९९ | २०.३४ |
| ३३६१०६ | कित्ता नापी कार्यक्रम | ५५२,०८१ | २१५,५१६ | ३९.०४ |
| ३३६१०७ | स्थलरुप नापी (भूमि स्रोत) कार्यक्रम | ३२,४०३ | ६,७२१ | २०.७४ |
| ३३६१०८ | खगोल तथा भू-मापन कार्यक्रम | ५२,८६० | २१,२२६ | ४०.१६ |
| | **जम्मा** | **१,२२०,४०९** | **४८०,१०८** | **३९.३४** |

◆ ◆ ◆

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

## १. पृष्ठभूमिः

गरिबीलाई न्यून गर्दै लैजाने र अन्तत: विश्वबाट नै गरिबी हटाउने उद्देश्यका साथ आएको दिगो विकास लक्ष्य र सार्क विकास लक्ष्य समेतलाई दृष्टिगत गरी नेपाल सरकारका आवधिक योजनाहरूले गरिबी न्यूनीकरणलाई नै पहिलो प्राथमिकतामा राखेकोले गरिबी निवारणसम्बन्धी विभिन्न निकायबाट सञ्चालन भइरहेका कार्यक्रम बीच संयोजन र समन्वय कायम गर्न तथा सहकारी मार्फत गरिबी निवारणका कार्यक्रमलाई परिचालन गरी ग्रामीण अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने उद्देश्य एवं सरकार, सहकारी र निजी क्षेत्रको संयोजनबाट मात्र आर्थिक तथा सामाजिक विकास गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात गर्दै विभिन्न मन्त्रालयहरू र निकायहरूले सञ्चालन गर्ने गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूको समुचित समन्वय गर्ने उद्देश्यका साथ नेपाल सरकारको मिति २०६९।०२।०५ को निर्णयले सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठन भएको हो ।

## २. दीर्घकालीन सोच:

सबल र सक्षम सहकारी प्रणाली सहितको गरिबी मुक्त नेपाली समाज ।

## ३. उद्देश्यः

- समुदायमा रहेको आर्थिक एवं सामाजिक पुँजीको अधिकतम उपयोग हुने गरी सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

## ४. रणनीतिः

❖ **सहकारी तर्फ :**

- गरिबी निवारण, उत्पादन वृद्धि असमानता न्यूनीकरण एवं सामाजिक न्याय प्रवर्द्धन गर्ने एक प्रमुख माध्यमको रूपमा सहकारीको विकास गर्ने ।
- कृषि, उद्योग तथा सेवा क्षेत्रमा सहकारी क्षेत्रको लगानीलाई संख्यात्मक भन्दा गुणात्मक पक्षमा अझ जोड दिदैं आय आर्जनका अवसरहरूको सृजना गर्दै बेरोजगारी घटाउन सहयोग गर्ने ।
- सहकारी संघ संस्थाहरूको स्थापना र सञ्चालनका आधार र मापदण्डहरू स्पष्टरूपले परिभाषित गरी सूचकहरूको आधारमा सहकारी संघ/संस्थाहरूको स्वनियमन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको विकास गर्ने ।
- शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र आम नागरिकहरू एवं बचतकर्ताहरूमा सहकारीसम्बन्धी चेतना अभिवृद्धि गर्ने ।
- महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच पुर्‍याउने ।
- सहकारी क्षेत्रमा प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत सुशासन कायम गर्ने।
- सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, निजीक्षेत्र तथा विकास साझेदारहरू बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने ।

- सहकारीको विकासका लागि दीर्घकालीन योजना, मानव संसाधन विकास, आवश्यक संगठन संरचनाहरूको निर्माण एवं कानूनी व्यवस्थाहरू गर्ने ।

❖ **गरिबी निवारण तर्फ :**

- गरिबी न्यूनीकरणसम्बन्धी नीति तथा कार्यक्रमहरूको पुर्नसंरचना एवं प्राथमिकरण गर्दै सम्वद्ध नीति तथा कार्यक्रमहरूलाई पूर्वानुमानयोग्य (Predictable) बनाउने ।
- देशका समग्र आर्थिक सामाजिक कृयाकलापहरू र दिगो एवं फराकिलो आर्थिक वृद्धि मार्फत सृजना हुने रोजगारी लगायतका सम्पूर्ण अवसरहरूको न्यायोचित वितरण हुने गरी सम्बद्ध सबै क्षेत्रगत नीतिहरूलाई परिलक्षित गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी, वैदेशिक सहयोग एवं गैरसरकारी संघ संस्थाहरूका बीच प्रभावकारी समन्वय र सहकार्यलाई सुदृढ गर्दै गरिबी न्यूनीकरणका लागि स्रोत परिचालन गर्न रचनात्मक भूमिका निर्वाह गर्ने ।
- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालित गरिबी निवारणका कार्यक्रमहरूको समन्वय गर्दै कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।
- गरिबको पहिचान एवं वर्गीकरण गरी सीमान्त गरिबहरूको लागि उपयुक्त नीति र कार्यक्रमहरूको निर्धारण गरी विभिन्न समुदाय र क्षेत्रमा रहेको धनी र गरिब बीचको खाडल कम हुने किसिमका कार्यक्रमहरू तय गर्ने।
- गरिबी निवारणमा सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्न अन्तर्राष्ट्रिय संघ संस्था तथा विकास साझेदारसँग समन्वय र सम्बन्ध विस्तार गर्ने ।

## ५. कार्यक्षेत्र :

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ अनुसार मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छः

- सहकारी र गरिबी निवारणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- सहकारी संघसंस्थाको विकास, सुदृढीकरण र नियमन;
- सहकारी र आर्थिक विकास;
- सहकारीको प्रवर्द्धन र संरक्षण;
- अन्तर्राष्ट्रिय सहकारी संगठनसम्बन्धी विषय;
- अन्तर्राष्ट्रियस्तरमा सहकारी संस्थाको प्रवर्द्धन र विकास;
- सहकारी बचत तथा ऋण लगानीसम्बन्धी विषय;
- सहकारी र गरिबी निवारणसँग आवद्ध संघसंस्थाको अनुगमन, रेखदेख र नियमन;
- सहकारी रकमको लगानी;
- सहकारी र गरिबी निवारणसम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन;
- सहकारी र गरिबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय;
- सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरिबको पहिचान;

- सहकारी र गरिबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवर्द्धन; कामको समन्वय, अनुगमन र मूल्याङ्कन;
- सहकारी र गरिबी निवारणसम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण;
- सहकारीसम्बन्धी क्षमता अभिवृद्धि;
- सहकारी र गरिबी निवारणसम्बन्धी आयोजनाको सम्भाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- दिगो विकास लक्ष्य (गरिबी निवारणसम्बन्धी);
- राष्ट्रिय सहकारी विकास बोर्ड;
- सहकारी संघ/संस्था ।

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको दोश्रो चौमासिक अवधिसम्मको प्रगति विवरणः

| बुँदां नं. | बजेट वक्तब्यको संक्षिप्त व्यहोरा | २०७४ फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरुबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. १ करोडसम्म र उपमहागरपालिका तथा महानगरपालिकाभित्र को रू. २ करोडसम्म बजेट भएका आयोजनाहरु सम्बन्धित विषयगत मन्त्रालयहरुले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकम सहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छु । | • यस मन्त्रालयको चालु आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका र स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने सहकारी मार्फत कृषि, फलफूल तथा तरकारी संकलन/ वितरण केन्द्र निर्माण (कुनाथरी सुर्खेत-६० लाख, गुराँसे दैलेख-१० लाख, गछिया मोरङ्ग-१५ लाख, जडिबुटी संकलन केन्द्र दुने डोल्पा- १५ लाख, विरेन्द्रनगर सुर्खेत-१५ लाख) लगायतका कार्यक्रमको लागि स्थानीय तहमा बजेट हस्तान्तरण भइसकेको ।<br>• सहकारी संघसंस्थाहरुको साझेदारीमा चितवनको भरतपुर महानगरपालिकामा बखान बहुउद्देश्यीय सहकारी संग्रहालय स्थापनाको लागि (भ.म.न.पा. मा ७५ लाख) बजेट हस्तान्तरण भइसकेको ।<br>• जिल्ला सहकारी संघको समन्वयमा जिल्लाभरीका सम्बन्धित सहकारी संघसंस्थाहरुको स्वामित्व रहने गरी सहकारी शित भण्डारका लागि (लमही दाङ्ग- २ करोड, थाहा न.पा., मकवानपुर- ५० लाख, विरेन्द्रनगर न.पा., सुर्खेत- २ करोड, सप्तरी न.पा., सप्तरी- ३ करोड, परासी न.पा., नवलपरासी- ३ करोड) बजेट हस्तानतरण भइसकेको ।<br>• स्थानीय तहमा बजेट हस्तान्तरण भइसकेको हुँदा स्थानीय तहबाटै बजेट कार्यान्वयनको लागि सम्बन्धित सहकारी संघसंस्थाहरुमा तोकिएको बजेट उपलब्ध गराई शीतभण्डार निर्माण कार्य प्रारम्भ हुने । |
| ७९ | सहकारी संस्थाहरुको संगठनात्मक विवरण, | • सम्बन्धित स्थानीय तहलाई CoPoMIS सहितको |

| बुँदां नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०७४ फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| | आर्थिक कारोवार र वित्तीय स्थिति सम्बन्धी विवरण तथा गरिवी निवारणसम्बन्धि तथ्याङ्क सहितको सहकारी तथा गरिबी निवारण सम्बन्धि सूचना प्रणाली लागू गरिनेछ । | हस्तान्तरण गर्ने गरी कार्य प्रारम्भ गरिएको ।<br>• CoPoMISसम्बन्धी Annual Maintenance Contract भइसकेको।<br>• CoPoMIS Operation and Monitoring सँग सम्बन्धित उद्यमशिलता/रोजगारीमूलक/ सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम चितवन, मोरङ्ग र रुपन्देहीमा सञ्चालन भएको। |
| ८० | सहकारी क्षेत्रबाट उत्पादन गरिएका उत्पादनहरुले उचित उत्पादन मूल्य प्राप्त गर्न सक्ने गरी सहकारी बजार सञ्जालको स्थापना गरिनेछ । देशका मुख्य-मुख्य बजार केन्द्रहरुमा यस प्रकारका सहकारी बजारहरुको विकास गरिनेछ । | • Cost Sharing Agreement को निर्णयको लागि अर्थ मन्त्रालयमा पठाइएको ।<br>• Architectural Design, Electrical, Computer Networking, Soil Test, Water Supply, DPR, Business Plan, Document Preparation लगायतका सम्बन्धित परामर्श सेवा अन्तर्गतका कार्यहरू सम्पन्न भएको।<br>• वातारणीय प्रभाव मूल्याङ्कन अन्तर्गत सार्वजनिक सुनुवाइ सम्पन्न भई प्राप्त तयार प्रतिवेदन सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत् वातावरण मन्त्रालयमा पेश गर्ने प्रयोजनका लागि पठाइएको।<br>• नक्सा पासको कार्य प्रक्रियामा रहेको । |
| ८१ | वित्तीय साक्षरता मार्फत सहकारी चेतनाको अभिवृद्धि गर्ने र सहकारी संस्थाहरुको सञ्चालनको लागि ज्ञान र सीपको विकास गर्दै बचत गर्ने वानीको विकास गर्न जानकारीमूलक एवम् सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिनेछन्। | सचेतनामूलक सहकारी सन्देश एफ्. एम्. सञ्चालन सहित पत्रपत्रिका मार्फत सूचना प्रकाशन भइरहेको । |
| ८२ | सहकारीका सिद्धान्त तथा मूल्यहरुको अनुसरण गर्दै सहकारीसम्बन्धी विद्यमान कानूनी व्यवस्थाहरुमा समयानुकूल सुधार गरी नयाँ सहकारी ऐन जारी गरिनेछ। | • सहकारी ऐन, २०४८ लाई विस्थापन गरी नयाँ सहकारी ऐन, २०७४ मिति २०७४/०७/०१ मा राष्ट्रपतिबाट प्रमाणिकरण भई सोही मितिमा नेपाल राजपत्रमा प्रकाशित भइसकेको । |
| १६७ | गरिबी न्यून गर्ने कार्यक्रमहरुलाई प्रभावकारी र एकीकृत रुपमा कार्यान्वयन गरिनेछ । गरिबीको दर उच्च रहेका क्षेत्रहरुमा गरिबी निवारणका कार्यक्रमहरु समन्वयात्मक तथा सघन रुपमा कार्यान्वयन गरिनेछन् । रोजगारी सृजना, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवाहरुको प्रभावकारी वितरण गरिनेछ । विभिन्न निकायबाट | • आयोजना कार्यान्वयन मार्गदर्शन निर्माणको क्रममा रहेको । |

| बुँदां नं. | बजेट वक्तब्यको संक्षिप्त व्यहोरा | २०७४ फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| | सञ्चालित सीप विकासका कार्यक्रमहरुलाई एकीकृत गर्दै लगिनेछ । गरिबीको रेखामुनी रहेका जनताका लागि लक्षित कार्यक्रमहरु सञ्चालित गरी उत्पादनशील रोजगारीमूलक कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ । राज्यबाट प्रदान गरिने सेवाहरुमा सबैको पहुँच सुनिश्चित गरिनेछ। | |
| १६८ | गरिब घरपरिवारको रुपमा पहिचान भएका परिवारलाई गरिब परिचयपत्र वितरण गरिनेछ । थप ५० जिल्लाहरुमा गरिब घरपरिवार पहिचान गर्ने कार्यक्रम शुरु गरिनेछ । | • पहिचान भएका घरपरिवारको विवरण मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको।<br>• परीक्षणको रुपमा ५ जिल्लाको १/१ स्थानीय तहमा वितरण गर्न परिचयपत्र छपाई सकिएको र अन्य तहको लागि बोलपत्र मूल्यांकन भई आशयको सूचना प्रकाशित भएको ।<br>• परीक्षणको रुपमा परिचयपत्र वितरण ५ जिल्लाको १/१ स्थानीय तहमा वितरण गर्न छपाई वितरण स्थानीय निकायबाट हुँदै गरेको र अन्य तहको लागि बोलपत्र मुल्यांकन भई आशयको सूचना प्रकाशित भइसकेको ।<br>• सेवा परामर्शको लागि विस्तृत कार्य विवरण तयारको चरणमा रहेको । |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजनामा भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेवसाईट मार्फत सार्वजनिक गरिनेछ। आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ । | • वार्षिक खरिद योजना तयार भएको एवं भवन निर्माणको कार्यक्रमलाई निरन्तरता दिइएको । |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरु तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ। नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु | • नेपालको संघीयता कार्यान्वयनको लागि चालु आ.व.को बजेट सबै स्थानीय तहमा गइसकेको ।<br>• स्थानीय तहको निमित्त नमूना सहकारी ऐन दर्ता दिग्दर्शन तयार भई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको ।<br>• समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापन समिति गठनको लागि अन्तिम रुप दिई प्रस्ताव पेश गर्ने गरी तयारीको क्रममा रहेको। |

| बुँदां नं. | बजेट वक्तब्यको संक्षिप्त व्यहोरा | २०७४ फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| | स्थापना गरिसकिनेछ। कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरु साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ। | • सम्पत्ति शुद्धीकरण निवारण ऐन र नियमावली अनुरुप सहकारी संस्था सदस्य जाँचबुझ निर्देशनको मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएको ।<br>• युवा स्वरोजगार कोष नियमावली, २०७४ को मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएको ।<br>• गरिबसँग विश्वेश्वर कार्यक्रमको नियमावली मस्यौदा तयार गरी स्वीकृतिको प्रकृयामा रहेको । |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु र आवश्यक अधिकार एवम् जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाईनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ । | • |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरुमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गरिनेछ। | • संघीय संरचनाअनुरुप स्थानीय तहका पदाधिकारीहरुलाई सहकारीसम्बन्धी अभिमूखीकरणका लागि सहकारी विभागमा रहेको बजेटबाट कार्यक्रम गर्ने प्रस्ताव गरिएको । |

## ७. आर्थिक वर्ष २०७४/०७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**<u>सहकारी क्षेत्रः</u>**

- सहकारी ऐन, २०७४ मिति २०७४/०७/०१ मा सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भएको ।
- स्थानीय तहको निमित्त नमूना सहकारी ऐन तर्जुमा गरिएको ।
- स्थानीय तहको निमित्त सहकारी संस्था दर्ता दिग्दर्शन मस्यौदा तयार भई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाइएको।
- गरिबसँग विश्वेश्वर कार्यक्रम नियमावलीको तेश्रो संशोधन गरिएको ।
- सम्पत्ति शुद्धीकरण निवारण ऐन र नियमावलीअनुरुप सहकारी संस्था सदस्य जाँचबुझ निर्देशनको मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएको ।
- प्रदेश सहकारी ऐनको मस्यौदा तयार गरी स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएको ।
- राष्ट्रिय सहकारी विकास कोषको प्रभावकारीता अध्ययनको अवधारणापत्र तयार भई समिति गठन भएको र समितिले राष्ट्रिय सहकारी विकास कोषबाट रकम लगेका सहकारी संस्थाहरुको अध्ययन अनुगमन गर्न फर्मेट तयार भई विवरण संकलन भइरहेको।
- सहकारी तथा गरिबी अनुगमन सुदृढीकरण कार्यक्रम (COPOMIS) :-
- COPOMIS Operation and Monitoring सँग सम्बन्धित उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम चितवन र मोरङ्गमा सञ्चालन भएको।
- सहकारी तथा गरिबी अनुगमन सुदृढीकरण कार्यक्रम सञ्चालन तथा अनुगमन (COPOMIS Operation and Monitoring) भएको ।
- नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) को प्रभावकारी कार्यान्वयनसम्बन्धी कार्यक्रम अघि बढाइएको।
- सहकारीका विविध विषयमा अध्ययन अनुसन्धान गरी नीति निर्माणमा सहयोग पुऱ्याउन तालिम आवश्यकताको पहिचान, तालिम प्रभावकारिता अध्ययन र पाठ्यक्रम निर्माणको लागि कार्यक्षेत्रगत शर्तहरु (TOR) तयारी भइसकेको,
- सहकारीसम्बन्धी प्रशिक्षण तथा पाठ्य सामग्री तयारी र प्रकाशन गर्ने कार्य सम्पन्न गरिएको छ ।
- सहकारी प्रशिक्षण केन्द्रबाट सञ्चालित विभिन्न किसिमका सहकारीसम्बन्धी १६ वटा तालिमबाट हालसम्म महिला १ सय ४३ र पुरुष २ सय ३१ गरी जम्मा ३ सय ७४ जना लाभान्वित भएकाछन् । उक्त तालिममा दलित १२, आदिवासी जनजाती ९३, अपाङ्ग २ र मधेशी २५ जना सहभागीहरुको सहभागिता थियो ।

**<u>गरिबी निवारण क्षेत्र</u>**

**गरिबी निवारणसम्बन्धी सम्भाव्यता अध्ययनको कार्य :**

- गरिबी निवारणसम्बन्धी सम्भाव्यता अध्ययनको कार्य संघीय संरचनाबमोजिम ७ वटै प्रदेशलाई ६ वटा प्याकेज मानी कार्य अघि बढाइएकोमा प्रदेश नं. ६ र ७ (प्याकेज ६) को लागि सम्झौता भई हाल अन्तिम मस्यौदा प्रतिवेदन प्राप्त हुन आएको । आ. व. २०७४/०७५ मा बाँकी १, २, ३, ४ र ५ नं प्रदेशको लागि सम्भाव्यता अध्ययनको कार्यक्रमलाई अघि बढाइएकोमा प्रदेश नं. २, ३ र ४ को हकमा

RFP मूल्यांकनबाट छनौट भई मिति २०७४/११/१६ मा सम्झौता भएको छ । हाल उक्त फर्महरुबाट Inception Report प्राप्त भइसकेको छ ।

- First BIMSTEC गरिबी निवारणसम्बन्धी विज्ञ समूहको बैठक २०७४।०७।१५ तदानुसार १ नोभेम्बर, २०१७ मा नेपालमा सम्पन्न भयो ।
- Third Ministerial Meeting on Poverty Alleviation, Preceded by the Senior Official Meeting (SOM) on Poverty Alleviation को बैठक २०७४ पौष ४-५ सम्म श्रीलंकाको राजधानी कोलोम्बोमा सम्पन्न भयो ।

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोजना/कार्यक्रमको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५२०११३ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १८९१०८ | ६६२२६ | ३५.०२ |
| ३५२१३४३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | २१३९८७ | १६३४३ | ७.६४ |
| ३५२१३३३ | सहकारी प्रशिक्षण केन्द्र | ४९९०८ | ४७१९९ | ९४.५७ |
| ३५२०२०३ | गरिब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय | ३५९७२० | २४४९७ | ६.८१ |
| ३५२०१९३ | राष्ट्रिय सहकारी विकास वोर्ड | ६०००० | ६०००० | १०० |
| | **जम्मा** | **८७२७२३** | **२१४२६५** | **२४.५५** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| व. उ. शि. नं. | मन्त्रालय/आयोजना/कार्यक्रमको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५२०११४ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | १६२४१ | ११७१९ | ७२.१५ |
| ३५२१३४४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | ७०१८ | ६९२२ | ९८.६३ |
| ३५२१३३४ | सहकारी प्रशिक्षण केन्द्र | १५४५४ | १४८५४ | ९६.११ |
| ३५२०२०४ | गरिब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय | ४३८६ | १२६९ | २८.९३ |
| ३५२०१९३ | राष्ट्रिय सहकारी विकास वोर्ड | ३७३० | २१०६८ | ५६.४८ |
| | **जम्मा** | **८०३९९** | **५५८३२** | **६९.४४** |

## ९. आर्थिक वर्ष २०७४/७५ को विनियोजित बजेट तथा चैत्र मसान्तसम्मको खर्चको अवस्था:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोजना/कार्यक्रमको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५२०११३ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३२९४३० | १०३५१७ | ३१.४२ |
| ३५२१३४३ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | २४७३९० | ४९३३८ | १९.९४ |
| ३५२१३३३ | सहकारी प्रशिक्षण केन्द्र | ४०१७४ | १८९९० | ४७.२७ |
| ३५२०१७३ | सहकारी विभाग | २२४३२ | १४१८७ | ६३.२४ |
| ३५२०१८३ | डिभिजन सहकारी कार्यालयहरु | २६९०६० | १४४५८० | ५३.७४ |
| ३५२०२०३ | गरिब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय | ३०६१०० | १९८१८ | ६.४७ |
| ३५२०१९३ | राष्ट्रिय सहकारी विकास वोर्ड | २९७२७५ | ५०१८२ | १६.८८ |
| ३६५८४५३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ६८८३ | १६४० | २३.८३ |
| | **जम्मा** | **१५१८७४४** | **४०२२५२** | **२६.४८** |

**पूँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोजना/कार्यक्रमको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५२०११४ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ३६२२ | २०३६ | ५६.२१ |
| ३५२१३४४ | सहकारी क्षेत्र सुदृढिकरण आयोजना | ५८८६९ | ११४६९ | १९.४८ |
| ३५२१३३४ | सहकारी प्रशिक्षण केन्द्र | ६०७२ | १२९० | २१.२५ |
| ३५२०२०४ | गरिब घरपरिवार सहयोग समन्वय वोर्डको सचिवालय | ३४७० | ० | ०.०० |
| ३६५८४५४ | गरिबसँग विश्वेश्वर कार्यक्रम | ५१५ | ४२९ | ८३.३० |
| | **जम्मा** | ७२२४८ | **१५०९४** | २०.८९ |

◆ ◆ ◆

# पशुपन्छी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

पशुपन्छी क्षेत्रमा आवश्यक नीति तथा कार्यक्रम मार्फत पशुपन्छीपालक कृषक, व्यवसायी तथा उद्यमीहरूका लागि आवश्यक सेवा प्रवाहलाई सहज र सुलभ बनाई गुणस्तरीय, स्वच्छ र दिगो पशुपन्छीजन्य उत्पादन पद्धतिद्वारा उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्दै व्यवसायीकरणका लागि निजी तथा सहकारी क्षेत्रबाट लगानी बढाउने वातावरण सिर्जना गर्नुका साथै भएको लगानीको संरक्षण गर्नु यस मन्त्रालयको उद्देश्य रहेको छ ।

## २. दीर्घकालीन सोंचः

पशुपन्छी क्षेत्रको दिगो विकासद्वारा खाद्य सम्प्रभु र समृद्ध नेपालको निर्माण गर्ने ।

## ३. ध्येयः

दिगो पशुपन्छीजन्य उत्पादनका माध्यमले मुलुकलाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाई उच्च आर्थिक बृद्धिदर हासिल गर्ने ।

## ४. रणनीतिक उद्देश्यहरुः

- परम्परागत एवं निर्वाहमुखी पशुपन्छीपालनलाई व्यवसायीकरण गर्दै मुलुकलाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर बनाउने र पशुपन्छीजन्य पदार्थको निर्यात प्रवर्द्धन गर्ने।
- पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवं उद्यमीहरूलाई स्थानीय तहबाटै एकीकृत रूपमा प्राविधिक सेवा, उन्नत नश्ल, दाना र आहारा, पशु स्वास्थ्य सेवा, सुलभ ऋण र पशु बीमा जस्ता सेवा उपलव्ध गराउने।
- मुलुकलाई दूध, दुग्ध पदार्थ, मासु, अण्डा उत्पादन र उपभोगमा आत्मनिर्भर बनाई कुपोषण हटाउने तथा खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने ।
- पशुपन्छीपालनलाई महिला तथा युवा स्वरोजगारको माध्यम बनाई उनीहरूलाई पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, व्यवस्थापन, बजारीकरण जस्ता कार्यमा लाग्न प्रोत्साहन गरी थप रोजगारी सिर्जना गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने ।
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मुलन गरी स्वच्छ पशुजन्य उत्पादनमा अभिवृद्धि गर्ने।
- पशुपन्छी विकास मन्त्रालयलाई नवीनतम् खोजमा आधारित, प्रविधियुक्त, विशिष्टीकृत, परिणाममूखी र प्रतिस्पर्धी बनाउँदै कृषक समुदाय र उद्यमीहरूका लागि भरपर्दो सेवा उपलव्ध गराउने "**किसानको साथी**" मन्त्रालयको रूपमा विकास गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायानुसार रहेका छन् :

- पशु विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- पशुपन्छीपालन तथा यसको विकास, व्यवस्थापन, नश्ल सुधार, दाना र चरनको अनुसन्धान तथा विकास,
- पशु चिकित्सा, औषधि उत्पादन तथा नियमन,
- दूध र दुग्ध पदार्थबाट बनेका वस्तुहरूको अनुसन्धान, विकास तथा बजार प्रवर्द्धन,
- पशु क्वारेन्टाईन सेवा,
- पशुपन्छीका जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन गर्ने,
- पशुपन्छीसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने,
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थको विकास,
- पशुपन्छी बीमासम्बन्धी कार्य,
- पशु सेवा र प्रविधिको सम्वद्धता, स्तरीकरण तथा प्रमाणीकरण,
- पशु सेवासम्बन्धी प्रयोगशालाको सम्वद्धतासम्बन्धी कार्य,
- विश्व पशु स्वास्थ्य सङ्गठन,
- पशुपन्छी आहारा, पशुपन्छी फार्म तथा पशुपन्क्षी विकास केन्द्र,
- नेपाल कृषि सेवाका सम्बन्धित समूहको सञ्चालन ।
- पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी गरिवी निवारण तथा खाद्य सुरक्षामा सहयोग पुऱ्याउने ।
- पशुजन्य पदार्थको प्रशोधन र बजार प्रवर्द्धन गरी व्यवसायीकरणका आधारहरू सुदृढ गर्ने ।
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुरोगहरूको नियन्त्रण र उन्मूलन गर्ने
- जैविक विविधताको संरक्षण, सम्वर्द्धन र उपयोग गरी वातावरणमैत्री पशुपालन व्यवसाय पद्धतिको विकास गर्ने
- जलवायु परिवर्तन अनुकूलन स्थानीय प्रविधि एवं प्रचलित पशुपालन खोज ।

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३६ | पशु विकास सेवा अन्तर्गतका अधिकांश कार्यक्रमहरु, वंगुर तथा कुखुरापालन सहकारी कार्यक्रम, पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम, पशु आहारा विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम तथा कर्णाली अञ्चल पशु विकास कार्यक्रमहरु स्थानीय तहबाटै कार्यान्वयन हुने | १. पशुपन्छीमा खोप सेवा ७१२.१ हजार<br>२. पशुपन्छीमा उपचार सेवा ३९५.२ हजार<br>३. कृत्रिम गर्भाधान ३५४.६ हजार । |
| ६७ | जमीनको क्षेत्रफल र स्वामित्वको आधारमा किसानको वर्गीकरण गरी योगदानमा आधारित किसान निवृत्तिभरण | हालसम्म ५ सय ८२ वटा प्रस्ताप प्राप्त भइ मूल्याङ्कनको कार्य सम्पन्न भएको । पशु वीमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | उपलब्ध गराउन अध्ययन गरिनेछ। यसका आधारमा कृषि श्रमिकहरुलाई क्रमशः सामाजिक सुरक्षा कार्यक्रममा सहभागी गराइनेछ। युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कृषि र पशुपालनलाई व्यवसायिकता उन्मुख गराइनेछ। कृषि र पशु बीमाको लागी दिइंदै आएको प्रिमियम अनुदानलाई कायमै राखिएकोछ। कृषि सहकारीहरुको क्षमता वृद्धि गरी यस्तो बीमा सहकारी मार्फत पनि गर्नसकिने व्यवस्था गरिनेछ। हाल उपलब्ध बीमा सेवालाई एकीकृत गरी कृषि बीमा देशभर विस्तार गरिनेछ। | प्रिमियममा ७५ प्रतिशत अनुदान । पशुमा विमा संख्या ४२ हजार ५ सय २१ र पशुमा विमित रकम १० लाख ६७ हजार १ सय ७१ साथै पन्छीमा बीमा ७३ हजार ९ सय ५७ सख्या र रकम २५ हजार १ सय ५८ रहेको । |
| ६८ | दुग्धपदार्थमा आत्मनिर्भर हुन कृषक सहकारी समेतको संलग्नतामा दुग्ध उद्योग स्थापना गरिनेछ। गाईको नश्ल सुधारका लागि उत्पादन वृद्धि गर्न सम्भाव्य स्थलहरुमा उन्नत प्रजनन केन्द्र स्थापना गरिनेछ । | |
| ६९ | कृषि तथा पशुपन्छी कर्जाको ब्याजमा ५ प्रतिशत अनुदानको व्यवस्थालाई निरन्तरता दिइएको छ। रसायनिक मल र उन्नत बीउमा दिइदै आएको अनुदान लगायत अन्य सबै अनुदान तथा सुविधा कायमै राखेको छ। कृषिका लागि उपलब्ध गराइने सबै प्रकारका अनुदान कृषककै बैंक खाता मार्फत उपलब्ध गराइने प्रवन्ध मिलाइने छ। | पशुपन्छी सुलभ कर्जाको सम्बन्धमा प्रचार प्रसार गरिएको साथै हालसम्म ६ सय ५१ जना कृषकले रू. ५१ करोड ९४ लाख ८९ हजार कर्जा लिएको छ। |
| २०३ | आयोजना र कार्यक्रमको विस्तृत कृयाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गते भित्र तयार गरी आयोजना स्थलमा र सम्बन्धित मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ। आयोजना र कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना तयार गरी श्रावण मसान्त भित्र स्वीकृत गरी सक्नु पर्नेछ। | आयोजना र कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना तयार भएको छ। |
| २०४ | सबै मन्त्रालय/ निकायबाट आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरु तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ । नयाँ कार्यक्रम/ आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु स्थापना गरिसक्ने छ । कार्यक्रम/ आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थाई दरवन्दीहरु | नयाँ कार्यविधि स्वीकृत र पुराना कार्यविधि संशोधन सहित स्वीकृत भएको उत्पादनको आधारमा दुधमा अनुदान कार्यविधि, साना किसान लक्षित दूध उत्पादन वाखा वंगुर प्रवर्द्धन कार्यविधि, बोयर वर्णशंकर बोका खरिद तथा वितरण कार्यविधि, साना किसान डेरी मिशन कार्यविधि हिमाली आयोजनाको अस्थाई दरबन्दीहरु स्वीकृत भएको छ । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | साउन मसान्तभित्र स्वीकृत गरि सक्नुपर्ने छ। | |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुखलगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण मुख्य कार्य सम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाइनेछ। यसरी कर्मचारी खटाउदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ। | आयोजनाको स्वीकृत अस्थायी दरबन्दीमा कर्मचारी खटाउने क्रममा रहेको छ। |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरुमा सुरुमै अभिमुखिकरण तालिम प्रदान गरिनेछ। | NLSIP आयोजना सम्झौताको चरणमा रहेकोले कार्यान्वयन चरणको सुरुवातमा अभिमुखीकरण गरिनेछ । |
| २०७ | आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानूनमा तोकिएको न्यूनतम समय सीमा भित्र सम्पन्न गरिनेछ। | हालसम्म पाँचवटा पशुपन्छी फार्म तथा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृती दिइएको छ । |
| २०८ | आयोजनाको तयारीका चरणहरु पूरा गरी साउन मसान्तभित्र बोलपत्र आव्हान र असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गरी सक्नुपर्नेछ। तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजना अनुरुप नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गरिनेछ। | पूँजिगत कार्यक्रमहरु प्रारम्भिक चरणमा रहेकोले आयोजना कार्यान्वयन र कार्ययोजना अनुरुप नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्नुपर्ने अवस्था नआएको । |
| २१० | विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौताअनुरुप निश्चित भार दिई वस्तुगत आधारमा कार्यसम्पादनस्तर मापन गरिनेछ। निश्चित अङ्कभन्दा बढी अङ्क प्राप्त गरेमा निजामती सेवा ऐनअनुसार पुरस्कृत गरिनेछ । | विभागीय प्रमुख र आयोजना प्रमुखहरुसँग कार्य सम्पादन करार सम्झौता भएको छ। |

## ७. आर्थिक वर्ष २०७४/०७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

| आयोजनाको नाम | मुख्य मुख्य कार्यहरु |
|---|---|
| **पशु स्वास्थ्य** | रेविज रोग विरुद्ध ३५हजार डोज तथा अन्य विभिन्न पशुपन्छीको खोप १२३८० हजार मात्रा उत्पादन भई स्वदेशमै खोपको आपूर्ति भएको। रानीखेत खोरेत र स्वाइन फिवर जस्ता महनत्वपूर्ण रोगका नियन्त्रणको लागि रणनीतिक खोप कार्यक्रम संचालन भएको। खोप तथा औषधिको गुणस्तर कायम गर्न पशु |

| आयोजनाको नाम | मुख्य मुख्य कार्यहरु |
|---|---|
| | खोप परिक्षण ९२ र पशु औषधि परिक्षण १४१ संख्यामा भएको । |
| **पशु विकास सेवा कार्यक्रम** | पशुमा कृत्रिम गर्भाधानको लागि २९३.८ हजार डोज जमेको वीर्य उत्पादन र तरल नाइट्रोजन ८५.३ हजार लीटर वितरण भएको । पशुजन्य पदार्थको गुण परिक्षण २५० वटा भएको। |
| **पशु आहारा सेवा कार्यक्रम** | घाँस खेतिको बीमा अभिलेख तयार गरेको र घाँस खेतीको लागि सिँचाइ गर्न सोलार वितरण। |
| **पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम** | बजार सूचना संकलन तथा व्यवस्थापन बजार बुलेटिन प्रकाशन हाटबजार संकलन केन्द्रहरु अनुगमन कार्य भएको। |
| **पशु विकास फार्महरु** | भैंसीको पाडापाडी २० गाईको बाच्छाबाच्छी ६ बंगुरको पाठापाठी ३८१ भैडाबाखाको पाठापाठी २२४ संख्या र कुखुराको चल्ला १५९.७ हजार उत्पादन भइ नश्ल सुधारका लागि वितरण हुने। |
| **हिमाली आयोजना** | हिमाली आयोजना अन्तरगतका जिल्लाहरुमा जिविका सुधार तथा व्यवशाय प्रवर्द्धनको लागि कृषि व्यवशाय प्रवर्द्धन कार्य भएको। |
| **नेपाल व्यापार एकिकृत रणनीति** | कार्पेट ऊन उत्पादनको लागि भेडा तथा पश्मिना सम्बन्धि च्याङ्ग्रमा सर्भेक्षण अध्ययन भएको। |
| **बंगुर तथा कुखुरापालन सहकारी खेती** | बंगुरपालनमा व्यवहारिक तालिम तथा अनुगमनको कार्य भएको। |
| **पशु सेवा प्रसार कार्यक्रम** | पशुमा नश्ल सुधारको लागि कृत्रिम गर्भाधान ३५४.६ हजार पशुपन्छीमा खोप सेवा ७१२.८ हजार र पशुपन्छीमा उपचार सेवा ३९५.६ हजार। |
| **क्षेत्रिय पशु सेवा निर्देशनालयहरु** | जिल्ला पशु सेवा कार्यालयबाट संचालित कार्यक्रम अनुगमन गर्ने कार्य भएको। |
| **पशु सेवा विभाग** | केन्द्रियस्तर समिक्षा गोष्ठी कार्यक्रम अनुगमन नेपाल टेलिभिजनबाट पशुजन्य पदार्थसम्बन्धि सचेतनात्मक कार्यक्रम प्रसारण भएको। |

**दुग्ध विकास संस्थान**

दुग्ध विकास संस्थानद्वारा आ व २०७४/०७५ को फागुन मसान्तसम्ममा भए गरेका मुख्य मुख्य उपलब्धिहरु :

| प्रमुख कार्यहरूको विवरण | इकाई | वार्षिक लक्ष्य | अष्टमासिक प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| स्थानीय कच्चा दुध संकलन | लि. | ७५८७५००० | ३५५९६३२० | ४६.९१ |
| प्रशोधित दूध विक्री | लि. | ६६६६९००० | २९९४८२८२ | ४४.९२ |
| चीज उत्पादन | के.जी. | ३१३००० | ११९३०३ | ३८.१२ |
| मख्खन उत्पादन | के.जी. | १०२८००० | ४९१४४७ | ४७.८१ |
| स्किम मिल्क पाउडर उत्पादन | के.जी. | ६३१००० | ४९९२६६ | ७९.१२ |

## ८. आ.व. २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण :

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२७०११ | पशुपन्छी विकास मन्त्रालय | १४९००४ | ९४१२५ | ६३.१७ |
| ३२७०१२ | पशु सेवा विभाग | ३९८२३० | ३३७८७७ | ८४.८४ |
| ३२७०१३ | क्षेत्रीय पशु सेवा निर्देशनालयहरु | ५१८६६ | ४८४७७ | ९३.४७ |
| ३२७०१४ | नेपाल पशु चिकित्सा परिषद् | ४९८१ | ४८९६ | ९८.२९ |
| ३२७१०१ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथाक्वारेन्टाईन कार्यक्रम | ७०५५५९ | ७०११८० | ९९.३८ |
| ३२७१०२ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ६६४२५ | १०४३९ | १५.७२ |
| ३२७१०३ | पशु विकास सेवा कार्यक्रम | १०८२१७० | ९६८५८५ | ८९.५० |
| ३२७१०४ | पशुसेवा तालीम तथा प्रसार कार्यक्रम | ७१०८६ | ६९०१२ | ९७.०८ |
| ३२७१०५ | पशु आहारा सेवा कार्यक्रम | २०४६१३ | १८०६८३ | ८८.३० |
| ३२७१०६ | पशुपन्छी बजार प्रवर्धन कार्यक्रम | ५२२८८९ | २७४५१२ | ५२.५० |
| ३२७१०७ | पशुपन्छी विकास फार्महरु | १८४१०१ | १७१३१८ | ९३.०६ |
| ३२७१०८ | कृषि विकास योजना अनुगमन तथा समन्वय कार्यक्रम | १२८०२९ | १०६८११ | ८३.४३ |
| ३२७१०९ | उच्च पहाडी कृषि व्यवसाय प्रवर्धन तथा जिविकोपार्जन सुधार आयोजना | ७२९४२३ | ४७११३१ | ६४.५९ |
| ३२७११० | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६१९२३ | ४८२९० | ७७.९८ |
| ३२७११२ | नेपाल एकीकृत व्यापार रणनीति | ४६४५ | ३१८१ | ६८.४८ |
| ३२७११३ | बङ्गुर तथा कुखुरा पालन सहकारी कार्यक्रम | ४७७०५ | ४१६०७ | ८७.२२ |
| ३२७८०१ | पशुसेवा प्रसार कार्यक्रम | २०६२०२६ | २०१४२७४ | ९७.६८ |
| ३२७८०२ | कर्णाली अञ्चल पशुविकास आयोजना | ४९०९३ | ४८१८४ | ९८.१५ |
| | **जम्मा** | **६५२३७६८** | **५५९४५८२** | **८५.७६** |

**पूँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२७०११ | पशुपन्छी विकास मन्त्रालय | ५५०४५ | २११४१ | ३८.४१ |
| ३२७०१२ | पशु सेवा विभाग | १४१००० | ४७०८० | ३३.३९ |
| ३२७०१३ | क्षेत्रीय पशु सेवा निर्देशनालयहरु | २०००० | १८१८० | ९०.९० |
| ३२७१०१ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ८३९२१० | ६८१४९५ | ८१.२१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२७१०२ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ८५११ | ५७७३ | ६७.८३ |
| ३२७१०३ | पशु विकास सेवा कार्यक्रम | ३२७७९२ | २७१०५३ | ८२.६९ |
| ३२७१०४ | पशुसेवा तालीम तथा प्रसार कार्यक्रम | २६४५० | २०५१६ | ७७.५७ |
| ३२७१०५ | पशु आहारा सेवा कार्यक्रम | २३३२५ | १९३६५ | ८३.०२ |
| ३२७१०६ | पशुपन्छी बजार प्रवर्धन कार्यक्रम | ६०० | ५९९ | ९९.८३ |
| ३२७१०७ | पशुपन्छी विकास फार्महरु | ६५५०० | ५७५०६ | ८७.८० |
| ३२७१०९ | उच्च पहाडी कृषि व्यवसाय प्रवर्धन तथा जिविकोपार्जन सुधार आयोजना | ५५५०० | ४७८४२ | ८६.२० |
| ३२७११० | राष्ट्रिय दुग्ध विकास बोर्ड | १५४० | १४६३ | ९५.०० |
| ३२७८०१ | पशुसेवा प्रसार कार्यक्रम | ३१९३५५ | २८३४७३ | ८८.७६ |
| ३२७८०२ | कर्णाली अञ्चल पशुविकास आयोजना | ५०० | ५०० | १००.०० |
| | **जम्मा** | **१८८४३२८** | **१४७५९८६** | **७८.३३** |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२७०११ | पशुपन्छी विकास मन्त्रालय | १३४,१४७ | ३९,४९० | २९.४४ |
| ३२७०१२ | पशु सेवा विभाग | ६९,६०६ | ३२,१४२ | ४६.१८ |
| ३२७०१३ | क्षेत्रीय पशु सेवा निर्देशनालयहरु | ६३,१६० | ३५,३३७ | ५५.९५ |
| ३२७०१४ | नेपाल पशु चिकित्सा परिषद् | ८,६२७ | ३,८६१ | ४४.७५ |
| ३२७१०१ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ६३३,३८५ | ३१६,०९३ | ४९.९१ |
| ३२७१०२ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | १७६,००७ | ५,७४३ | ३.२६ |
| ३२७१०३ | पशु विकास सेवा कार्यक्रम | ५९१,४६५ | १७१,५७९ | २९.०१ |
| ३२७१०४ | पशुसेवा तालीम तथा प्रसार कार्यक्रम | ८१,३१२ | ३९,५६२ | ४८.६५ |
| ३२७१०५ | पशु आहारा सेवा कार्यक्रम | ४९,२२२ | २७,२६८ | ५५.४० |
| ३२७१०६ | पशुपन्छी बजार प्रवर्धन कार्यक्रम | १३७,१८८ | १७,३०८ | १२.६२ |
| ३२७१०७ | पशुपन्छी विकास फार्महरु | २२७,०७९ | १३७,३५१ | ६०.४९ |
| ३२७१०८ | कृषि विकास योजना अनुगमन तथा समन्वय कार्यक्रम | ३०४,२१७ | १५०,०६१ | ४९.३३ |
| ३२७१०९ | उच्च पहाडी कृषि व्यवसाय प्रवर्धन तथा जिविकोपार्जन सुधार आयोजना | २६५,७९९ | ५३,२२० | २०.०२ |
| ३२७११० | राष्ट्रिय दुग्ध विकास बोर्ड | ६०,४९२ | ३०,९८० | ५१.२१ |
| ३२७११२ | नेपाल एकीकृत व्यापार रणनीति | ६,२१४ | १,४६९ | २३.६४ |
| ३२७११३ | बङ्गुर तथा कुखुरा पालन सहकारी कार्यक्रम | १,५१० | ६१६ | ४०.७९ |
| ३२७८०१ | पशुसेवा प्रसार कार्यक्रम | १,५७७,७०० | ९७२,१६० | ६१.६२ |
| | **जम्मा** | **४,३८७,१३०** | **२,०३४,२४०** | **४६.३७** |

**पूँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२७०११ | पशुपन्छी विकास मन्त्रालय | २०,७२० | २३१ | १.११ |
| ३२७०१२ | पशु सेवा विभाग | १७२,३४६ | ३५,७९९ | २०.७७ |
| ३२७०१३ | क्षेत्रीय पशु सेवा निर्देशनालयहरु | ३०,५१४ | १६,८३२ | ५५.१६ |
| ३२७०१४ | नेपाल पशु चिकित्सा परिषद् | ८०४ | ८०३ | ९९.८८ |
| ३२७१०१ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ८७६,८४० | ३०२,४४४ | ३४.४९ |
| ३२७१०२ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | २३०,०५१ | १६० | ०.०७ |
| ३२७१०३ | पशु विकास सेवा कार्यक्रम | १६२,९८९ | ४१,९७९ | २५.७६ |
| ३२७१०४ | पशुसेवा तालीम तथा प्रसार कार्यक्रम | ३३,१०४ | ९,९४७ | ३०.०५ |
| ३२७१०५ | पशु आहारा सेवा कार्यक्रम | १५,४५२ | २,२८३ | १४.७७ |
| ३२७१०६ | पशुपन्छी बजार प्रवर्धन कार्यक्रम | २,२६८ | १,२६९ | ५५.९५ |
| ३२७१०७ | पशुपन्छी विकास फार्महरु | ६६,०८८ | ४५,६३३ | ६९.०५ |
| ३२७१०९ | उच्च पहाडी कृषि व्यवसाय प्रवर्धन तथा जिविकोपार्जन सुधार आयोजना | १३३,१२९ | ६८,२२७ | ५१.२५ |
| ३२७११० | राष्ट्रिय दुग्ध विकास बोर्ड | १,८३६ | १,१८५ | ६४.५४ |
| ३२७११२ | नेपाल एकीकृत व्यापार रणनीति | १,४६७ | ६०६ | ४१.३१ |
|  | **जम्मा** | **१,७४७,६०८** | **५२७,३९८** | **३०.१८** |

◆ ◆ ◆

# खानेपानी तथा सरसफाइ मन्त्रालय

## १. पृष्ठभूमी :

खानेपानी तथा सरसफाइ क्षेत्रको योजनाबद्ध विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, नियमन, कार्यन्वयन, अनुगमन, तथा मुल्याङ्कन गर्ने प्रयोजनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२ पौष ९ गतेको निर्णयबाट यस खानेपानी तथा सरसफाई मन्त्रालयको स्थापना भएको हो। खानेपानी, सरसफाइ तथा ढल निकासको राष्ट्रिय लक्ष्य प्राप्तिका लागि यस मन्त्रालयबाट सञ्चालनमा आउने विकास आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजना, केन्द्रीय स्तरका आयोजना, निश्चित कार्यक्षेत्र तोकिएका आयोजना, केन्द्रीय/क्षेत्रीय/जिल्लास्तरबाट सञ्चालन हुने आयोजनाहरु गरी वर्गीकरण गरीएको छ । जिल्लागत रुपमा बाँडफाँड गरिएका उक्त कार्यका लागि मन्त्रालय मातहतमा खानेपानी तथा ढल निकास विभाग, ग्रामिण खानेपानी तथा सरसफाइ कोष विकास समिति, मेलम्ची खानेपानी विकास समिति, आयोजना कार्यान्वयन निर्देशनालय, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल खानेपानी संस्थान, खानेपानी महशुल निर्धारण आयोग लगायतका निकायहरु सञ्चालनमा छन् ।

## २. दृष्टिकोणः

सुरक्षित, पर्याप्त, सेवामूलक, सर्वमान्य खानेपानी तथा सरसफाई सुविधामा सबै नागरिकको पहुँच वृद्धि गरी सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने ।

## ३. ध्येयः

- प्रभावकारी, उत्तरदायी, पारदर्शी खानेपानी तथा सरसफाइ क्षेत्रको निर्माण गर्नु ।
- खानेपानी तथा सरसफाइ क्षेत्रको एकीकृत ऐन, राष्ट्रिय नीति तथा राष्ट्रिय क्षेत्रगत विकास नीति (SDP) बनाई लागू गर्ने ।
- सन् २०१९ सम्ममा सबैको लागि आधारभूत खानेपानी र सरसफाइ सेवा पुऱ्याउने

## ४. लक्ष्यः

### समष्टिगत लक्ष्यः

- दिगो विकास लक्ष्य, २०३० का अनुसार सबै नागरिकलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने।
- प्रशोधन सहितको ढल सुविधा उपलब्ध गराउने तथा ५० प्रतिशत फोहोर पानी प्रशोधन गरी खोला नालाहरुमा विसर्जन गर्ने ।

### कार्यनीतिक लक्ष्यहरुः

काठमाडौ उपत्यकामा खानेपानीको दीर्घकालीन समस्या समाधान गर्न, बढ्दो नदी प्रदूषणले जलीय पारिस्थितिक प्रणालीको ह्रास, जथाभावी ढल निकास तथा नदी किनाराको अतिक्रमण भएकाले बाग्मती नदी प्रणालीको विकास, सम्वर्द्धन एवं प्रवर्द्धन गर्न तथा वातावरण सुधारका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी बाग्मती, विष्णुमती, धोवीखोला लगायतका नदीनालाहरुलाई स्वच्छ, सफा र प्रदुषणमुक्त

बनाउन पनि विभिन्न कार्यक्रमहरु सञ्चालनमा छन् । उक्त लक्ष्यहरु हासिल गर्न स्थानीय निकाय, उपभोक्ता तथा गैरसरकारी संघसंस्थाहरुसँग एकीकृत तथा समन्वयात्मक रुपमा कार्य गर्ने साथै खानेपानी तथा सरसफाइको क्षेत्रको विकास तथा विस्तार गरी दिगो तथा समतामूलक खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराई जनस्वास्थ्यमा सुधार र जीवनस्तर माथि उकास्ने रणनीति अवलम्वन गरिएको छ ।

**रणनीतिक उद्देश्यहरुः**

- सरसफाइलाई स्वास्थ्यको अभिन्न भागको रूपमा लिइनुको साथै उपेक्षित समूहहरूमा केन्द्रीत भई सबै नेपालीहरूलाई सुरक्षित, सहज तथा पर्याप्त खानेपानी उपलब्ध गर्ने तथा सो को सुनिश्चितता दिने ।
- पानीजन्य रोगहरूबाट नागरिकमा परेको प्रभावलाई कम गर्ने ।
- परम्परागत रूपमा पानी ल्याउने र घरेलु सरसफाई तथा Hygiene को जिम्मा लिएका महिलाहरू र बालबालिकाहरुले पाइराखेको असुविधालाई कम गर्ने ।

## ५. कार्यक्षेत्रः

नेपालसरकार (कार्यविभाजन) नियमावली, २०७२मा खानेपानी तथा सरसफाइ मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम उल्लेख गरिएको छः

- खानेपानीसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन;
- खानेपानी सरसफाइ तथा ढल निकास;
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड;
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड;
- काठमाडौं उपत्यका खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशनालय;
- नेपाल खानेपानी संस्थान;
- मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना र अन्य खानेपानीसँग सम्वन्धित विषय;
- खानेपानी महशुल निर्धारण आयोग;
- नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूहको सञ्चालन।

## ६. आ.व. २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| ४९ | भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राखिएको, पुनर्निर्माणसँग सम्बद्ध निकायहरूको क्षमता वृद्धि गरी तोकिएको समयमै पुनर्निर्माणका कार्यहरू सम्पन्न गरिने । | भूकम्पले अति प्रभावित तथा मध्यम प्रभावित ३१ जिल्लाहरूमा क्षति भएका खानेपानीका संरचनाहरूको (७९७वटा) Build Back Better को सिद्धान्तमा पुनस्थापना र पुनर्निर्माणको कार्य भइरहेको । |
| ६२ | बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको निर्माण कार्य आगामी असोजभित्र सम्पन्न हुनेछ। आगामी दशैंसम्ममा यस आयोजनाबाट काठमाडौं उपत्यकाको चक्रपथभित्र दैनिक १७ करोड लिटर पानी वितरण हुने। | <u>**सुरुङ निर्माण तर्फ**</u><br>•यस आ.व.को दोस्रो चौमासिक अवधि सम्म २२८६.८० मिटर सुरुङ निरमाण भइ यस अवधिमा २७ हजार ३ सय ६१ मिटर सुरुङ निर्माण सम्पन्न ।<br><u>**पानी प्रशोधन केन्द्र निर्माण अन्तर्गत**</u><br>•पहिलो चरणको पानी ट्यांकी निर्माण कार्य सम्पन्न ।<br>•दोस्रो चरणको पानी ट्यांकी निर्माणाधीन<br><u>**थोक वितरण प्रणाली निर्माण अन्तर्गत**</u><br>•हाल सम्म ७६.६० कि.मि. मध्य ६७.१७५ कि.मि. थोक वितरण प्रणालीको पाइप विछ्याउने कार्य सम्पन्न<br><u>**वितरण सञ्जाल निर्माण अन्तर्गत**</u><br>•६७० कि.मि मध्ये ६७३.९० कि.मि पाइप जडान भइसकेको ।<br><u>**पानी पोखरी निर्माण कार्य अन्तर्गत**</u><br>•६ स्थानमा निर्माण कार्य सञ्चालन भई करिव ९२ % कार्य सम्पन्न । |
| १४५ | आधारभूत खानेपानी सेवाको पहुँच नपुगेका १३ प्रतिशत जनसंख्यालाई आगामी दुई वर्षभित्र आधारभूतस्तरको खानेपानी सेवामा पहुँच सुनिश्चित गर्ने गरी खानेपानी तथा सरसफाइ क्षेत्रका कार्यक्रमहरूलाई निरन्तरता | • यस आ.व.मा ७५ जिल्लामा सञ्चालित ३ हजार ८ सय २७ क्रमागत आयोजनाहरूको निर्माण कार्यहरूलाई निरन्तरता दिइ २०० योजना सम्पन्न गरी करिब ५ लाख जनता लाभान्वित हुने गरी वार्षिक कार्यक्रमबमोजिम निर्माण कार्यको सम्झौता भएको र खानेपानीका पाइप, फिटिंग्स लगायत सामाग्रीहरू उपलव्ध भइ निर्माण कार्य सुचारु रहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| | दिइने । | • सुक्खा क्षेत्र : ७ वटा आयोजनाहरूको निर्माण कार्य जारी, ३ वटाको DPR सम्पन्न भई लागत अनुमान स्वीकृति तथा Bidding प्रक्रियामा, ७ वटा आयोजनाको DPR का लागि परामर्शदातासँग सम्झौता भइसकेको , PMO को लागि Design, Supervision and Monitoring Consultant को RFP मुल्याङ्कन भइरहेको ।<br>• १० वटा क्रमागत आयोजनाहरुको निर्माण कार्य जारी । |
| १४६ | आगामी आर्थिक वर्षलाई खानेपानी तथा सरसफाइ अभियान वर्षको रूपमा मनाउन र दिगो विकास लक्ष्य हासिल गर्न समग्र खानेपानी तथा सरसफाइ क्षेत्रको क्षेत्रगत विकास योजना समेत तर्जूमा गरी लागू गरिनेछ । यससम्बन्धी विद्यमान कानुनहरूलाई समसामायिक र एकीकृत गरी नयाँ खानेपानी तथा सरसफाइ कानुन लागु गरिने । | • हालसम्म ३ सय ७६ गा.पा.,१ सय ९५ न.पा. तथा ४७ जिल्लाहरु ODF घोषणा भइसकेको।<br>• नयाँ एकीकृत कानून बनाउने प्रयोजनका लागि परामर्शदाता छनौट गर्नको लगि TOR तयारी भइरहेको। |
| १४७ | जिल्ला सदरमुकाम, साना सहर र नगरोन्मूख क्षेत्रहरूमा उपभोक्तासँगको लागत साझेदारीमा कार्यान्वयन भइरहेका साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई निरन्तरता दिइने । | • सहलगानी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत क्रमागत ३३ वटा आयोजनाहरू मध्ये २३ वटा आयोजनाहरूको निर्माण कार्य जारी रहेको, १० वटा आयोजनाहरू यसै आ.व. बाट निर्माण कार्य शुरू गरिने प्रक्रियामा रहेको । बाँकी १५ वटा आयोजनाहरूको विस्तृत योजना प्रतिवेदन (DPR) तयार चरणमा रहेको।<br>• ३९ वटा जिल्लाहरुमा सँचालित ७२ वटा गुणस्तर सुधार आयोजनाहरूमध्ये गोरखा जिल्लाको सतपिपल कर्णेखोला आयोजना सम्पन्न भइ १ हजार ७ सय ५० जना लाभान्वित भएका ।<br>• दोस्रो साना शहरी खानेपानी आयोजना अन्तर्गत २० वटा आयोजनाहरु सम्पन्न भई दैलेख सा.श.खा.पा.आ. |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फाल्गुण मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | Operation तहमा जान बाँकी रहेको ।<br>• तेस्रो साना शहरी खा. पा आयोजना अन्तर्गत टिकापुर, सल्यान, महेन्द्रनगर, सुनसरी र चारआली खा.पा. आ. सम्पन्न भइ Operation तहमा रहेको र बाँकि आयोजनाहरु निर्माण चरणमा रहेको। FSM को लागि Contract Agreement भइ निर्माण कार्य जारी रहेको। |
| १४७ | तराई मधेसका २० जिल्लामा आर्सेनिकमुक्त खानेपानी सेवा उपलब्ध गराउन सोलार पम्पिङ सहितको तराई मधेस खानेपानी सुधार कार्यक्रमलाई निरन्तरता दिइने । | • ६ सय ३० वटा सोलार सिस्टममा आधारित खानेपानी आयोजनाहरूको निर्माण कार्यले निरन्तरता पाइरहेको।<br>• थोक पानी वितरण प्रणालीहरूको ४ वटा प्याकेजको Draft Report तयारीको लागि फिल्डमा अध्ययन जारी। |
| १४८ | देशैभर खानेपानी सुरक्षा योजना लागू गरी शुद्धीकरण प्रणालीसहिका खानेपानी गुणस्तर सुधारका आयोजनाहरूलाई क्रमशः सञ्चालनमा ल्याइने । | खानेपानी सुरक्षा योजना स्थानीय निकायमा हस्तान्तरण भइसकेको। |

## ७. चालु आर्थिक वर्ष २०७४/७५ फाल्गुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- मेलम्ची खानेपानी आयोजना अन्तर्गत चालु आर्थिक वर्षको पहिलो आठ महिनामा २२८६.८० मिटर सुरुङ निर्माण कार्य सम्पन्न भएको छ । जम्मा २७ हजार ५ सय ८० मिटर सुरुङ्ग मध्ये हाल सम्म मुख्य सुरुङ्गको विभिन्न खण्डमा गरी २७ हजार ३ सय ६१ मिटर सुरुङ निर्माण कार्य सम्पन भएको छ। लामीडाँडादेखि पुल बजार-रिवर्मा हेडवर्क्ससम्मको मुख्य प्रवेश मार्ग निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य सम्पन्न भएको छ र सुन्दरी जल पानी प्रशोधन केन्द्र भाग १ को १ सय ६८ घण्टा नै नियमित परीक्षणको कार्य सम्पन्न भएको ।
- यस अवधिमा ३ जिल्लाहरु डोल्पा, कञ्चनपुर र रसुवा खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भई हाल सम्म ३ सय ८४ गा.पा.,१ सय ९५ न.पा. तथा ४७ जिल्लाहरु खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएका ।
- उच्च प्रविधि युक्त केन्द्रीय खानेपानी आयोजना अन्तर्गत ७५ जिल्लामा सञ्चालित ३ हजार ८ सय २७ क्रमागत आयोजनाहरूको निर्माण कार्यहरूलाई निरन्तरता दिइ २ सय योजना सम्पन्न गरी करिब ५ लाख जनसंख्या लाभान्वित भएका । खानेपानी गुणस्तर सुधार कार्यक्रमबाट हाल सम्म १ हजार ७ सय ५० जना लाभान्वित र ग्रामीण खानेपानी आयोजना अन्तरगत हाल सम्म ९ वटा खानेपानी योजना सम्पन्न भई ३ हजार ८० जनसंख्या लाभान्वित भएको ।

## ८. आर्थिक वर्ष २०७३/०७४ मा विनियोजित बजेट एवं खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११ | खानेपानी तथा सरसफाई मन्त्रालय | ४८३२७ | ४४३०५ | ९१.६८ |
| ३१३०१२ | खानेपानी तथा ढल निकास बिभाग | ८२९०९ | ५२७२६ | ६३.६० |
| ३१३१०१ | राष्ट्रिय सुचना ब्यबस्था तथा अनुगमन आयोजना | १३१११ | ९२५४ | ७०.५९ |
| ३१३१०२ | खानेपानी सेवा नियमन तथा पुर्नथापना कार्यक्रम | १९५७ | १७०० | ८६.८८ |
| ३१३१०३ | डिप टयूबवेल आयोजना मर्मत सुधार | ५२६ | ४८२ | ९१.६६ |
| ३१३१०४ | जनसाधन बिकास कार्यक्रम | २१७१३ | १९३०० | ८८.८९ |
| ३१३१०६ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६३६४ | ४४८३ | ७०.४४ |
| ३१३१०७ | दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ४४६५९ | ३०२३३ | ६७.७० |
| ३१३१०८ | तेश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | ६१९८५ | ४२१८० | ६८.०५ |
| ३१३१०९ | जलवायू परिबर्तन प्रभाव न्यूनिकरण तथा उपयूक्त प्रबिधि प्रवर्द्धन कार्यक्रम | ११८२ | ८१२ | ६८.७१ |
| ३१३११० | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ३५७७ | २९०८ | ८१.२९ |
| ३१३१११ | खानेपानी तथा सरसफाई सह लगानी कार्यक्रम | २०१८१ | ११८२७ | ५८.६१ |
| ३१३११२ | सुक्खा क्षेत्र खानेपानी आयोजना (रामेछाप वृहत,पकरवास,तिमाल र यासोक) | १६८२४ | ९५५६ | ५६.८० |
| ३११११३ | तराई मधेश खानेपानी सुधार कार्यक्रम | ५५८ | ४१० | ७३.५३ |
| ३१३११४ | मेलम्ची खानेपानी आयोजना | ७३११३ | ६७५९४ | ९२.४५ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई सुधार आयोजना कम्पोनेन्ट २ (खानेपानी मन्त्रालय) | २०२०० | ७२०१ | ३५.६५ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई कोष | १०५६१२ | ८६२४३ | ८१.६६ |
| ३१३११६ | वातावरणीय सरसफाई आयोजना | १५३५५५ | १०८५९९ | ७०.७२ |
| ३१३८०२ | खानेपानी तथा सरसफाई कार्यक्रम | ७०५५६१ | ७०२५८८ | ९९.५८ |
| | **जम्मा** | **१३८१९१५** | **१२०२४०३** | **८७.०१** |

**पुँजीगत** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११ | खानेपानी तथा सरसफाई मन्त्रालय | २१८२४० | १३७८६० | ६३.१७ |
| ३१३०१२ | खानेपानी तथा ढल निकास बिभाग | ३९०४० | ३२१८३ | ८२.४४ |
| ३१३१०१ | राष्ट्रिय सुचना ब्यबस्था तथा अनुगमन आयोजना | ५० | ४९ | ९८.०० |
| ३१३१०२ | खानेपानी सेबा नियमन तथा पुर्नथापना कार्यक्रम | १२११९०० | १०६०३४४ | ८७.५५ |
| ३१३१०३ | डिप टयूबवेल आयोजना मर्मत सुधार | ८८९१० | ८५२७९ | ९५.९२ |
| ३१३१०४ | जनसाधन बिकास कार्यक्रम | १४१०० | ९७१० | ६८.८७ |
| ३१३१०६ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ४८१५०० | ३८७७१२ | ८०.५२ |
| ३१३१०७ | दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ४८९६३६ | २८८७१३ | ५८.९६ |
| ३१३१०८ | तेश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २९७११०९ | २११८६८४ | ७१.३१ |
| ३१३१०९ | जलबायू परिबर्तन प्रभाव न्यूनिकरण तथा उपयूक्त प्रबिधि प्रबर्धन कार्यक्रम | १००००० | ७८५६८ | ७८.५७ |
| ३१३११० | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २००००० | १०८१२७ | ५४.०६ |
| ३१३१११ | खानेपानी तथा सरसफाई सह लगानी कार्यक्रम | ७९७९४० | ६४००६० | ८०.२१ |
| ३१३११२ | सुक्खा क्षेत्र खानेपानी आयोजना (रामेछाप वृहत,पकरवास,तिमाल र यासोक) | ५९३८५९ | ४८०३८१ | ८०.८९ |
| ३११११३ | तराई मधेश खानेपानी सुधार कार्यक्रम | २१०००० | २०४३२७ | ९७.३० |
| ३१३११४ | मेलम्ची खानेपानी आयोजना | ५९११८१६ | ४५०५६९६ | ७६.२२ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई कोष (खानेपानी मन्त्रालय) | ३६३६३ | ३३१३४ | ९१.१२ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई कोष | १६४५९३४ | १५४९७२४ | ९४.१५ |
| ३१३११६ | वातावरणीय सरसफाई आयोजना | १७५३०० | १४८०२७ | ८४.४४ |
| ३१३८०१ | ग्रामिण खानेपानी आयोजना | ४५००० | ४३०२९ | ९५.६२ |
| ३१३८०२ | खानेपानी तथा सरसफाई कार्यक्रम | १२०१७३५० | ८५२२५५१ | ७०.९२ |
| ३१३८०३ | उच्च मध्यम स्तरीय ठुला खानेपानी आयोजना | १६४४५०० | ११४५०१२ | ६९.६३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | **जम्मा** | २८८९१७४७ | २१५७९१७० | ७४.६९ |

## ९. आर्थिक वर्ष २०७४/०७५ मा विनियोजित बजेट एवं चैत्र मसान्त सम्मको खर्चको यथार्थ विवरण

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११ | खानेपानी तथा सरसफाई मन्त्रालय | ८५८३० | ३१६९९ | ३६.९३ |
| ३१३०१२ | खानेपानी तथा ढल निकास विभाग | ९१०५१ | ४३४२९ | ४७.७० |
| ३१३१०१ | राष्टिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १५५९० | ३६०२ | २३.१० |
| ३१३१०२ | खानेपानी सेवा नियमन तथा पुर्नस्थापना कार्यक्रम | १९३० | १२५४ | ६४.९८ |
| ३१३१०३ | डीप ट्युवेल आयोजना | ६१६ | १८९ | ३०.६८ |
| ३१३१०४ | जनसाधन विकास कार्यक्रम | २६७२७ | १७३८९ | ६५.०६ |
| ३१३१०६ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ८५८४ | १५५० | १८.०६ |
| ३१३१०७ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २४६७३ | १३१२७ | ५३.२० |
| ३१३१०८ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | ७०४७८ | ३३३०९ | ४७.२६ |
| ३१३१०९ | जलवायु परिर्वतन प्रभाव न्युनिकरण तथा उपयुक्त प्रविधि प्रवर्द्धन कार्यक्रम | ३७४४ | ५४६ | १४.५८ |
| ३१३११० | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २९६९ | २४१० | ८१.१६ |
| ३१३१११ | खानेपानी तथा सरसफाई सह लगानी कार्यक्रम | २९१९४ | १२२५३ | ४१.९७ |
| ३१३११२ | सुक्खा क्षेत्र खानेपानी आयोजना | २६२४९ | १०१६१ | ३८.७१ |
| ३१३११३ | तराई मधेस खानेपानी आयोजना | १५४३ | १०२७ | ६६.५३ |
| ३१३११४ | मेलम्ची खानेपानी आयोजना | ७९८८९ | ४८२३५ | ६०.३८ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई कोष | १६१०२० | ६२३७५ | ३८.७४ |
| ३१३११६ | वातावरणीय सरसफाई आयोजना | २४१३४३ | २६९९५ | ११.१९ |
| ३१३११७ | उच्च प्रविधि युक्त केन्द्रिय खानेपानी आयोजना | ७९८९०३ | ५२१९३३ | ६५.३३ |
| | ***जम्मा*** | १६७०३३३ | ८३१४८२ | ४९.७८ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११ | खानेपानी तथा सरसफाई मन्त्रालय | ३४१७० | २५०४ | ७.३३ |
| ३१३०१२ | खानेपानी तथा ढल निकास विभाग | ३३१२५ | ४०८४ | १२.३३ |
| ३१३१०१ | राष्टिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ५६ | ५५ | ९८.२१ |
| ३१३१०२ | खानेपानी सेवा नियमन तथा पुर्नस्थापना कार्यक्रम | ३३८९६० | २५५५८ | ७.५४ |
| ३१३१०३ | डीप ट्युवेल आयोजना | १२४२७८ | ४८७५ | ३.९२ |
| ३१३१०४ | जनसाधन विकास कार्यक्रम | २५३४७ | २५६३ | १०.११ |
| ३१३१०६ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ५२४३५० | १३४५८९ | २५.६७ |
| ३१३१०७ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | २७७५०० | १६५९३१ | ५९.७९ |
| ३१३१०८ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १९६५३३४ | ९०८९६० | ४६.२५ |
| ३१३१०९ | जलवायु परिर्वतन प्रभाव न्युनिकरण तथा उपयुक्त प्रविधि प्रवर्द्धन कार्यक्रम | २०१८२० | ३०५७५ | १५.१५ |
| ३१३११० | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ४४४४३२ | ५८२६३ | १३.११ |
| ३१३१११ | खानेपानी तथा सरसफाई सह लगानी कार्यक्रम | १२३९४४२ | ४३५१२१ | ३५.११ |
| ३१३११२ | सुक्खा क्षेत्र खानेपानी आयोजना | ८०८९२९ | ३७६९९९ | ४६.६० |
| ३१३११३ | तराई मधेस खानेपानी आयोजना | १४९५३८३ | ६०९११३ | ४०.७३ |
| ३१३११४ | मेलम्ची खानेपानी आयोजना | ६४९२६०३ | १६०५७५९ | २४.७३ |
| ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाई कोष | २०३५५७९ | १२२९१५३ | ६०.३८ |
| ३१३११६ | वातावरणीय सरसफाई आयोजना | १५८००२ | ३२६९४ | २०.६९ |
| ३१३११७ | उच्च प्रविधि युक्त केन्द्रिय खानेपानी आयोजना | ४८०९४३० | २३५३३९५ | ४८.९३ |
| | ***जम्मा*** | **२१००८७४०** | **७९८०१९२** | **३७.९९** |

◆ ◆ ◆

# गृह मन्त्रालय

## १. पृष्ठभूमिः

जनताको अपेक्षाअनुरूप गृह प्रशासन सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्ने, आमजनतामा शान्ति र सुरक्षाको प्रत्याभूति दिलाउने, गृह प्रशासनको प्रभावकारितामा अभिवृद्धि गर्ने र नेपाली नागरिकहरूको राष्ट्रिय पहिचानको प्रबन्ध गर्ने तथा स्थानीय प्रशासनलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कुरालाई निर्देशक सिद्धान्तको रूपमा लिई "राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासन:विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन" भन्ने मूल उद्देश्यअनुरूप गृह मन्त्रालयले देशभरि नै शान्ति सुरक्षा र अमन चयन कायम गर्दै आएको छ ।

## २. दीर्घकालीन सोचः

नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गर्ने ।

## ३. ध्येयः

- आन्तरिक सुरक्षा नीति कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा प्रभावकारी बनाउने ।
- दण्डहिनताको अन्त्य गरी जवाफदेहिता बहन गर्ने प्रणालीलाई दृढतासाथ कार्यान्वयन गर्ने ।
- नागरिकता वितरण र राहदानी सिफारिस जस्ता सेवालाई थप प्रभावकारी तुल्याउने ।
- गृह प्रशासन सुधार कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## ४. रणनीतिक उद्देश्यहरुः

- सुरक्षा निकायको एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति गर्ने ।
- नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्ठताको प्रर्वद्धन गर्ने।
- समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट उन्मुक्ति दिलाउने ।
- सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, सांस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने ।
- विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने ।
- सक्षम प्रशासन र सुदृढ व्यवस्थापनको सुनिश्चितता प्रदान गर्ने ।
- मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने ।
- लागू औषधको उत्पादन बिक्री वितरण एवं ओसार पसारलाई निषेध गर्ने कार्यवाही कडाईका साथ सञ्चालन गर्ने ।
- अध्यागमन प्रशासनलाई सक्षम सुदृढ र प्रविधिमैत्री बनाउने ।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;
- विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्बन्धी सूचना संकलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध;
- संघ र प्रदेश प्रहरीसम्बन्धी कानून, सुपरीवेक्षण र समन्वय;
- अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानून मापदण्ड र नियमन;
- अपराध अनुसन्धान र अपराध अनुसन्धान अभिलेख;
- अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग;
- सुपुर्दगीसम्बन्धी कानून, सन्धि,सम्झौता र कार्यान्वयन;
- नागरिकतासम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन;
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयक्त परिवार)सम्बन्धी कानून;
- उमेर, नाम र जात सच्याउनेसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन ;
- हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोगसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन;
- यातना पीडितसम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन;
- निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापनसम्बन्धी नीति, कानून र मापदण्ड;
- अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरणसम्बन्धी;
- शरणार्थी मामिलासम्बन्धी नीति, कानून र व्यवस्थापन
- सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- चिट्ठा तथा जुवा नियन्त्रणसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन;
- राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय;
- सजाय, माफी, मुल्तबी र परिवर्तन;
- निर्वाचन तथा जनमत संग्रह;
- सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन;
- इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी संगठनहरुसंगको सम्पर्क र समन्वय;
- मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन;
- अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय;
- अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय;
- अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा;
- सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एंव अवैध संघसंस्थाहरुको

गतिविधि नियन्त्रण र बारूदी सुरूङ्गको निवारण;

- सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण;
- राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;
- विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण;
- अध्यागमन;
- अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय;
- उपाधि, सम्मान तथा विभूषण र सुशोभन;
- द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरुको राहत तथा पुनस्थापना;
- आर्थिक सहायता;
- लागू औषध नियन्त्रण;
- धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री;
- कल्याण धन र बेवारिसी धन;
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण;
- सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण;
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत)विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क;
- निर्वाचन आयोग;
- प्रहरी कल्याण;
- नेपाल प्रहरी;
- सशस्त्र प्रहरी बल, नेपाल;
- प्रहरी किताबखाना;
- सार्वजनिक विषयसँग सम्बन्धित विवाद, घटनाको जांचबुझ र अनुसन्धान;
- सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय;
- मन्त्रालयसम्बन्धी प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;
- अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

## ७. आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| २६ | सविधान कार्यान्वयनसँगै जोडिएर आउने शान्ति प्रक्रियालाई निश्कर्षमा पुऱ्याउने अन्तिम कडीको रुपमा रहेको सघीय संसद र प्रदेश सभाको निर्वाचन सविधानले तोकेको समयभित्र सम्पन्न गर्न बजेट छुट्याएको । | संघीय प्रतिनिधिसभा तथा प्रदेश सभाको प्रथम र दोस्रो चरणको निर्वाचन आवश्यक सुरक्षा व्यवस्था मिलाई शान्तिपूर्ण वातावरणमा सु- सम्पन्न भएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- स्थानीय तहको दोस्रो र तेस्रो चरणको र संघीय प्रतिनिधिसभा तथा प्रदेश सभाको प्रथम र दोस्रो चरणको निर्वाचन आवश्यक सुरक्षा व्यवस्था मिलाई शान्तिपूर्ण वातावरणमा सु- सम्पन्न भएको ।
- क्षेत्रीय सुरक्षा गोष्ठी जनकपुर, पोखरा, नेपालगञ्ज, धनगढी, विराटनगरमा सम्पन्न गरी क्षेत्रीय सुरक्षा व्यवस्थाका साथै निर्वाचन सुरक्षालाई प्रभावकारी बनाइएको ।
- स्थानीय तह निर्वाचन (पहिलो संशोधन) ऐन,२०७४, राजनितिक दलसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी ऐन, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७४ लगायतका ऐनहरु पारित भई कार्यान्वयनमा आएको ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार बाढी, पहिरो र डुवानबाट मृत्यु भएका व्यक्तिका हकदारलाई रू. दुई लाखका दरले राहत उपलब्ध गराइएको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको क्रममा "Drug demand Reduction an Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic substances and Precursor chemicals and Related Matters" सम्बन्धी नेपाल र भारत बीच MoU मा हस्ताक्षर भएको ।
- राष्ट्रिय परिचयपत्रको कार्डको नमूना र सुरक्षा ढाँचा छनौट भई पहिलो चरणमा पाँचथर जिल्लाका (एक १ लाख १० हजार नागरिकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने निर्णय भएको ।
- पहिलो चरणको राष्ट्रिय परिचयपत्र वितरणका लागि कार्ड प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भई आवश्यक Hardware र Software को जडान भएको ।
- सेन्डाइ फ्रेमवर्कबमोजिमको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा रणनीतिक कार्य योजना बनाउन विभिन्न विषयगत मन्त्रालयहरु, दातृ निकाय, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरुको संलग्नतामा मस्यौदा तयार भएको ।
- नागरिकताको सफ्टवेरमा नागरिकको फोटो र फिङ्गर प्रिन्ट (Bio Matrix) सहितको विवरण राख्ने सुविधा मिलाइएको ।
- लागू औषधसम्बन्धी जानकारी दिने Mobile Application निर्माण भई प्रयोगमा आएको ।
- बन्द-हड्तालका अवस्थामा परिचालन हुने नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका लागि SOP तयार गरी कार्यान्वयन गरिएको ।
- सशस्त्र प्रहरी वल र नेपाल प्रहरीको केन्द्रमा खोज तथा उद्धार प्रतिकार्यका लागि उच्च प्रहरी अधिकृतको कमाण्डमा दैनिक २५ जनाको Quick Response Team लाई विपद उद्धार सामाग्री सहित तत्काल परिचालन हुनसक्ने गरी २४ सै घण्टा तयारी अवस्थामा राखिएको ।
- संघीय संरचनाअनुकुल हुने गरी ७ वटै प्रदेशहरुमा प्रदेश प्रहरी कार्यालय स्थापना भई कार्य प्रारम्भ भएको ।(प्रदेश नं २ र ५ को हकमा हाललाई पछि प्रदेश सरकारले निर्णय गरे वमोजिम नै हुने गरि केन्द्र तोक्ने कार्य भएको) ।
- अध्यागमन सुधार रणनीतिक योजना, २०७४-२०७६ स्वीकृत भई कार्यान्वयनमा आएको ।

- अन्तर्राष्ट्रिय मापदण्डअनुरुप अध्यागमन व्यवस्थामा सुधार गर्न software तथा मेशिन रिडेवल भिसा (E-Visa) सम्बन्धी प्रक्रिया अगाडी बढाइएको । सबै किसिमको भिसाको लागि अनलाईन दरखास्त प्रणाली शुरु गरिएको ।
- अध्यागमनबाट हुने सेवा प्रवाहको जानकारीका लागि अध्यागमन Mobile Apps प्रणाली शुरू गरिएको ।
- भौगोलिक क्षेत्रमा हुने विपद्को सम्भावनाको आधारमा सरोकारवालाहरुको सहभागितामा जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरिएको । विपद् जोखिम न्यूनीकरणका लागि जनचेतनाका कार्यक्रमहरु संचालन भइरहेको ।
- भूकम्प लगायतका अन्य विपद्को अनुभवको आधारमा विपद जोखिम न्यूनिकरणका लागि तीन वटै सुरक्षा निकायहरूमा तालिम प्राप्त जनशक्तिको संख्या बढाईएको ।
- नेपालसंग सीमाना जोडिएका मित्र राष्ट्रहरु भारत र चीनसँग सीमा क्षेत्रमा रहेका सुरक्षा र अपराध लगायतका समस्याहरु समाधान गर्न विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको नेतृत्वमा आठ वटा बैठक सम्पन्न भएको ।
- नुवाकोटमा प्रस्तावित केन्द्रीय कारागार र नेपालगन्जको क्षेत्रीय कारागार निर्माणका लागि गुरु योजना स्वीकृत गराई स्वीकृत गुरु योजना अनुसार काम शुरू भएको।
- दश वटा सुधारका क्षेत्रहरुको ८२ बुँदे कार्यायोजना प्रभावकारी कार्यान्वयनबाट शान्ति सुरक्षा, जनसेवा र सुशासनयुक्त वातावरण निर्माण भई राष्ट्रिय एकतासहितको विकास र समृद्धिमा योगदान गर्ने गरी गृह प्रशासन सुधार कार्ययोजना, २०७४ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको ।
- संघीय संरचनाअनुरुप गृह मन्त्रालयको संगठन संरचना स्वीकृत भएको ।

## ९. आर्थिक वर्ष २०७३/०७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११ | गृह मन्त्रालय | ४३१४९० | ३९४५१५ | ९१.४३ |
| ३१४०१३ | राष्ट्रिय अनुसन्धान विभाग | ९३७७३१ | ९६३६९५ | १०२.७७ |
| ३१४०१४ | समरजंग कम्पनी कार्यालय | ९९०२ | १०६९७ | १०८.०३ |
| ३१४०१६ | जिल्ला प्रशासन कार्यालयहरु | ११३०४३१ | १०१३५२४ | ८९.६६ |
| ३१४०१७ | सीमा प्रशासन कार्यालयहरु | १९५९० | १२४५९ | ६३.६० |
| ३१४०१८ | इलाका प्रशासन कार्यालयहरु | ३०१११२ | २२५०२७ | ७४.७३ |
| ३१४०१९ | कारागार व्यवस्थापन विभाग | १३०२७ | १२३५३ | ९४.८३ |
| ३१४०२० | कारागार कार्यालयहरु | ११४७२६८ | १११६८१२ | ९७.३५ |
| ३१४०२१ | अध्यागमन विभाग | १०४६०६ | १०३७५४ | ९९.१९ |
| ३१४०२२ | अध्यागमन कार्यालयहरु | १२३६९७ | ११००९१ | ८९.०० |
| ३१४०२३ | जुद्ध वारुणयन्त्र कार्यालय | ९१५८ | ८९८८ | ९८.१४ |
| ३१४०२४ | प्रहरी प्रधान कार्यालय | २२७०४५४ | २३५२५९३ | १०३.६२ |
| ३१४०२५ | नेपाल प्रहरी अस्पताल | ३५३०२७ | ३१७८६३ | ९०.०४ |
| ३१४०२६ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ४४२१२७ | ४६६३१७ | १०५.४७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०२७ | क्षेत्रीय प्रहरी कार्यालयहरु | ४१०९९४५ | ४५४००३२ | ११०.४६ |
| ३१४०२८ | जिल्ला प्रहरी कार्यालयहरु | २०४६७३९९ | २१८९८३७३ | १०६.९९ |
| ३१४०२९ | महानगरीय प्रहरी | ४१४८३०० | ४६६५९७६ | ११२.४८ |
| ३१४०३० | सशस्त्र प्रहरी बल | १३५७८४० | १३८८१५० | १०२.२३ |
| ३१४०३१ | प्रहरी किताबखाना | १४०४७ | १४४७७ | १०३.०६ |
| ३१४०३२ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | १९०१५ | १७३५३ | ९१.२६ |
| ३१४०३३ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | ११३४८४६ | १३१७१४० | ११६.०६ |
| ३१४०३४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | ३३७४११ | ३७४७०५ | १११.०५ |
| ३१४०३५ | नेपाल ए.पी.एफ अस्पताल | १४५५३१ | १५३३०१ | १०५.३४ |
| ३१४०३६ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ९१२१११० | १०३३४३९० | ११३.३० |
| ३१४०३७ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | ७१८२५७ | ८१९२६७ | ११४.०६ |
| ३१४१०१ | लागू औषध नियन्त्रण कार्यक्रम | १९३३६ | १७०२२ | ८८.०३ |
| ३१४१०४ | महिला तथा बालबालिका सेवा केन्द्र | ५४७१६ | ४०४३७ | ७३.९० |
| ३१४१०५ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७५७९ | ७३९२ | ९७.५३ |
| | **जम्मा** | **४८९४८९५२** | **५२६९६७०३** | **१०७.६६** |

**पूँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११ | गृह मन्त्रालय | ९२६९२ | ३८२६१ | ४१.२८ |
| ३१४०१३ | राष्ट्रिय अनुसन्धान विभाग | १२७८९९ | ११६४९२ | ९१.०८ |
| ३१४०१४ | समरजंग कम्पनी कार्यालय | १७३ | १७३ | १००.०० |
| ३१४०१६ | जिल्ला प्रशासन कार्यालयहरु | ४५५९३६ | ३५३६९७ | ७७.५८ |
| ३१४०१७ | सीमा प्रशासन कार्यालयहरु | ६८४ | १८४ | २६.९० |
| ३१४०१८ | इलाका प्रशासन कार्यालयहरु | ८०८४८ | ७७७५६ | ९६.१८ |
| ३१४०१९ | कारागार व्यवस्थापन विभाग | ७९२१४ | ७८१११ | ९८.६१ |
| ३१४०२० | कारागार कार्यालयहरु | १०९६०८ | १०६६९१ | ९७.३४ |
| ३१४०२१ | अध्यागमन विभाग | २७६७० | १२३७८ | ४४.७३ |
| ३१४०२२ | अध्यागमन कार्यालयहरु | ५७८३ | ५५५१ | ९५.९९ |
| ३१४०२३ | जुद्ध वारुणयन्त्र कार्यालय | २७५ | २७५ | १००.०० |
| ३१४०२४ | प्रहरी प्रधान कार्यालय | ३७७६२९ | ३५५५२० | ९४.१५ |
| ३१४०२५ | नेपाल प्रहरी अस्पताल | १३९३५४ | १३९३५४ | १००.०० |
| ३१४०२६ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २२८८२८३ | ६२१६७ | २.७२ |
| ३१४०२७ | क्षेत्रीय प्रहरी कार्यालयहरु | २०२३५६ | १९६७३७ | ९७.२२ |
| ३१४०२८ | जिल्ला प्रहरी कार्यालयहरु | ५४२४३९ | ४८५०५४ | ८९.४२ |
| ३१४०२९ | महानगरीय प्रहरी | १४०१६५ | १३२५९७ | ९४.६० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०३० | सशस्त्र प्रहरी बल | ६११९८१ | ५८०८७३ | ९४.९२ |
| ३१४०३१ | प्रहरी किताबखाना | ३६८५ | ३६८३ | ९९.९५ |
| ३१४०३२ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | ३५७७० | २११३५ | ५९.०९ |
| ३१४०३३ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | ३४५०९० | ३४५०९० | १००.०० |
| ३१४०३४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | ६६२०९ | ६६००५ | ९९.६९ |
| ३१४०३५ | नेपाल ए.पी.एफ अस्पताल | ५५८४२ | ५५८४२ | १००.०० |
| ३१४०३६ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १९५४८२ | १९५४७१ | ९९.९९ |
| ३१४०३७ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | १३५०९ | १३४४७ | ९९.५४ |
| ३१४१०१ | लागू औषध नियन्त्रण कार्यक्रम | १०४२० | ९९१४ | ९५.१४ |
| ३१४१०४ | महिला तथा बालबालिका सेवा केन्द्र | २०१५१९ | १०६८४७ | ५३.०२ |
| ३१४१०५ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९२८०० | ९२०३४ | ९९.१७ |
| | **जम्मा** | **६३०३३१५** | **३६५१३३९** | **५७.९३** |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११ | गृह मन्त्रालय | ४१९,५६८ | २१८,१४१ | ५१.९९ |
| ३१४०१३ | राष्ट्रिय अनुसन्धान विभाग | १,१३७,३८४ | ७२५,१०४ | ६३.७५ |
| ३१४०१४ | समरजंग कम्पनी कार्यालय | १२,८९९ | ९,२९६ | ७२.०७ |
| ३१४०१६ | जिल्ला प्रशासन कार्यालयहरु | १,३०१,४९४ | ७४४,३५९ | ५७.१९ |
| ३१४०१७ | सीमा प्रशासन कार्यालयहरु | २३,०५६ | ९,७१६ | ४२.१४ |
| ३१४०१८ | इलाका प्रशासन कार्यालयहरु | ३२५,८६० | १६२,२३१ | ४९.७९ |
| ३१४०१९ | कारागार व्यवस्थापन विभाग | २४,२४५ | १०,७२२ | ४४.२२ |
| ३१४०२० | कारागार कार्यालयहरु | १,२०९,८५६ | ८६४,९०५ | ७१.४९ |
| ३१४०२१ | अध्यागमन विभाग | १४०,०६६ | २६,२१४ | १८.७२ |
| ३१४०२२ | अध्यागमन कार्यालयहरु | १७०,३३६ | ९१,२१२ | ५३.५५ |
| ३१४०२३ | जुद्ध वारुणयन्त्र कार्यालय | १५,५९६ | ८,३४२ | ५३.४९ |
| ३१४०२४ | प्रहरी प्रधान कार्यालय | ३,४२८,१५३ | २,०६१,६२३ | ६०.१४ |
| ३१४०२५ | नेपाल प्रहरी अस्पताल | ४३८,५१० | २६७,७०० | ६१.०५ |
| ३१४०२६ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५५६,०५९ | ३४०,३०० | ६१.२० |
| ३१४०२७ | क्षेत्रीय प्रहरी कार्यालयहरु | ४,४७१,७४३ | ३,३९९,७९० | ७६.०३ |
| ३१४०२८ | जिल्ला प्रहरी कार्यालयहरु | २३,०५१,८२६ | १८,२७८,९८३ | ७९.३० |
| ३१४०२९ | महानगरीय प्रहरी | ५,४९६,१७९ | ३,६३०,४९६ | ६६.०५ |
| ३१४०३० | सशस्त्र प्रहरी बल | १,६५४,९९० | ९२६,६९६ | ५५.९९ |
| ३१४०३१ | प्रहरी किताबखाना | १८,३१८ | १२,०११ | ६५.५७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०३२ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | ४४,९९८ | १२,००७ | २६.६८ |
| ३१४०३३ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | १,३४६,२१६ | १,०६९,१९७ | ७९.४२ |
| ३१४०३४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | ४१४,१४० | २९८,६२२ | ७२.११ |
| ३१४०३५ | नेपाल ए.पी.एफ अस्पताल | १४९,४८० | १२३,९३३ | ८२.९१ |
| ३१४०३६ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १०,६२७,७३० | ८,१९९,१४२ | ७७.१५ |
| ३१४०३७ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | ८४९,३०४ | ६४८,५९५ | ७६.३७ |
| ३१४१०१ | लागू औषध नियन्त्रण कार्यक्रम | १९,४९४ | ८,५१४ | ४३.६७ |
| ३१४१०४ | महिला तथा बालबालिका सेवा केन्द्र | ४७,६३५ | २५,९२९ | ५४.४३ |
| ३१४१०५ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ११,२९७ | ६,७५९ | ५९.८३ |
| | **जम्मा** | **५७,४०६,४३२** | **४२,१८०,५३९** | **७३.४८** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११ | गृह मन्त्रालय | १४०,५६० | १४,५८० | १०.३७ |
| ३१४०१३ | राष्ट्रिय अनुसन्धान विभाग | १३०,०९६ | ५२,३१७ | ४०.२१ |
| ३१४०१४ | समरजंग कम्पनी कार्यालय | १८७ | १८६ | ९९.४७ |
| ३१४०१६ | जिल्ला प्रशासन कार्यालयहरु | ४८३,२०९ | १५१,११८ | ३१.२७ |
| ३१४०१७ | सीमा प्रशासन कार्यालयहरु | २०८ | ८८ | ४२.३१ |
| ३१४०१८ | इलाका प्रशासन कार्यालयहरु | ६७,३१३ | ३५,२८१ | ५२.४१ |
| ३१४०१९ | कारागार व्यवस्थापन विभाग | ४४०,८५५ | १७४,९८६ | ३९.६९ |
| ३१४०२० | कारागार कार्यालयहरु | १३४,२७५ | ५६,२०७ | ४१.८६ |
| ३१४०२१ | अध्यागमन विभाग | २५,५३१ | ३,३०४ | १२.९४ |
| ३१४०२२ | अध्यागमन कार्यालयहरु | ११,६३७ | २,९१५ | २५.०५ |
| ३१४०२३ | जुद्ध वारुणयन्त्र कार्यालय | ४४८ | ३८४ | ८५.७१ |
| ३१४०२४ | प्रहरी प्रधान कार्यालय | ७६७,४६२ | ३८२,७२४ | ४९.८७ |
| ३१४०२५ | नेपाल प्रहरी अस्पताल | १२७,९७७ | २९,३८८ | २२.९६ |
| ३१४०२६ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ३,१७३,४५० | ३९,२८० | १.२४ |
| ३१४०२७ | क्षेत्रीय प्रहरी कार्यालयहरु | २३४,६४६ | १७२,२४६ | ७३.४१ |
| ३१४०२८ | जिल्ला प्रहरी कार्यालयहरु | ५६३,०४८ | ३०१,८३१ | ५३.६१ |
| ३१४०२९ | महानगरीय प्रहरी | ४९१,३३९ | ३७८,७७० | ७७.०९ |
| ३१४०३० | सशस्त्र प्रहरी बल | ४०७,१०१ | ८४,५९९ | २०.७८ |
| ३१४०३१ | प्रहरी किताबखाना | १,७४० | १,३१४ | ७५.५२ |
| ३१४०३२ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | ३९,८२१ | ७,१५९ | १७.९८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०३३ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | २४,७५५ | ७,२५३ | २९.३० |
| ३१४०३४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | ३१,२५१ | ८,१५९ | २६.११ |
| ३१४०३५ | नेपाल ए.पी.एफ अस्पताल | ४७,२३० | ७,६२७ | १६.१५ |
| ३१४०३६ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ३०६,८५६ | १२०,०१० | ३९.११ |
| ३१४०३७ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | १२,४८६ | ३,५९२ | २८.७७ |
| ३१४१०१ | लागू औषध नियन्त्रण कार्यक्रम | ६,९५८ | ४,१८६ | ६०.१६ |
| ३१४१०४ | महिला तथा बालबालिका सेवा केन्द्र | १७१,५३४ | ६३,६७४ | ३७.१२ |
| ३१४१०५ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ८३,२८४ | ६४,४९५ | ७७.४४ |
|  | **जम्मा** | **७,९२५,२५७** | **२,१६७,६७३** | **२७.३५** |

◆ ◆ ◆

# परराष्ट्र मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको परराष्ट्र नीतिको तर्जुमा र कार्यान्वयन गर्ने कार्य परराष्ट्र मन्त्रालयको जिम्मेवारी अन्तर्गत पर्दछ । विभिन्न मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सम्बन्ध विस्तार गर्ने, नेपालको राष्ट्रिय हित प्रवर्द्धनका लागि कूटनीतिको माध्यमबाट पहल गर्ने, अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि निर्माण गर्ने, आर्थिक तथा विकास कूटनीति सञ्चालन गर्ने, विदेशमा बसेका नेपालीहरूको अधिकार र हितको संरक्षण गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू परराष्ट्र मन्त्रालयले गर्दै आएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्ने अभिप्राय राखेको छ । संविधानको धारा ५ ले राष्ट्रिय हितको परिभाषा तथा धारा ५१ (ङ) ले नेपालको परराष्ट्र नीति सम्बन्धमा मार्गनिर्देश गरेको छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने राज्यको नीति रहेको छ । संविधानको मार्ग निर्देशन, अन्तर्राष्ट्रिय परिवेशमा भइरहेको परिवर्तन, क्षेत्रीय र बहुपक्षीय मञ्चहरूमा बढ्दै गएको सहभागिता एवं बदलिँदो विश्व व्यवस्थासम्बन्धी नवीन व्याख्याहरूका कारण उत्पन्न अवसरहरूको सदुपयोग गर्दै चुनौतीहरूको सामना गर्ने दिशामा नेपालको परराष्ट्र नीतिको कार्यान्वयन गर्न परराष्ट्र मन्त्रालयको महत्त्वपूर्ण भूमिका रहेको छ ।

हाल परराष्ट्र मन्त्रालय अन्तर्गत ३९ वटा नेपाली नियोगहरू विदेशमा रहेका छन् । यसमध्ये ३० वटा राजदूतावासहरू, ३ वटा स्थायी नियोगहरू र ६ वटा महावाणिज्य दूतावासहरू हुन् ।

## २. दीर्घकालीन सोचः

परराष्ट्र नीतिको समग्र ढाँचाभित्र कूटनीतिको प्रभावकारी सञ्चालन गर्दै नेपालको राष्ट्रिय हित संरक्षण र प्रवर्द्धन गर्ने ।

## ३. ध्येयः

छिमेकी मित्रराष्ट्रहरू, दक्षिण एसियाली राष्ट्रहरू, प्रमुख शक्ति राष्ट्रहरू र अन्य मित्र राष्ट्रहरूसँगको निकट र मैत्रीपूर्ण सम्बन्धलाई बलियो बनाएर संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठन तथा मञ्चहरूमा सक्रिय भूमिका निर्वाह गर्दै विदेशमा रहेका नेपालीहरूको अधिकार र हितको संरक्षण गर्ने तथा अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि उँचो बनाउने ।

## ४. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायबमोजिम रहेका छन्:

- नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन;
- विदेशी राष्ट्रहरूसँग तथा संयुक्त राष्ट्र संघ लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध;
- नेपालस्थित विदेशी नियोगहरूसँग सम्बन्ध, समन्वय एंव विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व;
- नेपालको अन्तर्राष्ट्रिय सीमा-सम्बन्ध;
- विदेशमा नेपालको प्रतिनिधित्व;
- अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि;
- नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्ति माथिको दाबा;
- कन्सुलर प्राक्टिस र कन्सुलर सेवा;
- विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण;
- अतिथि सत्कार, शिष्टाचार र ओहदाको प्रमाणपत्र;
- अधिकारपत्र (क्रिडेन्सियल);
- आर्थिक तथा विकास कूटनीति;
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति;
- गैरआवासीय नेपाली;
- परराष्ट्र मामिला सम्बन्धमा प्रदेशहरूसँग सम्पर्क र समन्वय;
- कूटनीतिक आचारसंहिता;
- अन्तर्राष्ट्रिय तहमा जनस्तरीय तथा गैरसरकारी संस्थास्तरीय सम्बन्धको विकास;
- राहदानी, विदेशमा दिइने भिसा;
- कूटनीतिक तहमा हुने वार्ता, सम्झौता र सन्धि;
- विषयगत मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति र समन्वय;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
- नेपाल परराष्ट्र सेवाको सञ्चालन ।

## ५. आ.व. २०७४/७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १८६ | दुई छिमेकी मुलुकसँग समदूरीको सम्बन्ध कायम गरिनेछ । यी दुई मुलुकका आर्थिक वृद्धिबाट नेपालले लाभ लिनसक्ने नीति तयार गरिनेछ । परराष्ट्र सम्बन्धलाई प्रभावकारी बनाउँदै | • सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीबाट १३-१६ सेप्टेम्वर २०१७ मा युनाइटेड अरब इमिरेट्सको भ्रमण सम्पन्न भयो। यस भ्रमणबाट दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनाउन मद्दत मिलेको ।<br>• संयुक्त राष्ट्र संघको ७२ औ महासभामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | विश्व रङ्गमञ्चमा नेपालको उपस्थिति सारपूर्ण बनाइनेछ । विदेशस्थित नेपाली नियोगहरूलाई आर्थिक कूटनीति, श्रम कूटनीति, पर्यटन कूटनीति र व्यापार कूटनीति सञ्चालन गर्न क्षमतावान् बनाइनेछ । | देउवाले २३ सेप्टेम्वर २०१७ का दिन महासभालाई सम्बोधन गर्नुभयो। यस सम्बोधनमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालले संविधानको कार्यान्वयन निर्वाचनको माध्यमबाट गर्दै शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउन लागेको कुरा व्यक्त गर्दै स्थानीय निकायको निर्वाचन सफलतापूर्वक सम्पन्न भइ प्रदेश तथा संघीय संसदको निर्वाचनका लागि भइरहेको तयारी बारे विश्व समुदायलाई अवगत गराउदै समकालीन विश्वका जल्दावल्दा विषयहरूमा सफलतापूर्वक द्वन्दबाट शान्तितर्फ रुपान्तरण भएको नेपालको छवि प्रस्तुत गर्नुभएकाले नेपालको प्रतिष्ठा अभिवृद्धि गर्न मद्दत पुगेको ।<br>• सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट अगस्त २३-२७, २०१७ (२०७४ भदौ ७-११) सम्म भारतको राजकीय भ्रमण । भ्रमणका अवसरमा नेपाल र भारतबीच ८ वटा समझदारी हुनुका साथै ४६ बुँदे संयुक्त विज्ञप्ति जारी तथा दुई देशकाबीच विश्वासको अभिवृद्धि गर्न मद्दत पुग्नुका साथै नेपालको सामाजिक आर्थिक विकासको लागि ऊर्जा, व्यापार, कनेक्टिभिटी, पर्यटन जस्ता महत्त्वपूर्ण क्षेत्रहरूमा सहयोग अभिवृद्धि हुने र विगतमा सहमतिमा भएका ठूला आयोजनाहरूको शीघ्र एवं प्रभावकारी कार्यान्वयनका लागि सकारात्मक वातावरण बनेको ।<br>• चिनीयाँ उपप्रधानमन्त्री महामहिम वाङ्ग याङ्गले अगस्त १५-१७, २०१७ (२०७४ साउन ३१- भदौ १) सम्म नेपालको औपचारिक भ्रमण सम्पन्न गर्नु भयो । यस भ्रमणको दौरान व्यापार, लगानी र प्राविधिक सहयोगसम्बन्धी ३ वटा सम्झौताहरूमा हस्ताक्षर समेत सम्पन्न भएको र यसबाट नेपाल र चीन वीचको आर्थिक सम्बन्ध थप उचाइमा पुग्ने अपेक्षा गरिएको ।<br>• परराष्ट्र सचिव श्री शंकरदास बैरागी जनवरी १६-१८, २०१८ मा भारतको दिल्लीमा आयोजित राइसिना डाइलगमा नेपालको तर्फबाट सहभागी हुनुभयो । यस डायलगमा सहभागी भइ परराष्ट्र सचिवले बंगालको खाडीको संरक्षण र यसमा निर्भर समुदायको विकास, आर्थिक वृद्धि र सुरक्षासँग सम्बन्धित विषयमा आफ्ना विचारहरू राखुभएको।<br>• BIMSTEC को पन्धौं परराष्ट्र मन्त्रीस्तरीय बैठक र अठारौं परराष्ट्र सचिवस्तरीय बैठक अगस्त १०-११, २०१७ (२०७४ साउन २६-२७) मा काठमाडौंमा सम्पन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | भएको । बैठकले BIMSTEC अन्तर्गतका चौधवटै सहयोगका क्षेत्रको प्रगति समीक्षा गर्नुका साथै यस अन्तर्गतका सम्झौता/परियोजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि प्रतिवद्धता व्यक्त गरेको । साथै, BIMSTEC को चौथो शिखर सम्मेलन सबै सदस्य राष्ट्रहरूलाई उपयुक्त हुने मितिमा काठमाडौंमा गरिने निर्णय भएको ।<br>• गल्फ क्षेत्रमा रहेका नेपाली दूतावासहरूको सम्मेलन ओमानको मस्कटमा सम्पन्न थप १४ देशसँग नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरी नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना हुने देशहरूको संख्या १ सय ५८ भइ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक दायरा विस्तार हुँदै गएको ।<br>• नेपाल र मोरक्कोबीच अगस्त ३, २०१७ (२०७४ साउन १९ ) मा द्विपक्षीय संयन्त्र स्थापना भएको ।<br>• नेपाल-ब्राजिलबीचको द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक सम्पन्न भएको छ ।<br>• उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलले आफ्नो प्रतिवेदन २०७४ माघ २५ गते सम्माननीय प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री समक्ष प्रस्तुत गरेको ।<br>• चालू आर्थिक वर्षमा सम्पादन गर्नुपर्ने प्राथमिकता प्राप्त कार्यहरूको कार्ययोजना (Annual Action Plan) तयार गरी कार्यान्वयनमा ल्याइएको यसबाट परराष्ट्र मन्त्रालयको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्व वृद्धि हुनाका साथै सुशासन कायम गर्ने कुरामा थप मद्दत पुगी सुधार कार्य निरन्तर भइरहेको । |
| १८७ | नेपालको आर्थिक विकासका लागि मित्र राष्ट्रहरूसँग व्यापार, लगानी, पर्यटन, श्रम, वातावरण तथा प्रविधिका क्षेत्रमा सहयोग अभिवृद्धि गर्न देशगत रणनीति तयार गरिनेछ । उच्चस्तरीय भ्रमणको अवसरमा सम्पन्न सन्धि, सम्झौता र समझदारी अनुरुपका परियोजनाहरूको निर्माण कार्य प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । | • आर्थिक कूटनीतिको क्षेत्रमा उपलब्ध अवसर तथा चुनौतीहरुको विश्लेषण गर्दै विभिन्न मित्र राष्ट्रहरूसँग पर्यटन, व्यापार, लगानी, वैदेशिक रोजगारी, जलवायु परिवर्तन, प्रविधि आदि क्षेत्रमा सहयोग अभिवृद्धि गर्न देशगत विशेष रणनीति (Country-Specific Strategy) तयार गर्न समिति गठन भई ४ वटा बैठक सम्पन्न भइसकेको र रणनीति निर्माण कार्य भइरहेको ।<br>• वैदेशिक लगानी, पर्यटन र निर्यात व्यापार प्रवर्द्धनमा योगदान पुऱ्याउने, नेपालमा लगानीका अवसरहरूबारे जानकारी गराउने, नेपालीहरूका लागि विदेशमा रोजगारीको सम्भावनाको खोजी गर्ने, नेपाली श्रमिकहरूलाई अध्यागमनलगायत महत्त्वपूर्ण जानकारीका बारेमा सचेत गराउने, नेपाली कला तथा संस्कृतिको संरक्षण तथा सम्वर्द्धन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | गर्ने र निर्यात प्रवर्द्धन गर्ने लगायतका विषयमा विदेशस्थित नेपाली नियोगहरूबाट विभिन्न कार्यक्रमहरू आयोजना गरिएका छन् । यी कार्यक्रमहरूबाट नेपालको विकास कूटनीतिलाई परिणाममूखी बनाउन मद्दत मिलेको ।<br>• विदेशस्थित नेपाली नियोगहरूमा सरुवा भइ जाने कर्मचारीहरूको आर्थिक कूटनीतिसम्बन्धी क्षमता अभिवृद्धिको लागि दुई (२) दिवसीय Pre-Departure तालिम सम्पन्न भएको ।<br>• परराष्ट्र मन्त्रालयको समन्वयमा गैर आवासीय नेपाली संघको आठौं विश्व सम्मेलन काठमाडौंमा सम्पन्न भएको ।<br>• संविधान दिवसका अवसरमा विदेशस्थित सबै नेपाली नियोगहरूमा सांस्कृतिक कार्यक्रमसहितको राष्ट्रिय दिवस कार्यक्रम सम्पन्न भएको । |
| १८८ | विद्युतीय राहदानीका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको पूर्वाधार विकास गरी विदेश नीति विश्लेषण तथा अनुसन्धान केन्द्रको रुपमा विकसित गर्दै लगिनेछ । | • राहदानी विभाग नेपाल सरकारको एकमात्र ISO९००१:२०१५ Certification प्राप्त सरकारी निकाय बनेको र ISO९००१:२०१५ Certification प्राप्त गरेपछि विभागबाट प्रदान गरिने सेवा थप प्रभावकारी हुन पुगेको ।<br>• राहदानी विभाग, कन्सुलर सेवा विभाग र विदेशस्थित नेपाली नियोगहरूले नेपाली नागरिकहरूलाई प्रदान गर्ने विविध प्रकृतिका सेवाहरूको सम्बन्धमा, सेवा प्राप्त गर्ने माध्यम र तरिकाको बारेमा सर्वसाधारणको जानकारीका लागि "पासपोर्ट" नामक लघु चलचित्र निर्माण गरी वैदेशिक रोजगारका लागि विदेश जान चाहने सबैको जानकारीका लागि विभागको आधिकारिक वेवसाईट, युट्युब लगायतका अन्य सामाजिक मिडियाहरू मार्फत प्रचार प्रसार गरिएको। यसबाट जनस्तरमा चेतना अभिवृद्धि भइ राहदानी तथा कन्सुलर सेवाको प्रभावकारिता बढ्ने ।<br>• इ-पासपोर्ट प्रणालीमा तत्काल जाने वा नजाने र यदि जाने भए यसका लागि के के पूर्वाधार आवश्यक हुन्छ भन्ने बारेमा अध्ययन गर्ने कार्य भइरहेको ।<br>• परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश २०६८ लाई संशोधन गर्न तयार गरिएको पहिलो संशोधन २०७४ प्रारम्भ भएको । यसबाट प्रतिष्ठानको कार्यक्षमता अभिवृद्धि हुने अपेक्षा गरिएको । |
| १८९ | मानव अधिकारका लागि नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिवद्धताहरू पूरा गरिनेछ । मानव अधिकारको प्रत्याभूतिका | • संयुक्त राष्ट्र संघीय शान्ति स्थापनासम्बन्धी मिसनहरूमा आम मानिसहरूको सुरक्षासम्बन्धी किगाली प्रिन्सिपललाई नेपालले स्वीकार गरी शान्तिस्थापना कार्यमा उच्च प्रतिष्ठा कमाएको नेपालको छवि झन् उच्च भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | लागि सम्बन्धित सरकारी निकायहरूलाई सजग गराइनेछ। | • नेपालले Biological Weapons Convention सम्मिलन गरेकोले विश्वमा दिगो शान्ति कायम गर्न हातहतियारको दौड समाप्त गर्नुपर्ने नेपालको प्रतिवद्ध धारणा मुखरित भइ अन्तर्राष्ट्रिय जगतमा नेपालको सम्मान र छवि उच्च बनाएको ।<br>• एसिया प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय शान्ति तथा निःशस्त्रीकरण क्षेत्रीय कार्यालय काठमाडौंमा पुनर्स्थापना गरिएको र यसबाट हातहतियारको होडबाजी अन्त्य गरी शान्त विश्व निर्माण गर्न सहयोग पुगेको ।<br>• कोलम्बो प्रोसेस (Colombo Process) को अध्यक्षमा नेपाल निर्वाचित भएकोले अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा बढेको ।<br>• नेपाल मानव अधिकार परिषद्को सदस्यमा सन् २०१८-२०२० को अवधिका लागि निर्वाचित भएको। |

## ६. आर्थिक वर्ष २०७४।७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. सम्माननीय प्रधानमन्त्रीद्वारा भारतको राजकीय भ्रमण

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले भारतका महामहिम प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निमन्त्रणामा अगस्त २३-२७, २०१७ (२०७४ भदौ ७-११) सम्म भारतको राजकीय भ्रमण गर्नुभयो । उक्त भ्रमणका सिलसिलामा नेपाल र भारतबीच दुईपक्षीय वार्ता सम्पन्न भयो । उक्त वार्तामा दुवै देशका प्रधानमन्त्रीहरूले आ-आफ्नो देशको प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभएको थियो। साथै, भ्रमणका अवसरमा नेपाल र भारतबीच ८ वटा समझदारी पत्रहरूको आदान-प्रदान हुनुका साथै ४६ बूँदे संयुक्त विज्ञप्ति समेत जारी भएको थियो ।

### ख. माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीद्वारा चीनको भ्रमण

माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कृष्णबहादुर महराले सेप्टेम्वर ६-११, २०१७ (२०७४ भदौ २१-२६) सम्म छिमेकी मित्रराष्ट्र चीनको मैत्रीपूर्ण भ्रमण गर्नुभयो । उक्त अवसरमा माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रीले चिनियाँ प्रधानमन्त्री लि ख छ्याङ्ग (Li Keqiang), समकक्षी तथा परराष्ट्र मन्त्री वाङ यी (Wang Yi), स्टेट काउन्सेलर याङ्ग जेइची (Yang Jiechi) लगायतका उच्चस्तरीय नेता तथा अधिकारीहरूसँग भेट गरी द्विपक्षीय हितका विषयमा कुरा गर्नुभयो । उक्त अवसरमा उहाँले नेपालले रेलवे कनेक्टिभिटीलाई राष्ट्रिय प्राथमिकतामा राखेको कुरा जानकारी दिनुभयो । दुवै पक्षका प्रतिनिधि मण्डलका नेताहरूले रेलवे परियोजनाको अध्ययन गर्ने कुरामा सहमति जनाउनुभयो । साथै दुवै पक्षबाट समय समयमा उच्चस्तरीय भ्रमणको आदान प्रदान गरिने प्रतिवद्धता जनाइयो । भ्रमणका अवसरमा माननीय उपप्रधानमन्त्री

तथा परराष्ट्रमन्त्रीले हालै स्थापित नेपाली महावाणिज्यदूतावास ग्वान्जाओको समुद्घाटन, चिनियाँ तथा नेपाली व्यापारिक समुदाय, लगानीकर्ता तथा व्यवसायीहरूलाई सम्बोधन समेत गर्नुभयो ।

**ग. चिनियाँ उपप्रधानमन्त्रीद्वारा नेपालको भ्रमण**

नेपाल सरकारको मैत्रीपूर्ण निमन्त्रणामा चिनियाँ उपप्रधानमन्त्री महामहिम वाङ्ग याङ्ग (Wang Yang ) ले अगस्त १५-१७, २०१७ (२०७४ साउन ३१- भदौ १) सम्म नेपालको औपचारिक भ्रमण सम्पन्न गर्नुभयो । उक्त भ्रमणका अवसरमा उहाँले सम्माननीय राष्ट्रपति र प्रधानमन्त्रीसँग शिष्टाचार भेटघाट गर्नुभयो । साथै उपप्रधान तथा सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री नेतृत्वको नेपाली प्रतिनिधि मण्डल र चिनियाँ प्रतिनिधि मण्डलबीच द्विपक्षीय वार्ता सम्पन्न भयो । यस भ्रमणको दौरान व्यापार, लगानी र प्राविधिक सहयोगसम्बन्धी ३ वटा सम्झौताहरूमा हस्ताक्षर समेत सम्पन्न भएको थियो ।

**घ. भारतीय विदेशमन्त्रीद्वारा नेपालको भ्रमण**

गणतन्त्र भारतका विदेशमन्त्री श्रीमती सुषमा स्वराजले २०७४ माघ १८-१९ सम्म नेपालको दुईदिने भ्रमण गर्नुभयो । यस भ्रमणमा महामहिम सुषमा स्वराजले नेपालका सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री तथा विभिन्न राजनीतिक दलका नेताहरूसँग भेटघाट गर्नुभयो ।

**ङ. नेपालका परराष्ट्र सचिवद्वारा राइसिना डाइलगमा सहभागिता**

नेपालका परराष्ट्र सचिव श्री शंकरदास बैरागी जनवरी १६-१८, २०१८ मा भारतको दिल्लीमा आयोजित राइसिना डाइलगमा नेपालको तर्फबाट सहभागी हुनुभयो । यस डायलगमा सहभागी भइ परराष्ट्र सचिव श्री बैरागीले बंगालको खाडीको संरक्षण र यसमा निर्भर समुदायको विकास, आर्थिक वृद्धि र सुरक्षासँग सम्बन्धित विषयमा आफ्ना विचारहरू राखुभएको थियो ।

**च. BIMSTEC को परराष्ट्रमन्त्री तथा सचिवस्तरीय बैठकको आयोजना**

BIMSTEC को पन्धौं परराष्ट्रमन्त्रीस्तरीय बैठक र अठारौं परराष्ट्र सचिवस्तरीय बैठक काठमाडौंमा अगस्त १०-११, २०१७ (२०७४ साउन २६-२७) मा सम्पन्न भयो । उक्त बैठकको उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले गर्नुभयो । उक्त बैठकले BIMSTEC अन्तर्गतका चौधवटै सहयोगका क्षेत्रमा भएको प्रगति समीक्षा गर्नुका साथै यस अन्तर्गतका सम्झौता/परियोजना तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि प्रतिवद्धता व्यक्त गऱ्यो ।

**छ. SAARC को Programming Committee को बैठक सम्पन्न**

SAARC को ५४ औं Programming Committee को बैठक डिसेम्वर १२-१३, २०१७ (२०७४ मंसिर २६-२७) मा काठमाडौंमा सम्पन्न भयो । यसबाट नेपालको क्षेत्रीय मञ्चहरूमा प्रभावकारिता वृद्धि हुनाका साथै अध्यक्षका हैसियतले नेपालले दुबै संगठनहरूलाई गति प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### ❖ कूटनीतिक सम्बन्ध विस्तार एवं परामर्श संयन्त्रको स्थापना

**क. थप देशहरूसँग कूटनीतिक सम्बन्ध कायम**

यस अवधिमा नेपालले १४ वटा देशहरूसँग कूटनीतिक सम्बन्ध कायम गऱ्यो जसमा युगान्डा, आइभोरीकोस्ट, गणतन्त्र जिबुटी, आन्टिगुवा एण्ड बर्मुडा, काबोभर्डे, लाइबेरिया, निजर, इरिट्रिया, बहमास, लिचटेन्स्टेन, अंगोला, बुर्किना फासो, बेनिन र उज्बेकिस्तान छन् । यी मुलुकहरू समेत गरी नेपालसँग कूटनीतिक सम्बन्ध स्थापना हुने देशहरूको संख्या १५८ पुगेको छ ।

**ख. नेपाल-ब्राजिलबीचको द्विपक्षीय परामर्श संयन्त्रको बैठक**

नेपाल-ब्राजिलबीचको द्विपक्षीय परामर्श संयन्त्रको पहिलो बैठक जनवरी २५, २०१८ मा ब्रासिलियामा सम्पन्न भएको छ । यस बैठकमा नेपाली टोलीको नेतृत्व परराष्ट्र सचिव श्री शंकरदास बैरागीले गर्नुभएको थियो । यस बैठकमा नेपाल र ब्राजिलबीच नेपालको जलस्रोत क्षेत्रको विकास, कृषि प्रविधि, व्यापार, लगानी, पर्यटन लगायतका सहयोगका विषयमा परामर्श भएको छ ।

**ग. थप तीन देशहरूसँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना**

नेपालको सम्बन्धलाई थप विस्तार गर्ने अभिप्रायले नेपाल र विभिन्न तीन देशका परराष्ट्र मन्त्रालयहरूबीच परामर्श संयन्त्र निर्माण गर्ने सहमति अनुरुप नेपाल र अष्ट्रेलियाबीच, नेपाल र बुल्गेरियाबीच तथा नेपाल र मोरक्कोबीच द्विपक्षीय संयन्त्र स्थापना गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

**घ. नेपाल-बंगलादेशबीचको परामर्श संयन्त्रको बैठक**

नेपाल-बंगलादेशबीचको परराष्ट्र सचिवस्तरीय परामर्श संयन्त्रको दोस्रो चरणको बैठक अक्टोबर ८, २०१७ मा ढाकामा सम्पन्न भएको छ । यस बैठकले नेपाल र बंगलादेशबीच व्यापार, लगानी, ऊर्जा, पर्यटन, उच्च शिक्षा लगायतका विषय र उपक्षेत्रीय सहयोगका विषयमा परामर्श भएको छ । यसबाट नेपाल र बंगलादेशबीचको द्विपक्षीय सम्बन्ध अझ सुदृढ हुँदै जाने विश्वास गरिएको छ ।

### ❖ संयुक्त राष्ट्रसंघ र बहुराष्ट्रिय कूटनीति

**क. सम्माननीय राष्ट्रपतिद्वारा अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनलाई सम्बोधन**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले स्वीजरल्याण्डको जेनेभामा आयोजित World of Work Summit मा सहभागी भइ १०६ औं अन्तर्राष्ट्रिय श्रमिक सम्मेलनलाई सम्बोधन गर्नुभयो । नेपालको राष्ट्र प्रमुखबाट अन्तर्राष्ट्रिय श्रमिक सङ्गठनको सम्मेलनमा सहभागी भइ सम्बोधन गरेको यो पहिलो पटक हो । यस सम्मेलनमा सम्माननीय राष्ट्रपतिज्यूले नेपालले श्रमिक र खास गरी महिला श्रमिकहरूका सम्बन्धमा गरेको प्रगतिका बारेमा विश्व समुदायलाई जानकारी गराउनुभएको थियो ।

**ख. नेपालको तर्फबाट सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा संयुक्त राष्ट्र संघको ७२ औं महासभामा सहभागिता**

संयुक्त राष्ट्र संघको ७२ औं महासभामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले २३ सेप्टेम्वर २०१७ का दिन महासभालाई सम्बोधन गर्नुभयो । यस सम्बोधनमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालले संविधानको कार्यान्वयन निर्वाचनको माध्यमबाट गर्दै शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउन लागेको कुरा व्यक्त गर्दै स्थानीय निकायको निर्वाचन सफलतापूर्वक सम्पन्न भइ प्रदेश तथा संघीय संसद्को निर्वाचनका लागि भइरहेको तयारी बारे विश्व समुदायलाई अवगत गराउनु भयो । समकालीन विश्वका जल्दावल्दा विषयहरूमा सफलतापूर्वक द्वन्दबाट शान्तितर्फ रुपान्तरण भएको नेपालको प्रधानमन्त्रीका रुपमा उहाँले नेपालको दृष्टिकोण प्रस्तुत गर्नुभयो ।

सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट बंगलादेश, भुटान, पाकिस्तानका समकक्षीहरूसँग द्विपक्षीय भेटघाट, श्रीलङ्का र इस्टोनियाका राष्ट्रपतिज्यूहरूसँग शिष्टाचार भेट र संयुक्त राष्ट्र संघका महासचिव श्री एण्टोनियो गुटेरेससँग शिष्टाचार भेट गर्नुभयो । यी भेटघाटहरूबाट नेपाल र ती मुलुकहरूसँगको सम्बन्ध अझ मजबुत बनाउन मद्दत पुग्न गयो । महासचिवसँगको भेटघाटबाट नेपालको रुपान्तरण र शान्ति प्रकृयालाई सकारात्मक दृष्टिले बुझाउने र संयुक्त राष्ट्रसंघको सद्भाव हासिल गर्ने काम भएको छ । महासभाकै अवसरमा नेपाली प्रतिनिधि मण्डलका उपनेता एवं उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री कृष्णबहादुर महराको अध्यक्षतामा सार्क मन्त्रीस्तरीय बैठक न्यूयोर्कमा बस्यो । बैठकमा उहाँले अल्पविकसित राष्ट्रहरूको मन्त्रीस्तरीय बैठक, असंलग्न आन्दोलनको मन्त्रीस्तरीय बैठक, ७७ समुहको मन्त्रीस्तरीय वैठक र भूपरिवेष्ठित मुलुकहरूको मन्त्रीस्तरीय वैठकलाई सम्वोधन गर्नुभयो ।

**ग. संयुक्त राष्ट्र संघ मानव अधिकार परिषद्का विशेष प्रतिवेदक (Special Rapporteur) द्वारा नेपाल भ्रमण**

नेपाल सरकारको निमन्त्रणामा संयुक्त राष्ट्र संघ मानव अधिकार परिषदका Special Rapporteur on the Human Rights of Migrants श्री Feliepe Gonzalez Morales ले जनवरी २९- फेब्रुअरी ५, २०१८ मा नेपाल भ्रमण गरी नेपाल सरकारका विभिन्न सरकारी पदाधिकारी तथा निकायहरूसंग भेटघाट गर्नुभएको थियो । भेटघाटका अवसरमा विशेष गरी कामका लागि विदेशिने नेपाली कामदारका हकहित, अधिकार तथा समाजमा पुनःर्स्थापना विषयमा नेपाल सरकारले चालेका कदम तथा आगामी रणनीति विषयमा छलफल भएको थियो ।

**घ. नेपाल मानव अधिकार परिषद्को सदस्यमा निर्वाचित**

गत अक्टोवर २०१७ मा न्यूयोर्कमा भएको निर्वाचनमा नेपाल मानव अधिकार परिषद्को २०१८-२०२० अवधिको सदस्यमा एशिया प्रशान्त क्षेत्रसमूहमा सर्वाधिक १ सय ६६ मत प्राप्त गरी विजय भएको छ । यस अवसरले नेपालको विशिष्ट प्रकारको शान्ति प्रक्रियाको अनुभव बाँड्ने तथा अन्तर्राष्ट्रिय क्षेत्रमा मानव अधिकार प्रवर्द्धनमा नेपालले योगदान पुऱ्याउने मौका प्राप्त भएको छ ।

### ङ. नेपाल अन्तर्राष्ट्रिय श्रमिक संगठनको सञ्चालक बोर्डको सदस्यमा निर्वाचित

नेपाल अन्तर्राष्ट्रिय श्रमिक संगठन (International Labour Organization) को सञ्चालक बोर्ड (Governing Board) को सदस्यमा सन् २०१७-२०२० को अवधिका लागि निर्वाचित भएको छ। यसबाट नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठा अझ वृद्धि भएको छ ।

### च. नेपालद्वारा आणविक शस्त्र निषेध सन्धिमा हस्ताक्षर

२० सेप्टेम्वर २०१७ मा नेपालले आणविक शस्त्र निषेध सन्धि (Treaty on the Prohibition of Nuclear Weapons ) मा हस्ताक्षर गरेको छ । निशस्त्रीकरण सम्बन्धमा नेपालले आफ्नो प्रतिवद्धता संयुक्त राष्ट्र संघका विभिन्न मञ्चहरूमा राख्दै आएको र आम विनाशकारी हतियारहरूको विश्वव्यापी रुपमा नै निर्मूल गरिनु पर्ने सम्बन्धमा नेपालको स्पष्ट धारणा रहिआएको हुँदा आणविक शस्त्र निषेध सन्धिमा हस्ताक्षर गर्दा नेपालको निशस्त्रीकरण तथा विश्व शान्तिप्रतिको प्रतिबद्धता थप प्रष्ट भएको छ ।

### छ. नेपाल बहुपक्षीय सम्झौताको पक्ष राष्ट्र

International Think Tank (ITT) for Landlocked Developing Countries (LLDC) स्थापना गर्ने Multilateral Agreement for the Establishment of an International Think Tank for Landlocked Developing Countries विषयक बहुपक्षीय सम्झौतामा नेपालको व्यवस्थापिका संसदबाट अगष्ट ६, २०१७ मा सम्मिलन मार्फत् नेपाल राज्य पक्ष भएको छ । नेपालले सम्मिलन गरेपश्चात न्यूनतम् १० राष्ट्रको संख्या पुगेको हुँदा गत नोभेम्बर ६, २०१७ बाट यस संस्था विधिवत रुपमा कार्यान्वयन आएको छ । भूपरिवेष्ठित विकासोन्मुख राष्ट्रहरूको विश्व व्यापारमा पहुँचका निम्ति अवसर र चुनौतिहरू विश्लेषण गर्ने क्षमता विस्तार गर्ने तथा विश्व व्यापार संगठन लगायतका अन्य अन्तर्राष्ट्रिय व्यापार सम्बन्धि विषयमा अध्ययन, अनुसन्धान ,पैरवी तथा अनुभवको आदानप्रदानका माध्यमबाट यी राष्ट्रहरूको क्षमता अभिवृद्धि गर्न योगदान पुऱ्याउने उद्देश्यका लागि यस Think tank को स्थापना भएको हो ।

### ❖ संगठन सुदृढीकरण तथा क्षमता अभिवृद्धि

- उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदलले आफनो अध्ययन प्रतिवेदन २०७४ माघ २५ गते सम्माननीय प्रधानमन्त्री तथा परराष्ट्रमन्त्री श्री शेरबहादुर देउवासमक्ष प्रस्तुत गरेको छ । २०७४ चैत्रमा गठित १६ सदस्यीय यस कार्यदलमा पूर्वसचिवहरू, पूर्वराजदूतहरू, परराष्ट्र नीति, अर्थशास्त्र, सुरक्षा तथा श्रम क्षेत्रका विद्वानहरू रहनुभएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले बृहत् अध्ययन प्रतिवेदन प्रस्तुत गरेकोमा कार्यदललाई धन्यवाद दिँदै उक्त प्रतिवेदन परराष्ट्र सचिवलाई हस्तान्तरण गर्नुभयो ।
- परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश २०६८ पहिलो संशोधन कार्यान्वयनमा आएको छ ।

- २०७४ असोज १० गते खाडीस्थित नेपाली राजदूतावासहरू तथा कन्सुलेटका राजदूत एवं नियोग प्रमुखहरूको सम्मेलन ओमानको मस्कटमा सम्पन्न भयो । उक्त सम्मेलनको उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट भयो । यस सम्मेलनले गल्फ क्षेत्रमा रहेका नेपालीहरूका साझा समस्या समाधान गर्न सबै दूतावासहरूको सामूहिक प्रयास गर्नुपर्ने कुरामा जोड दिइएको थियो ।
- सरुवा भइ नियोगमा जाने कर्मचारीहरूका लागि अनिवार्य रूपमा भाषा तालिम दिने सन्दर्भमा यस आर्थिक वर्षमा २२ जना कर्मचारीहरूलाई फ्रेन्च, २४ जनालाई चिनियाँ र २७ जनालाई अरेबिक भाषा तालिम दिइयो । साथै, परराष्ट्र मन्त्रालयका अधिकृत कर्मचारीहरूका लागि एक (१) दिवसीय कूटनीतिक मस्यौदासम्बन्धी तालिम सम्पन्न गरियो ।

❖ **सेवा प्रवाहसम्बन्धी**

- राहदानी उत्पादन, वितरण लगायतका सेवाप्रवाहमा निरन्तर सुधार एवं नेपाल गुणस्तर तथा नापतौल विभागबाट तोकिएका वाह्य अडिटरहरूद्वारा विभागबाट प्रवाह भइरहेको सेवाका सम्बन्धमा परीक्षण समेत गरी विभागबाट उपलव्ध हुँदै आएको छिटो छरितो, पारदर्शी, जवाफदेही, उत्तरदायी, सेवाग्राहीमैत्री र अनुमानयोग्य सेवाप्रवाहको परिमाणस्वरुप गुणस्तरीय व्यवस्थापन प्रणाली अन्तर्गत NS/ISO ९००१:२०१५ प्रमाणपत्र प्राप्त गर्ने राहदानी विभाग पहिलो र हालसम्मको एक मात्र सरकारी कार्यालय बन्न पुगेको छ । यसबाट राहदानी सेवा चुस्त हुनाका साथै राहदानी सेवाको प्रभावकारिता अझ बढेको छ । साथै NS/ISO ९००१:२०१५ को निरन्तरताको लागि प्रत्येक ६/६ महिनामा गरिने Internal Management Audit पनि सम्पन्न गरिएको छ ।
- जिल्ला प्रशासन कार्यालय तथा विदेशस्थित नियोगहरूबाट प्राप्त राहदानी आवेदन फारामहरूलाई तीन कार्यदिनमा प्रोसेसिङ्ग गरी राहदानी तयार गर्ने र विभागमा आवेदन दिनेहरूको हकमा एक दिने, दुई दिने र तीन दिने सेवा प्रवाह गरी जुनसुकै समयमा राहदानी वितरणको व्यवस्था मिलाई राहदानीसम्बन्धी सेवालाई अझ सुधार गरी व्यवस्थित गरिएको छ । राहदानी विभागको ध्येय (Moto) “गुणस्तरीय, पारदर्शी र सेवाग्राहीमैत्री सेवा" सहितको लोगो अंकित व्याच सबै कर्मचारीले लगाउनु पर्ने व्यवस्था गरी कर्मचारीहरूमा आत्मविश्वास र जिम्मेवारी बढाउने प्रयास गरिएको छ। साथै, राहदानी वितरण सेवामा प्रत्यक्ष दर्ता प्रणाली (Live Enrollment System) लागु हुनु पूर्वका सेवाग्राहीहरूका आवेदन फाराम लगायतका कागजातहरूको अभिलेख व्यवस्थित गरी Digital Archive गर्नको लागि Software निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । हराएका तथा चोरी भएका राहदानीहरूको तथ्याङ्क अद्यावधिक गरी नेपाल प्रहरीको इन्टरपोल शाखामा नियमित रुपमा पठाउने गरिएको छ । यसैगरी श्रव्य नागरीक वडापत्र (Audio Citizen Charter) लागू गरी सेवाग्राहीलाई थप सूसुचित पार्ने कार्य गरिएको छ ।
- राहदानी सेवामा Outreach कार्यक्रमलाई प्रभावकारी तुल्याई सबै प्रदेश अन्तर्गतका जिल्ला प्रशासन कार्यालयहरूको क्षमता अभिवृद्धि तथा अभिमूखीकरणका लागि २ वटा प्रदेशका ३ स्थानमा

Orientation कार्यक्रम सम्पन्न गरिएको छ । यसका साथै नेपाली बावुआमाबाट जन्मिई विदेशमा वसोवास गर्ने नेपालीहरू वालिग भइसकेता पनि नेपालमा आइ नागरिकता बनाउन नसकेको अवस्थामा त्यस्ता नेपालीहरूलाई राहदानी जारी नगरिदिएमा निजहरू नेपाल आइ कानूनबमोजिम नागरिकता प्राप्त गर्नबाट वञ्चित हुने अवस्था रहेकोले नयाँ राहदानी ऐन जारी भइ कार्यान्वयनमा नआइसकेको अवस्थासम्मका लागि दुई वर्षको अवधि वहाल रहने गरी एक पटक र काबू वाहिरको परिस्थिति परी त्यस्तो तोकिएको अवधिमा नेपाल आइ नागरिकता लिन नसकेमा पुनः दुई वर्षको अवधि थप गरी सम्बन्धित नेपाली नियोग मार्फत् नयाँ राहदानी जारी गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयनमा ल्याइएको छ ।

❖ **कन्सुलर सेवा**

**नेपालीहरूको उद्धार, घरफिर्ती तथा स्वास्थ्य परीक्षण**

परराष्ट्र मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूका समस्या समाधानका लागि निरन्तर प्रयास गरिरहेको छ । २०७४ साउन ९ गते मलेसियाको मेलाका घर फिर्ती केन्द्रबाट अलपत्र अवस्थामा रहेका ४३ जना र कुवेतमा समस्यामा परेका २ सय ४९ जना नेपाली घरेलु महिला कामदारहरूलाई नेपाल फिर्ता ल्याइएको छ । गम्भीर रोगका कारण समस्यामा परेका १७ जना नेपाली कामदारहरूलाई उपचार गराउन आवश्यक सहयोग गरी उपचारपश्चात् नेपाल फिर्ता ल्याइएको छ। यसैगरी गैरकानूनी अवस्थामा रहेका र अन्य कारणबाट कुवेत सरकारद्वारा नेपाल फिर्ता पठाउने अवस्थामा रहेका १ हजार ८ सय ४० जना नेपाली कामदारहरूलाई राजदूतावासले यात्रा अनुमतिपत्र एवं अन्य आवश्यक सहयोग उपलव्ध गराई नेपाल फर्कन सहजीकरण गरेको छ ।

यसैगरी कुवेतको खराफी नेशनल कम्पनीमा कार्यरत रही समस्यामा परेका नेपाली कामदारहरूमध्ये २० जनालाई नेपाली राजदूतावास कुवेतले उक्त कम्पनीसँग समन्वय गरेर वैदेशिक रोजगार प्रवर्द्धन वोर्डबाट प्राप्त उद्धार रकमबाट हवाई टिकटको व्यवस्था गरी नेपाल पठाएको छ । त्यसपूर्व सोही कम्पनीमा लामो समयदेखि आवासीय भिसा नवीकरण नभएका १७ जना कामदारहरूलाई राजदूतावासको पहलमा कुवेतको अध्यागमन प्रक्रिया पुरा गरी स्वदेश ल्याइएको छ । यसका साथै नेपाली राजदूतावास, प्रिटोरियाले अफ्रिकामा रोजगारी लगाइदिने नाममा अफ्रिका पुऱ्याइएका विभिन्न नेपालीको उद्धार गर्नुका साथै मानव तथा चेलीवेटी बेचविखन गर्ने जालोबाट सतर्क रहन सचेतता कार्यक्रम सञ्चालन गरेको छ भने नेपाली राजदूतावास मस्कटको पहलमा ओमानमा कार्यरत ७५ जना नेपाली महिला कामदारहरूको स्तन क्यान्सर तथा ३० जना पुरुष कामदारहरूको मधुमेह तथा रक्तचापको निशुल्क परीक्षण गरिएको छ ।

- **बिहान ७ बजे देखि बेलुका ७ बजेसम्म कन्सुलर सेवा प्रदान**

कन्सुलर सेवा विभागबाट सेवाग्राहीहरूको चाप अप्रत्याशित रुपमा बढ्दै गएको अवस्थामा छिटो छरितो सेवा प्रदान गर्ने उद्देश्यले फागुन र चैत्र महिनामा बिहान ७ बजे देखि बेलुका ७ बजेसम्म सेवा प्रदान गरिएको छ। यस अवधिमा दैनिक २०००-२५०० सेवाग्राहीहरूलाई सेवा प्रदान गरिएको छ । विगतमा सो सेवाका

लागि दैनिक ७००-८०० सेवाग्राहीहरू आउने गरेका थिए भने विभागबाट बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म सेवा प्रदान गर्ने गरिएको थियो ।

- **आधा घन्टाभित्र कन्सुलर सेवा प्रदान**

सेवाग्राहीहरूलाई चुस्त, दुरुस्त एवं प्रभावकारी कन्सुलर सेवा प्रदान गर्ने उद्देश्यले आधा घन्टाभित्र सेवा प्रदान गरिन्छ भनी स्पष्ट देख्ने गरी कन्सुलर सेवा विभागमा Digital Display Board राखिएको छ र विभागले सोहीअनुसारको सेवा प्रदान गर्दै आएको छ । सेवाग्राहीको अत्यधिक चाप भएको सरकारी कार्यालयमा यस्तो प्रतिवद्धता व्यक्त गरी व्यवहारिक रूपमै कार्यान्वयन गर्ने कन्सुलर सेवा विभाग सम्भवतः पहिलो एवं उदाहरणीय कार्यालय बनेको छ ।

- **सेवाग्राही सन्तुष्टि सर्वेक्षण**

कन्सुलर सेवा विभागद्वारा सेवा प्रवाह र कर्मचारीको व्यवहार सम्बन्धमा सेवाग्राहीहरूको प्रतिक्रिया र सुझावका लागि सेवाग्राही सन्तुष्टि सर्वेक्षण फारामको व्यवस्था गरिएको छ । सो सर्वेक्षणले कन्सुलर सेवालाई अझ प्रभावकारी बनाउन र विभागलाई सेवाग्राहीप्रति अझ बढी जिम्मेबार बनाउन सहयोग गरेको छ। सर्वेक्षणअनुसार यस विभागबाट प्रदान गरिएको सेवाप्रति सेवाग्राहीहरू सन्तुष्ट भएको पृष्ठपोषण प्राप्त हुने गरेको छ ।

- **कन्सुलर सेवामा थप सुधार तथा अनलाइन सेवाको शुरुवात**

कन्सुलर सेवा विभागमा सम्पूर्ण सेवाहरू Online मार्फत शुरु गरिएको छ । साथै, दर्ता चलानीलाई पनि Digitized गरी सूचना प्रविधिको प्रयोग उच्चतम बिन्दु (९९%) सम्म पुऱ्याउने कार्य भएको छ । विभागबाट जारी भएका सम्पूर्ण सेवाहरूलाई Online मार्फत् सम्परीक्षण (verify) गर्न सकिने व्यवस्था गरिएको छ । विदेशमा रहेका नेपाली श्रमिकहरूको उद्धार, खोजतलास, क्षतिपूर्ति एवं मृतकको शव झिकाउने सम्बन्धमा Online मार्फत् निवेदन दिन सकिने र सो सम्बन्धमा विभाग र दूतावासबाट हुने कार्य प्रगतिको अवस्थाबारे निवेदकले जानकारी प्राप्त गर्न सक्ने व्यवस्था गरिएकोले विदेशमा अलपत्र परेका तथा हराएका व्यक्तिलाई खोजी गर्नका लागि पीडितका आफन्त राजधानीसम्म आउनुपर्ने बाध्यता हटेको छ।

विदेशमा पेश गर्ने प्रयोजनको लागि नेपाली नागरिकहरूलाई सरकारी निकायबाट जारी गरिएका कागजातहरूको कन्सुलर प्रमाणीकरणको कार्यलाई Online मार्फत् परीक्षण गर्न सकिने व्यवस्था गरिएको छ। साथै, नियोगहरूलाई शंका लागे पेश भएका कागजात विभागले प्रमाणीकरण गरेको हो वा होइन भन्ने पहिचान गर्न विभागलाई पत्र पठाइरहनु भन्दा शंका लागेका कागजातको वैधानिकता Online मार्फत् आफैं परीक्षण गर्न सक्ने व्यवस्था गरिएको कारण कन्सुलर सेवा विभागबाट जारी हुने कागजातहरूको विश्वसनीयतामा अभिवृद्धि भएको छ ।

नेपाल सरकारको निर्णयबमोजिम वैदेशिक तालिम, सेमिनार, सम्मेलन, गोष्ठीमा भाग लिन जाने सरकारी पदाधिकारी तथा कर्मचारीहरूको लागि नेपालस्थित विदेशी नियोगहरूमा गर्ने भिसाको सिफारिसलाई

छिटोछरितो बनाउन Online मार्फत् सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूले निवेदन दिनसक्ने व्यवस्थाको शुरुवात गरिएको छ । साथै, विभागबाट जारी भएका Visa Note सम्बन्धित दूतावासले online बाट नै verify गर्न सक्ने हुदाँ विगतमा हुने गरेको Visa Note को दुरुपयोग समेत रोकिएको छ ।

नेपालस्थित विदेशी नियोग तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा कार्यरत विदेशीहरूलाई नेपाली कूटनीतिक, अफिसियल तथा निशुल्क (Gratis) भिसा जारी गर्ने तथा नियोग, संघ संस्था र सोमा कार्यरत पदाधिकारीहरूले प्रयोग गर्ने गाडी तथा समानको आयातमा भन्सार महसुल छुटको सिफारिस जस्ता कार्यलाई Online मार्फत् आवेदन गर्न सकिने व्यवस्था २०७४ फाल्गुन २ गतेबाट शुरु गरिएको छ ।

२०७४ मंसिर ८ देखि Online वारेसनामा सेवा शुरु गरिएको छ । यो व्यवस्था लागू भएसँगै विदेशमा वसोवास गरेका नेपालीहरूले आफ्नो तर्फबाट अधिकृत वारेसनामा प्रदान गर्दा नियोगबाट जारी भएको वारेसनामाको आधिकारिकता कन्सुलर सेवा विभागबाट तुरुन्तै प्रमाणित गरी वारेसनामा दिन सकिने र सो वारेसनामा सम्बन्धित कार्यालयले पनि हेर्न सक्ने भएकाले सेवाग्राहीले सहज र प्रभावकारी सेवा लिन सक्ने वातावरण बनेको छ ।

## ७. आ.व. २०७३/७४ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११ | परराष्ट्र मन्त्रालय | २९४४०३ | २७६५६८ | ९३.९४ |
| ३२६०१२ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूताबासहरु | २४९००६५ | २४१२७५८ | ९६.९० |
| ३२६०१७ | सीमा नापी टोली | २२४१४ | २०९३५ | ९३.४० |
| ३२६०१८ | राहदानी विभाग | ७७७४५१ | ७६३६६० | ९८.२३ |
| ३२६०१९ | कन्सुलर सेवा विभाग | १४८४५ | १४९३१ | १००.५८ |
| | **जम्मा** | **३५९९१७८** | **३४८८८५२** | **९६.९३** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११ | परराष्ट्र मन्त्रालय | २३८४१२ | ३१०९६ | १३.०४ |
| ३२६०१२ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूताबासहरु | ६२४९६० | ३३२३०७ | ५३.१७ |
| ३२६०१७ | सीमा नापी टोली | ४१८३४ | ३२८७८ | ७८.५९ |
| ३२६०१८ | राहदानी विभाग | ३५५० | ३४८८ | ९८.२५ |
| ३२६०१९ | कन्सुलर सेवा विभाग | ६०२५ | ५४५९ | ९०.६१ |
| | **जम्मा** | ९१४७८१ | ४०५२२८ | ४४.३० |

**८. आ.व. २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्था:**

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११३ | परराष्ट्र मन्त्रालय | ३१७,५६३ | १७१,९२९ | ५४.१४ |
| ३२६०१२३ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ३,०२७,८८३ | २,३८१,६०४ | ७८.६६ |
| ३२६०१७३ | सीमा नापी टोली | ४२,३८३ | १९,९६१ | ४७.१० |
| ३२६०१८३ | राहदानी विभाग | १४२,५५८ | ४५,७३६ | ३२.०८ |
| ३२६०१९३ | कन्सुलर सेवा विभाग | २०,९७४ | १२,०६७ | ५७.५३ |
| | **जम्मा** | **३,५५१,३६१** | **२,६३१,२९७** | **७४.०९** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११ | परराष्ट्र मन्त्रालय | ४२०,९१७ | १२५,८३३ | २९.८९ |
| ३२६०१२ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | २,३१२,३६८ | २७३,६७४ | ११.८४ |
| ३२६०१७ | सीमा नापी टोली | ४६,९९४ | २७,६६० | ५८.८६ |
| ३२६०१८ | राहदानी विभाग | ९,१८२ | १,६३० | १७.७५ |
| ३२६०१९ | कन्सुलर सेवा विभाग | १,७९९ | ४१६ | २३.१२ |
| | **जम्मा** | **२,७९१,२६०** | **४२९,२१३** | **१५.३८** |

◆ ◆ ◆

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## १. पृष्ठभूमिः

देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन विविध भौगोलिक क्षेत्र तथा आर्थिक क्षेत्रहरुलाई आर्थिक विकासका पूर्वाधार स्थल, जल, रेल तथा रज्जुमार्गहरुसँग आवद्ध गर्दै राष्ट्रिय यातायात प्रणालीको समुचित विकासगरी देशका ग्रामीण क्षेत्रका गाउँहरुलाई बजारसँग आवद्ध गरी आर्थिक क्रियाकलापहरुको अभिवृद्धि गर्ने र देशभित्र सञ्चालन हुने पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित विविध क्रियाकलाप र आयोजनाहरुमा टेवा पुऱ्याउने उद्देश्यले मन्त्रालयको स्थापना भएको हो ।

## २. दीर्घकालीन सोचः

राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि पूर्वाधारको विकास गर्ने ।

## ३. ध्येयः

सडक, रेल, जलमार्ग तथा रज्जुमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनीतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आवद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरुलाई स्थानीय बजारहरुसँग आवद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवं आयोजनाहरुलाई टेवा पुऱ्याउने ।

## ४. रणनीतिः

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपूरक हुने गरी विभिन्न मार्गहरुलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरु, रज्जुमार्ग र जलमार्गहरुको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने ।
- देशका ग्रामीण क्षेत्रका गाउँहरुलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्त्वका र अन्य आर्थिक क्षेत्रको विविध क्रियाकलाप एवं आयोजनाहरुमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने ।

## ५. रणनीतिक उद्देश्यहरुः

- स्थल, जल, रेल्वे तथा रज्जुमार्गको निर्माण र विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने।
- सडक (घोडेटो बाटो बाहेक) तथा पुल (झोलुङ्गे पुल बाहेक) निर्माण, मर्मत सम्भार एवं संरक्षणसम्बन्धी काम गर्ने।

- विभिन्न स्थलमार्ग, जलमार्ग र रज्जुमार्गहरुको निर्माण र ईन्जिनियरिङ्ग कल्सल्टेन्सी विषयक संस्थान तथा संगठनहरुसम्बन्धी कार्य गर्ने।
- भौतिक योजना क्षेत्रहरुका अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरुसँग सम्पर्क र सहयोगसम्बन्धी कार्य गर्ने।
- स्थलमार्ग, जलमार्ग तथा रज्जुमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सम्पर्कसम्बन्धी कार्य गर्ने।
- नेपाल इन्जिनियरिङ सेवाको हाईवे उपसमूहसम्बन्धी नियुक्ति, सरूवा, बढुवा शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यता निर्धारण तथा विभागीय कारवाही आदि सम्बन्धी कार्य गर्ने।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायानुसार रहेका छन् :

- भौतिक पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्यिवन, अनुगमन र मूल्याङ्कन;
- यातायात (हवाई यातायात बाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसम्बन्धी नीति, योजना तर्जुमा, कार्यक्रम कार्यान्वियन, अनुगमन, नियमन र मूल्याङ्कन;
- स्थलमार्ग, जलमार्ग, रेलमार्ग, सव-वे, फ्लाइओभर र रज्जुमार्गको निर्माण तथा विकाससम्बन्धी नीति र योजनाको नियमन, स्वीकृति तथा कार्यान्वियन;
- रणनीतिक सडक (गोरेटो/घोडेटो बाटो र स्थानीय सडकबाहेक) तथा पुल (झोलुङ्गे पुल र स्थानीय पुलबाहेक) को निर्माण, मर्मत, सम्भार तथा संरक्षण;
- स्थलमार्ग तथा रज्जूमार्गको निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क;
- यातायात (हवाई यातायातबाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित, कम्पनी तथा सङ्गठन;
- यातायात (हवाई यातायात बाहेक) सेवा नियमन, व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था तथा निकायसँग सम्पर्कसम्बन्धी कार्य;
- यातायातसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण;
- सडक बोर्ड लगायत सडक, रेल तथा यातायात व्यवस्थासम्बन्धी अन्य निकाय;
- इन्जिनियरिङ्ग परिषद् तथा इन्जिनियरिङ परामर्श सेवा (कन्सल्टेन्सी) र सो सम्बन्धी संस्था;
- रेलमार्ग, मेट्रो निर्माण सञ्चालन र सम्भार;
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको हाईवे र रेल उपसमूहको सञ्चालन ।

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ५८ | हुलाकी राजमार्ग अन्तर्गत प्रथम चरणको ५ सय १८ कि.मि.खण्ड दुई वर्षभित्र सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाइनेछ । यसका लागि रु ४ अर्ब २७ करोड विनियोजन गरेको छु । हुलाकी राजमार्गको दोश्रो चरणको निर्माण कार्यका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ । | हालसम्म २ वटा सडकहरु ( लम्की - टिकापुर र धनगढी - सती सडक) मा स्तरोन्नति कार्य भइरहेकोमा ७२ कि. मी. सडक कालोपत्रेमा ९१ कि. मि. सडक ग्रावेल भइसकेको तथा ७ वटा पुल निर्माण सम्पन्न भइसकेको । प्रथम चरणका बाँकी अन्य सडकहरुको ठेक्का सम्झौता भइ ईम्बैक्मेन्ट, नाली, कल्भर्ट निर्माण कार्य भइरहेको।दोश्रो चरणको करिब ११५२ कि.मी. सडकहरुको मध्ये २११ कि मि. सडक निर्माणको लागि ठेक्का भइसकेको । |
| | उत्तर दक्षिण लोकमार्गका तीनवटा खण्डहरु कर्णाली, कालीगण्डकी र कोशी समेतका लागि रु २ अर्ब ३ करोड विनियोजन गरेको छु । उत्तर दक्षिण लोकमार्ग अन्तर्गतको कोशी कोरिडोरको बाँकी ट्र्याक खोल्ने कार्य आगामी आर्थिक वर्षमा पूरा गर्ने गरी श्रोतको व्यवस्था गरेको छु । | जम्मा १६२ कि.मि. ट्र्याक खोल्नुपर्नेमा हाल सम्म ११४ कि.मि. ट्र्याक खुलिसकेको जसमध्ये ४८ कि.मि. ग्राभेल र ७० कि.मि. माटे सडक यातायात सञ्चालन |
| | कालीगण्डकी कोरिडोरको जोमसोम-कोरला खण्ड तथा रिडी-बाग्लुङ्ग-बेनी-जोमसोम खण्डको निर्माण कार्यलाई निरन्तरता दिएको छु । | कालीगण्डकी कोरिडोरको जम्मा ४३५ कि.मि. ट्र्याक खोल्नु पर्नेमा सम्पूर्ण ट्र्याक खुलीसकेको र सो सडकको दुई लेनमा स्तरोन्नतिको लागि ठेक्कापट्टा भई कार्य शुरु भएको । |
| ५९ | निर्माणाधीन मध्यपहाडी लोकमार्गको कालोपत्रे गर्ने तथा पुलहरुको निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पन्न गर्ने । | पुष्पलाल लोकमार्गको जम्मा १७७६ कि. मि. मध्ये पश्चिम खण्डको १०९७ कि.मि. मध्ये ३३७ कि.मि.बाहेक ७६० कि.मि. पहाडि लोकमार्ग पश्चिम खण्डको कार्यक्षेत्र मध्ये २९५ कि.मि. ग्राभेल, ६२ कि.मि. कालोपत्रे भएको एवं ४२२ कि.मि. सडकको कालोपत्रे कार्यको ठेक्का-पट्टा भई कार्य शुरु भएको र बाँकी खण्ड मा कालोपत्रे कार्यको ठेक्का व्यवस्थापन हुने क्रम मा रहेको ।<br>पूर्वी खण्डको ६८९ कि.मि.मध्ये ४८४ कि.मि. मध्य पहाडि लोकमार्ग पूर्वी खण्डको कार्यक्षेत्र मध्ये ९८ कि.मि. ट्र्याक निर्माण गर्न बाँकी, ५० कि.मि.ग्राभेल ८० |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | कि.मि.कालोपत्रे भएको ठेक्का-पट्टा भई कार्य शुरु भएको र बाँकी खण्ड मा कालोपत्रे कार्यको ठेक्का व्यवस्थापन हुने क्रममा रहेको। |
| ६० | पूर्व-पश्चिम रेल तथा मेट्रो रेल तथा मोनो रेल विकास आयोजना अन्तर्गत पूर्व-पश्चिम विद्युतीय रेलमार्गको बर्दिवास-मेची खण्ड र बुटवल-महाकाली खण्ड तथा काठमाडौं-वीरगञ्ज रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ। बर्दिबास-सिमरा खण्डको रेल्वे ट्र्याकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। | बर्दिबास लालवन्दी २५ किमि खण्डमा ट्र्याक बेड निर्माण भइरहेको (हालसम्म बाँकी ५० मध्ये ४० प्रतिशत कार्य सम्पन्न भएको) कल्भर्ट, कालिन्जोर पुलको बाँकी ३० प्रतिशत मध्ये हालसम्म २३ प्रतिशत कार्य सम्पन्न, फुलजोर पुलको ३५ प्रतिशत निर्माण सम्पन्न, बर्दिबास, काकडभिट्टा रेलमार्ग DPR सम्पन्न, बुटवल गङ्गाचौकी रेलमार्गको DPR कार्य ३५ प्रतिशत सम्पन्न भएको । |
| १०१ | आगामी आर्थिक वर्षदेखि संघ र प्रदेशस्तरमा निर्माण हुने सबै रणनीतिक सडकहरु न्यूनतम दुई लेन र कालोपत्रेस्तरमा निर्माण तथा स्तरोन्नति गर्ने नीति लिइनेछ । | सडक विभाग अन्तर्गतको सडकमा सोही बमोजिम निमार्ण कार्य भइरहेको । |
| १०२ | थानकोट-नौबिसे खण्डको नागढुंगामा सुरुङ्ग मार्गको प्रारम्भिक कार्य शुरु भइसकेको छ । सोको डिजाईन तयार गरी निर्माण कार्य प्रारम्भ गर्ने । | डिजाईन कार्य सम्पन्न भइसकेको र निर्माणको ठेक्कापट्टा व्यवस्थापन को लागि तैयारी भइरहेको |
| | तराई-मधेसका जिल्ला सदरमुकामहरुलाई पूर्व पश्चिम राजमार्गसँग जोड्ने सडकहरु प्राथमिकताका साथ निर्माण गर्ने । | जम्मा ६७ वटा सडकहरु मध्ये ३४ वटामा ठेक्कापट्टा व्यवस्थापन सम्पन्न भइ निर्माण कार्य सुचारु रहेको र बाँकी सडकमा ठेक्का व्यवस्थापनको अन्तिम चरणमा रहेको । |
| | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक आगामी तीन वर्षमा सम्पन्न गर्ने । | धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली बजार हेटौडा सडक जम्मा ३१८ कि.मि.लाई दुई लेनमा स्तरोन्नति कार्यको लागि तीब्र रुपले अगाडि बढाईएको छ र धरानबाट शान्तिनगर (झापा) सम्मको सडकको लागि सम्भाव्यता अध्ययन भई DPR को प्रक्रियामा रहेको । चालु आ.ब. को लागि विनियोजित रकम खर्च भइसकेकोले थप रकम माग गरिएको । |
| | रानी-ईटहरी-धरान, जटही-जनकपुर, वीरगंज पथलैया, बेलहिया-बुटवल तथा मोहना-अत्तरिया व्यापारिक मार्गहरुलाई ६ लेनमा विस्तार गर्ने कार्यलाई आगामी दुई वर्षभित्र सम्पन्न गर्ने । | |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | रानी-ईटहरी-धरान सडक | ३५ कि. मी. सडकको ठेक्का भइ, ३ कि मी सडक ६ लेनमा विस्तारको कार्य सम्पन्न र बाँकी खण्ढको निमार्ण कार्य सुचारु रहेको । |
| | जटही-जनकपुर सडक | जटही जनकपुर ढल्केवर १३.८ कि.मि.सडकको विस्तार कार्य सुचारु रहेको छ र २३ कि.मि. खण्ड ठेक्कापट्टा व्यवस्थापन सम्पन्न भइ निर्माण कार्य सुचारु रहेको । |
| | वीरगंज पथलैया सडक | वीरगंज- पथलैया सडक (२८ कि.मि.) विस्तार कार्यको ठेक्का व्यवस्थापन भइ द्रुत गतिमा निर्माण भइरहेको । |
| | बेलहिया-बुटवल सडक | ११ कि.मी. सडक ६ लेनमा विस्तारको कार्य सम्पन्न भएको र बाँकी खण्डको निमार्ण कार्य सुचारु रहेको । |
| | मोहना-अत्तरिया सडक | मोहना अत्तरिया १३ कि.मि. खण्डको ठेक्कापट्टा व्यवस्थापन भइ निर्माण कार्य सुचारु रहेको । |
| | उच्च पहाडि र हिमाली क्षेत्रमा हिमाली राजमार्ग निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । | सम्भाव्यता अध्ययन एवं विस्तृत सर्भेक्षणको क्रममा रहेको । |
| १०३ | निर्माणाधीन पुलहरुको निर्माण समयमै सम्पन्न गर्ने गरी तीब्रता दिनेछ । रणनीतिक सडक तथा पुलहरुको स्तरोन्नति गरी निर्माण कार्यलाई थप श्रोत सहित निरन्तरता दिने । | स्थानीय सडक पुल अन्तर्गत निर्माणाधीन ९५० पुलहरुको निर्माण कार्य सम्पन्न भएको तथा सामरिक सडकमा २६० वटा पुल निर्माणाधीन, र चालु आ.व. मा १०० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म २८ वटा पुल सम्पन्न भएको तर पुल निर्माण तर्फ अत्यन्तै कम रकम विनियोजन भएकोले कार्य प्रगतिमा कठिनाइ भइहरेको साथै कार्य भुक्तानीको लागि थप रकम माग गरिसकिएको |
| | महाकाली नदीमा मोटरेवल पुल निर्माण कार्य आगामी आर्थिक वर्षमा शुरु गरिनेछ । | ठेक्कापट्टा व्यवस्थापन भई निर्माण कार्य सुचारु रहेको । |
| १०५ | आगामी पाँच वर्षभित्र सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट लागु गरिनेछ। विद्युतीय यातायातलाई जोड दिइनेछ। राष्ट्रिय यातायात नीति, सडक सुरक्षा कानून, इञ्जीनियरिङ्ग स्टाफ कलेजसम्बन्धी कानून र सवारी तथा यातायात व्यवस्था कानून तर्जुमा र संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ। | सडक सुरक्षा कानून तयारी कार्य अन्तिम चरणमा रहेको । राष्ट्रिय यातयात नीति तयार गर्ने कार्य सुरु गरिएको ।सम्मानित सर्वोच्च अदालतको आदेशानुसार इम्बोस्ड नम्वर प्लेट जडान गर्ने कार्य हाल स्थगित भएको । |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गरिनेछ। आयोजना/कार्यक्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ। | सोहीअनुसार कार्य भइरहेको |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाइनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ। | सोहीअनुसार कार्य भइरहेको |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरुमा शुरुमै अभिमूखीकरण तालिम प्रदान गरिनेछ। | सोहीअनुसार कार्य भइरहेको |
| २०७ | आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमाभित्र सम्पन्न गरिनेछ । | योजना डिजाईन महाशाखालाई प्रचलित कानूनमा तोकिएको न्यूनतम समय सीमा भित्र सम्पन्न गर्न निर्देशन गरिएको छ । |
| २१० | विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुगत आधारमा कार्यसम्पादनस्तर मापन गरिनेछ । निश्चित अंकभन्दा बढी अंक प्राप्त गरेमा निजामती सेवा ऐनअनुसार पुरस्कृत गरिनेछ । | कार्य सम्पादन सम्झौता भई सोही बमोजिम कार्य भइरहेको । |
| २११ | तोकिएको लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गरइनेछ । तोकिएको गुणस्तर कायम नगर्ने र तोकिएको | अन्तर्गतका सम्पूर्ण निकायहरुलाई निर्देशन गरिसकिएको छ । |

| बुँदा नं | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | समयभित्र कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारवाही गरिनेछ । | |
| २१२ | कार्यसम्पन्न भएपछि कामको भेरीफिकेसन गरी कार्यसम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गरिनेछ । बिल पेश भएको मितिले पन्ध्र दिनभित्र बिल स्वीकृत गरी भुक्तानी दिइनेछ । | अन्तर्गतका सम्पूर्ण निकायहरुलाई निर्देशन गरिसकिएको छ । |

## ८. आर्थिक वर्ष २०७४/७५ को दोश्रो चौमासिकसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरुबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. १ करोडसम्म र उपमहानगरपालिका तथा महानगरपालिकाभित्रको रू. २ करोडसम्म बजेट भएका आयोजनाहरु स्थानीय तहमा रकम सहित हस्तान्तरण भइसकेको।
- सबै रणनीतिक र प्रादेशिक केन्द्र जोड्ने सडकहरु न्यूनतम दुई लेन र कालोपत्रे स्तरमा निर्माण तथा स्तरोन्नति शुरु गरिएको ।
- धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली बजार हेटौडा सडक जम्मा ३१८ कि.मि.लाई दुई लेनमा स्तरोन्नति कार्यको लागि तिब्र रुपले अगाडि बढाईएको छ र धरानबाट शान्तिनगर (झापा) सम्मको सडकको लागि सम्भाव्यता अध्ययन भई DPR को प्रक्रियामा रहेको ।
- कालीगण्डकी कोरिडोरको जम्मा ४३५ कि.मि. ट्र्याक खोल्नु पर्नेमा सम्पूर्ण ट्र्याक खुलिसकेको र सो सडकको दुई लेनमा स्तरोन्नतिको लागि ठेक्कापट्टा भई कार्य शुरु भएको ।
- थानकोट-नौबिसे खण्डको नागढुंगामा सुरुङ्ग मार्गको डिजाईन कार्य सम्पन्न भइसकेको र निर्माणको ठेक्कापट्टा व्यवस्थापनको लागि तैयारी भइरहेको।

## ९. आर्थिक वर्ष २०७३/०७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६४३२१ | ६०५०५ | ९४.०७ |
| ३३७०१२ | सडक विभाग | ८८२४९ | ७६२२८ | ८६.३८ |
| ३३७०१३ | क्षेत्रीय सडक कार्यालयहरु | २८६०५ | २७१०३ | ९४.७५ |
| ३३७०१४ | डिभिजन सडक कार्यालयहरु | ४२८४७४ | ४२८४७० | १००.०० |
| ३३७०१५ | हेभी इक्विप्मेन्ट डिभिजनहरु(यान्त्रिक कार्यालयहरु समेत) | २६२४८० | २६२४८० | १००.०० |
| ३३७०१६ | मेकानिकल तालिम | १५६७३ | १५६७३ | १००.०० |
| ३३७०१७ | प्रयोगशाला | ९७६८ | ९७६८ | १००.०० |
| ३३७०२२ | रेलवे विभाग | ११२८१ | ८७२५ | ७७.३४ |
| ३३७०२६ | यातायात व्यवस्था विभाग | ३२५५० | ३०९१८ | ९४.९९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०२७ | अंचल यातायात व्यवस्था कार्यालयहरु | ४००४३७ | ४००४३७ | १००.०० |
| ३३७१०१ | सगरमाथा राजमार्ग(गाईघाट-दिक्तेल खण्ड) | ४९३८ | ४९३८ | १००.०० |
| ३३७१०२ | वि.पी. राजमार्ग(बनेपा-सिन्धुली-बर्दिबास) पहिरो रोकथाम समेत | ६३२३ | ५१५७ | ८१.५६ |
| ३३७१०५ | महाकाली कोरिडोर (ब्रम्हदेव-झुलाघाट-दार्चुला-टिङकर) | ५२६७ | ४६२६ | ८७.८३ |
| ३३७१०६ | कान्ति राजपथ | ६७४७ | ६७४७ | १००.०० |
| ३३७११० | गणेशमान सिंह मार्ग- (थानकोट-चित्लाङ ) | ३९९६ | ३९०३ | ९७.६७ |
| ३३७१२० | सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडक | ६३२२ | ५५१९ | ८७.३० |
| ३३७१२५ | धरान-चतरा-गाईघाट-सिन्धुलीबजार-हेटौंडा | १३०४२ | ११३७९ | ८७.२५ |
| ३३७१२९ | गल्छी- त्रिशुली- मैलुङ्ग - स्याप्रुवेशी -रसुवागढी | ६५१६ | ३८९० | ५९.७० |
| ३३७१३३ | सडक सुधार आयोजना | ३३३१० | २८१७७ | ८४.५९ |
| ३३७१३६ | ११किलो छेपेटार-भालुस्वारा-बारपाक | ६८८१ | ६३७३ | ९२.६२ |
| ३३७१३७ | शहिद मार्ग (तिला-घर्तिगाउ-थवाङ-रुकुमकोट) | ७५९८ | ७५९८ | १००.०० |
| ३३७१३८ | पुष्पलाल राजमार्ग(मध्य पहाडि राजमार्ग) | ३७४०४ | ३४७२९ | ९२.८५ |
| | | सम्पन्न ।<br>• कालीकोट जिल्लामा पर्ने शिलाजित भिर इलाका र बाजुराको जुडीगाड, रागेगौडा इलाकामा ट्र्याक खोल्ने कार्य सम्पन्न । तोलीभिर इलाकामा सडक चौडा गर्ने कार्य तथा तुषारापानी र लेवडी, बिन्छाल भिर, सेतीखोला, हलगौडेभिर इलाकामा ट्र्याक खोल्ने कार्य भइरहेको । |
| ५९ | डोल्पा सदरमुकामलाई एक वर्षभित्र सडक सञ्जालमा जोडिने । | • ११७.७७ कि.मि. मध्ये हालसम्म ११५ कि.मि. ट्र्याक खुल्ला गरिएको र विभिन्न सेक्टरमा मोड सुधार तथा अपग्रेडिङ्ग तथा रक कटिङ्गको कार्य सम्पन्न ।<br>• डोल्पा जिल्ला सडक सन्जालमा जोडिएको । |
| १९९ | नेपाली सेनालाई साधन स्रोत सम्पन्न र सक्षम बनाउँदै राष्ट्रिय सुरक्षा, विपद् व्यवस्थापन र विकास निर्माण कार्यमा प्रभावकारी रुपमा परिचालन गरिनेछ । | <u>विपद् व्यवस्थापन</u><br>(क) मिडियम हेलिकप्टर-१ र लाईट हेलिकप्टर-२- को खरिद सम्झौता भई प्राप्त हुन बाँकी रहेको । |
| | | <u>हवाई क्षमता अभिवृद्धि</u><br>(क) MI 17 V5 हेलिकप्टर-२, Medium VVIP हेलिकप्टर-१, Fixed Wing Aircraft -१ र Trainer जहाज-२ खरिद सम्झौता सम्पन्न भई प्राप्त हुन बाँकी रहेको । |
| | | <u>विभिन्न प्लान्टहरु</u><br>(क) खरिद प्रक्रियामा रहेका Detonator Plant, Double Base Propellant Production Plant, 7.62mm Ammunition Production Line मध्ये Double Base Propellant Production Plant को कार्यक्रम स्वीकृति भई प्रतितपत्र खोल्ने प्रक्रियामा रहेको । |
| | | <u>सवारी साधनहरु</u><br>(क) **<u>साधारण तर्फः</u>** खरीद प्रकृयामा रहेका SUV Vehicle-१, Truck Container-१, Hard Top Jeep-७, Light Recovery-१, Work Shop Van-१, Water Tanker-१, Fork Lift-१, Ambulance-२, Male/Female Horse-५ र Bike-२ मध्ये हालसम्म SUV Vehicle-१, Hard Top Jeep-७ र Bike-२ प्राप्त भएको।<br>(ख) **<u>अपरेशन तर्फः</u>** खरीद प्रकृयामा रहेका ७.५ टन ट्रक गोटा-३२, २.५ टन ट्रक गोटा-६४ र डबल क्याब जीप गोटा-६४ मध्ये हालसम्म डबल क्याब जीप गोटा-४८ प्राप्त भएको । |
| | | नेपाली सेनामा रहेका पुराना हतियारहरुलाई क्रमिक रुपमा |

| बुँदा नं. | बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | नयाँ हतियारहरुले बदल्ने योजनाअनुरुप हतियार खरिदको लागि विनियोजित रकमबाट खरिद गर्नुपर्ने हतियारहरु खरिद प्रक्रियामा रहेको । |
| | | <u>मेशिनरी औजारहरु</u><br>नेपाली सेनाका विभिन्न निकायहरुलाई आवश्यक पर्ने सैनिक सामग्रीहरु खरिद गरी सवल र सक्षम बनाउने योजनाअनुरुप स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरिएका मद्दती फौजलाई आवश्यक सामग्री, विशेष फौजलाई आवश्यक सामग्रीहरु, अफिस लगायत स्पेशल ईक्वीपमेण्टका सामग्री/उपरकणहरु खरिद प्रक्रियामा रहेको । |
| १९९ | युवा शक्तिलाई अनुशासित र राष्ट्रप्रति जिम्मेवार नागरिकको रुपमा राष्ट्र निर्माणमा सहभागी गराउन राष्ट्रिय सेवा दलको कार्यक्रमलाई निरन्तरता दिइएको छ। | (क) सिनियर डिभिजन तर्फको वार्षिक सामुहिक तालिमको अन्तिम दीक्षान्त समारोह राष्ट्रिय सेवा दलका संरक्षक तथा सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीको प्रमुख आतिथ्यमा मिति २०७४/११/१६ गते सम्पन्न भएको ।<br>(ख) आ.व.०७५/७६ मा ७७ वटै जिल्लाहरुमा NCC तालिम सञ्चालन गर्नको लागि विद्यालयहरु छनौट गर्ने कार्य भइरहेको । |
| | | ३ वर्षे योजनाअनुसार दरवन्दी पदपूर्ति भइरहेको । |

## ७. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- शिवपुरी कमाण्ड कलेजमा निजामती तथा सुरक्षा निकायका उच्च अधिकृतहरूको लागि सुरक्षासम्बन्धी विषयमा १० दिने आवासीय तालिम सञ्चालन भएको ।
- सैनिक विविध सेवा नियमावली, २०७४, सैनिक हवाई सेवा नियमावली, २०७४ र सैनिक प्राड सेवा नियमावली, २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको ।

**जंगी अड्डातर्फ आ.व. २०७४/७५ को फागुन मसान्तसम्मको मुख्य मुख्य उपलब्धिहरु :**

- नेपाली सेनाको लागि आवश्यक विभिन्न ६ स्थानमा जग्गा खरिद भएको ।
- विभिन्न अफिस ईक्युपमेन्ट, हतियार, स्पेशल ईक्युपमेन्ट, डिफेन्स स्टोरका सामग्री, सपोर्टिङ्ग युनिटका सामग्रीहरु ईक्युपमेन्ट, स्वास्थ्य तर्फका सामग्री तथा अन्य ईक्युपमेन्टहरु खरिद गरिएको ।
- ३ स्थानमा विभिन्न भौतिक पूर्वाधारको निर्माण कार्य सम्पन्न भएको ।
- २ स्थानमा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको ।
- १ सय ८२ नयाँ सवारीसाधन खरिद गरिएको।
- Double Base Propellant Production Plant को कार्यक्रम स्वीकृति भई प्रतितपत्र खोल्ने प्रक्रियामा रहेको।

## ८. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रु. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय | बजेट | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११३ | रक्षा मन्त्रालय | ५१३९२ | ४०२३७ | ७८.२९ |
| ३४५०१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ३३१५१ | ३३३२३ | १०० |
| ३४५०११३ | जंगी अड्डा | ३२६२८१५४ | २५०६३२४ | ७६.८१ |
| ३४५०१४३ | सैनिक हवाई महा-निर्देशनालय | ४७८७०६ | ४७७२९३ | ९९.९८ |
| ३४५०१५३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ५३८१७० | ५३७९९८ | ९९.९६ |
| ३४५०१६३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ५२८६४ | ५१५९४ | ९७.५९ |
| ३४५०१८३ | राष्ट्रिय सेवा दल | १४५६७३ | १४५६७३ | १०० |
| ३४५०१९३ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | ८४४१ | ८४४१ | १०० |
| | **जम्मा** | **३३९३६५५१** | **३३८००८८३** | **९९.६०** |

**पुँजीगत खर्च** (रु. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय | बजेट | अनुमानित खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११४ | रक्षा मन्त्रालय | २६६८ | १८७९ | ७०.४३ |
| ३४५०१२४ | राष्ट्रिय सुरक्षा परिषद | २९७० | २९६८ | ९९.९३ |
| ३४५०१३४ | जङ्गी अड्डा | ६७७२६९२ | ६७७२६८७ | १०० |
| ३४५०१४४ | सैनिक हवाई महानिर्देशनालय | १६०००० | १६०००० | १०० |
| | **जम्मा** | ७२०७२३० | ७२०६४३४ | ९९.९८ |

## ९. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालू खर्च** (रु. हजारमा)

| ब.नं.शी.उ. | कार्यक्रमको नाम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११३ | रक्षा मन्त्रालय | ७०,३७४ | ३०,२२१ | ४२.९४ |
| ३४५०१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४०,९३० | २८,१२८ | ६८.७२ |
| ३४५०१३३ | जंगी अड्डा | ३८,६२६,३१५ | २७,५९३,९२४ | ७१.४४ |
| ३४५०१४३ | सैनिक हवाई महा-निर्देशनालय | ५१२,५७९ | ३७९,८२६ | ७४.१० |
| ३४५०१५३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ६८७,९२२ | ५३६,४९३ | ७७.९९ |
| ३४५०१६३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७६,७४० | ५६,६६० | ७३.८३ |
| ३४५०१८३ | राष्ट्रिय सेवा दल | २५६,३८० | १५३,७८१ | ५९.९८ |
| ३४५०१९३ | अति विशिष्ट व्यक्तिहरुको सुरक्षा | ११,२१२ | ८,१६७ | ७२.८४ |
| | **जम्मा** | **४०,२८२,४५२** | **२८,७८७,२००** | **७१.४६** |

**पुँजीगत खर्च** (रु. हजारमा)

| ब.नं.शी.उ. | कार्यक्रमको नाम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११४ | रक्षा मन्त्रालय | १०२,४७२ | ५४,७०६ | ५३.३९ |

| ब.नं.शी.उ. | कार्यक्रमको नाम | खुद रकम | यथार्थ खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०१२४ | राष्ट्रिय सुरक्षा परिषद् | २,४०३ | ७८१ | ३२.५० |
| ३४५०१३४ | जंगी अड्डा | ९,२०६,३१८ | ५,८२७,३५१ | ६३.३० |
| ३४५०१४४ | सैनिक हवाई महा-निर्देशनालय | ६५,१०० | ६५,१०० | १००.०० |
| ३४५०१६४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | १३,२०० | ८,१९३ | ६२.०७ |
| ३४५०१८४ | राष्ट्रिय सेवा दल | २६४,१८७ | १५७,६७३ | ५९.६८ |
| | **जम्मा** | **९,६५३,६८०** | **६,११३,८०४** | **६३.३३** |

◆ ◆ ◆

# वन तथा भू-संरक्षण मन्त्रालय

## १. पृष्ठभूमि:

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत भूभाग वन जङ्गलले ढाकेको छ । कृषि लगायत पर्यटन, वातावरण, जैविक विविधता एवं भौगोलिक विकास संरचनाको मेरूदण्डको रूपमा रहेको वन क्षेत्रबाटै मुलुकवासीहरूका अधिकांश दैनिक आवश्यकताका काठ, इन्धन ७० प्रतिशत, पशुआहार ४० प्रतिशत, जडीबुटी लगायतका काष्ठ एवं गैरकाष्ठ वन पैदावारको आपूर्ति हुँदै आएको छ । त्यसैगरी वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने कार्यमा ठूलो टेवा पुगेको छ ।

## २. दीर्घकालीन सोच:

वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने ।

## ३. लक्ष्य:

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, संरक्षित क्षेत्र, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्दै रोजगारी सिर्जना र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने ।

## ४. उद्देश्य:

- वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधारको संरक्षण एवं व्यवस्थापन गरी वातावरणीय सन्तुलन कायम राख्ने ।
- वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गरी स्थानीय तथा राष्ट्रिय आवश्यकता परिपूर्ति गर्दै निकासी प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदान अभिवृद्धि गर्ने ।
- सामुदायिक वन लगायतका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गर्ने ।
- वन क्षेत्रको संरक्षण, सम्वर्द्धन एवं व्यवस्थापनमा निजी क्षेत्रलाई समेत संलग्न गराई आय आर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने ।
- वन क्षेत्रको सुशासन सुदृढीकरण गर्ने ।

## ५. नीति:

- दिगो वन व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने ।
- जैविक विविधता र स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्ने ।
- जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने ।

- सामुदायिक, कबुलियती, साझेदारी, मध्यवर्ती सामुदायिक, संरक्षित, धार्मिक लगायतका समुदायद्वारा व्यवस्थित वनलाई पारिस्थितिकीय, आर्थिक र सामाजिक रूपले सक्षम बनाउँदै लाभको न्यायोचित बाँडफाँड गर्ने ।
- निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्ने ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलनका उपाय अवलम्बन गर्ने ।
- वन क्षेत्रमा सुशासन, समावेशीकरण र सामाजिक न्याय प्रवर्द्धनको लागि व्यवस्थापनलाई थप सक्षम बनाउने ।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- वन तथा भू-संरक्षणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- राष्ट्रिय, वन क्षेत्र, सरकारी वन, सरकारद्वारा व्यवस्थित वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन तथा निजी वन आदि;
- सरकारी तथा गैर सरकारी वन क्षेत्रको सर्वेक्षण, नाप नक्सा र सीमा निर्धारण;
- वन जंगलको संरक्षण, उपयोग, सम्बर्द्धन र व्यवस्थापन;
- वन पैदावार (काठ दाउरा, वन्यजन्तु, जडीबुटी, गैरकाष्ठ पदार्थ, वन क्षेत्रको पानी, माटो, ढुङ्गा गिट्टी, बालुवा आदि) को संरक्षण र व्यवस्थापन;
- वनजन्य उद्योग र कच्चा पदार्थको प्रबन्ध;
- वनसम्बन्धी अध्ययन, अनुसन्धान, प्रचारप्रसार, तालीम, क्षमता अभिवृद्धि आदि;
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र लाभको बाँडफाँड;
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार र चरन क्षेत्रसंग सम्बन्धित विषय;
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन;
- भू तथा जलाधार क्षेत्र, बृहत जलाधार क्षेत्र तथा तालतलैयाको संरक्षण, सम्वर्द्धन, विकास, समन्वय र व्यवस्थापन;
- प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन;
- वनस्पति र जडीबुटीसम्बन्धी नीति तथा अध्ययन, अनुसन्धान, प्रचारप्रसार, सर्वेक्षण, संकलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन, उपयोग तथा व्यवसायीकरण;
- वनस्पति उद्यान तथा जडीबुटी उद्योग;
- वनस्पति, वन्यजन्तु र जैविक विविधता सङ्ग्रहालय;
- वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वन क्षेत्रसग सम्बन्धित जलवायु परिवर्तन, जलाधार संरक्षण र भू- संरक्षणसम्बन्धी प्रदर्शनी तथा प्रचारप्रसार;

- वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण, जैविक विविधता र भू–संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन;
- वन, वनस्पति, वन्यजन्तु, जलाधार संरक्षण र भू–संरक्षणसम्बन्धी विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ–संस्थासंग समन्वय र सम्पर्क;
- प्रकृति संरक्षण;
- सरकारी, सार्वजनिक र निजी क्षेत्रमा वृक्षारोपण, वन विकास तथा व्यवस्थापन;
- नेपाल वन सेवाको सञ्चालन ;

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको फागुन सान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरुबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रम मध्ये गाउँपालिका भित्रको रु. ५० लाखसम्म, नगरपालिका भित्रको रु. १ करोडसम्म र उप महानगरपालिका तथा महानगरपालिका भित्रको रु. २ करोडसम्म बजेट भएका आयोजनाहरु सम्बन्धित विषयगत मन्त्रालयहरुले साउन मसान्त भित्र तत् स्थानीय तहमा रकम सहित हस्तान्तरण गर्नु पर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ । | भू तथा जलाधार संरक्षण विभाग अन्तर्गत रहेको जिल्ला भू संरक्षण कार्यक्रम सम्बन्धित स्थानीय तहमा गइसकेको । |
| ६३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको विस्तृत गुरु योजना अनुरुपका क्रियाकलाप सञ्चालन गरिने छ । | चुरेको स्वीकृत गुरुयोजनाबमोजिम ५२ वटा नदी प्रणालीमा ९ वटा विभिन्न विभागका १२८ क्षेत्रीय तथा जिल्ला स्तरीय कार्यान्वयन निकायहरुबाट कार्यक्रम कार्यान्वयन भइरहेको । |
| ७४ | भूमि तथा जलाधार संरक्षण र वृक्षारोपणको माध्यमबाट प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गरिनेछ। जलाधार संरक्षण एवं व्यवस्थापनका कार्यक्रममा जनसहभागिता परिचालन गरिनेछ । प्राकृतिक ताल तलैयाहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ । | १२ वटा तालतलैया सिमसार क्षेत्र व्यवस्थापन कार्य सम्पन्न।<br>१७ वटा गल्छी र पहिरो उपचार, ३ किलोमिटर सिँचाइ कुलो संरक्षण, १९ वटा पानी मुहान संरक्षण, २३ वटा संरक्षण पोखरी तथा तालतलैया संरक्षण, ३.५ किलोमिटर वायोइन्जिनियरिङ्ग, ७ वटा रेनवाटर /रनअफ हार्भेस्टिङ्ग ड्याम निर्माण सम्पन्न । |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नु पर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्य योजना भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ । योजना/कार्य | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा सञ्चालित ५ वटा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना/कार्यविधि स्वीकृत । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | क्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी सक्नु पर्नेछ । | |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरू तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ । नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु स्थापना गरि सकिनेछ । कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजना सहित आवश्यक अस्थायी दरबन्दीहरु साउन मसान्त भित्र स्वीकृत गरी सक्नु पर्नेछ । | अस्थायी दरबन्दी स्वीकृत भई आयोजनामा कर्मचारीहरु खटाउने कार्य जारी रहेको । संसोधित सामुदायिक विकास तथा हरियाली प्रवर्द्धन निर्देशिका तयार भई सम्बन्धित जिल्लाहरुमा पठाइसकिएको । |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्य सम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाइने छ । यसरी कर्मचारी खटाउदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ । | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक र संरक्षित क्षेत्रका प्रमुख संरक्षण अधिकृत तथा संरक्षण अधिकृत गरी जम्मा २० जनासँग कार्य सम्पादन सम्झौता सम्पन्न भएको । वनस्पति विभाग अन्तर्गतका १० वटै कार्यालय प्रमुखहरुसंग कार्य सम्पादन करार सम्झौता भई क्रियाकलाप कार्यान्वयन भइरहेको । |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरुमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गरिनेछ । | संरक्षित क्षेत्रका प्रमुख संरक्षण अधिकृत तथा संरक्षण अधिकृत गरी जम्मा २० जना लाई सार्वजनिक खरिदसम्बन्धी अभिमुखीकरण गरिएको तथा नवीनतम कार्यक्रमहरुको सञ्चालानार्थ जिल्ला भू-संरक्षण अधिकृतहरुसँग अन्तरक्रिया गोष्ठी गरिएको । |
| २१० | विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्य सम्पादन सम्झौता अनुरुपका क्रियाकलापहरुलाई निश्चित भार दिई वस्तुगत आधारमा कार्य सम्पादनस्तर मापन गरिनेछ । निश्चित अंकभन्दा बढी अंक प्राप्त गरेमा निजामती सेवा ऐनअनुसार पुरस्कृत गरिनेछ । | सचिव र विभागीय प्रमुखहरु बीच कार्य सम्पादन सम्झौता सम्पन्न भएको । |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम पुगी सकेकोमा तुरन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक | भू तथा जलाधार संरक्षण विभाग अन्तर्गत सञ्चालित पर्वतीय समानुकुलन आयोजना अन्तर्गत आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७४/७५ कार्तिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | अवधिभित्र सम्बन्धित योजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ । प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ । | मसान्तसम्म कुल ८९६६९९५३९ खर्च भएकोमा ८१३४०९९०० सोधभर्नाको लागि ADB मा पठाइएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरुः

- २३० हेक्टर घासे मैदान व्यवस्थापनको कार्य सम्पन्न भएको ।
- ५५ पटक चोरी शिकार नियन्त्रणका लागि स्विप अप्रेशन सम्पन्न भएको ।
- उपभोक्ता समूह/समितिले मध्यवर्ती क्षेत्रमा वृक्षारोपणका लागि नर्सरी सञ्चालन गरेको ।
- २० वटा संरक्षित क्षेत्रमा वन डढेलो नियन्त्रणको कार्य शुरु भएको ।
- १ सय ६१ वटा सामुदायिक वन हस्तान्तरण भएको ।१ हजार ७० वटा सामुदायिक वन कार्ययोजना नवीकरण भएको ।२१ वटा साझेदारी वनमा कार्ययोजनाबमोजिम व्यवस्थापन कार्य भईरहेको । ६ वटा चक्ला वन व्यवस्थापन कार्य भइरहेको।
- रारा र शे-फोक्सुण्डो राष्ट्रिय निकुन्जमा १ /१ वटा बहु उद्देश्यीय जडिबुटीको नर्सरी सञ्चालनको कार्य शुरु भएको।वनस्पति विभागद्वारा ६ वटा जिल्लाको विभिन्न पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार अन्तर्गत कृषक समूह गठन, तालिम सञ्चालन र समन्वय हुनुका साथै जडीबुटीका ९ लाख बेर्ना नर्सरीमा बिउ तथा कटिंग राखी उत्पादन भइरहेको ।
- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि ६ स्थानमा विद्युतीय तारवार, आर.सि.सि.वाल निर्माणको कार्य प्रक्रिया शुरु भएको ।
- प्रदेश नं. ४ मा ४२५ हेक्टरको भानुभक्त प्राणी उद्यानको घोषणा भएको ।

## ९. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | कार्यक्रमकोनाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११–३/४ | वन तथा भू संरक्षण मन्त्रालय | ८६४४३ | ८५४८२ | ९८.८९ |
| ३२९०१२–३/४ | वन विभाग | ६८०३६ | ६०८८३ | ८९.४९ |
| ३२९०१३–३/४ | क्षेत्रीय वन कार्यालयहरु | ९२४१२ | ८७८९९ | ९५.१२ |
| ३२९०१४–३/४ | जिल्ला वन कार्यालयहरु | २५८८३८९ | २२८२६२७ | ८८.१९ |
| ३२९०१५–३/४ | वनस्पति विभाग | ११४६८८ | १००८०७ | ८७.९० |
| ३२९०१६–३/४ | भू संरक्षण विभाग | २६२२७ | २३९७३ | ९१.४१ |
| ३२९०१७–३/४ | रा.नि. तथाव.ज.सं.विभाग | ३१४८९३ | २८३७६९ | ९०.१२ |
| ३२९०१९–३/४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली | २६८३३२० | २६८३३२० | १००.०० |
| ३२९०१८–३/४ | हात्तिसारहरु | १२८९९९ | १०६९९८ | ८२.९४ |
| ३२९०२०–३/४ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | ३९९८५ | ३४१६६ | ८५.४५ |

| व.उ.शी.नं. | कार्यक्रमकोनाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९१०१–३/४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १४५५४ | ११२८९ | ७७.५७ |
| ३२९१०२–३/४ | जडीवुटी विकास कार्यक्रम | ६९५३५ | ६३७०१ | ९१.६१ |
| ३२९१०४–३/४ | केन्द्रीयवन तालिम तथा प्रसार केन्द्र | ५६९६९ | ५६९६९ | १००.०० |
| ३२९१०६–३/४ | राष्ट्रिय वनविकास तथाव्यवस्थापन कार्यक्रम | ११२८३९ | ८०७६२ | ७१.५७ |
| ३२९१०८–३/४ | वृ.क्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम | ३१२७४४ | २५५००४ | ८१.५४ |
| ३२९१०९–३/४ | वन्य जन्तु आरक्ष आयोजना | १७८१६४ | १०७४६८ | ६०.३२ |
| ३२९११२–३/४ | राष्ट्रिय निकुन्ज आयोजना | ५३९३३४ | ३३१३४९ | ६१.४४ |
| ३२९११४–३/४ | रेड कार्यान्वयन केन्द्र | १४९००५ | १४९००५ | १००.०० |
| ३२९११५–३/४ | राष्ट्रपतिचुरे संरक्षण कायंक्रम | १७७१२० | १५५१६८ | ८७.६१ |
| ३२९१२३–३/४ | वन्यजन्तु संरक्षणकोलागी क्षेत्रीय सहयोग | ६९२९४ | ४४८१८ | ६४.६८ |
| ३२९१२७–३/४ | पर्वतिय जलाधारहरुको जलवायु परिवर्तन समानुकुलन आयोजना | १५२७११ | ११५४०० | ७५.५७ |
| ३२९१२८–३/४ | नेपाल व्यापार एकीकृत रणनिति | १२८४४ | १०९५४ | ८५.२८ |
| ३२९१५२–३/४ | पहाडी साना किसानलागिअनुकूलन आयोजना | ३२९८४ | २४१८२ | ७३.३१ |
| ३२९१५४–३/४ | वन्जन्तु अपराध नियन्त्रण आयोजना | २९४११ | १८३७३ | ६२.४७ |
| ३२९१५५–३/४ | जिल्ला भूसंरक्षण कायंक्रम | २४८८८७ | २३९४७५ | ९६.२२ |
| ३२९१५६–३ | सामुदायिक विकासतथावन/जलाधार संरक्षणआयोजना | १७३७२ | १७११३ | ९८.५१ |
| ३२९८०१–३/४ | वनस्पति संरक्षण तथा उद्यान विकास | ३०५९८ | २९२११ | ९५.४७ |
| ३२९८०४–३/४ | सामुदायिक तथा कवुलियति वन विकास | ३१६४२७ | २८३५०४ | ८९.६० |
| ३२९८०५–३/४ | वनस्पतिअध्ययन अनुसन्धान | २१७९७ | १९७७५ | ९०.७२ |
| | **कुल जम्मा** | ८६८५९८१ | ७७६३४४४ | ८९.३८ |

**पुँजीगत खर्च** ( **रू. हजारमा**)

| व.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११–३/४ | वन तथा भू संरक्षण मन्त्रालय | २८८०६ | २८७६६ | ९९.८६ |
| ३२९०१२–३/४ | वन विभाग | ५८१५० | ५४८२४ | ९४.२८ |
| ३२९०१३–३/४ | क्षेत्रीय वन कार्यालयहरु | ७०५० | ५३९४ | ७६.५१ |
| ३२९०१४–३/४ | जिल्ला वन कार्यालयहरु | १०९७० | ९५६५ | ८७.१९ |
| ३२९०१५–३/४ | वनस्पति विभाग | १२२८० | १०५६३ | ८६.०२ |
| ३२९०१६–३/४ | भू संरक्षण विभाग | ४३८३३ | ३९५१० | ९०.१४ |
| ३२९०१७–३/४ | रा.नि. तथाव.ज.सं.विभाग | ८१६६४ | ६४८३९ | ७९.४० |
| ३२९०१९–३/४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली | ३०८६६५ | ३०८६६५ | १००.०० |

| ब.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०१९-३/४ | हात्तिसारहरु | १०६२ | १०५४ | ९९.२५ |
| ३२९०२०–३/४ | वन अनुसन्धान तथा सर्भेक्षण विभाग | ३७५ | ३६५ | ९७.३३ |
| ३२९१०१–३/४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | २२०१ | १८३१ | ८३.१९ |
| ३२९१०२–३/४ | जडीवुटी विकास कार्यक्रम | २७६४३५ | १८७०९२ | ६७.६८ |
| ३२९१०४–३/४ | केन्द्रीयवन तालिम तथा प्रसार केन्द्र | १३७६ | १२१२ | ८८.०८ |
| ३२९१०६–३/४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५६०६८५ | ४०१०२१ | ७१.५२ |
| ३२९१०८–३/४ | वृ.क्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम | २३२६३९ | २१७७३१ | ९३.५९ |
| ३२९१०९–३/४ | वन्य जन्तु आरक्ष आयोजना | २३५१४ | २३३८७ | ९९.४६ |
| ३२९११२–३/४ | राष्ट्रियनि कुन्ज आयोजना | २०९१६३ | १८८६५१ | ९०.१९ |
| ३२९११४–३/४ | रेड कार्यान्वयन केन्द्र | १३०० | ८२८ | ६३.६९ |
| ३२९११५–३/४ | राष्ट्रपति चुरे संरक्षण कायंक्रम | १६७०१८४ | १५६८०६५ | ९३.८९ |
| ३२९१२३–३/४ | वन्यजन्तु संरक्षणको लागी क्षेत्रीय सहयोग | ६४३८७ | ३३६८४ | ५२.३१ |
| ३२९१२७–३/४ | पर्वतिय जलाधारहरुको जलवायु परिवर्तन समानुकुलन आयोजना | ७२३७३४ | ४८१६४१ | ६६.५५ |
| ३२९१२८–३/४ | नेपाल व्यापार एकीकृत रणनिति | ४५३८० | ४४९१५ | ९८.९८ |
| ३२९१५२–३/४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | १७४९३३ | ७५९८४ | ४३.४४ |
| ३२९१५४–३/४ | वन्जन्तु अपराध नियन्त्रण आयोजना | ७२५ | २८३ | ३९.०३ |
| ३२९१५५–३/४ | जिल्ला भूसंरक्षण कायंक्रम | ७११०२३ | ६७२३२१ | ९४.५६ |
| ३२९१५६–३/४ | सामुदायिक विकास तथा वन/जलाधार संरक्षण आयोजना | ६५०४४ | ६३५०४ | ९७.६३ |
| ३२९८०१–३/४ | वनस्पति संरक्षण तथा उद्यान विकास | ५४१९९ | ४९८०२ | ९१.८९ |
| ३२९८०४–३/४ | सामुदायिक तथा कवुलियति वन विकास | ६५१९३ | ५६९४८ | ८७.३५ |
| ३२९८०५–३/४ | वनस्पति अध्ययन अनुसन्धान | ५२३० | ४८४३ | ९२.६० |
| | **कुल जम्मा** | ५४४०२०० | ४५९७२८८ | ८४.५१ |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११३ | वन तथा भू-संरक्षण मन्त्रालय | १३७,३४१ | ६९,०९३ | ५०.३१ |
| ३२९०१२३ | वन विभाग | १०२,३७५ | ४१,७३१ | ४०.७६ |
| ३२९०१३३ | क्षेत्रीय वन कार्यालयहरु | ९९,८५५ | ६७,४०० | ६७.५० |

| व.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०१४३ | जिल्ला वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३,१२१,११७ | १,६८९,८४६ | ५४.१४ |
| ३२९०१५३ | वनस्पति विभाग | १४४,०४९ | ७८,४७१ | ५४.४८ |
| ३२९०१६३ | भू-संरक्षण विभाग | ३१,५३४ | १९,७५० | ६२.६३ |
| ३२९०१७३ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | ४४९,६६९ | १८२,८६१ | ४०.६७ |
| ३२९०१८३ | राष्ट्रिय निकुन्ज (सुरक्षा टोली) | ३,२८७,४१४ | २,४१५,८२७ | ७३.४९ |
| ३२९०१९३ | हात्तिसारहरु | १५२,८१३ | ७९,५०४ | ५२.०३ |
| ३२९०२०३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ४८,१७६ | २६,९४७ | ५५.९३ |
| ३२९१०१३ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १६,१६० | ५,०७३ | ३१.३९ |
| ३२९१०२३ | जडिबुटी विकास कार्यक्रम (कर्णाली जडीबुटी प्रशोधन समेत) | १३९,६९९ | १८,४४८ | १३.२१ |
| ३२९१०४३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ६३,००१ | ४२,८१६ | ६७.९६ |
| ३२९१०६३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १३२,०५६ | ३९,२०६ | २९.६९ |
| ३२९१०९३ | वृक्ष सुधार वृक्षारोपण तथा निजी वन कार्यक्रम | २४३,६६९ | ५४,३७३ | २२.३१ |
| ३२९११४३ | वन्यजन्तु आरक्ष आयोजना | १३९,४४० | ५७,४१२ | ४१.१७ |
| ३२९११५३ | राष्ट्रिय निकुन्ज आयोजना | ६४८,०७७ | २९३,९३० | ४५.३५ |
| ३२९१२३३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १५७,६६२ | ४,८१६ | ३.०५ |
| ३२९१२४३ | राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति | १७६,७८८ | ६६,७७७ | ३७.७७ |
| ३२९१२७३ | वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना | ३४,९६६ | १५,८०३ | ४५.२० |
| ३२९१५४३ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना | १८८,११४ | १०४,३५२ | ५५.४७ |
| ३२९१५५३ | नेपाल व्यापार एकीकृत रणनीति (वन कार्यक्रम ) | १३,७०६ | ३,८१९ | २७.८६ |
| ३२९१५६३ | पहाडी साना किसानकालागि अनुकूलन आयोजना | ७३,००८ | २६,१७७ | ३५.८५ |
| ३२९१५७३ | वन्यजन्तु अपराध नियन्त्रणका लागि दक्षिण एशिया कानून कार्यान्वयन सञ्जालको शसक्तिकरण आयोजना | ३९,६०२ | ८,३४३ | २१.०७ |
| ३२९८०४३ | जिल्ला भू-संरक्षण कार्यक्रम | २८६,८९२ | १७९,७५७ | ६२.६६ |
| ३२९८०५३ | सामुदायिक विकास तथा वन / जलाधर संरक्षण आयोजना | १८,२२४ | १३,३८८ | ७३.४६ |
| ३२९८०६३ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ३०,५३६ | १६,४९७ | ५४.०२ |
| ३२९८०८३ | सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम | २७०,३२६ | ९५,८६४ | ३५.४६ |
| ३२९८०९३ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | २३,०१० | ९,४२३ | ४०.९५ |

| व.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| | **जम्मा** | **१०,२६९,२७९** | **५,७२७,७०४** | **५५.७८** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| व.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११४ | वन तथा भू-संरक्षण मन्त्रालय | १५,५२७ | १,९१६ | १२.३४ |
| ३२९०१२४ | वन विभाग | ५,५४५ | ९९९ | १८.०२ |
| ३२९०१३४ | क्षेत्रीय वन कार्यालयहरु | १६,१८५ | ४,३२४ | २६.७२ |
| ३२९०१४४ | जिल्ला वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | १६,८५२ | १,७४४ | १०.३५ |
| ३२९०१५४ | वनस्पति विभाग | ८,९०७ | २,३८२ | २६.७४ |
| ३२९०१६४ | भू-संरक्षण विभाग | ३१,५४९ | ३,९३८ | १२.४८ |
| ३२९०१७४ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | १८२,४५५ | १,५२९ | ०.८४ |
| ३२९०१८४ | राष्ट्रिय निकुन्ज (सुरक्षा टोली) | २५१,६१३ | १८६,०९७ | ७३.९६ |
| ३२९०१९४ | हात्तिसारहरु | १,२५४ | ५०५ | ४०.२७ |
| ३२९०२०४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ९३० | ३६२ | ३८.९२ |
| ३२९१०१४ | वन अनुसन्धान तथा सर्भेक्षण आयोजना | २,४७४ | ३९० | १५.७६ |
| ३२९१०२४ | जडिबुटी विकास कार्यक्रम (कर्णाली जडीबुटी प्रशोधन समेत) | १५६,५१८ | २८,३९२ | १८.१४ |
| ३२९१०४४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | १,५६१ | १,०७५ | ६८.८७ |
| ३२९१०६४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५३०,६९६ | १६३,२३७ | ३०.७६ |
| ३२९१०९४ | वृक्ष सुधार  वृक्षारोपण तथा निजी वन कार्यक्रम | ३६,८४१ | १६,७३३ | ४५.४२ |
| ३२९११४४ | वन्यजन्तु आरक्ष आयोजना | ६२,७३६ | २१,३०२ | ३३.९५ |
| ३२९११५४ | राष्ट्रिय निकुन्ज आयोजना | ३४६,४२५ | ७८,३५१ | २२.६२ |
| ३२९१२३४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १,००० | - | ०.०० |
| ३२९१२४४ | राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति | १,७४१,९८५ | ६८५,५४७ | ३९.३५ |
| ३२९१२७४ | वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना | ९०,२५६ | १५,२०४ | १६.८५ |
| ३२९१५४४ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना | ७४७,००१ | १४६,५५५ | १९.६२ |
| ३२९१५५४ | नेपाल व्यापार एकीकृत रणनीति (वन कार्यक्रम ) | ७७,८५५ | ४५,८२८ | ५८.८६ |
| ३२९१५६४ | पहाडी साना किसानकालागि अनुकूलन आयोजना | ४४६,२७२ | ८७,७८७ | १९.६७ |
| ३२९१५७४ | वन्यजन्तु अपराध नियन्त्रणका लागि दक्षिण | ८०० | २०० | २५.०० |

| व.उ.शी.नं. | कार्यक्रमको नाम | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | एशिया कानून कार्यान्वयन सञ्जालको शसक्तिकरण आयोजना | | | |
| ३२९८०४४ | जिल्ला भू-संरक्षण कार्यक्रम | १६,८३२ | ९,८४३ | ५८.४८ |
| ३२९८०५४ | सामुदायिक विकास तथा वन / जलाधर संरक्षण आयोजना | १५३,४५२ | ६५,२८७ | ४२.५५ |
| ३२९८०६४ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ५४,९०१ | १५,८२५ | २८.८२ |
| ३२९८०८४ | सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम | ९५,१५१ | २६,७६५ | २८.१३ |
| ३२९८०९४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | ५,५४३ | १,९५१ | ३५.२० |
| | **जम्मा** | **५,०९९,११६** | **१,६१४,०६८** | **३१.६५** |

♦ ♦ ♦

# शिक्षा मन्त्रालय

## १. पृष्ठभूमिः

शिक्षा मन्त्रालयको स्थापना वि.सं. २००७ सालमा भएको हो। राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्नु यस मन्त्रालयको दायित्व तथा जिम्मेवारी हो । प्रारम्भिक बालविकास देखि उच्च शिक्षासम्मको शैक्षिक समन्वय तथा व्यवस्थापन कार्य शिक्षा मन्त्रालयबाट सम्पादन हुँदै आएको छ ।

## २. दीर्घकालीन सोचः

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको जनशक्ति बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवं उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

## ३. ध्येयः

- गरिव तथा पिछडिएका क्षेत्रका निरक्षर प्रौढहरूलाई लक्षित गरी कार्यमूलक साक्षरता कार्यक्रम सञ्चालन गर्ने ।
- पूर्व प्राथमिक शिक्षाको विकास र विस्तार गर्ने ।
- निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्ने ।
- रोजगारमूखी, दक्षतामा आधारित व्यावसायिक शिक्षा र तालिमको विस्तार र विकास गर्ने ।
- ज्ञानमा आधारित समाज सृजनाको लागि उच्च शिक्षाको विस्तार र विकास गर्ने ।
- सकारात्मक सामाजिक परिवर्तनका लागि शिक्षाको नीति तथा कार्यक्रम विस्तार गर्ने ।

## ४. उद्देश्यः

- सबै तह र विषयको शिक्षामा समान पहुँच विस्तार गर्ने ।
- सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सीपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने ।
- शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यावहारिक, समावेशी र समतामूलक बनाउँदै लैजाने ।
- समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता र जवाफदेहीमा अभिवृद्धि गर्ने ।

## ५. रणनीतिः

- प्रारम्भिक बाल विकासलाई समन्वयात्मक रूपमा विस्तार गर्ने ।
- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिको प्रभावकारी कार्यान्वयन गर्ने ।
- प्राविधिक र व्यावसायिक शिक्षाका क्षेत्रमा लगानी तथा अवसरमा विस्तार गर्ने ।
- उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउँदै नियमनका पूर्वाधार विकास र अवसरहरूको विविधिकरण गर्ने ।
- साक्षरतालाई उत्पादकत्वसँग आवद्ध गरी अभियानको रूपमा सञ्चालन गर्ने ।

- विपन्न, सिमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- लगानीको प्रतिफल सुनिश्चित गर्दै जवाफदेही पद्दतिको विकास गर्ने ।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन् :

- शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- प्रारम्भिक बाल शिक्षा, आधारभूत, माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा;
- जनसंख्या शिक्षा र पौष्टिक आहार कार्यक्रम;
- प्राविधिक ,व्यावसायिक ,नैतिक तथा शारीरिक शिक्षा;
- शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन;
- शिक्षण संस्थाहरू (गुरूकुल, मदरसा, गुम्बासमेत) को सञ्चालन तथा ब्यवस्थापन;
- खुला प्रतियोगिताबाट छनौट हुनेलाई छात्रवृत्ति, विदेशमा अध्ययन अनुसन्धान गर्न जाने तथा विदेशीहरूलाई नेपालमा अध्ययन, अनुसन्धान गर्न आउने स्वीकृति दिने;
- प्राज्ञिक अनुसन्धान;
- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, वितरण र कार्यान्वयन;
- शिक्षासम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान;
- पुस्तकालय र वाचनालय;
- शिक्षा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय;
- शिक्षासम्बन्धी दुईपक्षीय र वहुपक्षीय सम्झौताका लागि प्रारम्भिक कार्य;
- संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (यूनेस्को) को सचिवालय सञ्चालन;
- विश्वविद्यालय तथा अध्ययन संस्थानको समन्वय;
- विश्वविद्यालय अनुदान आयोगसँगको समन्वय;
- जनक शिक्षा सामग्री केन्द्रको कार्य व्यवस्थापनमा समन्वय;
- साझा प्रकाशन;
- नेपाल शिक्षा सेवा सञ्चालन (आर्कियोलजी समूह वाहेक);

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १२३ | विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाउँदै विद्यालयहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिनेछ । आधारभूत तहको शिक्षालाई | स्वीकृत कार्यक्रम कार्यान्वयनमा लगिएको, विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी बनाई विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउने गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षालाई क्रमशः निःशुल्क बनाइने नीति कायमै राखेको छु । पाठ्यक्रममा आधारित प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रमलाई निरन्तरता दिएको छु । | कार्यक्रम अगाडि बढाइएको, चालु आ.ब. मा १५८२ विद्यालयलाई जिल्ला शिक्षा कार्यालय मार्फत सूचना प्रविधि (ICT) व्यवस्थापन कार्यक्रमको निमित्त स्वीकृत कार्यक्रम र बजेट जि.शि.का. मार्फत अनुदानको रुपमा वितरण गर्न कार्यक्रम र वजेट सहित पठाइएको । |
| १२४ | खुला तथा वैकल्पिक विद्यालयहरूमार्फत विद्यालय बाहिर रहेका विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको दायरामा ल्याई निरन्तर रूपमा शिक्षा हासिल गर्ने अवसरको सुनिश्चितता गरिनेछ । | खुला विद्यालय २९ मध्ये २७ सञ्चालनमा रहेका। अनौपचारिक प्रौढ विद्यालय १७३ वटा सञ्चालनमा रहेको । |
| १२५ | विश्वविद्यालयहरुबाट उत्पादित जनशक्तिलाई राष्ट्र निर्माणमा सहभागी गराउन प्राविधिक विषयमा स्नातक तह र अन्य विषयमा स्नातकोत्तर तह पुरा गरेका युवाहरुलाई एक वर्षसम्म स्थानीय तहमा रही प्राविधिक तथा सामाजिक सरोकारका विषयमा कार्य गर्न राष्ट्रिय स्वयंसेवा परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।स्थानीयस्तरमा आवश्यक पर्ने मध्यमस्तरको प्रविधिक सीप विकास निम्न तथा केन्द्रहरु स्थापना गर्ने कार्य अगाडि बढाइने छ । | प्रविधिक तथा व्यवसायिक शिक्षा एवं तालिमको विकास र विस्तारको लागी हाल सञ्चालनमा रहेको कार्यक्रमको एकिकृत विवरण अद्यावधिक गरी आगामी दिनहरुमा भूगोल जनसंख्या र आवश्यकतालाई आधार मानी नक्साङ्कन गर्ने कार्य प्रारम्भ गरिएको । |
| २०३ | आयोजनाकार्यक्रमको विस्तृत क्रियाकलाप/, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गरिने छ । आयोजनाकार्यक्रमको चौमासिक विभाजन/सहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ । | कार्यक्रम कार्यान्वयन योजना तयार गरी स्वीकृत वार्षिक खरिद योजना कार्यान्वयन भएको । |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/आयोजना कार्यान्वयन लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरु तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ । नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु स्थापना गरिसकिनेछ । कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने | कार्यक्रम कार्यान्वयन पुस्तिका (जिल्ला र केन्द्रस्तर) तयार गरिएको अस्थायी दरवन्दी स्वीकृत गराई जनशक्ति व्यवस्थापन गरिएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | अवधिभरका लागि स्पष्ट जनशक्ति योजनासहित आवश्यक अस्थायी दरवन्दीहरु साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्नेछ । | |
| २०५ | स्वीकृत संगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाइनेछ।यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ । | जिम्मेवारीसहित कर्मचारी व्यवस्थापनका आधार तयार गरी कर्मचारीहरुको विवरण अद्यावधिक गरिएको, जिम्मेवारीसहित स्थानीय तहमा अधिकृत तहका कर्मचारी खटाइएको |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरुमा शुरुमै अभिमुखीकरण तालिम प्रदान गरिनेछ । | जिल्ला शिक्षा अधिकारी, कार्यक्रम अधिकृत र लेखा अधिकृतहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिएको । |
| २०८ | आयोजनाको तयारीका चरणहरु पूरा गरी साउन मसान्तभित्र बोलपत्र आव्हान र असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गरिसक्नुपर्नेछ। तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजनाअनुरुप कार्य नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गरिनेछ । | कार्यान्वयन भइरहेको । |
| २०९ | एउटै निर्माण व्यवसायीले आफ्नो क्षमताभन्दा बढीको कार्यका लागि धेरैवटा ठेक्का लिने र कार्य सम्पन्न नगर्ने प्रवृत्तिको अन्त्य गरिनेछ । निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरुका लागि सहायक ठेक्का सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित आयोजना प्रमुखको लिखित स्वीकृति लिनुपर्नेछ । अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गरिनेछ । राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गरिनेछ । | कार्यान्वयन भइरहेको । |
| २१२ | कार्य सम्पन्न भएपछि कामको भेरिफिकेशन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गरिनेछ । बिल पेश भएको मितिले १५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानी | कार्यान्वयन भइरहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | दिइनेछ । | |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ । प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ । | वन्द भइसकेका पुराना आयोजनाहरुको सोधभर्ना हिसाव फरफारकको लागि अर्थ मन्त्रालयमा पठाइएको छ । गत आ.व. सम्म सञ्चालित आयोजनाका अधिकाशको सोधभर्ना प्राप्त भइसकेको छ । केही सोधभर्ना प्राप्त गर्ने प्रकृयामा छन् । SSDP तर्फको सोधभर्ना DLI मा आधारित भएको र उक्त DLI पुरा भए नभएको सम्बन्धमा Third Party Verification भएपछि अनुमानित १ महिना भित्रमा सोधभर्ना प्राप्त हुने । |
| ३१ | स्थानीयस्तरको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरूबाट कायान्वयन भइररेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. १ करोड सम्म र उपमहानगरपालिका तथा महानगरपालिकाभित्रको रू. २ करोडसम्म बजेट भएका आयोजनाहरू सम्बन्धित विषयगत मन्त्रालयहरूले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकमसहित हस्तान्तरण गर्नु पर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छु । | शिक्षक तथा विद्यालय कर्मचारीको तलब भत्ता हस्तान्तरण भएको निःशुल्क पाठ्यपुस्तक शिक्षण सिकाइ सामग्री छात्रवृत्ति लगायतको रकम हस्तान्तरण गरिएको स्थानीय तहमा गएको सशर्त अनुदान कार्यान्वयनका लागि मार्गदर्शन तयार गरी पठाइएको । |
| ४२ | आधारभूत तह तथा माध्यमिक तहका कक्षा १ देखि १० सम्मका शिक्षकहरूको तलब, विद्यालय कर्मचारीहरूको पारिश्रमिक अनुदान र बाल विकास कार्यक्रमका सहयोगीहरूको पारिश्रमिक तथा सञ्चालन खर्च, माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान वापतको रकम, शिक्षण सिकाइ सामग्री र किताबी कुना कार्यक्रम तथा निरन्तर विद्यार्थी सिकाइ तर्फको रकम, माध्यमिक तहसम्मका विद्यार्थीहरूका लागि उपलब्ध गराइने निशुल्क पाठ्यपुस्तक खरिद, छात्रा छात्रवत्ति तथा दलित छात्रवृत्ति र कर्णाली क्षेत्रका विद्यार्थी छात्रवृत्ति तर्फको रकम स्थानीय तहमा हस्तान्तरण गरेको छु । | स्थानीय तहमा गएको सशर्त अनुदान कार्यान्वयनका लागि मार्गदर्शन तयार गरी पठाइएको । गाउँ/नगरपालिकाहरुलाई शिक्षक/सहयोगी कार्यकर्ता आदिको पारिश्रमिक भुक्तानीको व्यवस्थापनका लागि जिशिका/स्रोतकेन्द्र मार्फत सहजीकरण गरी भुक्तानी गरिएको । जिशिका/स्रोतकेन्द्र मार्फत सहजीकरण गरिएको । जिशिका/स्रोतकेन्द्र मार्फत विद्यार्थी तथ्यांक तयारी लगायतका कार्यमा सहजीकरण गरिएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ मा यस मन्त्रालयबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- समुदायमा आधारित गरी कुल ३६ हजार ५ सय ६८ (सरकारी स्तरबाट ३ हजार ४ सय ४८ र निजीस्तरबाट ६ हजार १ सय २०)वटा प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरू

सञ्चालनमा रहेका, कक्षा १ मा नयाँ भर्ना भएका जम्मा विद्यार्थीमध्ये बालविकास तथा पूर्वप्राथमिकको अनुभव लिई आउने विद्यार्थीको प्रतिशत ६६.३ पुगेको, पूर्व प्रा.वि/ बालविकास केन्द्रमा औषत भर्नादर ८४.१ % पुगेको छ ।

- पहुँच सुधारका विभिन्न कार्यक्रमको प्रभावका कारण शिक्षाको खूद भर्नादर (NER) आधारभूत तह (कक्षा १-५) को ९७.२%, (कक्षा १—८) को ९२.३% र माध्यमिक तह (९-१२) को ४३.९% रहेका छन् ।
- आधारभूत तहमा लैङ्गिक समता समदरमा पुगेको छ भने माध्यमिक तह (९-१२) मा ०.९९ पुगेको छ ।
- प्राविधिक धार सञ्चालनमा २ सय ८४ वटा विद्यालयहरु रहेका र ती विद्यालयहरु मनाङ जिल्ला बाहेक ७६ जिल्लाका २ सय १ स्थानीय तहमा सञ्चालनमा रहेका छन् ।
- १६ वटा पोलिटेक्निक निर्माणाधिन, निर्माणाधिन मध्ये १० वटामा शैक्षिक सत्र २०७४/०७५ देखि कार्यक्रम सञ्चालन भइरहेको ।
- नयाँ सम्बन्धन दिएका ६८ वटा सामुदायिक विद्यालयसहित १ सय ९४ वटा सामुदायिक विद्यालयमा TSEE र डिप्लोमा/ प्रमाणपत्र तहमा विभिन्न विषयमा कक्षा सञ्चालन भइरहेको ।
- पिछडिएका क्षेत्रमा बसोवास गर्ने दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी, महिला एवं आर्थिक रूपले विपन्न निरक्षरहरू र नवसाक्षरहरूलाई लक्षित गरी निरन्तर शिक्षाका कार्यक्रम वितरण तथा सञ्चालन गरिएको ।
- १ सय ९७ ओटा नमूना विद्यालय छनौट गरिएको, ४ कोठे फर्निचरसहितको क्रमागत २ सय ७६ वटा ब्लक (क्रमागत), २ कोठे फर्निचरसहितको ३ हजार ३ सय ६ वटा कोठा, विद्यालय मर्मत सम्भार ४ सय ४४ वटा, शौचालय निर्माण WASH सुविधासहित ५ सय ६० वटा, छात्रा शौचालय निर्माण १२ वटा, विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम ३७ वटाको निर्माण सम्पन्न भएका छन् ।
- कर्णाली अञ्चलका ५ जिल्ला र अन्य १४ जिल्लाका छात्रछात्राहरू दिवा खाजाबाट लाभान्वित भएका ,आधारभूत र माध्यमिक तहतर्फको विभिन्न छात्रवृत्ति गैर आवासीय र आवासीय (दलित, अपाङ, छात्रा छात्रवृत्ति, मु'क्त कम्लरी द्वन्द्वपिडित, हिमाली, फीडर, लोपोन्मुख तथा अति सिमान्तकृत छात्रवृत्ति) प्रदान गरिएको ।
- उच्च शिक्षा नीतिअनुसार कानूनी व्यवस्था मिलाउने कार्य भइरहेको । उच्च शिक्षाको अवसर विस्तार तथा सान्दर्भिकता सुधार गर्न उच्च शिक्षा विकास तथा सुधारको राष्ट्रिय कार्यक्रम निर्माण भएको ।
- विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ स्वीकृत भइ कक्षा ११ र १२ मा अध्ययनका लागि भर्नाको आधारहरु समेत तोकि कार्यान्वयनमा रहेको । कक्षा ११ को समेत नतिजामा अक्षराङ्क पद्धतिको सुरुवात भएको ।

## ९. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित वजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११३ | शिक्षा मन्त्रालय | १३६६८७४ | १०३८५४२ | ७५.९८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००१२३ | शिक्षा विभाग | ५८१९८ | ५७१३९ | ९८.१८ |
| ३५००१३३ | क्षेत्रीय शिक्षा निर्देशनालयहरु | ७३४२४ | ६८३३९ | ९३.०७ |
| ३५००१४३ | जिल्ला शिक्षा कार्यालयहरु | ७८६१२० | ७४१९२० | ९४.३८ |
| ३५००१५३ | परीक्षा नियन्त्रण कार्यालय | ५०८९५८ | ४६६५०७ | ९१.६६ |
| ३५००१६३ | सबैका लागि शिक्षा- आधारभूत तह | ४७१९७१९९ | ४३७५५१३४ | ९२.७१ |
| ३५००१७३ | माध्यामिक तह | १२३९८९७१ | ११५८७९७५ | ९३.४६ |
| ३५००१८३ | पाठ्यक्रम बिकास केन्द्र | ५३३४४ | ४४९९९ | ८४.३६ |
| ३५००१९३ | विश्वविद्यालय अनुदान आयोग | ९८९८५५० | ९८९८५५० | १००.०० |
| ३५००२०३ | शिक्षक सेवा आयोग | १५१६४२ | ११८१५७ | ७७.९२ |
| ३५००२१३ | अनौपचारिक शिक्षा केन्द्र | ३७७५०० | ३५११९१ | ९३.०३ |
| ३५००२२३ | विद्यालय शिक्षक किताबखाना | ३२२९४ | ३०७४२ | ९५.१९ |
| ३५००२३३ | विशेष शिक्षा परिषद् | १३०१५८ | १०३६४२ | ७९.६३ |
| ३५००२४३ | शैक्षिक जनशक्ति विकास केन्द | १३६४०० | ११५५८४ | ८४.७४ |
| ३५००२५३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २३२४६ | २२९४२ | ९८.६९ |
| ३५००२६३ | शिक्षक सेवा निवृत्त सुविधा | १००९२००० | ९४६७००० | ९३.८१ |
| ३५०१०६३ | द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने) | २०३०७४ | २०३०७४ | १००.०० |
| ३५०१०८३ | उच्च माध्यमिक शिक्षा | १२५०० | १२५०० | १००.०० |
| ३५०१०९३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | २२१९१८३ | २०८७१९४ | ९४.०५ |
| ३५०१११३ | मनमोहन स्मृति पोलीटेक्निक | ४५००० | ४५००० | १००.०० |
| ३५०११३३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ६३८७१३ | ५१२६५३ | ८०.२६ |
| ३५०११५३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १३१९४ | १३१९४ | १००.०० |
| ३५०११८३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | ६८१६४ | ३९४०१ | ५७.८० |
| ३५०१३३३ | अनुगमन तथा मूल्यांकन कार्यक्रम | २४६१८० | २६८३८ | १०.९० |
| ३५०१३५३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ४००४७८ | ३७३३४५ | ९३.२२ |
| ३५०१३६३ | सीप विकास परियोजना | ६४९५४२ | ५८९१५१ | ९०.७० |
| ३५०१३८३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | ११६३६१ | ६५६२८ | ५६.४० |
| ३५०१३९३ | उच्च शिक्षा सुधार परियोजना | ९४५६९९ | ९४५६९९ | १००.०० |
| ३५०१४०३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ६४८६२३ | ४५२३३८ | ६९.७४ |
| ३५०१४१३ | मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति | ५३०००० | ५००००० | ९४.३४ |
| ३५०८०३३ | विद्यालय क्षेत्र सुधार कार्यक्रम | ० | ० | - |
| ३५०८०६३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | २७६९३७२२ | २५११८४८७ | ९०.७० |
| | **जम्मा** | **११७७१५३११** | **१०८८५२८६५** | **९२.४७** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११४ | शिक्षा मन्त्रालय | ७२९२५ | ७२६१४ | ९९.५७ |
| ३५००१२४ | शिक्षा विभाग | ५०० | ४५७ | ९१.४० |
| ३५००१३४ | क्षेत्रीय शिक्षा निर्देशनालयहरु | १५०० | १५०० | १००.०० |
| ३५००१४४ | जिल्ला शिक्षा कार्यालयहरु | ९०५० | ७८१३ | ८६.३३ |
| ३५००१५४ | परीक्षा नियन्त्रण कार्यालय | ५०० | ५०० | १००.०० |
| ३५००१८४ | पाठ्यक्रम बिकास केन्द्र | २१०० | २०५६ | ९७.९० |
| ३५००२०४ | शिक्षक सेवा आयोग | ३५० | ३५० | १००.०० |
| ३५००२१४ | अनौपचारिक शिक्षा केन्द्र | ८४० | ८३८ | ९९.७६ |
| ३५००२२४ | विद्यालय शिक्षक कितावखाना | ८५०० | ८९४ | १०.५२ |
| ३५००२४४ | शैक्षिक जनशक्ति विकास केन्द | ४००० | ३९८१ | ९९.५३ |
| ३५००२५४ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २००० | १९९८ | ९९.९० |
| ३५०११३४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १५०० | १४९३ | ९९.५३ |
| ३५०१३५४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ५०० | ८० | १६.०० |
| ३५०१३६४ | सीप विकास परियोजना | ४०० | ० | ०.०० |
| ३५०१३८४ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १८०० | १४३५ | ७९.७२ |
| ३५०१४०४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ११७६४ | ६२८५ | ५३.४३ |
| ३५०८०६४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | १८६२७१ | १३४९१३ | ७२.४३ |
| | **जम्मा** | **३०४५००** | **२३७२०७** | **७७.९०** |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११३ | शिक्षा मन्त्रालय | १,०९९,६९५ | ३४४,४५२ | ३१.३२ |
| ३५००१२३ | शिक्षा विभाग | ७१,८३० | ४०,६२४ | ५६.५६ |
| ३५००१३३ | क्षेत्रीय शिक्षा निर्देशनालयहरु | ८२,६८२ | ४७,७३६ | ५७.७३ |
| ३५००१४३ | जिल्ला शिक्षा कार्यालयहरु | ९३८,८९३ | ५१४,४१४ | ५४.७९ |
| ३५००१५३ | परीक्षा नियन्त्रण कार्यालय | ५२१,६८६ | २७५,७८० | ५२.८६ |
| ३५००१६३ | सबैका लागि शिक्षा- आधारभूत तह | ८०९,८२२ | ० | ०.०० |
| ३५००१७३ | माध्यामिक तह | ३५८,९०८ | ० | ०.०० |
| ३५००१८३ | पाठ्यक्रम बिकास केन्द्र | ५३,६५० | २६,२०६ | ४८.८५ |
| ३५००१९३ | विश्वविद्यालय अनुदान आयोग | १०,०१७,८१५ | ६,२८९,३८५ | ६२.७८ |
| ३५००२०३ | शिक्षक सेवा आयोग | १९५,०५६ | ४३,४५६ | २२.२८ |
| ३५००२१३ | अनौपचारिक शिक्षा केन्द्र | ३९६,१४३ | १८६,४५५ | ४७.०७ |
| ३५००२२३ | विद्यालय शिक्षक किताबखाना | ३३,५७७ | १६,२८५ | ४८.५० |
| ३५००२३३ | विशेष शिक्षा परिषद् | १३८,१८० | ७३,५८० | ५३.२५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००२४३ | शैक्षिक जनशक्ति विकास केन्द | १४३,६८७ | ८२,०६५ | ५७.११ |
| ३५००२५३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २३,९३२ | १६,९५१ | ७०.८३ |
| ३५००२६३ | शिक्षक सेवा निवृत्त सुविधा | १२,८९९,००० | ८,४२४,४९४ | ६५.३१ |
| ३५०१०६३ | द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (शहिद प्रतिष्ठान मार्फत सञ्चालन हुने) | १६२,१६८ | १२१,४०० | ७४.८६ |
| ३५०१०८३ | उच्च माध्यमिक शिक्षा | ३९,९६६ | ३१,९६६ | ७९.९८ |
| ३५०१०९३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | २,७९७,२६३ | १,५९७,१४१ | ५७.१० |
| ३५०१११३ | मनमोहन स्मृति पोलीटेक्निक | ४८,४६५ | ३२,८१९ | ६७.७२ |
| ३५०११३३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ६१४,३१३ | ९३,२९० | १५.१९ |
| ३५०११५३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | २२,४५१ | १६,८९९ | ७५.२७ |
| ३५०११८३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १४५,४३० | ७०२ | ०.४८ |
| ३५०१३३३ | अनुगमन तथा मूल्यांकन कार्यक्रम | १८,८३५ | ५,३१४ | २८.२१ |
| ३५०१३५३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ४७५,४२६ | ३६,४५६ | ७.६७ |
| ३५०१३६३ | सीप विकास परियोजना | ६२१,१५३ | ४२१,५५५ | ६७.८७ |
| ३५०१३८३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १३८,५७० | २९,६५९ | २१.४० |
| ३५०१३९३ | उच्च शिक्षा सुधार परियोजना | ९९७,४०० | ० | ०.०० |
| ३५०१४०३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ५८४,२०७ | १२८,९७६ | २२.०८ |
| ३५०१४१३ | मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति | ९८८,७१२ | ९८८,७१२ | १००.०० |
| ३५०१४२३ | नेपाल राष्ट्रिय इन्जिनियरिङ्ग तथा प्रविधि प्रतिष्ठान पूर्वाधार निर्माण विकास समिति | ११,६३१ | ९,७४८ | ८३.८१ |
| ३५०८०६३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | २०,९९५,३२८ | ८,१०४,३१९ | ३८.६० |
| | **जम्मा** | **५६,४४५,८७४** | **२८,०००,८३९** | **४९.६१** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११४ | शिक्षा मन्त्रालय | ३८,३०९ | ३१,७८७ | ८२.९८ |
| ३५००१२४ | शिक्षा विभाग | १,३५८ | ४८६ | ३५.७९ |
| ३५००१३४ | क्षेत्रीय शिक्षा निर्देशनालयहरु | ४,५७० | ७८९ | १७.२६ |
| ३५००१४४ | जिल्ला शिक्षा कार्यालयहरु | १२,९०३ | ३,००९ | २३.३२ |
| ३५००१५४ | परीक्षा नियन्त्रण कार्यालय | ७३७ | ४७३ | ६४.१८ |
| ३५००१८४ | पाठ्यक्रम बिकास केन्द्र | ९२२ | ९१३ | ९९.०२ |
| ३५००२०४ | शिक्षक सेवा आयोग | ९४० | ९३९ | ९९.८९ |
| ३५००२१४ | अनौपचारिक शिक्षा केन्द्र | ८१६ | ६७९ | ८३.२१ |
| ३५००२२४ | विद्यालय शिक्षक किताबखाना | १,५४० | १४५ | ९.४२ |
| ३५००२४४ | शैक्षिक जनशक्ति विकास केन्द | १,४४६ | १,१५३ | ७९.७४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००२५४ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २१,७५९ | १,६८९ | ७.७६ |
| ३५०११३४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १,४९९ | ६३८ | ४२.५६ |
| ३५०१३५४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना | ५,५८० | १२० | २.१५ |
| ३५०१३६४ | सीप विकास परियोजना | ६०० | १८५ | ३०.८३ |
| ३५०१४०४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ३८,०१० | २०,२७५ | ५३.३४ |
| ३५०८०६४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- जिल्ला स्तर | २२३,५२७ | ७६,६५३ | ३४.२९ |
| | **जम्मा** | **३५४,५१६** | **१३९,९३३** | **३९.४७** |

♦ ♦ ♦

# विज्ञान तथा प्रविधि मन्त्रालय

## १. पृष्ठभूमिः

नेपाल सरकारले वि सं २०५३ साल जेठ २ गते पहिलोपटक विज्ञान र प्रविधिको क्षेत्रलाई नेतृत्व प्रदान गर्ने उद्देश्यका साथै विज्ञान तथा प्रविधिको उचित विकासका लागि अनुकूल वातावरण सृजना गरी नेपालको विकास कार्यमा विज्ञान तथा प्रविधिसम्बन्धी कार्य गर्ने सबै निकायहरूबीच समन्वय ल्याउन र तत्सम्बन्धी क्रियाकलाप प्रभावकारी रूपमा अगाडि बढाउन छुट्टै मन्त्रालयको रूपमा विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना गरेको हो । विभिन्न समयमा विभिन्न मन्त्रालयहरूसँग जोडिने र छुट्टिने क्रमसँगै पछिल्लो पटक मिति २०७२ पौष ९ देखि छुट्टै मन्त्रालयको रूपमा स्थापना भई मुलुकमा विज्ञान तथा प्रविधिको विकास र प्रवर्द्धनका क्षेत्रमा यस मन्त्रालयले कार्य गर्दै आइरहेको छ ।

## २. दीर्घकालीन सोंचः

दिगो र फराकिलो आर्थिक वृद्धि मार्फत रोजगारी सिर्जना र गरिबी निवारणका लागि विज्ञान र प्रविधिलाई आधारस्तम्भको रूपमा स्थापित गर्ने ।

## ३. ध्येय :

वैज्ञानिक अनुसन्धानको प्रवर्द्धन, वैज्ञानिक सस्थाहरूको क्षमता विकास र जोखिमहरूको न्यूनीकरण गर्दै विज्ञान प्रविधिको दिगो विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत व्यवस्था गर्ने ।

## ४. रणनीतिहरू :

- दिगो र फराकिलो आर्थिक वृद्धिमा विज्ञान र प्रविधिको उपयुक्त नीति, योजना र कार्यक्रमको तर्जुमा गर्ने ।
- वैज्ञानिक आविष्कार, अनुसन्धान र विकासलाई प्रभावकारी बनाई वैज्ञानिक जनशक्तिलाई देश भित्रै परिचालन गर्ने ।
- वैज्ञानिक तथा प्राविधिकहरूको क्षमता विकास गर्ने ।

### ४.१ समष्टिगत लक्ष्य :

विज्ञान र प्रविधिको विकास मार्फत देशलाई विकासशील राष्ट्रमा रूपान्तरण गर्ने ।

### ४.२ कार्यनीतिक लक्ष्यहरू :

- विज्ञान र प्रविधिको विकास मार्फत गरिबी निवारणमा टेवा पुऱ्याउने ।
- वैज्ञानिक र प्राविधिकहरूको क्षमता विकासका लागि लगानी बढाउने ।
- विभिन्न सरकारी कार्यालयबाट प्रदान गर्ने विद्युतीय सेवा एउटै वेब पोर्टलबाट प्रदान गर्ने ।

### ४.३ रणनीतिक उद्देश्य :

विज्ञान र प्रविधिको विकास, विस्तार र यसमा संलग्न संस्थाहरूको क्षमता विकास गर्ने ।

## ५. कार्य क्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- विज्ञान र सूचना प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- विज्ञान र प्रविधिसम्बन्धी अध्ययन तथा अनुसन्धान र सर्वेक्षण, तालिम र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन आदि;
- विज्ञान र प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क र समन्वय;
- सरकारी तथा गैरसरकारी सङ्घ संस्थाद्धारा कार्यन्वयन गरिएका विज्ञान र प्रविधिसम्बन्धी कार्यक्रमको मूल्याङ्कन तथा समिक्षा;
- विज्ञान र प्रविधिसम्बन्धी जनशक्तिको विकास र उपयोग;
- विज्ञान र प्रविधिको विकास र विस्तारका कार्यक्रम;
- विज्ञान र प्रविधिको क्षेत्रमा भएका प्रगतिको अन्वेषण तथा अनुसन्धान;
- विज्ञान र प्रविधि सम्वद्ध विश्वविद्यालयसगँ सम्पर्क तथा समन्वय;
- विज्ञान र प्रविधिसगँ सम्बन्धित सामाग्रीको उत्पादन, आपूर्ति तथा व्यवस्थापन;
- अत्याधुनिक प्रविधि विषयक तथ्यांङ्क संङ्कलन, प्रशोधन र सर्वेक्षण;
- विज्ञान र प्रविधि विषयक द्धिपक्षीय र बहुपक्षीय सम्झौता तथा समझदारी पत्र;
- सूचना तथा प्रविधिको विकास र विस्तार;
- पारमाणविक (Nuclear) प्रविधिको उपयोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन ;
- रासायनिक पदार्थको उपययोग तथा प्रवर्द्धन र त्यसको अनुगमन, नियन्त्रण र नियमन;
- अन्तरिक्ष विज्ञानसम्बन्धी अध्ययन तथा अनुसन्धान;
- सूचना प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था;
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान;
- विज्ञान तथा प्रविधि परिषद;
- राष्ट्रिय विधि विज्ञान प्रयोगशाला;
- प्लानेटोरियम, वेधशाला र विज्ञान सङ्ग्रहालय।

## ६. आर्थिक वर्षको २०७४/७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्त सम्मको प्रगति |
|---|---|---|
| १६४ | विज्ञान तथा प्रविधिको अधिकतम उपयोग गरी पूर्वाधार विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन विज्ञान तथा प्रविधिलाई मुलुकको समग्र अभिलेख व्यवस्थापन र सबै सरकारी सेवा वितरणका लागि मुख्य औजारको रुपमा प्रयोग गर्न आवश्यक अनुसन्धान तथा विकास | राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) बाट सरकारी निकायहरुको डाटा भण्डारणको कार्य भइ रहेको, अनुसन्धानमूलक संस्था NAST बाट Research को कार्य एवं क्षमता विकासको लागि जापान (BIRD-3- |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्त सम्मको प्रगति |
|---|---|---|
| | निकायहरुको क्षमता अभिवृद्धि गरिनेछ । | परियोजना) लगायत अन्य निकायसँग सहकार्यमा कार्य अगाडि बढाएको, संघीयता संगै मातहतका निकायहरुको पुनसंरचनाको सोच अगाडि बढाएको, ३६३ जनालाई IT तालिम प्रदान गरिएको ।<br>कम्प्यूटर प्रविधिका आधारभूत विषयवस्तुहरु: Basic Computer Course, MS-Word, MS-Excel, MS-Power point को सिकाई श्रव्य-दृष्य सामाग्री (Learning Audio-Visual Material) को विकास गर्नुका साथै Telemedicine, E-Village, Cyber Crime, Cyber Security Awareness जस्ता उपयोगी डिजिटल कन्टेन्ट (Documentary) हरु सूचना प्रविधि विभागबाट तयार गरिएको। |
| १६५ | विज्ञान र प्रविधिको अन्वेषण गर्ने युवा वैज्ञानिकहरुलाई प्रोत्साहन गरिनेछ । विदेशमा रहेका नेपाली वैज्ञानिकहरुलाई नेपालमा फर्केर योगदान गर्नसक्ने बाताबरण सिर्जना गरिनेछ । | NAST मार्फत "**फर्क है वैज्ञानिक फर्क**" को कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईएको, युवा अनुसन्धानकर्ताहरुलाई आकर्षित गर्न NAST, मन्त्रालयबाट अनुसन्धान वृत्ति उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइएको । |
| १६६ | विज्ञान तथा प्रविधिको विशिष्टिकृत अध्ययन अनुसन्धान गर्नका लागि त्रिभुवन विश्वविद्यालयमा एउटा विज्ञान शहर स्थापना गरिनेछ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेका अनुसन्धान केन्द्रहरुको पुनर्गठन गरी समसामयिक विषयमा अनुसन्धान गर्न उत्प्रेरित गरिनेछ। | विज्ञान तथा प्रविधिको विशिष्टीकृत अध्ययन अनुसन्धान गर्नको लागि विज्ञान र प्रविधि क्षेत्रको दिगो विकास तथा विस्तारका लागि १० वर्षे दीर्घकालीन रणनीति तयार गर्न ७ वटै प्रदेशमा सरोकारवाला निकाय र व्यक्तिहरुसँग परामर्श गोष्ठी सम्पन्न गरिएको र विभिन्न विश्वविद्यालयसँगको सहकार्यमा Exihibition on Scientific Innovation कार्यक्रम सम्पन्न भएको । |

## ७. आर्थिक वर्ष २०७४/७५ फागुनसम्ममा सम्पादन भएका महत्वपूर्ण कार्यहरू:

- काठमाडौं उपत्यका भित्र र वाहिरका १९ जिल्लाहरुको रेडियोधर्मी पदार्थको उपयोग गर्ने संस्थाहरुको Inventory तयार भएको छ र अन्य जिल्लाहरुको चरणवद्ध रुपमा गर्दै लगिनेछ ।
- विभिन्न सामुदायिक तथा निजी विद्यालयमा अध्ययनरत ८ देखि १४ वर्ष सम्मका बालबालिकाहरुलाई विज्ञान प्रविधि र आविष्कारको क्षेत्रमा आकर्षित गर्न Science, Technology, Engineering, Arts and Mathematics (STEAM) Challenge कार्यक्रम सम्पन्न गरिएको छ।
- कक्षा ४ देखि ७ सम्मको विज्ञान विषयको र कक्षा ४ देखि ९ सम्मको गणित विषयको Digital Content तयार भइसकेको छ। सरकारका ३६ वटा निकायका System हरु Government Cloud मा Host गरिएको छ ।

- विद्युतीय हस्ताक्षर तथा साइबर सुरक्षासम्बन्धी दुईवटा (10+2) स्कूलमा दुईवटा जिल्लामा जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ ।
- जैविक विविधता, मोलिकुलर बायोटेक्नोलोजी, यार्सागुम्वा, सौर्य उर्जा प्रविधि, वस्तु विज्ञान तथा नानोटेक्नोलोजी, प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण, परम्परागत प्रविधि विकास, प्लास्टिक इन्धन परियोजना, भूकम्प पूर्व चेतावनी प्रणाली लगायत अध्ययन अनुसन्धानका कार्यक्रमहरु नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबाट कार्यान्वयन भइरहेको ।
- राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सेवालाई थप गुणस्तरीय र विश्वसनीय बनाउन ISO 9001 प्राप्त गर्न कार्यविधि स्वीकृत गरी प्रकृया अगाडि बढाइएको छ ।

## १०. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३२०१२३ | विज्ञान तथा प्रविधि मन्त्रालय | ३४८११ | २५९०८ | ७४.४२ |
| ३३२०१३३ | सूचना प्रविधि विभाग (सूचना प्रविधि पार्क समेत) | ३७६४९ | ३३८६१ | ८९.९४ |
| ३३२०१४३ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | २६५६७ | २६१३८ | ९८.३९ |
| ३३२१०६३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १४६६१ | १२१६९ | ८३.०० |
| ३३२१०७३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ६९५६१ | ६६०६६ | ९४.९८ |
| ३३२१०८३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १८१३९५ | १४५४४५ | ८०.१८ |
| ३३२१०९३ | वी.पी.कोईराला प्लानेटोरीयम | १४००२ | १२९२० | ९२.२७ |
| | **जम्मा** | **३७८६४६** | **३२२५०७** | **८५.१७** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३२०१२४ | विज्ञान तथा प्रविधि मन्त्रालय | ५६१०५ | ३९३३३ | ७०.११ |
| ३३२०१३४ | सूचना प्रविधि विभाग (सूचना प्रविधि पार्क समेत) | ५८८०० | ४९३७० | ८३.९६ |
| ३३२०१४४ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | २४००० | २३९९९ | ९९.९९ |
| ३३२१०६४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ३०००० | ९४९० | ३१.६३ |
| ३३२१०७४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ४६१९६१ | ४४३३४६ | ९५.९७ |
| ३३२१०८४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ४५१५० | ३७५५८ | ८३.१९ |
| ३३२१०९४ | वी.पी.कोईराला प्लानेटोरीयम | २८००० | ५३८९ | १९.२४ |
| | **जम्मा** | **७०४०१६** | **६०८४८५** | **८६.४३** |

## ११. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३२०१२३ | विज्ञान तथा प्रविधि मन्त्रालय | ४८,५६७ | २२,७३० | ४६.८० |
| ३३२०१३३ | सूचना प्रविधि विभाग | ४५,९१५ | २१,१५४ | ४६.०७ |
| ३३२०१४३ | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | २७,९६३ | १८,५८४ | ६६.४६ |
| ३३२१०६३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १३,१७० | ८,७४० | ६६.३६ |
| ३३२१०७३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | १०७,९९३ | ४५,७८८ | ४२.४० |
| ३३२१०८३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १९१,२४८ | ९४,७८५ | ४९.५६ |
| ३३२१०९३ | वि.पि. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति | १५,०१७ | ७,७८८ | ५१.८६ |
| | **जम्मा** | **४४९,८७३** | **२१९,५६९** | **४८.८१** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३२०१२४ | विज्ञान तथा प्रविधि मन्त्रालय | १५,९२६ | ९,१९२ | ५७.७२ |
| ३३२०१३४ | सूचना प्रविधि विभाग | ७२,५७४ | १०,८८७ | १५.०० |
| ३३२०१४४ | राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | २१,८६९ | १८,०९५ | ८२.७४ |
| ३३२१०६४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ११,५१० | ७७६ | ६.७४ |
| ३३२१०७४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५५२,३१४ | १८,११२ | ३.२८ |
| ३३२१०८४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ७३,५८५ | ५०,५६९ | ६८.७२ |
| ३३२१०९४ | वि.पि. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समिति | २८,६०० | ४९४ | १.७३ |
| | **जम्मा** | **७७६,३७८** | **१०८,१२५** | **१३.९३** |

◆ ◆ ◆

# श्रम तथा रोजगार मन्त्रालय

## १. पृष्ठभूमिः

आन्तरिक श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि उपयुक्त र आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सुरक्षा र स्वास्थ्यको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम यस मन्त्रालयबाट हुँदै आएका छन् । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु यस मन्त्रालयको दायित्वको रूपमा रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि श्रमका मुद्धा हेर्न उद्योग मन्त्रालय अन्तर्गत वि.सं.२०२८ मा श्रम विभाग स्थापना भएको थियो । श्रम विभाग स्थापनाको दशकपछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भइ यसै अन्तर्गत श्रम विभाग रहन गयो । वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अन्यत्रै लगी श्रम मन्त्रालय गठन भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । त्यस्तै, मिति २०६९/०२/०५ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगी श्रम तथा रोजगार मन्त्रालय रहेकामा २०७४ फागुन ११ मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नामाकरण भएको हो ।

## २. दीर्घकालीन सोचः

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष सीपयुक्त र उत्पादनमूलक मानव संसाधनको विकास गरी स्वरोजगारका अवसरहरू सृजना गर्ने । सुरक्षित, मर्यादित र स्वस्थ काम गर्ने वातावरण सृजना एवं आर्थिक लाभ हासिल गरी गरिवी निवारणमा सहयोग पुऱ्याउन असल श्रम सम्बन्ध कायम गर्ने तथा सबै प्रकारका बालश्रम निवारण गरी बाल अधिकारको सुनिश्चितता गर्ने दीर्घकालीन सोंच रहेको छ ।

## ३. उद्देश्यः

- स्वदेशमा मर्यादित रोजगारका अवसरहरू सृजना गरी वेरोजगारी तथा अर्ध वेरोजगारी न्यूनीकरण गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको रोजगारीको हकलाई सुनिश्चित गर्ने ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउदै लैजाने ।

## ४. रणनीतिः

- राष्ट्रिय रोजगार नीतिको तर्जुमा, श्रमको हक एवं रोजगारीको हकसम्बन्धी कानून निर्माण गर्ने।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने ।
- श्रमिकको हक अधिकारको संरक्षण तथा लगानी मैत्री वातावरणको सृजना गरी असल श्रम सम्बन्ध स्थापना गर्ने ।
- सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवं विस्तार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी श्रमशक्तिको उत्पादन गर्ने ।

- सबै स्थानबाट सबै किसिमको बालश्रम उन्मूलन गर्ने ।
- सामाजिक सुरक्षा कोषको प्रभावकारी परिचालन गर्ने ।
- महिलाको रोजगारीलाई सुरक्षित, भरपर्दो र व्यवस्थित गरी वैदेशिक रोजगारीमा जाँदा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्ने ।

## ५. कार्यनीतिः

- निश्चित क्षेत्रमा न्यूनतम समयसम्मको रोजगारी सुनिश्चित गर्न रोजगारी प्रत्याभूति कानुन लागू गरिनेछ ।
- कृषिलाई व्यावसायिकीकरण गर्न लैंगिक मैत्री प्रविधिलाई प्रोत्साहन गरिनेछ । कृषि तथा गैरकृषि क्षेत्रको लगानीमा रोजगारमूलक प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
- रोजगारसम्बन्धी माग र आपूर्तिबीच सन्तुलन ल्याउन आवश्यक कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।
- प्रभावकारी रोजगार विनिमय प्रणालीको विकास गरी सीप र योग्यताअनुसारको रोजगारीमा पहुँच अभिवृद्धि गरिनेछ ।
- वैदेशिक रोजगारीको सहजीकरण गर्न संस्थागत संरचनालाई सुदृढ एवं विस्तार गरिनेछ ।
- वैदेशिक गन्तव्य मुलुकहरूमा श्रम सहचारीको व्यवस्था र गैरआवासीय नेपालीहरूको संस्थालाई समेत परिचालन गरी श्रमबजारको विस्तार, प्रवर्द्धन गरिने र कामदारहरूको हकहित संरक्षण गरिनेछ ।
- गन्तव्य मुलुकहरूमा कामदारहरूको सुरक्षा र सहयोग प्रणाली विकासका लागि SAARC क्षेत्रका र अन्य मुलुकहरूसँग सहकार्यको खोजी गरिनेछ ।
- वैदेशिक रोजगार सुरक्षित र व्यवस्थित बनाउन थप मुलुकहरूसँग द्विपक्षिय श्रम सम्झौता गरिनेछ । यस्तो द्विपक्षीय श्रम सम्झौताको स्ट्याण्डर फर्मेट तयार गरिने छ ।
- औपचारिक संयन्त्रमार्फत विप्रेषणको आयलाई भित्र्याउने कार्यलाई उत्साहित गर्ने र उत्पादनमूलक क्षेत्रमा लगानी गरी रोजगारीमा वृद्धि गरिनेछ ।
- महिला, विपन्न, दलित, आदिवासी जनजाति, दुर्गम तथा उपेक्षित वर्ग तथा क्षेत्रसमेतको पहुँच हुने गरी रोजगारोन्मुख तालिम प्रदान गरी वैदेशिक रोजगारलाई समावेशी र विपन्नमुखी बनाइनेछ ।
- स्वदेश वा विदेशमा रोजगारी गर्न चाहनेलाई ऋणको व्यवस्था गर्न वित्तीय संस्थाहरूसँग सहकार्य गरिनेछ ।
- वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख प्रणालीमा सुधार गरिनेछ ।
- श्रम तथा रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई विदेश जानुपूर्व आवश्यक जानकारी तथा विदेशमा उसको व्यवहार, सुरक्षा र स्वास्थ्यसम्बन्धी प्रारम्भिक तालिमको व्यवस्था गरिनेछ ।
- देशमा रहेका औद्योगिक प्रतिष्ठानहरूमा विभिन्न किसिमका श्रम तथा व्यवसायजन्य सुरक्षासम्बन्धी मापदण्ड लागू गरिनेछ ।

- सरकार, रोजगारदाता, मजदुरबीचको त्रिपक्षीय संयन्त्रलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत सुदृढीकरण गरिनेछ ।
- घरायसी श्रमिकहरूको अधिकारको संरक्षण गरिनेछ ।
- सीप परीक्षण प्रमाणपत्र प्राप्त गरेका कामदारहरूलाई मात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाइनेछ ।
- व्यावसायिक तथा सीप विकाससम्बन्धी तालिम प्रदायक संस्थाहरूलाई एउटै छातामुनि ल्याई गुणस्तरयुक्त तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरू सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ ।
- बालश्रमसम्बन्धी नीति, कानुन र कार्यक्रममा सुधार गरिनेछ ।
- योगदानमा आधारित सामाजिक सुरक्षा कोष योजना प्रभावकारी सञ्चालन गरी सामाजिक सुरक्षा प्रवर्द्धन गरिनेछ ।
- जोखिममा परी फर्केका महिला कामदारहरूलाई उनीहरूको योगदानको आधारमा विषेश सामाजिक सुरक्षाको प्रत्याभुति गरिनेछ ।
- रोजगारीमा महिलाको सुरक्षा सुनिश्चित हुने प्रणालीको व्यवस्था गरिनेछ ।
- श्रम तथा रोजगारको क्षेत्रमा विद्यमान समस्यालाई निराकरण गरी असल श्रम सम्बन्ध कायम गर्न अध्ययन अनुसन्धान कार्य सञ्चालन गरिनेछ ।

## ६. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- श्रमिक तथा कामदाको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन;
- औद्योगिक विवाद समाधान;
- रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान;
- श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम सम्वन्धसम्बन्धी आयोग;
- रोजगारोन्मुख सीपमूलक एवं व्यावसायिक तालिका नीति;
- ट्रेड युनियनसम्वन्धी नीति र कानून;
- बालश्रम निवारणसम्वन्धी नीत र कानून;
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानून र मापदण्ड;
- विदेशीहरुका लागि श्रम स्वीकृति;
- वेरोजगारसम्वन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान;
- मन्त्रालयसम्वन्धी राष्ट्रिय संघ संस्थासँग सन्धी, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

- मन्त्रालयसम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ७. आर्थिक वर्ष २०७४/७५ को बजेट व्यक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १३७ | आगामी आर्थिक वर्षमा श्रम तथा रोजगार क्षेत्रमा रहेका सबै कार्यक्रमहरुको निरन्तरता दिएको छु । | श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, द्विपक्षीय श्रम सम्झौता (MoU) सम्पन्न । |
| १३८ | मुलुक भित्र रोजगारीको अवसर वृद्धिगरी उपलब्ध श्रमशक्तिलाई देशभित्रै उपयोग गर्ने र वैदेशिक रोजगारीमा श्रमको उच्चतम मूल्य प्राप्त गर्न दक्ष र अर्धदक्ष जनशक्ति विकास गरिनेछ । | व्यावसायिक तथा सीप विकास तालिम केन्द्रबाट पलम्बर, इलेक्ट्रिसियन टिसियन, वायरिङ्ग सम्बन्धी तालिमहरु प्रदान गरिएको । |
| १३९ | विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन वैदशिक रोजगारीमा जानु अघि अनिवार्य रुपमा वैंकमा खाता खोली विप्रेषण पठाउनु पर्ने व्यवस्था मिलाउने । विप्रेषणलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने साथै रेमिट हाइड्रोको व्यवस्था । | नेपाल सरकारबाट इजाजत प्राप्त 'क' वर्गका ६ वटा वैंकहरुसँग सम्झौता भई व्यवस्थित श्रम स्वीकृतिको लागि रकम भुक्तान गर्ने व्यवस्था मिलाएको । विप्रेषणलाई वैंकिङ्ग च्यानल मार्फत प्राप्त हुने व्यवस्था मिलाइएको । |
| १४० | श्रम बजारको आवश्यकता अनुकुल सीप विकास तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । सीपमूलक तालीम प्रदायक संस्थाहरुको कार्यक्रमलाई वित्तीय संस्थाहरुको कार्यक्रमसँग आवद्ध गरी सीप हासिल गरेका व्यक्तिहरुलाई स्वरोजगार तथा आयआर्जनका कार्य गर्न स्रोत उपलब्ध गराइनेछ । रोजगार सूचना प्रणालीको माध्यमबाट रोजगारीमा पहुँच सदृढ गरिनेछ। स्वरोजगारमा लाग्न चाहने उद्यमशील जनशक्तिलाई सीपमूलक तालिम र सहुलियत दरमा पुँजी उपलब्ध गराइनेछ । निकृष्ट प्रकारको बाल श्रम निवारणसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु ।बालश्रम निवारणको १० वर्षे गुरुयोजना आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइनेछ । | आधारभूत तालिम, आवासीय महिला तालिम, अपग्रेडिङ्ग तालिम, वैदेशिक एवं युवा स्वरोजगारसम्बन्धी तालिम कार्यक्रम सञ्चलन गरी कुल १३ हजार ५९ जनालाई सीपमूलक तालिम दिइएको । रोजगार सूचना केन्द्र मार्फत ७ हजार ३ सय २१ जना वेरोजगारको विवरण संकलन कार्य भइरहेको । वैदेशकि रोजगारबाट फर्कि स्वदेशमै उद्यमशीलताको क्षेत्रमा संलग्नहरुलाई पुरस्कृत गर्ने कार्य गर्दै आएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

१. अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित भएका नेपालले अनुमोदन गर्न बाँकी अभिसन्धि तथा सुझावहरुको अध्ययन कार्य Occupational Safety and Health. ILO convention no. c११५

सम्बन्धमा Stakeholder सँग Consultation गरिएको ।

२. न्यूनतम पारिश्रमिकको कार्यान्वयनसम्बन्धी अनुगमन गरिएको ।

३. बालश्रम निवारण समिति, श्रम स्वीकृति मापदण्ड, बालबालिकाको उद्धार,पुनःस्थापना र पुनःर्मिलनसम्बन्धी कार्यविधि, बाल श्रम अनुसन्धान तथा कारवाही प्रकृयासम्बन्धी कार्य सम्पन्न भइसकेको ।

४. वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८१ को उपदफा (१) बमोजिम नेपाल सरकारमा निहित भएको अधिकारहरु श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई प्रत्यायोजन भइ कोलम्बो प्रोसेस (Colombo Process) को अध्यक्षता गरेको ।

५. नेपाल ILO Governing Body को Deputy Member को रुपमा निर्वाचित भएको ।

६. ILO र नेपाल सरकारको सहकार्यको ५० औं वर्षगाँठको अवसरमा नेपाल सरकार, रोजगारदाता र ट्रेड युनियन बीच मर्यादित काम, समावेशी वृद्धि र समानतासम्बन्धी संयुक्त घोषणापत्र जारी ।

७. बालश्रम निवारणको लागि गुरुयोजनाको तर्जुमा र कार्यान्वयन, निकृष्ट प्रकृतिका बालश्रमको अन्त्यका लागि कार्यक्रमहरु सञ्चालन र दिवा सेवा शिशु स्याहार केन्द्र-४ स्थानमा (महांकाल, वौद्ध, गुहेश्वरी र किर्तिपुर)मा सञ्चालन गरिएको ।

८. कार्यस्थलमा हुने प्रकाशको स्तर (मापदण्ड), २०७३ र ध्वनीको स्तर (मापदण्ड), २०७३ स्वीकृत भएको ।

९. UFEMIS सफ्टवेयरबाट व्यक्तिगत श्रम स्वीकृति दिने कार्य Online मार्फत गरिएको ।

१०. सुरक्षित गृह सञ्चालनसम्बन्धी निर्देशिका, २०७३ को मस्यौदा तयार गरी रायको लागि परराष्ट्र मन्त्रालयमा पठाइएको ।

११. १ सय ६६ जनाको श्रम विवाद समाधान भएको । १ सय ४६ वटा प्रतिष्ठान स्तरको ट्रेड यूनियन नवीकरण भएको ।

१२. इजरायलमा घरेलु कामदार पठाउन MoU भएको ।

१३. आधारभूत तालिम, आवासीय महिला तालिम, अपग्रेडिङ्ग तालिम, वैदेशिक एवं युवा स्वरोजगारसम्बन्धी (विशेष सीप विकास) तालिम कार्यक्रम सञ्चालन गरी कुल १३ हजार ५९ जनालाई सीपमूलक तालिम दिईएको ।

१४. आवासिय महिला सीप विकास तालिम कार्यक्रम अन्तर्गत १ सय १९ जना महिलालाई तालिम दिइएको ।

१५. यस आर्थिक वर्षमा हालसम्म श्रम स्वीकृति दिएको तथा अभिमूखीकरण तालिमको विवरण

| *संस्थागत श्रम स्वीकृति (नवीकरण समेत)* | *व्यक्तिगत श्रम स्वीकृति (नयाँ)* | *व्यक्तिगत श्रम स्वीकृति (अभिलेखीकरण)* | *अभिमुखीकरण तालिम* | *कैफियत* |
|---|---|---|---|---|
| ५,७७,५५१ | ५,५०३ | १४,८२४ | ४,०४,९५३ | |

१६. वैदेशिक रोजगार विभागबाट फागुन मसान्तसम्म भएको उजुरी सुनुवाइ तथा फछ्र्यौटको विवरण

| *उजुरी तथा अनुसन्धान संख्या* | *मुद्दा दायर संख्या* | *माग दावी रकम रू.* | *विगो भराएको रकम रू.* | *कैफियत* |
|---|---|---|---|---|
| १,३८३ | १५७ | ६७,८८,०७,८०३/- | १५,३७,९२,६१६/- | |

## ९. आर्थिक वर्ष २०७३।७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११३ | श्रम तथा रोजगार मन्त्रालय | ५२०८९ | ४७८१२ | ९१.७९ |
| ३७१०१२३ | श्रम विभाग | २६८५८ | १९३८२ | ७२.१६ |
| ३७१०१३३ | श्रम कार्यालयहरु | ४३३९१ | ३३२५१ | ७६.६३ |
| ३७१०१६३ | रोजगार सूचना केन्द्रहरु | १९३९४ | १८४१६ | ९४.९६ |
| ३७१०१७३ | वैदेशिक रोजगार विभाग | ११३४२० | ११२२६९ | ९८.९९ |
| ३७१०१८३ | वैदेशिक रोजगार न्यायाधिकरण | ११९१९ | ११७२९ | ९८.४१ |
| ३७१०१९३ | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | १००६१ | ९५२३ | ९४.६५ |
| ३७११०१३ | बालश्रम निवारण तथा बालश्रम सुधार आयोजना | ६५३४ | ४८५४ | ७४.२९ |
| ३७११०३३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना | १२१९४ | १०४५१ | ८५.७१ |
| ३७११०४३ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | २५७५०१ | २३६६५१ | ९१.९० |
| ३७११०५३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३१०७९५ | २९७५२६ | ९५.७३ |
| ३७११०७३ | सामाजिक सुरक्षा कोष | २३८६१ | १७६३४ | ७३.९० |
| | **जम्मा** | **८८८०१७** | **८१९४९८** | **९२.२८** |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११४ | श्रम तथा रोजगार मन्त्रालय | २८५४० | २७०४२ | ९४.७५ |
| ३७१०१२४ | श्रम विभाग | ६२१ | ५७७ | ९२.९१ |
| ३७१०१३४ | श्रम कार्यालयहरु | ८४७१० | ४५९३८ | ५४.२३ |
| ३७१०१६४ | रोजगार सूचना केन्द्रहरु | ४४८ | ४४७ | ९९.७८ |
| ३७१०१७४ | वैदेशिक रोजगार विभाग | ४८२०८ | ३३३८१ | ६९.२४ |
| ३७१०१८४ | वैदेशिक रोजगार न्यायाधिकरण | ४०० | ३९९ | ९९.७५ |
| ३७११०३४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना | ११३० | ११२० | ९९.१२ |
| ३७११०४४ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | २३५८९ | २१०२० | ८९.११ |
| ३७११०५४ | रोजगार प्रवर्द्धन कार्यक्रम | १३८१० | ४६३८ | ३३.५८ |
| ३७११०७४ | सामाजिक सुरक्षा कोष | ४७९० | ३४६ | ७.२२ |
| | **जम्मा** | **२०६२४६** | **१३४९०८** | **६५.४१** |

## १०. आर्थिक वर्ष २०७४/७५ मा विनियोजति बजेट तथा २०७४ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११३ | श्रम तथा रोजगार मन्त्रालय | ७२,४२८ | ३५,७४५ | ४९.३५ |
| ३७१०१२३ | श्रम विभाग | २९,३३६ | १४,५५१ | ४९.६० |
| ३७१०१३३ | श्रम कार्यालयहरु | ४६,५१४ | २५,६१८ | ५५.०८ |
| ३७१०१६३ | रोजगार सूचना केन्द्रहरु | १९,३८७ | १२,४१५ | ६४.०४ |
| ३७१०१७३ | वैदेशिक रोजगार विभाग | १२२,७९४ | ७७,९४४ | ६३.४८ |
| ३७१०१८३ | वैदेशिक रोजगार न्यायाधिकरण | ११,८८४ | ८,१४० | ६८.५० |
| ३७१०१९३ | वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड | ११,५७० | ७,३८४ | ६३.८२ |
| ३७११०१३ | बालश्रम निवारण तथा बालश्रम सुधार आयोजना | ७,३८८ | ३,९९८ | ५४.११ |
| ३७११०३३ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना | १३,११२ | ६,२२१ | ४७.४५ |
| ३७११०४३ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | ३१७,८१५ | १५५,५३३ | ४८.९४ |
| ३७११०५३ | रोजगार प्रवर्द्धन कार्यक्रम | २७३,१०२ | २७,५५८ | १०.०९ |
| ३७११०७३ | सामाजिक सुरक्षा कोष | २५,६५५ | १३,३१० | ५१.८८ |
| | **जम्मा** | **९५०,९८५** | **३८८,४१७** | **४०.८४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११४ | श्रम तथा रोजगार मन्त्रालय | १६,३३१ | ६,६०७ | ४०.४६ |
| ३७१०१२४ | श्रम विभाग | ७२६ | ४४५ | ६१.२९ |
| ३७१०१३४ | श्रम कार्यालयहरु | ९४,१३२ | ६२,७१८ | ६६.६३ |
| ३७१०१६४ | रोजगार सूचना केन्द्रहरु | ५२४ | ३७ | ७.०६ |
| ३७१०१७४ | वैदेशिक रोजगार विभाग | ३५,३३६ | १३,७९१ | ३९.०३ |
| ३७१०१८४ | वैदेशिक रोजगार न्यायाधिकरण | ४,४६३ | ४,३६१ | ९७.७१ |
| ३७११०३४ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी आयोजना | १,२९३ | ८७४ | ६७.५९ |
| ३७११०४४ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | २५,८२४ | ११,१५२ | ४३.१८ |
| ३७११०५४ | रोजगार प्रवर्द्धन कार्यक्रम | १४,३६० | ८४३ | ५.८७ |
| ३७११०७४ | सामाजिक सुरक्षा कोष | ६,०९० | ३६४ | ५.९८ |
| | **जम्मा** | **१९९,०७९** | **१०१,१९२** | **५०.८३** |

◆ ◆ ◆

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. पृष्ठभूमि :

अनुपम प्राकृतिक सौन्दर्य, सामाजिक-सांस्कृतिक विविधता र भौगोलिक विषमताले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तब्य स्थलको रुपमा परिचित छ । पर्यटन क्षेत्रलाई अझ सक्षम र सुदृढ बनाउन आन्तरिक र बाह्य यातायातको माध्यम बनेको हवाई यातायातलाई सुरक्षित, स्तरीय र भरपर्दो बनाउन आवश्यक छ । यस प्रकारले संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रको उपर्युक्त संयोजन गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको गठन गरिएको हो । सन् १९५० पछि नेपालमा विदेशी पर्यटकहरु आउन थाले पश्चात पर्यटन क्षेत्रका कार्यक्रमहरूलाई व्यवस्थित ढङ्गले अगाडि बढाउन वि.सं.२०१६ सालमा पर्यटन बोर्डको स्थापना गरिएको थियो । वि.सं.२०१८ सालमा निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत पर्यटन विभागको गठन गरिएको थियो । पर्यटन क्षेत्रको योजनावद्ध विकास तथा प्रवर्द्धन गर्न छुट्टै केन्द्रीय निकायको आवश्यकता महशुस गरी वि.सं. २०३४ सालमा पर्यटन मन्त्रालयको स्थापना भएको पाइन्छ । मुलुकले अवलम्वन गरेको खुला बजारमूखी अर्थतन्त्रमा सरकारको भूमिका र कार्यक्षेत्रलाई व्यवस्थित गर्न वि.सं. २०५५ सालमा मन्त्रालय अन्तर्गतका हवाई विभाग र पर्यटन विभागलाई खारेज गरी नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल पर्यटन बोर्डको स्थापना गरियो । वि.सं. २०५७ देखि संस्कृति क्षेत्रतर्फको कार्य समेत यस मन्त्रालयमा समावेश भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नामाकरण गरिएकोमा वि.स. २०६५ भदौमा संस्कृतिक्षेत्र अलग भई छुट्टै मन्त्रालयको रुपमा पुर्नगठन हुन गई पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय कायम भएको थियो । पुनः मिति २०६९।०२।०५ मा संस्कृति क्षेत्र यसै मन्त्रालयमा गाभिन गई पुनः यस मन्त्रालयको नाम "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" कायम भएको छ ।

## २. दीर्घकालीन सोचः

आर्थिक समृद्धिका लागि पर्यटन विकास गर्नु (Tourism for Prosperity) पर्यटन क्षेत्रको दीर्घकालीन दृष्टिकोण रहेको छ।

## ३. ध्येय :

- नेपाललाई विश्व पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तब्यस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा पर्यटन प्रवर्द्धन मार्फत संख्यात्मक तथा गुणात्मक पर्यटक आगमनमा वृद्धि गरी प्राप्त लाभको समन्यायिक वितरण गर्ने ।
- सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गरी सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने ।
- विभिन्न भाषा, साहित्य, संङ्गित तथा नाट्यकला र ललितकला जस्ता क्षेत्रहरुको विकास गर्ने ।

- साहित्य, कला, संगीत, चलचित्र, सूचना प्रविधि एवं ज्ञान-विज्ञानको क्षेत्रका वास्तविक श्रष्ठा एवं तत्सम्बन्धी अधिकारका धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्ने ।
- संस्कृति संरक्षणको माध्यमबाट समाजमा सामाजिक,सांस्कृतिक सद्भाव एवं एकता कायम गर्ने।
- हवाई यातायातको सुदृढीकरणबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा आवागमन र पहुँच बढाई गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- नागरिक उड्डयन उद्योगलाई मुलुकको विकासमा महत्त्वपूर्ण योगदान गर्न सक्ने आर्थिक क्षेत्रको रुपमा विकास गर्ने ।
- पर्यटन क्षेत्रको विविधिकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना मार्फत पर्या—पर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निवारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने।
- देशका मूर्त—अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्वर्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने,
- सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने,
- पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक स्रोत र साधनको उपयोग गर्दा वातावरण संरक्षण गर्दै त्यस्ता श्रोत र साधनको दिगो रुपमा उपयोग गर्ने ।
- देशलाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्ने ।
- पर्यटकीय गन्तव्य स्थल तथा उपजमा विविधिकरण र विकास गर्ने ।
- नेपालका प्रमुख पर्यटकीय उपजहरूको बजारीकरण तथा प्रवर्द्धन गर्ने ।

## ४. रणनीतिहरुः

- पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने ।
- नयाँ पर्यटकीय गन्तब्यस्थलहरुको एकीकृत र समन्वयात्मक रुपमा पूर्वाधार विकास गर्ने ।
- पर्यटकीय स्थल र उपजको विविधिकरण र विस्तार गरी ग्रामीण पर्यटन मार्फत थप रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- वर्ष भरि नै पर्यटकीय क्रियाकलापहरु सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।
- पर्यटन प्रवर्द्धन गर्न छिमेकी तथा नयाँ पर्यटन उदगम मुलुकहरुलाई केन्द्रित गरी ब्यापकरुपमा प्रचार प्रसार र प्रवर्द्धन गर्ने ।
- पर्यटकहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पर्याप्तता र गुणस्तरीयताको सुनिश्चितता गर्दै दिगो पर्यटन विकास गर्ने ।
- साँस्कृतिक तथा पुरातात्विक संम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्ने ।
- भाषा, साहित्य, संगीत तथा नाट्यकला र ललितकला जस्ता क्षेत्रको विकास गर्ने ।

- सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने ।
- साहित्य, कला, संगीत, चलचित्र, सूचना प्रविधि एवं ज्ञान विज्ञानको क्षेत्रका वास्तविक स्रष्टा एवं तत्सम्बन्धी अधिकारका धनीको आर्थिक तथा नैतिक अधिकारको संरक्षण गर्ने ।
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।
- स्थापित तथा नयाँ पर्यटकीय गन्तव्य स्थलहरूको एकीकृत र समन्वयात्मक रूपमा पूर्वाधार विकास गर्ने र पर्यटन क्षेत्रको विकास र विविधिकरण गर्न वैदेशिक लगानी आकर्षित गर्ने ।

## ५. रणनीतिक उद्धेश्यहरुः

- पर्यटक आगमन बढाउने ।
- पर्यटनबाट प्राप्त हुने राजस्व तथा रोजगारी बढाई समग्र आर्थिक वृद्धि, प्रति व्यक्ति आय एवं कुल गार्हस्थ उत्पादन (GDP) मा पर्यटन क्षेत्रको योगदानको हिस्सा बढाउने ।
- नेपालका पर्यटकीय आकर्षणका क्षेत्र, पर्यटकीय क्रियाकलाप र सेवाहरुमा विविधता ल्याउन अभिप्रेरित गर्ने ।
- प्रमुख पर्यटकीय बजार ( जेनेरेटिङ मार्केट्स) मा नेपालको पर्यटन ब्राण्डको बजारीकरण गर्ने ।
- पर्यटकीय सम्पदा तथा पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको गुणस्तर र क्षमता अभिवृद्धि गर्ने।
- पर्यटनका माध्यमबाट गरीबी निवारण गर्न ग्रामीण पर्यटन होमस्टे लगायत स्थानीय पर्यटकीय क्रियाकलापबाट हुने आय आर्जनमा समुदायको सहभागिता बढाउने ।

## ६. कार्यनीतिहरु :

- भूकम्पबाट क्षतिग्रस्त प्रमुख सम्पदाहरुको पुनर्निर्माण कार्यलाई तीब्रता दिदै आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।
- गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, पशुपति क्षेत्र विकास एवं लुम्विनी क्षेत्र विकास जस्ता राष्ट्रिय गौरवका आयोजनाहरुको प्रभावकारी कार्यान्वयन अगाडि बढाइनेछ ।
- पर्यटकीय सेवा सुविधा विकास र विस्तारका लागि निजीक्षेत्रको लगानी आकर्षित गरिनेछ ।
- नेपाल वायु सेवा निगमको ब्यवस्थापनलाई सुधार गरी नयाँ विमानहरु थप र लिजमा लिने व्यवस्था मिलाई राष्ट्रिय ध्वजा वाहकलाई अन्तर्राष्ट्रिय पर्यटन उदगम विन्दुसम्म सिधा हवाई सम्पर्क गर्न सक्षम बनाईनेछ ।
- प्रमुख पर्यटकीय स्थलहरुसम्म पहुँच सहज बनाउन केवुलकार, पर्यटक बस टर्मिनल लगायत एकीकृत पर्यटकीय मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजीक्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, समुदाय र निजीक्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गर्न पर्यटनक्षेत्रबाट प्राप्त आयको ३० प्रतिशत रकम तत् तत् क्षेत्रको पूर्वाधार विकासमा लगानी गर्ने नीति प्रभावकारी रुपमा लागू गरिनेछ ।
- पर्वतारोहणलाई व्यवस्थित र वातावरणमैत्री बनाई पर्वतीय क्षेत्रलाई उत्कृष्ट गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।

- पर्यटन उद्योगलाई दिगो पर्यटन विकास, रोजगारी र आर्थिक वृद्धिको प्रमुख क्षेत्रको रुपमा ग्रामीण तहसम्म विकास र विस्तार गरिनेछ ।
- साहसिक एवं मनोरञ्जनात्मक क्रियाकलाप, परम्परागत प्राकृतिक उपचार तथा स्पा, पर्या- पर्यटन, क्यासिनो, गेमिङ् क्लव, एकीकृत मनोरञ्जन स्थल लगायत पर्यटकीय उपज/क्रियाकलापहरुलाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन र प्रवर्द्धनका लागि आवश्यक कानुनी आधार तयार गरी लागू गरिनेछ ।
- पर्यटकीय रुपमा सम्भाब्य ग्रामीण क्षेत्रमा सामुदायिक होमस्टे सञ्चालन गर्न ग्रामीण समुदायलाई सामुदायिक भवन, पदयात्रामार्ग निर्माण लगायत पूर्वाधार विकासमा टेवा/ सहयोग गरिनेछ ।
- खास खास पर्यटकीय उपजमा केन्द्रित भई पर्यटन क्षेत्रहरुको विविधिकरण गरिनेछ ।
- चीन र भारत केन्द्रित गरी निजीक्षेत्रसँगको सहकार्यमा पर्यटन प्रवर्द्धनको कार्ययोजना तयार गरी अभियानका रुपमा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनहरु तथा आर्थिक रुपमा नव उदियमान राष्ट्रबाट पर्यटक आकर्षित गर्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नेपाललाई आकर्षक गन्तब्यको रुपमा स्थापित गर्न आर्थिक कूटनीति तथा नेपाली डायस्पोरालाई परिचालन गरिनेछ ।
- मनोरञ्जन स्थल तथा होटल लगायत पर्यटकीय पूर्वाधारमा आन्तरिक तथा वैदेशिक लगानी प्रवर्द्धन हुने वातावरण सिर्जना गरिनेछ ।
- प्रति पर्यटक खर्च वृद्धिका लागि पर्यटकको वसाई अवधि लम्ब्याउनका लागि नयाँ गन्तब्यहरुको पहिचान तथा सेवा सुविधामा लगानी लगायत सुरक्षाको प्रत्याभूति दिने वातावरण निर्माण गरिनेछ ।
- पर्यटन ब्यवसायले प्रदान गर्ने सेवा सुविधामा गुणस्तरियता सुनिश्चित गर्न पर्यटन उद्योगको अनुगमनलाई प्रभावकारी बनाईनेछ ।
- मुलुकभर स्थापना भएका होटल ट्राभल, ट्रेकिङ्ग र होमस्टे लगायत पर्यटन उद्योगहरुको क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ ।
- दुर्गम क्षेत्रमा उडान गर्ने वायुसेवाहरुले त्यस क्षेत्रमा गरेको उडान संख्याको आधारमा विशेष सुविधा तथा सहुलियत उपलब्ध गराइनेछ ।
- हवाई सेवालाई भरपर्दो, सुरक्षित, सर्वसुलभ, नियमित, आरामदायी तथा छिटोछरितो यातायातको माध्यमको रुपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहुँच स्थापित गर्ने ।
- सरकारी, निजी, स्थानीय निकाय र समुदायको सहकार्यमा उड्डयन क्षेत्रको विकासको निम्ति आवश्यक पूर्वाधारहरुको विकास र विस्तार गर्ने
- प्रभावकारी अनुगमन, नियमन र अत्याधुनिक प्रविधिको उपयोग मार्फत नागरिक उड्डयन क्षेत्रको सुरक्षा सुनिश्चित गर्ने ।

## ७. समष्टिगत लक्ष्यहरु :

राष्ट्रिय सम्पदाहरुलाई पर्यटकीय क्रियाकलापमा उपयोग गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउनु पर्यटन क्षेत्रको मुख्य लक्ष्य हुनेछ ।

| समष्टिगत लक्ष्यहरु | एकाई | आधार वर्ष (आ.व. २०७३।७४) | आ.व. २०७४।७५ सम्को उपलब्धि | लक्ष्य |
|---|---|---|---|---|
| कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउने | प्रतिशत | ३ | २.६ | ३.६ |
| पर्यटकहरुको आगमन संख्या बढाउने | संख्या (वार्षिक) | ७,५३,००२ | ९४०००० | १०,००,००० |
| पर्यटकहरुको बसाई अवधि लम्ब्याउने | बसाइ अवधि (दिनमा) | १३.४ | १३ | १४ |
| प्रति पर्यटक खर्चमा वृद्धि भई विदेशी मुद्रा आर्जन बढाउने | प्रतिदिन प्रति पर्यटक खर्च (USD) | ५३ | ५४ | ५८ |
| पर्यटन क्षेत्रको विकास, विविधिकरण र विस्तारबाट रोजगारी अभिवृद्धि गर्ने | प्रत्यक्ष रोजगारी संख्या (हजारमा) | ९५ | १२० | १३० |

**८. कार्यक्षेत्र :**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायानुसार रहेका छन्:

- संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- पर्यटन तथा हवाई उद्योगको प्रवर्द्धन र संरक्षण;
- ट्राभल र ट्रेकिङ एजेन्सी;
- विश्व पर्यटन सङ्गठनलगायत पर्यटन तथा हवाई यातायातसम्वद्ध अन्तर्राष्ट्रिय संस्था;
- पर्वतारोहण र अन्य साहसिक पर्यटन क्रियाकलाप;
- विमानस्थलको निर्माण, मर्मत, सम्भार तथा व्यवस्थापन;
- हवाई यातायात र परिवहनको सञ्चालन तथा व्यवस्था;
- संयुक्त राष्ट्र सङ्घीय अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्घ तथा नागरिक उड्डयनसँग सम्बन्धित अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय संस्थासँगको सम्पर्क, सहयोग र समन्वय;
- संस्कृतिको प्रवर्द्धन तथा संरक्षण;
- संस्कृति सम्वद्ध अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क, सहयोग र समन्वय;
- संस्कृति विषयक अन्तर्राष्ट्रिय सम्झौता, सांस्कृतिक आदान-प्रदान, अध्ययन तथा अनुसन्धान;
- पुरातात्विक महत्त्वका स्मारक र पुरातात्विक वस्तुहरूको सङ्ग्रह, संरक्षण, संवर्द्धन, अन्वेषण तथा उत्खनन;
- निकासी गरिने पुरातात्विक वस्तुको जाँच र अनुमति;
- प्रतिलिपि अधिकार;
- सांस्कृतिक सम्पदा, धरोहर र ऐतिहासिक महत्त्वका दरबारको संरक्षण तथा संवर्द्धन;

- विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाको साहित्य, लिपि, कला र संस्कृतिको संरक्षण तथा विकास;
- पर्यटनसँग सम्वद्ध सङ्घ, सङ्गठन, संस्थान र समिति;
- नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान;
- पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुरक्षेत्र विकास परिषद्, सांस्कृतिक संस्थान र अन्य सांस्कृतिक, धार्मिक, पुरातात्विक, संस्था तथा समिति;
- नारायणहिटी दरबार सङ्ग्रहालय तथा अन्य सङ्ग्रहालय र अभिलेखालय;
- हवाई यातायातसम्वद्ध संस्थान, प्राधिकरण तथा सङ्गठन;
- नेपाल शिक्षा सेवाअन्तर्गत आर्कियोलजी समूहको सञ्चालन;
- नेपाल इन्जिनियरिङ सेवाअन्तर्गत देहायका समूहको सञ्चालन
  - (क) सिभिल इन्जिनियरिङ समूहअन्तर्गत एअरपोर्ट उपसमूह;
  - (ख) एरोनटिकल इन्जिनियरिङ समूह;
  - (ग) सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ समूह ।

## ९. आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ५७ | निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका लागि विगतमा तयार भएको विस्तृत आयोजना प्रतिवेदन अध्ययन गरी आगामी आर्थिक वर्षमा बोलपत्रसम्बन्धी प्रक्रिया शुरु गरिनेछ। | कोरियन कम्पनी LMW ले विगतमा तयार गरेको Detailed Feasibility Study को भुक्तानी दिन Independent Audit का लागि Transparent Evidences माग गरिएको, LMW बाट प्राप्त नभएको तथा विमानस्थल निर्माणका लागि लगानीको Modality तय गर्ने सम्बन्धमा प्रतिवेदन प्राप्त भई रायका लागि अर्थ मन्त्रालयमा पठाइएको। |
| | | विमानस्थल निर्माणको लागि DPR तथा Detail Design तयार गर्न अन्तर्राष्ट्रियस्तरको परामर्शदाता नियुक्त गर्न आशय पत्र माग गरी उक्त प्रस्ताव मूल्याङ्कन भई स्वीकृतिको अन्तिम चरणमा रहेको । |
| | | विमानस्थलको EIA तथा पुनर्वासको प्रतिवेदन वातावरण मन्त्रालयमा पेश गर्ने अन्तिम चरणमा रहेको । |
| | | -नेपाल सरकार म.प.को निर्णयअनुसार पहुँचमार्ग, पेरिफेरी सडक निर्माण,सो क्षेत्रको रुख कटान एवं सुरक्षा निगरानी गर्ने जिम्मा नेपाली सेनालाई दिने भन्ने आधारमा MOU सम्पन्न भएको तर रुख कटान अनुमति प्राप्त नभएको । |
| ६१ | पशुपति क्षेत्रको गुरुयोजना कार्यान्वयनमा तीव्रता दिइनेछ । पशुपति क्षेत्रको दोस्रो चरणको वृहत् | १७ वटा विषयगत क्षेत्र पहिचान गर्ने कार्य सम्पन्न भएको । टोपोग्राफिकल सर्भेको लागि परामर्श सेवा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | गुरुयोजना तयार गरी कार्यान्वयनको विधि तयार गरिनेछ | दिने कार्य भइरहेको । कार्यपत्रहरुको Proceedings तयार गर्ने कार्य शूरु भएको तथा कार्यपत्रहरुको सम्पादन गर्ने कार्य भइरहेको । |
| | | निर्माण सुधारतर्फ भुवनेश्वरीदेखि दक्षिणढोकासम्म ढल बाटो निर्माण तथा वातावरण संरक्षण, भष्मेश्वर सत्तलको संरक्षण सम्वर्द्धन एवं जिर्णोद्वार कार्य, गुह्येश्वरी मन्दिर प्रांगणको धर्मशाला जिर्णोद्वार कार्य, सोभनियर पसल निर्माण अन्तिम चरणमा रहेको, देव उद्यान प्रांगण सम्वर्द्धन कार्य, ईटापाखामा ढुङ्गा छाप्न कार्य, दर्शनमार्गमा ढुङ्गा छाप्ने कार्य,बनकालीमा फेन्सिंगसहित उद्यान विकास कार्यको बोलपत्रको सूचना प्रकाशित भई मूल्याङ्कनको प्रकृयामा रहेको, गौशाला, बनकाली, चार शिवालयसम्म ढलबाटो निर्माण कार्य, श्री पशुपतिनाथको भान्छाघर पुननिर्माण कार्य सम्झौताको प्रकृयामा रहेको, गोठाटार जग्गामा पुनर्स्थापनाका लागि पूर्वाधार विकास कार्यको लागि टोपोग्राफी सर्भेका लागि TOR सहित बोलपत्रसम्बन्धी कागजात तयार गर्ने कार्य भइरहेको । |
| | लुम्बिनी क्षेत्रको गुरुयोजना कार्यान्वयनमा तीव्रता दिइनेछ। वृहत् लुम्बिनी क्षेत्र विकास गुरुयोजना तयार गरी कार्यान्वयनको विधि तयार गरिनेछ | बृहत लुम्बिनी क्षेत्रको गुरुयोजना तयार गर्न Request for Proposal तयार भइ परामर्शदाता छनोट गर्ने क्रममा रहेको, लुम्विनी गुरुयोजनाको कार्य जस्तै-खानेपानी, सडक लगायतका निर्माण कार्यहरु सञ्चालन भइरहेको । |
| | | गुरुयोजनाअनुसारको विद्युतीकरण र दूर सञ्चार सम्बन्धी Electricity and Telecommunication को कार्य चालु भएको । |
| १२० | आगामी आर्थिक वर्षमा पर्यटन क्षेत्रका कार्यक्रमहरूलाई थप परिष्कृत बनाइ निरन्तरता दिने। पर्यटकीय प्रचूरता भएका प्रमुख स्थललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न तयार भएको गुरुयोजना कार्यान्वयन गर्ने, तयार नभएका ठाउँको गुरुयोजना बनाउने | प्रत्येक प्रदेशमा एक एक वटा पर्यटन गन्तव्यलाई एकीकृत रुपमा पूर्वाधार विकास गर्न गुरुयोजना तयार भइरहेको । तयार भएका गुरुयोजनाहरु कार्यान्वयन भइरहेको । |
| | वृहत् जनकपुर क्षेत्र विकाससम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ। | आ.व.२०७४/७५ मा तलब शीर्षकमा रकम निकाशा भएको र पुँजीगततर्फ रकम निकाशा भई नसकेको कारण कार्यक्रम कार्यान्वयनमा विलम्ब भएको । |
| १२१ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप स्तरोन्नति | -विमानस्थलको Design Review गर्ने कार्य सुचारु भइरहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | गरिनेछ। यस अन्तर्गत विमानस्थलसँगैको कोटेश्वर-सूर्यविनायक सडकलाई सुरुङ मार्गमा परिणत गरी विमानस्थलको धावनमार्ग विस्तार र पार्किङ बे थप गरी एयर ट्राफिक समस्या न्यून गरिनेछ। | -विमानस्थल सुधार गर्ने कार्यदिश दिइएको तर Contractor site मा mobilize नभएको, बारम्बार ताकेता गरिरहेको ।<br>-विमानस्थलसँगैको कोटेश्वर-सूर्यविनायक सडकलाई सुरुङ मार्गमा परिणत गर्ने कार्यको कुनै प्रगति नभएको । |
| १४९ | विभिन्न जातजातिहरूको मौलिक संस्कृति र सभ्यताको संरक्षण तथा सम्वर्द्धनका लागि संग्रहालयहरूको विकास र विस्तार गरिनेछ। | मदन भण्डारी, सिद्धिचरण, जातीय संग्रहालय कैलाली, रामेछाप संग्रहालय लगायत १५ वटा सूचना प्रकाशन भई, ५ वटा कार्यदिश भएको । अन्यको आशय सूचनाको क्रममा रहेको । माझी संग्रहालयको कार्य सम्पन्न भएको । |
| | | मदन भण्डारी संग्रहालय मोरंगको आशयको सूचना भई संझौताको क्रममा रहेको, बारपाक संग्रहालय गोरखा, लेखानाथ संग्रहालय पोखराको ल.ई.स्वीकृति भएको.जातीय संग्रहालय कैलालीको बोलपत्रको सूचना प्रकाशन भएको, खस संग्रहालय जुम्लाको सम्बन्धीत निकायमा पठाउन पत्राचार गरेको । अन्य ५ वटाको निर्माण सम्झौता भएको तथा ६ वटाको कायदिश दिइएको। |
| | सर्जक कलाकारहरूको सिर्जनाको रोयल्टी भुक्तानीलाई प्रशासनिक नियमनबाट व्यवस्थित गरिनेछ। | सम्बन्धित नियमावली संशोधनको लागि विभिन्न मन्त्रालयहरुमा अनुरोध भइरहेको ।<br>रोयल्टी संकलन संस्थाहरुबाट रोयल्टीसम्बन्धी मापदण्ड अध्यावधिक गर्ने काम भइरहेको ।प्रतिलिप अधिकारीसम्बन्धी तालिम,गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम भइरहेको । |
| १५० | मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू, ऐतिहासिक दरबारहरू र प्राचीन स्मारकहरू संरक्षण, सम्वर्द्धन एवं महत्त्वपूर्ण पुरातात्विक स्थलहरूको अन्वेषण, उत्खनन् र संरक्षण गरिनेछ। विश्व सम्पदा सूचीमा समावेश सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गरी ती सम्पदाहरूमा अन्तर्निहित आधिकारिकता, प्रमाणिकता र संवेदनशीलता कायम गराई विश्वव्यापी महत्त्व अक्षुण्ण राखिनेछ। | बहुवर्षीय लगायत ८६ वटा कार्यहरुको बोलपत्रको सूचना प्रकाशन भइसकेको,३१ वटाको कार्यदिश भइसकेको, ३ वटा ऐतिहासिक दरवारको बोलपत्रको सूचना प्रकाशन भइसकेको, कपिलवस्तु दोहनीको उत्खन्न कार्य सम्पन्न भएको, बाँकी कोटेशनका ३५ वटा कार्यहरुको कार्यदिश भइसकेको तथा ४ वटा अध्ययन प्रतिवेदनको कार्यहरुको TOR स्वीकृति, भएको र अन्य स्वीकृतिको क्रममा रहेको । रामधुनी वारा तथा चतरामठ सुनसरीको कार्य सम्पन्न भएको। |
| | | पुरातात्विक स्थल संरक्षणका २६ वटा कार्यहरु मध्ये ११ वटाको ठेक्का प्रक्रिया शुरु भइसकेको, देगु तलेजु कार्य सम्पन्न, ३ वटाको अन्तिम चरणमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | भइसकेको,८ वटा परामर्शका कार्यहरुको TOR स्वीकृति भइसकेको, अन्य कार्यहरु स्वीकृतिको क्रममा रहेको । |
| | | ऐतिहासिक दरबारहरु अन्तर्गतका कार्यक्रमहरु मध्ये ४ वटाको बोलपत्रको सूचना प्रकाशित भई २ वटाको कोटेशनको कार्यदेश भइसकेको । बाँकी सम्झौताको क्रममा रहेको । |
| | | ७२ वटा कार्यक्रमहरुको बोलपत्रको सूचना प्रकाशन भइ आशयको सूचना प्रकाशन भएको, १३ वटाको कार्यदेश भइसकेको,अन्यको हकमा दररेट स्वीकृतिको क्रममा रहेको। कपिलवस्तु, हनी,तनहुँसुरको उत्खनन् कार्य सम्पन्न भएको तनहुँसुर संरक्षण कार्यका क्रममा रहेको, कैलाश सन्यास आश्रम नवलपरासीको लागत ईष्टिमेट तयारी भई रहेको । |
| | | हनुमानढोकास्थित २ वटा शिव मन्दिर मध्ये १ वटा शिव मन्दिरको कार्य सम्पन्न भइसकेको, अर्को मन्दिरको कार्य भइरहेको,ललितपुरको चारनारायण मन्दिरको पहिलो तलाको कार्य सम्पन्न भई दोश्रो तलाको कार्य ,पाटनको हरिशंकर मन्दिरको पहिलो तलाको कार्य सम्पन्न भई दोश्रो तलाको कार्य भइरहेको । |

## १०. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा मन्त्रालयबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना अन्तर्गत १४० विघा जग्गाको मुआब्जा वितरण प्रक्रिया शुरुवात गरिएको । यस अवधीसम्म परियोजनाको ३२% कार्य सम्पन्न भएको ।
- गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको CNS/ATM (Communication Navigation System and Air Traffic Management) उपकरण जडान सम्बन्धमा Shopping list/Bid document तयार भई स्वीकृतिको क्रममा रहेको छ ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि जग्गा अधिग्रहणको कार्य शुरु गरिएको तथा घरको लागि मुआब्जा तोक्ने कार्य भइरहेको ।
- मुक्तिनाथ गुरुयोजनाको निर्माण कार्य भइरहेको, गजुरमूखी र उग्रतारा गुरुयोजना तयार भई कार्यान्वयनको चरणमा रहेको ।
- आधार शिविरसम्म पुग्ने विभिन्न पदमार्गहरुको ९५% कार्य सम्पन्न भएको ।
- ५ वटा क्षेत्रीय संग्रहालयहरुको ३९ वटा कार्यहरु मध्ये २३ कार्य सम्पन्न भएको, बाँकी लक्ष्यअनुसार कार्य भइरहेको ।

## ११. आर्थिक वर्ष २०७३/७४ को विनियोजित बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११३ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८४६८ | १४७६१५ | ७०.८१ |
| ३२५०१२३ | पर्यटन कार्यालयहरु | २१६७५ | १९८२९ | ९१.४८ |
| ३२५०१३३ | पुरात्तव विभाग | ३९४२७ | ३४८९२ | ८८.५० |
| ३२५०१४३ | राष्ट्रिय अभिलेखालय | १७८०३ | १६८०८ | ९४.४१ |
| ३२५०१५३ | राष्ट्रिय संग्राहालय (छाउनी) | २१५९६ | १८२९९ | ८४.७३ |
| ३२५०१६३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ८२५९ | ८१६८ | ९८.९० |
| ३२५०१७३ | क्षेत्रीय संग्राहलयहरु | १५५८८ | १३१८९ | ८४.६१ |
| ३२५०१८३ | संग्रालयहरु (जातीय संग्रहालय समेत) | ४३५७० | ३२७५३ | ७५.१७ |
| ३२५०१९३ | ऐतिहासिक दरबारहरु | ५४२६६ | ५४२६६ | १००.०० |
| ३२५०२०३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ८०७१ | ७३२१ | ९०.७१ |
| ३२५०२१३ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | १०१५४ | ९२६४ | ९१.२३ |
| ३२५०२२३ | नारायणहिटी दरबार संग्रहालय | ८४९११ | ८३२१० | ९८.०० |
| ३२५०२३३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ५४९५ | ५३१९ | ९६.८० |
| ३२५०२४३ | पर्यटन विभाग | ११७२१२ | ११२५९२ | ९६.०६ |
| ३२५१०२३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २५४९८ | २५४९८ | १००.०० |
| ३२५१०४३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ८८०० | ५३३४ | ६०.६१ |
| ३२५१०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ३५७७२० | ३१०५६३ | ८६.८२ |
| ३२५१०८३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ३९४९७३ | १५४२३० | ३९.०५ |
| ३२५१११३ | पुरातात्विक संरक्षण | ३८७४२ | २४६४० | ६३.६० |
| ३२५१२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ५३३० | ४५८३ | ८५.९८ |
| ३२५११३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | १०६१४६२ | ९३०१२४ | ८७.६३ |
| ३२५११४३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | १००००० | ५१००० | ५१.०० |
| ३२५११५३ | पशुपति क्षेत्र विकास कोष | ४०७५०० | २४६००० | ६०.३७ |
| ३२५११६३ | लुम्बिनी विकास कोष | ६६०००० | ६६०००० | १००.०० |
| ३२५११७३ | सांस्कृतिक संस्थान | ८९०० | ८९०० | १००.०० |
| ३२५११८३ | नेपाल प्रज्ञा प्रतिष्ठान | २२८५२७ | २२८५२७ | १००.०० |
| ३२५११९३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ४५९०० | ३४९४६ | ७६.१४ |
| ३२५१२०३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ६३८०१ | ६३८०१ | १००.०० |
| ३२५१२१३ | ईच्छुक सांस्कृतिक प्रतिष्ठान | ३५८९ | ३५८९ | १००.०० |
| ३२५१२२३ | यातायात(हवाई) आयोजना तयारी सुविधा | ४३८३५० | २९२३०८ | ६६.६८ |
| | **जम्मा** | ४५०५५८७ | ३६०७५६८ | ८०.०७ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ११००४ | ९५४४ | ८६.७३ |
| ३२५०१२४ | पर्यटन कार्यालयहरु | १३०३० | १२०५५ | ९२.५२ |
| ३२५०१३४ | पुरात्तव विभाग | २०४४८४ | २००९०३ | ९८.२५ |
| ३२५०१४४ | राष्ट्रिय अभिलेखालय | ३२३०० | २९८८३ | ९२.५२ |
| ३२५०१५४ | राष्ट्रिय संग्राहालय (छाउनी) | ४७५० | ४७४२ | ९९.८३ |
| ३२५०१६४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | २३२५ | २०२० | ८६.८८ |
| ३२५०१७४ | क्षेत्रीय संग्रालयहरु | २९०२० | २४६५७ | ८४.९७ |
| ३२५०१८४ | संग्रालयहरु (जातीय संग्रहालय समेत) | २५०८ | २४८७ | ९९.१६ |
| ३२५०१९४ | ऐतिहासिक दरबारहरु | २३२८० | १८५८७ | ७९.८४ |
| ३२५०२०४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ३१५० | ३१३६ | ९९.५६ |
| ३२५०२१४ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | ४७५ | ४६५ | ९७.८९ |
| ३२५०२२४ | नारायणहिटी दरबार संग्रहालय | १३५७७ | १०००७ | ७३.७१ |
| ३२५०२३४ | स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालय (भक्तपुर) | २१० | २०५ | ९७.६२ |
| ३२५०२४४ | पर्यटन विभाग | ३०५८ | १५४८ | ५०.६२ |
| ३२५१०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ९५१८८१ | ७६२३१० | ८०.०८ |
| ३२५१०८४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | १५४७० | ६४५४ | ४१.७२ |
| ३२५१११४ | पुरातात्विक संरक्षण | २५९१४५ | १५४२८९ | ५९.५४ |
| ३२५११२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १२३५० | १०९०७ | ८८.३२ |
| ३२५११३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ५०००० | २५६६५ | ५१.३३ |
| | **जम्मा** | १६३२०१७ | १२७९८६४ | ७८.४२ |

**१२. आर्थिक वर्ष २०७४/७५ को विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः**

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११३ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २१९,२२२ | ५१,७१२ | २३.५९ |
| ३२५०१२३ | पर्यटन कार्यालयहरु | ३०,६४८ | १५,९४२ | ५२.०२ |
| ३२५०१३३ | पुरात्तव विभाग | ४५,०२१ | २७,९४४ | ६२.०७ |
| ३२५०१४३ | राष्ट्रिय अभिलेखालय | २०,३६४ | ११,३३२ | ५५.६५ |
| ३२५०१५३ | राष्ट्रिय संग्राहालय (छाउनी) | २९,५५६ | १४,३५१ | ४८.५६ |
| ३२५०१६३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ११,८६१ | ६,९५१ | ५८.६० |
| ३२५०१७३ | क्षेत्रीय संग्रालयहरु | २१,५६२ | १०,०६० | ४६.६६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०१८३ | संग्रालयहरु (जातीय संग्रहालय समेत) | १८,१८५ | ७,५४३ | ४१.४८ |
| ३२५०१९३ | ऐतिहासिक दरबारहरु | ७९,३६३ | ४१,७८४ | ५२.६५ |
| ३२५०२०३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ११,१५२ | ६,७०० | ६०.०८ |
| ३२५०२१३ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | १०,६९१ | ५,३५१ | ५०.०५ |
| ३२५०२२३ | नारायणहिटी दरबार संग्रहालय | ९४,५५२ | ६१,९१० | ६५.४८ |
| ३२५०२३३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ७,४४१ | ३,८५० | ५१.७४ |
| ३२५०२४३ | पर्यटन विभाग | १४१,८७३ | ८६,२०० | ६०.७६ |
| ३२५०२५३ | भाषा आयोग | ९३,४५७ | २३,६२३ | २५.२८ |
| ३२५१०२३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २८,५९३ | १९,३४३ | ६७.६५ |
| ३२५१०४३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १४,५५० | २,८७९ | १९.७९ |
| ३२५१०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | २३०,०८६ | ७७,८२६ | ३३.८२ |
| ३२५१०८३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ४४७,०४६ | ८४० | ०.१९ |
| ३२५१११३ | पुरातात्विक संरक्षण | ६,१८६ | २,२२३ | ३५.९४ |
| ३२५११२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ४,४७९ | ७३७ | १६.४५ |
| ३२५११३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ६९४,७५८ | ३३,४९२ | ४.८२ |
| ३२५११४३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ५०,००० | ६,९०० | १३.८० |
| ३२५११५३ | पशुपति क्षेत्र विकास कोष | ४४४,१७५ | ९५,२१८ | २१.४४ |
| ३२५११६३ | लुम्बिनी विकास कोष | ७१९,४०० | ४३०,४४० | ५९.८३ |
| ३२५११७३ | सांस्कृतिक संस्थान | ९,७०० | ९,७०० | १००.०० |
| ३२५११८३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १२०,००० | ८०,११३ | ६६.७६ |
| ३२५११९३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ५०,०३१ | ५०,०३१ | १००.०० |
| ३२५१२०३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ६०,११७ | ३६,९३९ | ६१.४५ |
| ३२५१२१३ | ईच्छुक सांस्कृतिक प्रतिष्ठान | ३,९१२ | ३,९१२ | १००.०० |
| ३२५१२२३ | यातायात(हवाई) आयोजना तयारी सुविधा | १५२,८०२ | ० | ०.०० |
| | **जम्मा** | **३,८७०,७८३** | **१,२२५,८४६** | **३१.६७** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७,६५२ | १,५५० | २०.२६ |
| ३२५०१२४ | पर्यटन कार्यालयहरु | ८,९७४ | ४,३४६ | ४८.४३ |
| ३२५०१३४ | पुरात्तव विभाग | २३४,६६८ | ९८,८४८ | ४२.१२ |
| ३२५०१४४ | राष्ट्रिय अभिलेखालय | २९,४५० | ८,४२६ | २८.६१ |
| ३२५०१५४ | राष्ट्रिय संग्राहालय (छाउनी) | १२,९४९ | २,७१२ | २०.९४ |
| ३२५०१६४ | राष्ट्रिय कला संग्राहलय (भक्तपुर) | १,८७० | ६१२ | ३२.७३ |
| ३२५०१७४ | क्षेत्रीय संग्रालयहरु | ३१,४६१ | ६,७७६ | २१.५४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०१८४ | संग्रालयहरु (जातीय संग्राहलय समेत) | ५८,०६४ | १,२८१ | २.२१ |
| ३२५०१९४ | ऐतिहासिक दरबारहरु | २६,६४८ | ३,५९८ | १३.५० |
| ३२५०२०४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ३,२२३ | १,६९० | ५२.४४ |
| ३२५०२१४ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | ४६१ | ३९९ | ८६.५५ |
| ३२५०२२४ | नारायणहिटी दरबार संग्रहालय | १५,२८४ | ९२८ | ६.०७ |
| ३२५०२३४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ४६० | ४६० | १००.०० |
| ३२५०२४४ | पर्यटन विभाग | ५,८१६ | ८४० | १४.४४ |
| ३२५०२५४ | भाषा आयोग | ६,२४९ | २,९९६ | ४७.९४ |
| ३२५१०४४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | २२९ | - | ०.०० |
| ३२५१०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ४४०,१०९ | ८१,२०३ | १८.४५ |
| ३२५१०८४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ११,१६८ | ३,९८८ | ३५.७१ |
| ३२५१११४ | पुरातात्विक संरक्षण | ३१३,१४३ | २१,११४ | ६.७४ |
| ३२५११२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५,२०३ | १,७१८ | ११.३० |
| | **जम्मा** | **१,२२३,०८१** | **२४३,४८५** | **१९.९१** |

♦ ♦ ♦

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

## १. पृष्ठभूमिः

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सङ्घीय शासन प्रणाली, स्थानीय विकाससम्बन्धी नीति निर्माण र कार्यान्वयन सहजीकरणको जिम्मेवार निकाय हो । नेपालको सविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग पनि संविधान र कानुनको अधिनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेबमोजिम साविकका सबै स्थानीय निकायहरू ४ सय ६० गाउँपालिका, २ सय ७६ नगरपालिका, ११ उपमहानगरपालिका एवं ६ वटा महानगरपालिकाका ६ हजार ७ सय ४३ वडाहरूमा तथा सम्पूर्ण जिविसहरू पनि ७७ जिल्ला समन्वय समितिमा रुपान्तरित भई परिवर्तित रूपमा सेवा प्रवाह तथा विकास निर्माणका काम गरिरहेका छन् । यसका साथै मन्त्रालयको नीति र कार्यक्रमलाई प्रभावकारी रूपले सम्पादन गर्न २ वटा विभाग, ७५ वटा जिल्ला प्राविधिक कार्यालयका अतिरिक्त ३ वटा आयोग, ५ वटा समिति र २ वटा प्रतिष्ठान क्रियाशील रहेकामा हाल ७५ वटै जिल्ला प्राविधिक कार्यालय, ३ वटै आयोग, २ वटा समिति र १ वटा प्रतिष्ठान पुनर्संरचना भई केन्द्र वा प्रदेश सरकार अन्तर्गत रहने वा केही खारेजीको तयारीमा रहेका छन्। नेपाल सरकारको आफ्नै एवं दातृ निकायको समेत सहयोगमा यस मन्त्रालय अन्तर्गत ३६ वटा आयोजना एवं कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजीम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रुपान्तरित भए पश्चात संघ र स्थानीय तह तथा प्रदेश र स्थानीय तह बीचको सम्पर्क र समन्वय, स्थानीय पूर्वाधार विकास, पञ्जिकरण, सामाजिक सुरक्षा, कर्मचारी व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, प्रशासनिक सुधार लगायतका जिम्मेवारी यस मन्त्रालय मातहत रहेको छ ।

## २. दीर्घकालीन सोंचः

लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्थानीय स्वायत्त शासनको माध्यमद्वारा जनताको जीवनस्तर सुधार ।

## ३. ध्येयः

स्वायत्त र उत्तरदायी स्थानीय शासन पद्दतिको संस्थागत सुदृढीकरण गरी स्थानीय विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

## ४. लक्ष्यः

अधिकार एवं स्रोत साधनयुक्त, समावेशी, न्यायपरक र उत्तरदायी स्थानीय स्वशासनको माध्यमबाट विकास तथा सेवाका अवसरहरुमा जनताको पहुँच बढाउने ।

## ५. उद्देश्यहरुः

- संघीय संरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणाअनुरुप स्थानीय सरकारको केन्द्र तथा प्रादेशिक सरकारसँगको अन्तरसम्बन्ध एवं राजनीतिक, प्रशासनिक, न्यायिक तथा वित्तीय अधिकार र उत्तरदायित्व सुनिश्चित गर्ने ।
- स्थानीय तहको सँगठनात्मक सुदृढीकरण र क्षमता विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकीकरणका आधारमा सम्बोधन गर्न सक्षम स्थानीय सरकारलाई संस्थागत गर्ने ।
- दिगो आर्थिक-सामाजिक विकास र वातावरणअनुकूल तथा गुणस्तरीय स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाह मार्फत रोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरण गर्ने ।
- लैंगिक, समतामूखी र समावेशी विकासको अवधारणा अवलम्वन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने ।
- स्थानीय सुशासन र सेवाप्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, एवं गैर-सरकारी तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउने ।

## ६. रणनीतिहरुः

- वित्तीय स्वायत्तता र विनियोजन दक्षता अभिवृद्धिका लागि स्थानीय सरकारको वित्तीय स्रोतलाई विकेन्द्रीकरणको क्षेत्रगत अवधारणाअनुरुप व्यवस्थित गर्ने ।
- खर्चको विनियोजन र व्यवस्थापन कार्यमा स्थानीय प्राथमिकता, वित्तीय अनुशासन, पारदर्शिता र प्रभावकारितामा जोड दिई स्थानीय सुशासन प्रवर्द्धन गर्ने ।
- स्थानीय तहहरुलाई स्थानीय आर्थिक विकास र गरिबी न्यूनीकरणका नीति तथा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने ।
- श्रममूलक, आधुनिक र वातावरण अनुकूल प्रविधिको उपयुक्त संयोजन गर्दै स्थानीय पूर्वाधार तथा सामाजिक आर्थिक विकासका कार्यहरु सञ्चालन गर्ने ।
- भौगोलिक, सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका विपन्न-वर्ग, क्षेत्र, जात, जाति, लिंग र समुदायलाई समावेशीकरण र सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरी उपलब्ध स्रोत, साधन, र निर्माण प्रक्रियामा उनीहरुको पहुँच अभिवृद्धि गर्ने ।
- आर्थिक सामाजिक रुपले पछाडि रहेका, निश्चित उमेर समूहका, भिन्न क्षमता भएका नागरिक र लोपोन्मूख तथा सिमान्तीकृत समुदायलाई न्यूनतम सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने ।
- स्थानीय सरकार, सेवा प्रदायक, सामुदायिक संस्था र सरोकारवालाहरुको क्षमता अभिवृद्धि गरी विकास व्यवस्थापन, योजना प्रक्रिया र सेवा प्रवाहलाई प्रभावकारी बनाउने,
- स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला संस्थाहरुको भूमिका स्पष्ट गर्दै तिनीहरुलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाई समन्वयात्मक रुपमा कार्य गर्ने ।

## ७. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायबमोजिम रहेका छन् :

- स्थानीय स्वायत्त शासन, स्थानीय विकास, दुर्गम क्षेत्र विकास, ग्रामीण विकास तथा सामुदायिक विकास, स्थानीयस्तरको सडक, सिँचाइ, खानेपानी, ढल निकास तथा सरसफाइसम्बन्धी नीति, योजना, कार्यक्रमको तजुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- विकेन्द्रीकरण र निक्षेपणसम्बन्धी नीति र्निमाण, कार्यान्वयन तथा अनुगमन;
- सङ्घीय शासन प्रणाली र राज्य पुनर्संरचना;
- समावेशी लोकतन्त्र;
- स्थानीय स्वायत्त शासन तथा स्थानीय सुशासन;
- अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा स्थानीय तहहरुको वित्तीय व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था एवं अनुगमन र मूल्याङ्कन;
- स्थानीय विकास कार्यक्रम बीच समन्वय;
- स्थानीय तहहरुबीच समन्वय र सर्म्पक;
- स्थानीय जनशक्ति र जनसहयोग परिचालन;
- स्थानीय विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन तथा सम्पर्क;
- स्थानीयस्तरका हाट, बजार, मेला;
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ताको प्रशासन;
- एकीकृत ग्रामीण विकास;
- स्थानीय प्रविधिको पहिचान तथा प्रवर्धन;
- स्थानीय तहका सडक (कृषि सडकसमेत);
- गोरेटो र घोरेटो बाटो र झोलुङ्गे पुल तथा स्थानीय पुल;
- जनजाति, आदिवासी, दलित, वादी तथा मुस्लिम विकास;
- स्थानीय विकास;
- जेष्ठ नागरिक, एकल महिला लगायतको सामाजिक सुरक्षा भत्ता;
- ग्रामीण विकास तथा स्थानीय विकाससम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था;
- नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सञ्चालन ।

## ८. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको दोस्रो चौमासिक अवधिसम्मको प्रगति विवरणः

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन महिनाको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूची भित्र पर्ने तर हाल विषयगत मन्त्रालयहरुबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिका भित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. २ करोडसम्म र उपमहानगरपालिका तथा महानगरपालिकाभित्र को रू. २ करोडसम्म बजेट भएका आयोजनाहरु सम्बन्धित विषयगत मन्त्रालयहरुले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकमसहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छु. | • यस मन्त्रालय अन्तर्गत सञ्चालित नगरक्षेत्र पूर्वाधार कार्यक्रम, फोहोरमैला व्यवस्थापन प्रविधिक केन्द्र, ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम, साना सिँचाइ, नदी नियन्त्रण तथा अन्य पूर्वाधार, स्थानीय सडक सुधार कार्यक्रम, आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक, बौद्ध दर्शन तथा गुम्बा विकास समिति, आदिवासी जनजाती उत्थान प्रतिष्ठान र उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति लगायतका आयोजना/कार्यक्रमहरू स्थानीय तहमा हस्तान्तरण भई कार्यान्वयन चरणमा रहेका। |
| ३२ | स्थानीय तहले प्रचलित कानूनबमोजिम आर्जन गर्ने स्रोत र वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त गर्ने स्रोत समेतलाई आधार लिई सम्बन्धित नगरसभा तथा गाउँसभाबाट बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्नेछन् । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले प्रचलित कानूनबमोजिम आर्जन गर्ने स्रोत र वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त गर्ने स्रोत समेतलाई आधार लिई सम्बन्धित नगर सभा तथा गाउँ सभाबाट बजेट तथा कार्यक्रम पारित गर्ने व्यवस्था भएको ।<br>• यस मन्त्रालयबाट ७ वटै प्रदेशमा स्थानीय सरकार सञ्चालन तथा बजेट तर्जुमासम्बन्धी ३ दिने अभिमूखीकरण सम्पन्न । |
| ४० | साविकमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट सञ्चालन भइरहेका स्थानीयस्तरका अधिकांश आयोजनाहरु स्थानीय तहमा नै हस्तान्तरण हुनेछन् । नगरक्षेत्र पूर्वाधार कार्यक्रम, फोहोरमैला व्यवस्थापन प्रविधिक केन्द्र, ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम, विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार आयोजना, साना सिँचाइ, नदी नियन्त्रण तथा अन्य पूर्वाधार, सुनौला हजार दिन कार्यक्रम, स्थानीय सडक सुधार कार्यक्रम, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम र आर्थिक केन्द्र | नगरक्षेत्र पूर्वाधार कार्यक्रम, फोहोरमैला व्यवस्थापन प्रविधिक केन्द्र, ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम, स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम, साना सिँचाइ, नदी नियन्त्रण तथा अन्य पूर्वाधार, स्थानीय सडक सुधार कार्यक्रम, आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकहरु स्थानीय तहमा हस्तान्तरण भइसकेका। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन महिनाको प्रगति |
|---|---|---|
| | तथा दुई जिल्ला जोड्ने सडकहरु स्थानीय तहमा हस्तान्तरण गरेको छु । | |
| ४१ | यसैगरी बौद्ध दर्शन तथा गुम्बा विकास समिति, आदिवासी जनजाती उत्थान प्रतिष्ठान र उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिका कार्यक्रमहरु रकमसहित स्थानीय तहमा हस्तान्तरण गरेको छु । | बौद्ध दर्शन तथा गुम्बा विकास समिति, आदिवासी जनजाती उत्थान प्रतिष्ठान र उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समितिका कार्यक्रमहरु रकमसहित स्थानीय तहमा हस्तान्तरण भइसकेका । |
| ११९ | माननीय सांसदहरुले छनौट गरेका आयोजनाहरु कार्यान्वयन गर्ने गरी सबै माननीय सांसदहरुमार्फत उपलब्ध हुने रू. ५० लाख र प्रत्येक निर्वाचन क्षेत्रबाट निर्वाचित सांसदहरुमार्फत उपलब्ध हुने रू.३ करोडबाट सञ्चालन हुने निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई यथावत् राखेको छु । | मिति २०७४।६।२८ सम्ममा छनौट भएका कार्यक्रम तथा योजनाका कार्यान्वयन गर्न सबै कार्यक्रम कार्यान्वयको चरणमा रहेको । |
| १६९ | जेष्ठ नागरिक, एकल महिला, दलित बर्ग, लोपन्मूख आदिवासी/जनजाति एवं अशक्त, अपाङ्गता भएका नागरिकहरुलाई प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिएको छु । यसका लागि रुं ३६ अर्ब विनियोजन गरेको छु । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नु पर्ने पनि लाभग्राही नछुटुन भन्नेतर्फ विशेष सजगता अपनाइनेछ । संस्थागत सुदृढीकरण र अनुगमनलाई थप प्रभावकारी बनाई बैंकिङ प्रणाली मार्फत यस्तो भत्ता वितरण गरिनेछ । | • सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अध्यावधिक भइरहेको । हालसम्म MIS System मा २२ लाख १७ हजार ३ सय ४५ लाभग्राहीको विवरण प्रविष्ट गरिसकिएको ।<br>• देशभरका १ सय ३७ नगरपालिका २ सय ८५ गाउँपालिकाका वडाहरूबाटै बैंकिङ प्रणाली मार्फत लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाइएको । |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नु पर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारीसहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गते भित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत् सार्वजनिक गरिनेछ । आयोजना/कार्यक्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नु पर्नेछ । | यस मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमको चौमासिक विभाजनसहितको वार्षिक खरिद योजना तयार गरी स्वीकृत गरिएको । |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको | • यस मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रमहरूको लागि आवश्यक कार्यविधि तथा निर्देशिका परिमार्जन एवं निर्माण भएका । |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन महिनाको प्रगति |
|---|---|---|
| | कार्य साउन मसान्तभित्र र नियमावलीहरु तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ । नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरु स्थापना गरिसकिनेछ । कार्यक्रम/आयोजनाहरु सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दीहरु साउन समान्तभित्र स्वीकृत गरिसक्नु पर्नेछ । | • कार्यक्रमहरूको लागि आवश्यक अस्थायी/करार दरबन्दी यकिन गरी उक्त दरवन्दी स्वीकृत भइसेकेको । |
| २०५ | स्वीकृत सँगठन संरचना र दरवन्दीअनुरुप आयोजना प्रमूख लगायत अन्य कर्मचारीहरुलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरु र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्वसहित आयोजनामा खटाइनेछ । यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ । | • स्वीकृत दरबन्दीअनुरूप आयोजनाहरूमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग र मन्त्रालयबाट कर्मचारी खटाइएको । |
| २०७ | आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरु प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसिमाभित्र सम्पन्न गरिनेछ । | • कार्य सहजता एवं शीघ्रताको निम्ति नदीजन्य पदार्थको उत्खनन्सम्बन्धी IEE स्वीकृति गर्ने अधिकार चालू आ.व.सम्मको लागि जि.स.स लाई दिइएको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान बमोजिम, ढुंगा, गिट्टी, बालुवा आदि जस्ता खानीजन्य वस्तुहरूको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने गरी व्यवस्था भएकोमा हालसम्म स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियमावली तर्जुमा भइनसकेको साथै सो कार्यका लागि कुनै निर्देशिका/कार्यविधि समेत स्वीकृत भएको अवस्था नरहेकोले थप कानूनी व्यवस्था भएपछि सोबमोजिम हुनेगरी हाललाई प्रचलित खानी तथा खनिजपदार्थ ऐन, २०४२ तथा खानी तथा खनिजपदार्थ नियमाजली, २०५६बमोजिम हुनेगरी खानी तथा भूगर्भ विभागबाट उत्खनन कार्ययोजना (mining scheme) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ToR र प्रतिवेदन स्वीकृत गराइ सो विभागको सहमति प्राप्त गरी सम्बन्धित |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन महिनाको प्रगति |
|---|---|---|
| | | नगर/गाउँपालिकाको कार्यालयबाट उत्खनन अनुमति पत्र जारी गर्न सबै स्थानीय तहहरूलाई निर्देशन दिइएको । |
| २०८ | आयोजनाको तयारी चरणहरु पूरा गरी साउन मसान्तभित्र बोलपत्र आव्हान र असोज मसान्तभित्र बोलपत्र मूल्यांकन गरी ठेक्का सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजनाअनुरुप कार्य नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गरिनेछ । | आयोजना तथा कार्यक्रमहरूको वार्षिक कार्ययोजनाअनुरूप तोकिएको समय सीमा भित्र कार्य प्रारम्भ भइरहेको । |
| २११ | तोकिएको लागत, गुणस्तर र समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराइने छ। तोकिएको गुणस्तर कायम नगर्ने र तोकिएको समयभित्र कार्य सम्पादन नगर्ने निर्माण व्यवसायीलाई कानूनबमोजिम कारवाही गरिनेछ । | • मन्त्रालयका सह-सचिवहरूको संयोजकत्वमा ७ वटै प्रदेशका लागि सहजीकरण तथा अनुगमन टोली गठन गरिएको। |
| २१२ | कार्यसम्पादन भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गरिनेछ । बिल पेश भएको मितिले पन्ध्र दिनभित्र बिल स्वीकृत गरी भुक्तानी दिईनेछ । | • आयोजना कार्यक्रमहरूबाट नियमानुसार बिल स्वीकृत गरी भुक्तानी हुने गरेको । |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ । प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ । | वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा वित्तीय सुशासन कायम गर्न सोधभर्ना प्रकृयालाई नियमित र व्यवस्थित गरिंदै लगिएको । |

## ९. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- भूकम्प प्रभावित १४ जिल्लाहरूमा निजी आवास निर्माणका लागि २०७४ फागुन मसान्तसम्ममा सर्वेक्षणबाट पहिचान भएका ६ लाख ६७ हजार ६ सय ६२ लाभग्राही मध्ये ६ लाख १४ हजार ६ सय ४० घरधुरीहरूसँग अनुदान संझौता सम्पन्न भएको । ६ लाख ६ हजार ८ सय ६६

घरधुरीहरूले प्रथम किस्ता २ लाख ५९ हजार ३८ घरधुरीले दोश्रो किस्ता र ६० हजार ३ घरधुरीले तेश्रो किस्ता रकम भुक्तानी प्राप्त गरेका ।

- भूकम्प कम प्रभावित १७ जिल्लाहरूमा निजी आवास निर्माणका लागि २०७४ फागुन मसान्तसम्ममा सर्वेक्षणबाट पहिचान भएका १ लाख ४३ लाभग्राही मध्ये ८२ हजार ९ सय ९५ घरधुरीहरूसँग अनुदान सम्झौता भएको । ७९ हजार १ सय ३ घरधुरीहरूले प्रथम किस्ता, २ सय ४४ घरधुरीहरूले दोश्रो किस्ता र २२ घरधुरीहरूले तेश्रो किस्ताको रकम भुक्तानी प्राप्त गरेका ।
- मन्त्रालयबाट ७ सय ५३ स्थानीय तह (नगर/गाउँपालिका) हरूको लागि नमूना Website निर्माण गरिएको ।
- मन्त्रालयले स्थानीय तहसम्बन्धी विभिन्न जानकारीमूलक मोबाईल एप्स (Local Governance Apps) बनाएको ।
- सबै स्थानीय तहहरूको आधारभूत जानकारीसहितको Interactive GIS नक्शा तयार गरी Website मा राखिएको ।
- स्थानीय तहका लागि आवश्यक विभिन्न ३७ वटा नमूना कानुन, कार्यविधि, मार्गदर्शन तयार गरी उपलव्ध गराइएको ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक भइरहेको । हालसम्म MIS System मा २२ लाख १७ हजार ३ सय ४५ लाभग्राहीको विवरण प्रविष्ट गरिसकिएको ।
- देशभरका १ सय ३७ नगरपालिका २ सय ८५ गाउँपालिकाका वडाहरू बाटै बैंकिङ प्रणाली मार्फत लाभग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाइएको ।
- ७ वटै प्रदेशका महानगर/उपमहानगर/नगर पालिकामा नवनिर्वाचित प्रमूख उप प्रमूख एवं गाउँपालिकाका नव निर्वाचित अध्यक्ष, उपाध्यक्ष र सम्पूर्ण स्थानीय तहका प्रमूख प्रशासकीय अधिकृतहरूलाई स्थानीय सरकार सञ्चालन तथा बजेट तथा बजेट तर्जुमासम्बन्धी ३ दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न।
- ८५ वटा स्थानीय तहको नाम/केन्द्र वा दुबै परिवर्तन गरिएको ।

## १०. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | आयोजना/कार्यक्रमहरूको नाम | चालु बजेट | खर्च | खर्च% |
|---|---|---|---|---|
| ३६५०११३ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०५४३४ | १८७७७६ | ९१.४० |
| ३६५०१३३ | राष्ट्रिय दलित आयोग | १९७४२ | १९०२८ | ९६.३८ |
| ३६५०१५३ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ३५४६९९९९ | ३४७१७२५४ | ९७.८८ |
| ३६५०१६३ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | ४२९६३ | ४०७८० | ९४.९२ |
| ३६५०२०३ | राष्ट्रिय मुस्लिम आयोग | १०७५८ | ६५७० | ६१.०७ |
| ३६५०२१३ | केन्द्रीय पंजिकरण बिभाग | ४९१४६ | ३४६४७ | ७०.५० |
| ३६५१०१३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विास समिति | २४९३१ | २४७३० | ९९.१९ |
| ३६५१०४३ | स्थानीय निकाय वित्तीय आयोग | ६९७१५ | ६०६७५ | ८७.०३ |
| ३६५१०५३ | आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ८२३४७ | ८१२६९ | ९८.६९ |

| ब.उ.शी.नं. | आयोजना/कार्यक्रमहरूको नाम | चालु बजेट | खर्च | खर्च% |
|---|---|---|---|---|
| ३६५१०६३ | उपेक्षित,उत्पीडीत र दलितवर्ग उत्थान विकास समिति | ५७२५७ | ५२५२५ | ९१.७४ |
| ३६५१०८३ | पिछडिएको समुदाय उत्थान विकास समिति | २५३८५ | २१९७९ | ८६.५८ |
| ३६५१४४३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ७०००० | ७०००० | १००.०० |
| ३६५१५०३ | बादी समुदाय उत्थान विकास समिति | १५८५२ | १५३२७ | ९६.६९ |
| ३६५१५४३ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | ३४३८२ | ३१०५७ | ९०.३३ |
| ३६५१५५३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | १९४९७६ | ९४१२२ | ४८.२७ |
| ३६५८०१३ | जिल्ला विकास समिति अनुदान | ४६०९१३२ | ४४९६३३१ | ९७.५५ |
| ३६५८०२३ | गाऊं विकास समिति अनुदान | १५५५४६५८ | १५४४५२७३ | ९९.३० |
| ३६५८०३३ | नगरपालिका अनुदान | १३२९५६७२ | १३१३७८२७ | ९८.८१ |
| ३६५८०४३ | ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | १६९८९७ | १३०९८५ | ७७.१० |
| ३६५८०५३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १५४२७२ | १४४२०७ | ९३.४८ |
| ३६५८०६३ | ग्रामीण पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम | ३६२३७ | ३१७४१ | ८७.५९ |
| ३६५८०७३ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | ५१६१८ | ४९५४७ | ९५.९९ |
| ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १४८३६ | १५४७९ | १०४.३३ |
| ३६५८०९३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १२२५३२० | १०४६६०५ | ८५.४१ |
| ३६५८१०३ | ग्रामीण पहुंच कार्यक्रम | २१४७९ | ६९१४ | ३२.१९ |
| ३६५८१५३ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम | ९६३८९ | ८९७४१ | ९३.१० |
| ३६५८१६३ | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | ६२८९३ | ६९५८३ | ११०.६४ |
| ३६५८१७३ | नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम | ३४३९००६ | ३०९९०२१ | ९०.११ |
| ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३६९३२३० | १८४३२१६ | ४९.९१ |
| ३६५८२१३ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | १६६७२८ | ११६७३३ | ७०.०१ |
| ३६५८२२३ | कर्णाली रोजगार कार्यक्रम | १६७५८ | १४८५० | ८८.६१ |
| ३६५८२५३ | स्थानीय अग्रसरतालाई नयां ज्ञान र सीपसँग जोड्ने कार्यक्रम | १००० | ० | ०.०० |
| ३६५८३१३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | १८४३ | १६३६ | ८८.७७ |
| ३६५८३३३ | सामुदायिक सिंचाइ आयोजाना | १०२२२८ | ८५०९६ | ८३.२४ |
| ३६५८३७३ | साना सिचाई,नदि नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | १९९३ | १६३७ | ८२.१४ |
| ३६५८३८३ | सुनौला हजार दिन कार्यक्रम | १३५१७२० | ७२९३३७ | ५३.९६ |
| ३६५८४०३ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ५१०४ | १६५५ | ३२.४३ |
| ३६५८४१३ | उन्नती-समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | १०७७३ | ० | ०.०० |
| ३६५८४२३ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | १५२८९५ | १२८६९७ | ८४.१७ |

| ब.उ.शी.नं. | आयोजना/कार्यक्रमहरूको नाम | चालु बजेट | खर्च | खर्च% |
|---|---|---|---|---|
| ३६५८४३३ | स्थानीय सडक सुधार कार्यक्रम | ९२१७ | ८४६४ | ९१.८३ |
| ३६५८४४३ | साना सिँचाइ कार्यक्रम | १७७५१ | ६९५८ | ३९.२० |
| ३६५८४५३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | १६००१८ | १५१२११ | ९४.५० |
| ३६५८४६३ | वातावरण मैत्री स्थानीय शासन कार्यक्रम | ७९६२५२ | ७३४५५३ | ९२.२५ |
| ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | २७२९२० | १८१६०२ | ६६.५४ |
| ३६५८५०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १०१७१३०३ | ९६८८००९ | ९५.२५ |
| ३६५८५२३ | सीमा क्षेत्र विकास कार्यक्रम | २७७००९ | २१२०३४ | ७६.५४ |
| **कुल जम्मा** | | **९२३१३०३८** | **८७१२६६८१** | **९४.३४** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| व.उ.शी.नं. | आयोजना/कार्यक्रमहरूको नाम | पुजिँगत बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| ३६५०११४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | ९४८० | ८,८७३ | ९३.६० |
| ३६५०१३४ | राष्ट्रिय दलित आयोग | ४५० | ४५० | १०० |
| ३६५०१६४ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | १४६०५ | ९,४८८ | ६४.९६ |
| ३६५०२०४ | राष्ट्रिय मुस्लिम आयोग | ३१२ | १८९ | ६०.५८ |
| ३६५०२१४ | केन्द्रीय पंजिकरण बिभाग | ७४७५ | १,५७४ | २१.०६ |
| ३६५१०१४ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ४९९३९ | ४७,५३८ | ९५.१९ |
| ३६५१०४४ | स्थानीय निकाय वित्तीय आयोग | १००० | ९९८ | ९९.८० |
| ३६५१०५४ | आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | २०७०१ | २०,१५६ | ९७.३७ |
| ३६५१०६४ | उपेक्षित,उत्पीडीत र दलितवर्ग उत्थान विकास समिति | ९९१५ | ९,८१५ | ९८.९९ |
| ३६५१०८४ | पिछडिएको समुदाय उत्थान विकास समिति | १५० | १२२ | ८१.३३ |
| ३६५१४४४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ४०००० | २०,४९४ | ५१.२४ |
| ३६५१५०४ | बादी समुदाय उत्थान विकास समिति | ५००० | ३,६२६ | ७२.५२ |
| ३६५१५१४ | साना विकास आयोजना | १००० | | |
| ३६५१५४४ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | १५५९११ | १२१,१४२ | ७७.७० |
| ३६५१५५४ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २३५० | १,५२८ | ६५.०२ |
| ३६५८०४४ | ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ४३९५८६ | ३७४,०६७ | ८५.१० |
| ३६५८०५४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | २९४७५० | २७२,९७९ | ९२.६१ |
| ३६५८०६४ | ग्रामीण पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम | १२४२०२० | १,०३६,४६७ | ८३.४५ |
| ३६५८०७४ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | २२८६८९ | २२४,६४४ | ९८.२३ |
| ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २२०२६३८ | १,८८७,६४९ | ८५.७० |
| ३६५८०९४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | २१३१८५८ | १,७२६,०४९ | ८०.९६ |
| ३६५८१०४ | ग्रामीण पहुंच कार्यक्रम | ८०६६६१ | ३४४,४६९ | ४२.७० |
| ३६५८१५४ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम | २०३६५६६ | १,५५३,९६८ | ७६.३० |
| ३६५८१६४ | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | ११८७९० | १०६,०७७ | ८९.३० |
| ३६५८१९४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ५४७३४ | ९,८७९ | १८.०५ |
| ३६५८२१४ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ | ३१९२७२ | २६१,६८५ | ८१.९६ |

| व.उ.शी.नं | आयोजना/कार्यक्रमहरूको नाम | पुजिंगत बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ३६५८२२४ | कर्णाली रोजगार कार्यक्रम | ४३९७०५ | ४३३,५४५ | ९८.६० |
| ३६५८३१४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २९९५५९६ | २,५२६,८१४ | ८४.३५ |
| ३६५८३३४ | सामुदायिक सिंचाइ आयोजाना | ९३९६९८ | ७८६,१२५ | ८३.६६ |
| ३६५८३७४ | साना सिचाई,नदि नियन्त्रण र अन्य पूर्वाधार विकास कार्यक्रम | ३७५५४६० | ३,२४९,२८२ | ८६.५२ |
| ३६५८३८४ | सुनौला हजार दिन कार्यक्रम | ३९६० | २,०४४ | ५१.६२ |
| ३६५८४०४ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | १९०८१५ | ९१,७९२ | ४८.११ |
| ३६५८४१४ | उन्नती-समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | ६११५५१ | ० | ० |
| ३६५८४२४ | राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम | ६५२५१८२ | ३,९०५,३६७ | ५९.८५ |
| ३६५८४३४ | स्थानीय सडक सुधार कार्यक्रम | ७४८३१५ | ६३४,३१५ | ८४.७७ |
| ३६५८४४४ | साना सिँचाइ कार्यक्रम | ७४७९६४ | ५२४,५५० | ७०.१३ |
| ३६५८४६४ | वातावरण मैत्री स्थानीय शासन कार्यक्रम | ३५५० | २,३९७ | ६७.५२ |
| ३६५८४७४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४०० | ० | ० |
| ३६५८५१४ | आर्थीक केन्द्र तथा दुई जिल्ला जोड्ने सडक | २०२९८५६ | १,८२४,८०४ | ८९.९० |
| ३६५८५२४ | सीमा क्षेत्र विकास कार्यक्रम | ७२०२१२ | ६७०,२४२ | ९३.०६ |
| **कुल जम्मा** | | **२९९०६११६** | **२२६९५२०३** | **७५.८९** |

## ११. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ फाल्गुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| व.उ.शी.नं | आयोजना/कार्यक्रमहरूको नाम | चालु बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| ३६५०११३ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १८८,९५५ | ९३,५९५ | ४९.५३ |
| ३६५०१३३ | राष्ट्रिय दलित आयोग | १८,९१५ | १४,४२२ | ७६.२५ |
| ३६५०१५३ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ४०,०००,००० | २३,८४३,७७५ | ५९.६१ |
| ३६५०१६३ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | ४६,८७७ | ३५,३९६ | ७५.५१ |
| ३६५०२०३ | राष्ट्रिय मुस्लिम आयोग | १०,६६१ | २,२४० | २१.०१ |
| ३६५०२१३ | केन्द्रिय पंजिकरण बिभाग | १,०४४,३५१ | ३९,८४० | ३.८१ |
| ३६५१०१३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ३६,५१२ | २२,२५३ | ६०.९५ |
| ३६५१०४३ | स्थानीय निकाय वित्तीय आयोग | ९,७७९ | ४,१९२ | ४२.८७ |
| ३६५१०५३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ४८,८४५ | २३,६५३ | ४८.४२ |
| ३६५१०६३ | उपेक्षित,उत्पीडीत र दलितवर्ग उत्थान विकास समिति | १३,९१० | ९,८१६ | ७०.५७ |

| व.उ.शी.नं | आयोजना/कार्यक्रमहरूको नाम | चालु बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| ३६५१०८३ | पिछडिएको समुदाय उत्थान विकास समिति | २६,६१७ | ५,२७६ | १९.८२ |
| ३६५१४४३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ९५,००० | ६४,५१० | ६७.९१ |
| ३६५१५०३ | बादी समुदाय उत्थान विकास समिति | १८,५४५ | ९,६०३ | ५१.७८ |
| ३६५१५४३ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | १०,४१६ | ४,२८० | ४१.०९ |
| ३६५१५५३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ६४,४२५ | १,४२७ | २.२१ |
| ३६५८०१३ | जिल्ला समन्वय समितिको कार्यालयहरु | २,०५९,४४८ | १,३५८,२४१ | ६५.९५ |
| ३६५८०५३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | २५०,४६३ | ७३,५९४ | २९.३८ |
| ३६५८०६३ | ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम | ८७,९७१ | ३०,८५१ | ३५.०७ |
| ३६५८०७३ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | ५६,५५५ | ४०,०५९ | ७०.८३ |
| ३६५८०८३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १८,२५३ | ८,८६६ | ४८.५७ |
| ३६५८०९३ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | १९,७९१ | १२,०८२ | ६१.०५ |
| ३६५८१०३ | ग्रामीण पहुंच कार्यक्रम | २३,५४९ | ४,११० | १७.४५ |
| ३६५८१५३ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम | २३० | २३० | १००.०० |
| ३६५८१६३ | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | ६४,४३९ | ४०,४८५ | ६२.८३ |
| ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | १,५३५,३९६ | ४६७,२५९ | ३०.४३ |
| ३६५८२१३ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | १८३,७४२ | ८३,३८८ | ४५.३८ |
| ३६५८२२३ | कर्णाली रोजगार कार्यक्रम | २९,५६२ | १२,४४९ | ४२.११ |
| ३६५८३१३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २,०८५ | १,२९७ | ६२.२१ |
| ३६५८३३३ | सामुदायिक सिंचाइ आयोजाना | ८६,११९ | ५३,९३१ | ६२.६२ |
| ३६५८४०३ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ८,५५७ | १,३१० | १५.३१ |
| ३६५८४१३ | उन्नती-समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | १५,४७२ | ० | ०.०० |
| ३६५८४२३ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | १५३,२४९ | ८८,०४० | ५७.४५ |
| ३६५८४४३ | साना सिँचाइ कार्यक्रम | २०,२५२ | ३,३३३ | १६.४६ |
| ३६५८४५३ | गरिबसँग विश्वेश्वर कार्यक्रम | २४२,२३५ | ११६,८३१ | ४८.२३ |
| ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ४६२,४७६ | ४४,४६२ | ९.६१ |
| ३६५८५०३ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १०,२०५,००० | ६६० | ०.०१ |
| ३६५८५२३ | सीमा क्षेत्र विकास कार्यक्रम | २०५,९०६ | ७३,४२८ | ३५.६६ |
|  | **जम्मा** | **५७,३६४,३२८** | **२६,६८९,१८४** | **४६.५३** |

पुँजीगत खर्च (रू. हजारमा)

| व.उ.शी.नं | आयोजना/कार्यक्रमहरूको नाम | पुजिँगत बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| ३६५०११४ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २८,६०९ | ४४३ | १.५५ |
| ३६५०१३४ | राष्ट्रिय दलित आयोग | ४३९ | ४३९ | १००.०० |
| ३६५०१६४ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | ७,६९६ | २,५०१ | ३२.५० |
| ३६५०२०४ | राष्ट्रिय मुस्लिम आयोग | ४४५ | - | ०.०० |
| ३६५०२१४ | केन्द्रिय पंजिकरण बिभाग | १,०१६,८८२ | १२,७८२ | १.२६ |
| ३६५१०१४ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | १२,२५३ | ६,७९० | ५५.४२ |
| ३६५१०५४ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | २६,७६९ | ८,५८० | ३२.०५ |
| ३६५१०८४ | पिछडिएको समुदाय उत्थान विकास समिति | १५९ | १३ | ८.१८ |
| ३६५१४४४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ३८,५६० | ३७,१९१ | ९६.४५ |
| ३६५१५०४ | बादी समुदाय उत्थान विकास समिति | ३,६३० | १२९ | ३.५५ |
| ३६५१५१४ | साना विकास आयोजना | १,००० | - | ०.०० |
| ३६५१५४४ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | ५,९६७ | - | ०.०० |
| ३६५१५५४ | संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | १,९८० | - | ०.०० |
| ३६५८०१४ | जिल्ला समन्वय समितिको कार्यालयहरु | - | - | - |
| ३६५८०५४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ५५५,४३९ | १७१,६३२ | ३०.९० |
| ३६५८०६४ | ग्रामीण पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम | ४,१८०,२०० | ५१४,७३७ | १२.३१ |
| ३६५८०७४ | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम | २८५,४०० | १४१,९७५ | ४९.७५ |
| ३६५८०८४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | १,००५,४६५ | १२६,१४८ | १२.५५ |
| ३६५८०९४ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ३,२९२,८८५ | ९३३,०४६ | २८.३४ |
| ३६५८१०४ | ग्रामीण पहुंच कार्यक्रम | १,१९१,१४० | १४४,१२४ | १२.१० |
| ३६५८१५४ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम | ४०० | ४०० | १००.०० |
| ३६५८१६४ | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | १५४,८०२ | ४०,०५० | २५.८७ |
| ३६५८१९४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ७७८,७०० | १७२,६९८ | २२.१८ |
| ३६५८२१४ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम | ३७८,९८५ | १६६,२१० | ४३.८६ |
| ३६५८२२४ | कर्णाली रोजगार कार्यक्रम | ७९९,२१२ | १६०,७२० | २०.११ |
| ३६५८३१४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | ३,५००,००० | ६८२,१७३ | १९.४९ |
| ३६५८३३४ | सामुदायिक सिंचाइ आयोजाना | ७०८,७२६ | २४८,२७६ | ३५.०३ |
| ३६५८४०४ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | १७२,००० | - | ०.०० |
| ३६५८४१४ | उन्नती-समावेशी आर्थिक विकास कार्यक्रम नेपाल | १,९२४,७०३ | - | ०.०० |

| व.उ.शी.नं | आयोजना/कार्यक्रमहरूको नाम | पुजिंगत बजेट | खर्च | खर्च % |
|---|---|---|---|---|
| ३६५८४२४ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | ६,४४६,७५१ | २,४०२,०५० | ३७.२६ |
| ३६५८४४४ | साना सिँचाइ कार्यक्रम | १,२००,००० | ४८,३६८ | ४.०३ |
| ३६५८४५४ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ५१५ | ४२९ | ८३.३० |
| ३६५८४७४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ७,५०० | - | ०.०० |
| ३६५८५२४ | सीमा क्षेत्र विकास कार्यक्रम | ९६६,६५२ | २२२,३२७ | २३.०० |
| | **जम्मा** | **२८,६९३,४६४** | **६,२४४,२३१** | **२१.७६** |

◆ ◆ ◆

# सामान्य प्रशासन मन्त्रालय

## १. पृष्ठभूमिः

निजामती प्रशासनको सञ्चालन एवं व्यवस्थापन लगायत केन्द्रीय कर्मचारी निकायको रूपमा रही कार्य गर्ने सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी रहेको छ । नेपालको प्रशासनलाई उपलब्ध ज्ञान, सीप र क्षमताको पूर्ण उपयोग गरी सम्मानयुक्त र भरोसा योग्य बनाउदै जनताप्रति प्रतिवद्ध भई स्वच्छ र विश्वसनीय ढंगले गुणस्तरीय सेवा प्रवाहमा समर्पित गराउने यसको दूरदृष्टि रहेको छ ।

## २. दीर्घकालीन सोचः

जनमूखी, स्वच्छ, जवाफदेही संघीय शासन व्यवस्था ।

## ३. ध्येय :

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

## ४. रणनीतिहरू:

- सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन संघीय शासन प्रणालीअनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गर्ने ।
- सार्वजनिक निकायका काम कारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।
- राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममूखी र उत्तरदायी बनाउने ।

**कार्यनीतिगत लक्ष्य :**

- नेपालको संविधानबमोजिम तीन तहको शासन पद्धतिअनुरूप प्रशासन यन्त्रको पुन:संरचना गरिनेछ।
- सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवं सहज बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गरिनेछ ।
- अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेका जनतालाई सेवा पु-याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ ।
- जनगुनासोलाई प्रत्यक्ष रूपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ ।
- सेवाप्रवाहलाई जनमूखी र सेवामूलक बनाउन क्षतिपूर्तिसहितको नागरिक वडापत्र कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक सरोकारका विषयसँग सम्बन्धित सार्वजनिक निकायमा रहेका सूचनामा कानुनबमोजिम नागरिकको पहुँच अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक निकायका नेतृत्व तहका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन सूचकसहितको कार्यसम्पादन सम्झौता गर्नैपर्ने कानुनी व्यवस्था गरी लागु गरिनेछ ।
- भ्रष्टाचार विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि मार्फत् व्यक्त गरिएका प्रतिवद्धताअनुरूप हुनेगरी भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गरी शून्य सहनशीलताको नीति अङ्गीकार गरिनेछ । साथै,

सार्वजनिक निकायका पदाधिकारीहरूलाई थप जिम्मेवार बनाइनेछ ।

- सरकारी कर्मचारी तथा उनीहरूका आश्रित परिवारको लागि दुर्घटना र स्वास्थ्य बीमा लागू गरिनेछ ।
- अन्तर्राष्ट्रिय प्रचलन र सीमा भित्र रही निजामती कर्मचारीहरूको ट्रेड युनियनको आचारसंहिता बनाई व्यवस्थापन गरिनेछ ।

## ५. कार्यक्षेत्र :

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम यस मन्त्रालयलाई देहायका कार्यहरू गर्ने गरी कार्य क्षेत्र निर्धारण गरिएको छः

- निजामती कर्मचारी प्रशासन, व्यवस्थापन तथा अभिलेखसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- बढुवा समितिको सचिवालय;
- सेवा, समूह तथा उपसमूह परिवर्तन;
- निजामती सेवाका पदको लागि न्यूनतम शैक्षिक योग्यताको निर्धारण;
- प्रशासन सुधार;
- प्रशासन विषयक अन्तर्राष्ट्रिय संघसंस्था;
- नेपाल सरकारको तालिमसम्बन्धी नीति र सर्वेक्षण;
- नेपाल सरकारद्वारा सञ्चालित विभिन्न प्रशासनिक तालिम कार्यक्रमको स्तरीयकरण, समन्वय र मूल्याङ्कन;
- प्रशासन सेवासम्बन्धी देश भित्र र बाहिरका तालिम, योजना तथा कार्यक्रममा स्वीकृति;
- प्रशासन विषयक तालिमको सञ्चालन र निजामती कर्मचारीलाई प्रदान गरिने विभिन्न तालिम कार्यक्रमको समन्वय तथा मूल्याङ्कन;
- सार्वजनिक सेवाका पदहरूको तलब तथा अन्य सुविधा विषयक नीति र सिद्धान्त तथा परामर्श;
- निजामती कर्मचारीलाई एक मन्त्रालय वा अन्तर्गतबाट अर्को मन्त्रालय वा अन्तर्गत सरूवा;
- निजामती सेवामा रहने पदको दरबन्दी सिर्जना;
- निजामती सेवा अन्तर्गतका विभिन्न सेवा बीच समन्वय;
- निजामती कर्मचारीको कल्याण;
- व्यवस्थापकीय परीक्षण;
- निजामती किताबखाना;
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान;
- कर्मचारी प्रशिक्षण प्रतिष्ठान;
- निजामती कर्मचारी अस्पताल;
- कर्मचारी सम्वद्ध सङ्घ, संस्था;
- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालन ।

## ६. आर्थिक वर्ष २०७४।७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १९१ | सार्वजनिक प्रशासनलाई जनताप्रति संवेदनशील र उत्तरदायी संस्थाको रुपमा विकास गर्दै लगिने छ । संघीय संरचनामा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सक्षम हुने गरी **निजामती सेवाको पुनसंरचना** गरिने छ । संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवालाई मार्गदर्शन गर्नेगरी **राष्ट्रिय निजामती सेवा नीति तर्जुमा** गरिने छ । प्रदेश र स्थानीय तहका लागि आवश्यक सार्वजनिक सेवाहरुको गठन गरी राष्ट्रसेवक कर्मचारीहरुलाई संविधानको भावना र मर्म अनुरुप **संघ, प्रदेश र स्थानीय तहमा आवश्यकताअनुसार समायोजन** गरिनेछ । सार्वजनिक सेवा प्राप्तिलाई जनताको अधिकारको रुपमा स्थापित गरिनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अवलम्बन गरी **राष्ट्रिय सदाचार पद्धतिको विकास** गरिने छ । | • नेपालको संविधानको धारा ३०२ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनका लागि कर्मचारी समायोजन ऐन, २०७४ तथा कर्मचारी समायोजन नियमावली, २०७४ जारी भएको।<br>• कर्मचारी समायोजन नियमावली, २०७४ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति मिति फागुन पछि गठन भई उक्त समितिबाट संघीय तहमा रहने २१ वटा मन्त्रालयको संगठन संरचना तयार गरेको ।<br>• संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐनको मस्यौदा र स्थानीय सेवाको नमूना कानूनको मस्यौदा तयार गरिएको ।<br>• स्थानीय तहमा प्रशासनिक संगठन तथा कर्मचारी व्यवस्थापनसम्बन्धी गठन आदेश स्वीकृत भएको र सोही आदेशबमोजिम गठित जिल्ला कर्मचारी व्यवस्थापन समितिले स्थानीय तहमा करिब ९ हजार कर्मचारीलाई खटाएको। सामान्य प्रशासन मन्त्रालयबाट करिब १३ सय कर्मचारीलाई स्थानीय तहमा खटाइएको ।<br>• प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत प्रदेशमा रहने ७ वटा मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय र प्रदेश सभा सचिवालय गरी प्रदेश स्तरका ९ वटा निकायको कार्यक्षेत्र, कार्यजिम्मेवारी र अन्तरिम व्यवस्थापनको लागि अस्थायी संगठन संरचना तथा ती निकायमा १ हजार ७ सय ७८ अस्थायी दरबन्दी स्वीकृत गरी ११ सय भन्दा बढी कर्मचारीहरु (कानून र लेखा समूहका बाहेक) निश्चित मापदण्डका आधारमा कामकाज गर्न खटाइएको ।<br>• भ्रष्ट्राचार निवारणको लागि बिभिन्न कार्क्रम गरिएको साथै राष्ट्रिय सदाचार नीतिको मस्यौदामा छलफल भइरहेको । |

## ७. चालु आर्थिक वर्ष २०७४/०७५ फाल्गुण मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- नेपालको संविधानको धारा ३०२ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनका लागि कर्मचारी समायोजन ऐन, २०७४ तथा कर्मचारी समायोजन नियमावली २०७४ जारी भएको।
- निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन फाराम सामान्य प्रशासन मन्त्रालयमा प्राप्त भएको जानकारी सरोकारवाला कर्मचारीलाई एस.एम.एस (SMS) मार्फत प्रदान गर्ने व्यवस्थाको शुरुवात भएको ।
- आ.व. २०७३/०७४ मा व्यवस्थापन परीक्षण गरिएका केन्द्रीयस्तरका ५ वटा र जिल्लास्तरका २४ वटा निकायहरुको वार्षिक प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत गराइएको । विगत आर्थिक वर्षमा व्यवस्थापन परीक्षण गरिएका निकायहरुमा Follow-Up कार्यक्रम तथा अनुगमन कार्य यसै आर्थिक वर्षबाट शुरु गरिएकोमा रसुवा जिल्लास्थित विभिन्न निकायहरुमा Follow-Up कार्यक्रम तथा अनुगमन सम्पन्न गरिएको। परराष्ट्र मन्त्रालय र सोलुखुम्बु जिल्लास्थित विभिन्न कार्यालयहरुमा नियमित व्यवस्थापन परीक्षण साथै त्रिभूवन अन्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय, वैदेशिक रोजगार विभाग काठमाडौं कार्यालय, सिँचाइ विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग, स्वास्थ्य सेवा विभाग, रक्षा मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आकस्मिक व्यवस्थापन परीक्षण सम्पन्न भएको ।
- सातै प्रदेशका विभिन्न सरकारी निकायहरुमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण गर्ने वार्षिक कार्ययोजनाबमोजिम प्रदेश नं २ को सप्तरी जिल्ला, प्रदेश नं ३ को नुवाकोट जिल्ला र प्रदेश नं ४ को गोरखा जिल्लाका विभिन्न सरकारी कार्यालयहरुमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न भएको ।
- नयाँ पुस्तालाई नेपालको निजामती सेवातर्फ आकर्षित गर्ने सन्दर्भमा बाग्लुङ र धादिङ जिल्लामा अभिप्रेरणा साझेदारी कार्यक्रम सञ्चालन गरिएको ।

## ८. आर्थिक वर्ष २०७३/०७४ को विनियोजित बजेट एवं खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५६०११३ | सामान्य प्रशासन मन्त्रालय | ४२१६०५ | ३२६२०५ | ७७.३७ |
| ३५६०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २१२४४५ | २१२४४५ | १००.०० |
| ३५६०१३३ | अतिरिक्त समूह | १२८७७१ | १२७८३३ | ९९.२७ |
| ३५६०१४३ | निजामती किताबखाना | ४१४८६ | ४१२५५ | ९९.४४ |
| ३५६०१५३ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | ७३७८८ | ५९७९३ | ८१.०३ |
| ३५६१०१३ | निजामती कर्मचारी अस्पताल विकास समिति | २०३८३८ | ६१४३५ | ३०.१४ |
| | **जम्मा** | **१०८१९३३** | **८२८९६६** | **७६.६२** |

पुँजीगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५६०११४ | सामान्य प्रशासन मन्त्रालय | १५४५० | २७२४४ | ९२ |
| ३५६०१४४ | निजामती किताबखाना | २१६३९ | २१६३९ | १०० |
| | **जम्मा** | **३७०८९** | **४८८८३** | **९२** |

## ९. आ.व. २०७४/७५ को विनियोजित बजेट तथा २०७४ चैत्र मसान्त सम्मको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५६०११३ | सामान्य प्रशासन मन्त्रालय | ३२९,२३६ | १६३,२६८ | ४९.५९ |
| ३५६०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २१६,०७७ | १६०,५९१ | ७४.३२ |
| ३५६०१३३ | अतिरिक्त समूह | १२८,२१० | ८६,१२५ | ६७.१७ |
| ३५६०१४३ | निजामती किताबखाना | ४५,५८६ | २९,९५८ | ६५.७२ |
| ३५६०१५३ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | ८१,१६७ | ४५,६८३ | ५६.२८ |
| ३५६१०१३ | निजामती कर्मचारी अस्पताल विकास समिति | २७२,७२२ | २७२,७२२ | १००.०० |
| | **जम्मा** | **१,०७२,९९८** | **७५८,३४७** | **७०.६८** |

पुँजीगत खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५६०११४ | सामान्य प्रशासन मन्त्रालय | २१,०८३ | ७,३६१ | ३४.९१ |
| ३५६०१४४ | निजामती किताबखाना | १९,९६९ | २,४९३ | १२.४८ |
| | **जम्मा** | **४१,०५२** | **९,८५४** | **२४.००** |

◆ ◆ ◆

# सूचना तथा सञ्चार मन्त्रालय

## १. पृष्ठभूमि

सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिएकोमा सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि २०२८ साल साउन १ गते सञ्चार मन्त्रालयको स्थापना भएको हो । नेपालको संविधानले व्यवस्था गरेका पूर्ण प्रेस स्वतन्त्रता, वाक र प्रकाशन स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हकको प्रत्याभूति गर्ने मन्त्रालयको भूमिका महत्त्वपूर्ण रहेको छ । सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत मूलतः आमसञ्चार माध्यमहरू, दूरसञ्चारसेवा, हुलाकसेवा, मुद्रणसेवा, छापा तथा विद्युतीय सञ्चार, इन्टरनेटमा आधारित सञ्चार माध्यम, विज्ञापन र चलचित्र क्षेत्र पर्दछन्। यो मन्त्रालय राष्ट्रिय सूचना आयोगको सम्पर्क मन्त्रालयको रूपमा समेत रहेको छ । प्रेस काउन्सिल, दूरसञ्चार प्राधिकरण जस्ता स्वायत्त निकायका साथै गोरखापत्र संस्थान, रेडियो नेपाल, राष्ट्रिय समाचार समिति र नेपाल टेलिभिजन जस्ता सार्वजनिक सञ्चार माध्यमहरू पनि यसै मन्त्रालयसँग सम्बन्धित छन् ।

## २. दीर्घकालीन सोचः

सूचना र सञ्चार प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिको उपयोग गरी सञ्चार र सूचना प्रविधि मार्फत मुलुकमा सामाजिक, आर्थिक विकाससहित समृद्धि हासिल गर्ने ।

## ३. उद्देश्य

सूचना तथा सञ्चार प्रविधिलाई नवीनतम, भरपर्दो, गुणस्तरीय र पहुँचयोग्य बनाई राष्ट्रको समष्टिगत विकासमा योगदान पुऱ्याउनु ।

## ४. रणनीति

- दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नविनतम् प्रविधिको प्रयोग गरी देशभर सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय भ्वाइस एण्ड डाटा सेवा उपलब्ध गराउने ।
- सार्वजनिक सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक र स्वायत्त बनाउने ।
- सुरक्षण मुद्रणसम्बन्धी सबै पूर्वाधार तयार गरी सुरक्षण मुद्रण विकास समितिबाटै सुरक्षण मुद्रण कार्य प्रारम्भ गर्ने ।
- सामाजिक तथा सांस्कृतिक मूल्य, मान्यता, सद्भाव, सहिष्णुता र राष्ट्रिय एकता प्रवर्द्धन हुने तथा नेपालको सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन हुने खालका मौलिक एवं आधुनिक चलचित्र निर्माण गर्न जोड दिने ।
- सङ्घीय संरचनाबमोजिम हुलाक सेवाको पुनर्संरचना गरी थप आधुनिक, व्यावसायिक, प्रतिस्पर्धी तथा बहुउपयोगी बनाउने ।
- जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने ।
- पूर्ण प्रेस स्वतन्त्रताको सम्मान गर्दै आमसञ्चार माध्यमहरूलाई मर्यादित, जिम्मेवार र उत्तरदायी

बनाउने ।

- नेपालको संविधानमा उल्लेखित व्यवस्थाअनुरुप सङक्रमणकालीन व्यवस्थापन गरी कार्यान्वयनको उचित व्यवस्था मिलाउने ।

## ५. कार्यनीति

- दूरसञ्चार क्षेत्रको समग्र विकासका लागि आवश्यक पर्ने नीतिगत, कानूनी नियमनका क्षेत्रमा समयोचित सुधार गर्ने ।
- ब्रोडब्यान्ड सेवाको राष्ट्रव्यापी पहुँच सुनिश्चित गर्न राष्ट्रिय ब्रोडब्यान्ड पूर्वाधार र ब्रोडब्यान्ड इन्टरनेट पहुँच सञ्जालको विकास, विस्तार तथा स्तरोन्नति गर्ने ।
- विपद्को अवस्थामा पनि सार्वजनिक प्रसारणलाई अवरुद्ध नहुने व्यवस्था मिलाइनेछ ।
- प्रसारण प्रविधिमा विविधता कायम गरी Internet Protocol Television (IPTV), Multichannel Multipoint Distribution Service (MMDS) तथा भू-उपग्रह प्रविधिको प्रयोग गरिनेछ ।
- रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवामा रूपान्तरण गर्न कानूनी तथा संस्थागत व्यवस्था गरी डिजिटल प्रविधिमा आधारित प्रसारण प्रारम्भ गरिनेछ ।
- गोरखापत्रका प्रकाशनहरूलाई क्षेत्रीयस्तरसम्म विस्तार गर्दै लगी प्रकाशनको विद्युतीय अभिलेखीकरण गरी अनलाइनको माध्यमबाट पाठक एवं अध्येताहरूको पहुँचमा पुऱ्याइनेछ ।
- सार्वजनिक सञ्चार माध्यमको व्यावसायिक कार्ययोजना बनाई स्रोतहरूको अधिकतम प्रयोग गरी सञ्चार सेवा विस्तार र सुदृढीकरण गरिनेछ ।
- सार्वजनिक प्रसारणको पहुँच स्थानीयस्तरसम्म पुऱ्याइनेछ ।
- सुरक्षण मुद्रणसम्बन्धी कार्य स्वदशमै गर्न आवश्यक कानूनी एवं भौतिक पूर्वाधार र संस्थागत व्यवस्था गरी मुद्रण प्रारम्भ गरिनेछ ।
- चलचित्रको उत्पादन, वितरण र प्रदर्शनमा प्रतिलिपि अधिकारको व्यवस्थापन, संरक्षण र कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सम्वद्ध पक्षहरूबीच विधिसम्मत सम्झौता गर्ने-गराउने पद्धतिको विकास गरिनेछ ।
- नेपाली चलचित्रहरूलाई संरक्षित गर्न डिजिटाइजेसन, चलचित्र पुस्तकालय र राष्ट्रिय चलचित्र सङ्ग्रहालयको स्थापना गरिनेछ । चलचित्र क्षेत्रमा बक्सअफिस सेवा लागु गरिनेछ ।
- कुनै पनि हुलाक कार्यालयबाट ग्राहकलाई बचत र ऋणको सेवा पाउने प्रणालीमा आवद्ध गरी हुलाक बचत बैङ्कको लगानीको क्षेत्र र सेवा विस्तार गरिनेछ ।
- टेलीसेन्टर र अतिरिक्त हुलाकलाई हुलाक कार्यालयसँगको आवद्धता रहने गरी स्रोत साधन र जिम्मेवारीसहित स्थानीय निकायमा हस्तान्तरण गरिनेछ ।
- सूचनाको हकको कार्यान्वयन गर्नका लागि राष्ट्रिय सूचना आयोगलाई प्रभावकारी र सक्षम बनाइनेछ ।
- सार्वजनिक निकायबाट प्रत्येक चार महिनामा आफूले गरेका कार्यहरू सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गरिनेछ ।

- विभिन्न निकायहरूका ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित गरिनेछ ।
- प्रेस काउन्सिल नेपाललाई सुदृढीकरण गर्दै यसको भूमिका र सेवा विस्तार गरिनेछ ।

## ६. कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम मन्त्रालयबाट सम्पादन हुने भनी तोकिएका कार्यक्षेत्रहरु:

- सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- प्रेस तथा सूचना र सुरक्षण मुद्रण;
- हुलाक सेवाको सञ्चालन, विकास र प्रवर्द्धन;
- कुरियर सेवाको सुपरिवेक्षण, नियमन तथा नियन्त्रण;
- पत्रपत्रिकाको विकास तथा प्रकाशन;
- सूचना, प्रचार तथा प्रसार;
- रेडियो तथा टेलिभिजन प्रसारण, डाउन लिङ्क तथा केवल सञ्चालन;
- सूचना सञ्चार सञ्जालमार्फत् एकीकृत सेवा;
- चलचित्र विकास;
- दूरसञ्चार;
- सूचना र सञ्चार प्रविधिको विकास तथा विस्तार;
- सूचना र सञ्चार प्रविधि सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क;
- फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा अनुगमन;
- नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल टेलिकम, गोरखापत्र संस्थान, चलचित्र विकास बोर्ड, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति तथा नेपाल टेलिभिजन;
- सञ्चार विषयक अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँगको सम्पर्क;
- प्रेस काउन्सिल;
- राष्ट्रिय सूचना आयोग;
- विज्ञापन सम्बन्धी विषय;
- नेपाल इन्जिनियरिङ सेवाको इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ समूह सञ्चालन ।

## ७. आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तको प्रगति |
|---|---|---|
| १५९ | सरकारी निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरु एकीकृत रुपमा विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउने गरी सूचना विभागमा सूचना बैंकको स्थापना गरिनेछ । विदेशी प्रसारण संस्थाबाट नेपालभित्र गरिने प्रसारणलाई २०७४ साउन १ गते देखि विज्ञापनरहित | सूचना बैंक स्थापना गरी अद्यावधिक गर्ने काम भइरहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तको प्रगति |
|---|---|---|
| | बनाउन शुरु गरिनेछ । | |
| १६० | सूचना प्रविधिको प्रयोग बढाउन तथा सहज रुपमा सूचना प्रवाह गर्न सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सञ्चालित टेलिसेन्टरहरु र सामुदायिक सूचना केन्द्रहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा स्थानीय हुलाक कार्यालय मार्फत विस्तार तथा सञ्चालन गरिनेछ । | चालु आ.ब.मा कार्यक्रम तथा बजेट व्यवस्था गरी हुलाक सेवा विभागसँग MOU गरी प्रक्रिया अगाडि बढाउने क्रममा रहेको । |
| १६१ | राष्ट्रिय राजमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सडकहरूमा अप्टिकल फाइबर बिछ्याई आगामी दुई वर्षभित्र सबै जिल्ला सदरमुकाम, नगरपालिका तथा गाउँपालिकाहरुलाई सूचना मार्गले जोडिनेछ। ब्रोडब्याण्ड इन्टरनेट सेवालाई वडास्तरसम्म विस्तार गरिनेछ । | • नेपाल टेलिकमसँग मिति २०७४/०१/२१ मा सम्झौता भएकोमा अप्टिकल फाईवर नेटवर्क विस्तारको लागि विस्तृत सर्वेक्षण गरी स्वीकृतिको लागि नेपाल टेलिकमले संचालक समितिमा पेश गरेको तथा Microwave को लागि टेण्डर प्रकाशन भइ मूल्यांकन गर्ने क्रममा रहेको।<br>• प्रदेश नं.४ र ५ अन्तर्गतका मध्यपहाडी लोकमार्गहरुमा युनाईटेड टेलिकम लि.सँग मिति २०७४/०१/१८ मा सम्झौता गरिएको।<br>• प्रदेश नं.६ र ७ अन्तर्गतका मध्यपहाडी लोकमार्गहरुमा अप्टिकल फाईवर नेटवर्क विस्तार गर्न स्मार्ट टेलिकम लि.सँग मिति २०७४/०४/०३ मा सम्झौता भइ सर्वेक्षणको कार्य प्रारम्भ भएको ।<br>• राज्यका सम्पूर्ण जिल्लाका शैक्षिक संस्था, स्थानीय तहहरुमा ब्रोडव्याण्ड सेवा विस्तार गर्नको लागि सम्पूर्ण जिल्लाहरुलाई १८ प्याकेजमा विभाजन गरी १० वटा प्याकेजका ३५ वटा जिल्लाहरुमा ब्रोडव्याण्ड सेवा विस्तार गर्नका लागि सेवा प्रदायकहरुसँग सम्झौता गर्ने कार्य सम्पन्न भएको । |
| १६१ | दूरसञ्चार सेवालाई थप व्यवस्थित र प्रतिस्पर्धी बनाउन दूर सेवा प्रदायकहरुबीच एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ । | दूरसंचार सेवा प्रदायक गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी नियमावली, २०७४ को मस्यौदा तयार भएको । |
| १६१ | अवैध मोबाइलको पैठारी नियन्त्रण गर्न इन्टरनेशनल मोबाइल इक्वीपमेण्ट आइडेन्टिफिकेशन (IMEI) नम्बरको दर्ता गर्ने व्यवस्था अनिवार्य गरिनेछ । | मिति २०७३ वैशाख १ गते देखि नेपालमा आयात हुने Mobile उपकरणको IMEI नम्बर दर्ता गर्ने कार्य अनिबार्य गराइएको साथै, मिति २०७४\|११\|०१ देखि Online System बाट |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तको प्रगति |
|---|---|---|
| | | IMEI नम्वर दर्ता गर्न समेत शुरु गरिएको । |
| १६२ | हुलाक सेवालाई स्वायत्त निकायको रुपमा पुनर्संरचना गर्न कानूनी तथा संरचनागत व्यवस्था गरिनेछ । | हुलाक प्राधिकरणसम्बन्धी नयाँ ऐनको मस्यौदा तयार भएको । |
| १६२ | हुलाक बचत बैंकलाई प्रत्येक स्थानीय तहसम्म विस्तार गरी विप्रेषण, विद्युत, खानेपानी, टेलिफोन महशुल, सामाजिक सुरक्षा भत्ता भुक्तानी केन्द्रको रुपमा विकास गरिनेछ । | कार्यविधिको मस्यौदा भई छलफल अगाडि बढेको । |
| १६३ | आम सञ्चार माध्यममा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता, मधेसी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व बढाउन लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । | संविधानको भावना र मर्मअनुरूप शमावेसी सिद्धान्तलाई अवलम्बन गर्दै स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत छात्र छात्राहरूमध्ये ५ जना विद्यार्थीलाई (महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएको क्षेत्रको समूहबाट) २५,०००।– का दरले छात्रवृत्ति रकम प्रदान गर्ने कार्य सम्पन्न भएको । |
| १६३ | श्रमजिवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ । | सञ्चार प्रतिष्ठानहरुमा श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारहरुको न्यूनतम पारिश्रमिक तथा श्रमजीवी पत्रकार ऐनको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन जारी रहेको । |
| १६३ | पत्रकारहरुको क्षमता वृद्धिका लागि प्रत्येक प्रदेशमा पत्रकार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न पहल गरिनेछ । | आम सञ्चार प्रशिक्षण अध्ययन प्रतिष्ठान, विकास समिति (गठन) आदेश, २०७४ को मस्यौदा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएकोमा ऐन तर्जुमा गर्न राय प्राप्त भएको । |

## ८. आर्थिक वर्ष २०७४/७५ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**नीतिगत कार्यहरुः**

- अनलाइन सञ्चारमाध्यम सञ्चालन (दोश्रो संशोधन) निर्देशिका, २०७४ स्वीकृत भइ अनलाइन सञ्चारमाध्यमहरू दर्ता र नवीकरण हुन थालेका छन् ।
- स्नातक तह प्रथम वर्षमा पत्रकारिता विषय लिइ अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्न पत्रकारिता अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ जारी भएको ।
- लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रशारण र रकम भुक्तानी गर्ने कार्यविधि, २०७४ स्वीकृत भइ लागू भएको ।
- प्रेस प्रतिनिधि प्रमाणपत्रका लागि अनलाइनबाट आवेदन लिनको लागि कार्यविधि स्वीकृत भएको छ ।
- हुलाक र सूचना प्रविधिलाई मिलाएर हुलाक सेवालाई आधुनिक र व्यवस्थित बनाउन सामुदायिक सूचना केन्द्रसम्बन्धी कार्यविधि तर्जुमा भएको ।

**कार्यक्रमहरु:**

- प्रदेश नं ३, ४ र ५ मा हाल सञ्चालनमा रहेका टेलिसेन्टर र सामुदायिक सूचना केन्द्रको दिगोपना र प्रभावकारिता वृद्धिसम्बन्धी तालिम सञ्चालन भएको छ ।
- एमेच्योर रेडियो परीक्षा सञ्चालन भएको ।
- एफ एम, टि भि, केवल अपरेटर डिष्ट्रिब्यूटरको अनुगमन मूल्याङ्कन निरीक्षण भइरहेको ।
- विद्युतीय आमसञ्चार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापनको वितरण भइ २०७४ चैत्र १५ वाट विज्ञापन प्रसारण भएको ।
- एनालग टेलिभिजन सिग्नलहरुलाई डिजिटलमा रुपान्तरण गर्ने कार्य भइरहेको छ । काठमाडौं उपत्यकाबाट एनालग प्रविधि बन्द गरिएको ।
- राष्ट्रिय सूचना आयोग नेपाल टेलिभिजन रेडियो नेपालबीच सम्झौता भई नेपाल टेलिभिजन र रेडियो नेपालमार्फत सूचनाको हकसम्बन्धी कार्यक्रम प्रशारण भइरहेको ।
- सूचनाको हकमा महिला सशक्तिकरण कार्यक्रम सम्पन्न भएको ।
- विभिन्न ६ वटा जिल्लामा कार्यालय प्रमुख सूचना अधिकारी आदिसँगको अन्तरक्रिया सम्पन्न भइसकेको ।
- उत्कृष्ट सूचना अधिकारी पुरस्कार तथा सूचनाको हकसम्बन्धी अभियन्तालाई पुरस्कार प्रदान गरिएको ।
- मुद्रण विभागबाट २००८ सालदेखि प्रकाशित राजपत्रहरु स्क्यानिङ्ग गरी विद्युतीय अभिलेखमा राखिएको छ । हाल प्रकाशित राजपत्रहरु प्रकाशन भएको २४ घण्टाभित्र नै सेवाग्राहीले हेर्नसक्ने सुविधा प्रदान गर्नुको साथै Nepal Gazette नामक मोवाइल एपबाट समेत हेर्न सकिने व्यवस्था मिलाइएको ।
- हुलाक वस्तुहरुको विद्युतीय प्रणालीबाट रेकर्ड राख्ने व्यवस्था गरी International Postal System (IPS) Light सँग मेल खाने बनाउन UPU सँग सहकार्य गरी IPS Light Software को तालिम सञ्चालन भइसकेको ।
- काठमाडौंदेखि चितवन र चितवनलाई केन्द्रबिन्दु मानी पूर्व-पश्चिम राजमार्गमा हुलाक सेवाका आफ्नै सवारी साधनबाट डाँक ढुवानीको व्यवस्था मिलाइएको ।
- Online Tracking System सबै जिल्लामा लागू गर्न Internal Online Tracking को लागि मेशीनरी औजार खरिद प्रक्रिया अघि बढेको/जिल्लामा खरिद कार्य भइरहेको । २० जिल्लामा PITS सुरुवात गरिएको ।
- २ सय १९ जना चलचित्रकर्मीहरुको छायाङ्कन अवधि भरका लागि दुर्घटना बीमा गरिएको ।
- रेडियो नेपालको प्रशारण इन्टरनेट मार्फत सञ्चालन भइसकेको।
- हाल सञ्चालनमा रहेको आधारभूत टेलिफोनहरुलाई क्रमिक रुपमा विस्थापन गरी IMS (IP Multimedia Subsystem) प्रविधिमा आधारित Voice तथा Data सेवाको विस्तार गर्न (1M Core+400K voice+200K Data) सञ्चालनमा ल्याउने योजनाअनुरुप विभिन्न २८ स्थानमा पुरानो TDM प्रविधिलाई AG (Access Gateway) ले प्रतिस्थापन गरी सञ्चालनमा आएको ।

## ९. आर्थिक वर्ष २०७३/०७४ को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११३ | सूचना तथा सञ्चार मन्त्रालय | २९५०५१ | २७९८७५ | ९४.८६ |
| ३५८०१२३ | मुद्रण विभाग | ८७८१३ | ८०११६ | ९१.२३ |
| ३५८०१३३ | सूचना विभाग | २०८७९४ | १८०६७४ | ८६.५३ |
| ३५८०१४३ | संचार केन्द्रहरू | ९६१८ | ९३४१ | ९७.१२ |
| ३५८०१५३ | राष्ट्रिय सूचना आयोग | ३८६९४ | ३८४२८ | ९९.३१ |
| ३५८०१६३ | राष्ट्रिय समाचार समिति | १०८६३५ | १०८६३५ | १००.०० |
| ३५८०१७३ | प्रेस काउन्सिल | ४९७९२ | ४९७९२ | १००.०० |
| ३५८०१८३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ५६६३ | ४३३४ | ७६.५३ |
| ३५८०१९३ | हुलाक सेवा विभाग | १४५०८५ | १४०३२५ | ९६.७२ |
| ३५८०२०३ | जिल्ला हुलाक कार्यालयहरू | २५०८३८० | २५०८३८० | १००.०० |
| ३५८०२१३ | हुलाक प्रशिक्षण केन्द्र | १३२७९ | १३२७९ | १००.०० |
| ३५८०२२३ | केन्द्रीय धनादेश कार्यालय | १०९४७ | १०७४२ | ९८.१३ |
| ३५८०२३३ | नेपाल फिलाटेलिक ब्यूरो | ४७८२ | ४२७६ | ८९.४२ |
| ३५८०२४३ | केन्द्रीय टिकट भण्डार | ३७८६१ | ३७१२२ | ९८.०५ |
| ३५८०२५३ | क्षेत्रीय हुलाक निर्देशनालयहरू | २२४४५१ | २२४४५१ | १००.०० |
| ३५८०२६३ | गोश्वारा हुलाक | १४५९८६ | १४१६९९ | ९७.०६ |
| ३५८१०२३ | रेडियो प्रसार सेवा विकास समिति | २४७५०० | २४७५०० | १००.०० |
| ३५८१०३३ | सासेक सूचना राजमार्ग आयोजना | १७४९० | ९०३० | ५१.६३ |
| ३५८१०४३ | रिचिङ्ग द अनरिच्ड एस्.डि.एफ. आइसिटि प्रोजेक्ट | १५२७ | ८४६ | ५५.४० |
| | **कुल जम्मा** | **४१६१३४८** | **४०८८८४५** | **९८.२६** |

पुँजीगत खर्च (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११४ | सूचना तथा सञ्चार मन्त्रालय | ८९६८१ | ३३३०० | ३७.१३ |
| ३५८०१२४ | मुद्रण विभाग | २६२७७ | १२२१५ | ४६.४९ |
| ३५८०१३४ | सूचना विभाग | ७६२६ | ७४३७ | ९७.५२ |
| ३५८०१४४ | संचार केन्द्रहरू | ३०८५ | ३०७५ | ९९.६८ |
| ३५८०१५४ | राष्ट्रिय सूचना आयोग | १७२४० | १६८२६ | ९७.६० |
| ३५८०१८४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | १३५ | १३४ | ९९.२६ |
| ३५८०१९४ | हुलाक सेवा विभाग | ४४५०० | ४४३१७ | ९९.५९ |
| ३५८०२०४ | जिल्ला हुलाक कार्यालयहरू | १४४५७० | १०१५६६ | ७०.२५ |
| ३५८०२१४ | हुलाक प्रशिक्षण केन्द्र | ५१५५ | ३८१३ | ७३.९७ |
| ३५८०२२४ | केन्द्रीय धनादेश कार्यालय | ४४२५ | ३८०३ | ८५.९४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०२३४ | नेपाल फिलाटेलिक ब्यूरो | १४९० | १४६८ | ९८.५२ |
| ३५८०२४४ | केन्द्रीय टिकट भण्डार | ७०० | ७०० | १००.०० |
| ३५८०२५४ | क्षेत्रीय हुलाक निर्देशनालयहरू | २०३७० | ४८८३ | २३.९७ |
| ३५८०२६४ | गोश्वारा हुलाक | १५०४२ | ९८७४ | ६५.६४ |
| ३५८१०३४ | सासेक सूचना राजमार्ग आयोजना | १२४२०० | ८३४९४ | ६७.२३ |
| ३५८१०४४ | रिचिङ्ग द अनरिच्ड एस्.डि.एफ. आइसिटि प्रोजेक्ट | २५००० | ४९६२ | १९.८५ |
| | **कुल जम्मा** | **५२९४९६** | **३३१८६७** | ६२.६८ |

## १०. चालु आ.व.२०७४/०७५ को २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११३ | सूचना तथा सन्चार मन्त्रालय | ४९१,७४८ | १४३,७१२ | २९.२२ |
| ३५८०१२३ | मुद्रण विभाग | ९६,७८७ | ४९,२०४ | ५०.८४ |
| ३५८०१३३ | सूचना विभाग | २१०,८४२ | १२३,८०७ | ५८.७२ |
| ३५८०१४३ | संचार केन्द्रहरु | १२,५८० | ८,४८८ | ६७.४७ |
| ३५८०१५३ | राष्ट्रिय सूचना आयोग | ५०,५८१ | ३७,६३४ | ७४.४० |
| ३५८०१६३ | राष्ट्रिय समाचार समिति | १२४,६५० | १२४,६५० | १००.०० |
| ३५८०१७३ | प्रेस काउन्सिल | ५१,१४७ | ३५,७६९ | ६९.९३ |
| ३५८०१८३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६,००७ | ३,३३२ | ५५.४७ |
| ३५८०१९३ | हुलाक सेवा विभाग | १२३,०७४ | १०४,१८९ | ८४.६६ |
| ३५८०२०३ | जिल्ला हुलाक कार्यालयहरु | २,५०२,१४५ | १,८६५,८८७ | ७४.५७ |
| ३५८०२१३ | हुलाक प्रशिक्षण केन्द्र | १३,४०४ | ६,९६० | ५१.९२ |
| ३५८०२२३ | केन्द्रीय धनादेश कार्यालय | १३,१२९ | ६,७८२ | ५१.६६ |
| ३५८०२३३ | नेपाल फिलाटेलिक ब्यूरो | ७,२८४ | २,७७८ | ३८.१४ |
| ३५८०२४३ | केन्द्रीय टिकट भण्डार | ४१,२७३ | ११,९०३ | २८.८४ |
| ३५८०२५३ | क्षेत्रीय हुलाक निर्देशनालयहरु | २१३,७७१ | १५९,०४६ | ७४.४० |
| ३५८०२६३ | गोश्वारा हुलाक | १७५,१२४ | ९९,७८२ | ५६.९८ |
| ३५८१०२३ | रेडियो प्रसार सेवा विकास समिति | २५०,००० | १८०,००० | ७२.०० |
| | **जम्मा** | **४,३८३,५४६** | **२,९६३,९२३** | **६७.६१** |

**पुंजीगत खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११४ | सूचना तथा सन्चार मन्त्रालय | १२२,३८० | ११,०७९ | ९.०५ |
| ३५८०१२४ | मुद्रण विभाग | १५३,३०४ | २७,३५३ | १७.८४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०१३४ | सूचना विभाग | १,९२८ | २७७ | १४.३७ |
| ३५८०१४४ | संचार केन्द्रहरु | २,९१९ | २,४१२ | ८२.६३ |
| ३५८०१५४ | राष्ट्रिय सूचना आयोग | ५,२०२ | १,३७६ | २६.४५ |
| ३५८०१८४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ३५१ | १९९ | ५६.७० |
| ३५८०१९४ | हुलाक सेवा विभाग | ३८,५८९ | ५,७५३ | १४.९१ |
| ३५८०२०४ | जिल्ला हुलाक कार्यालयहरु | २१४,१७७ | ८०,२५४ | ३७.४७ |
| ३५८०२१४ | हुलाक प्रशिक्षण केन्द्र | ७४८ | ७२९ | ९७.४६ |
| ३५८०२२४ | केन्द्रीय धनादेश कार्यालय | ४,४०८ | ३,४८६ | ७९.०८ |
| ३५८०२३४ | नेपाल फिलाटेलिक ब्यूरो | १,१६९ | - | ०.०० |
| ३५८०२४४ | केन्द्रीय टिकट भण्डार | ९५३ | ८४८ | ८८.९८ |
| ३५८०२५४ | क्षेत्रीय हुलाक निर्देशनालयहरु | २३,१७० | ६,०३८ | २६.०६ |
| ३५८०२६४ | गोश्वारा हुलाक | २३,५५९ | ६५९ | २.८० |
| | **जम्मा** | **५९२,८५७** | **१४०,४६३** | **२३.६९** |

◆ ◆ ◆

# सहरी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

सहरी विकास मन्त्रालयको गठन सहरहरूको योजनावद्ध विकास र सहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने सहरी विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणका लागि भएको हो। रणनीतिक सडक बाहेकका सहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पनि यस मन्त्रालयले पाएको छ।

सहर तथा सहर उन्मुख वस्तीहरुको योजनावद्ध पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरुमा तीब्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायको आवश्यकता महशुस भइ २०६९ जेष्ठ ५ गते यस मन्त्रालयको गठन भएको

## २. दीर्घकालीन सोच :

पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर सहर तथा बस्तीहरू निर्माण गर्ने ।

## ३. ध्येय:

- व्यवस्थित, सफा, पूर्वाधार सेवा सुविधायुक्त, सुन्दर सहर तथा बस्तीहरूको विकास गर्ने ।
- सबैका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने ।
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण गर्ने गराउने ।

## ४. मन्त्रालयको उद्देश्यः

<u>सहरी विकास</u>

- २० वर्षभित्र मध्य पहाडी लोकमार्गमा १० वटा नयाँ सहर विकास गर्ने
- १५ वर्षभित्र ३० वटा ठूला विद्यमान सहरहरूको भौतिक पूर्वाधार योजनावद्ध रूपमा सुधार गर्ने ।

<u>आवास</u>

- अति विपन्न तथा सीमान्तकृत वर्गका लागि "जनता आवास कार्यक्रम" सबै जिल्लामा विस्तार गर्ने,
- सहरी क्षेत्रहरूलाई अनाधिकृत बस्तीरहित बनाउने ।

<u>भवन निर्माण</u>

- सहरी क्षेत्रहरूमा राष्ट्रिय भवन निर्माण संहिता लागू गर्ने,
- सरकारी भवन निर्माण तथा मर्मत सम्भार गर्ने ।

<u>काठमाडौं उपत्यकाको विकास</u>

- काठमाडौं उपत्यकालाई अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र राजधानी क्षेत्रको रूपमा विकास गर्ने,
- उपत्यकाका नदी प्रणालीहरूलाई जीवन्त बनाउने,
- उपत्यकाको सडक तथा यातायात व्यवस्थापनलाई व्यवस्थित बनाउने।

## ५. रणनीतिः

**सहरी विकास**

- सहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरोन्मुख क्षेत्रहरूमा पूर्वाधार विकास र सहरी सेवाका लागि सम्वद्ध निकायहरूबीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यमबाट सहर—गाउँ अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ ।
- सहरी पूर्वाधार तथा सेवाहरूको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको पहिचान गर्दै लगानी प्रवर्द्धन गरिनेछ ।
- पूर्वाधार र सेवा सुविधा सम्पन्न घनाबस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।
- प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न जोखिम न्यूनीकरण तथा समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।
- सहरी योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारी रूपमा गर्नको लागि सम्बन्धित स्थानीय निकायहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।

**आवास:**

- आवास वितरण गर्दा आर्थिक रूपमा पिछडिएका र विपन्न वर्गको पहुँच हुने गरी सुरक्षित र किफायती आवासको व्यवस्था गर्नका लागि जग्गा लगायत भौतिक पूर्वाधार र सेवाहरूको विकास एकीकृत रूपमा गरिनेछ ।
- आवास विकासमा सार्वजनिक-निजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गरिनेछ ।
- आन्तरिक रूपमा विस्थापितहरूलाई पुनःस्थापना गर्नका लागि आवासको व्यवस्थापन गरिनेछ ।
- राष्ट्रिय आवास नीति कार्यान्वयनको लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको भूमिका स्पष्ट पार्दै आवास विकाससँग सम्बन्धित नीति निर्माण, कार्यान्वयन, तालिम, अनुसन्धान, मूल्याङ्कन आदि कार्यहरू संस्थागत आधारमा व्यवस्थित गरिनेछ ।
- स्थानीय निकाय समेतको संलग्नतामा आवास नीतिको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- जोखिमपूर्ण स्थानमा रहेका तथा अव्यवस्थित आवासलाई उचित व्यवस्थापन गरिनेछ ।

**भवन निर्माण:**

- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- भवन निर्माण गर्दा उपयुक्त स्थानीय सामाग्रीहरूको प्रयोगलाई जोड दिँदै भवनहरूको प्रचलित डिजाइन र प्रविधिमा आवश्यक परिमार्जन गरिनेछ ।
- विद्यमान भवन निर्माण संहिताको प्रभावकारी प्रयोगलाई व्यापकरूपमा कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय र स्थानीयस्तरका सार्वजनिक र सरकारी भवन निर्माण,मर्मत सम्भार तथा स्तरोन्नति गरिनेछ ।
- गणतन्त्र स्तम्भ, गणतन्त्र स्मारक जस्ता राष्ट्रिय गौरवका संरचनाहरू निर्माण गरिनेछ ।

**काठमाडौं उपत्यकाको विकास :**

- काठमाडौं उपत्यकाको सहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ बस्ती विकास, सहरी पुनः स्थापन कार्यक्रम, खुलाक्षेत्र व्यवस्थापन र सफा सहरको अवधारणालाई अघि बढाउन प्रारम्भिक अध्ययन गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- काठमाडौं उपत्यकामा एकीकृत सहरी सेवा केन्द्रहरूको विकास गरिनेछ ।
- काठमाडौं उपत्यकाका नदी प्रणालीलाई जीवन्त बनाउन नदी वरपरका पूर्वाधार विकासका क्रियाकलापहरूलाई सुनियोजितरूपमा अघि बढाइनेछ ।
- काठमाडौं उपत्यकाभित्रका प्रदुषणयुक्त औद्योगिक संरचनाहरूलाई क्रमशः उपत्यका बाहिर स्थानान्तरण गर्न प्रोत्साहन गरिनेछ ।
- काठमाडौं उपत्यकालाई अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक पर्यटकीय राजधानी क्षेत्रको रूपमा विकास र संरक्षण गर्न एकीकृत पूर्वाधार विकास र वातावरण संरक्षणलाई विशेष जोड दिइनेछ ।
- काठमाडौं उपत्यकाको विद्यमान चक्रपथ स्तरोन्नति गरिनेछ र प्रस्तावित बाहिरी चक्रपथलाई जग्गा विकासको माध्यमबाट निर्माण गरिनेछ ।
- काठमाडौं, ललितपुर र भक्तपुरका मुख्य सडकहरूलाई विस्तार तथा सुधार गरिनेछ ।

## ६. रणनीतिक उद्देश्यहरुः

**सहरी विकासः**

- विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा सम्वर्द्धन हुनेगरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तः सम्बन्धलाई सुदृढ गर्ने ।
- विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रहरूको संरक्षण तथा सम्वर्द्धन हुने गरी आधुनिक, भौतिक सुविधाहरूको व्यवस्था गरी दिगो रूपले शहरहरूको विकास तथा गाउँ र नगरबीचको अन्तरसम्बन्धलाई सुदृढ गर्ने ।

**आवासः**

व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै सुरक्षित तथा किफायती खालका आवासहरू उपलब्ध गराउने ।

**भवनः**

सुरक्षित, किफायती र वातावरण अनुकुल सकभर स्वदेशी वास्तुकला झल्कने खालका भवनहरू निर्माण तथा विकास गराउने ।

## ७. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरुः

- सहरी विकास र सहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन;
- नगरपालिका तथा नगरोन्मुख स्थानहरूको भौतिक योजना तथा कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन;

- सरकारी भवनको निर्माण, मर्मतसम्भार, रेखदेख र सुरक्षा;
- भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकाससम्बन्धी संहिता र मापदण्डको तयारी तथा कार्यान्वयन;
- सहरीकरण, सहरी भूउपयोग र सहरी विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन;
- बसोबास र बस्ती विकास;
- अब्यवस्थित बसोबासको व्यवस्थापन, सहरी विपन्न वर्ग तथा सहरी आवासविहिनको आवास व्यवस्थापन;
- केन्द्रीय सचिवालयको भवन व्यवस्थापन;
- मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था;
- नगरविकास समिति र आवास तथा सहरी विकाससम्बन्धी संस्थाको रेखदेख;
- आवास निर्माणसम्बन्धी गैरसरकारी क्षेत्रका संस्थाको प्रवर्द्धन तथा विकास;
- आवास तथा सहरी विकाससम्बन्धी अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क सहयोग;
- रणनीतिक सडक बाहेकका सहरी सडक;
- विशिष्ट सहरी संरचनाको डिजाईन र निर्माण;
- काठमाडौं उपत्यका विकास प्राधिकरण;
- नगर विकास प्रशिक्षण केन्द्र;
- सिंहदरबार विकास समिति;
- अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति;
- अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत समिति;
- ग्रामीण आवास कम्पनी लिमिटेड;
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन।

## ८. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३१ | स्थानीय तहको अधिकार सूचीभित्र पर्ने तर हाल विषयगत मन्त्रालयरूबाट कार्यान्वयन भइरहेका आयोजना तथा कार्यक्रममध्ये गाउँपालिकाभित्रको रू. ५० लाखसम्म, नगरपालिकाभित्रको रू. १ करोडसम्म र उपमहानगरपालिका तथा महननगरपालिकाभित्रको रू. २ करोडसम्म बजेट भएका आयोजनाहरु सम्वन्धीत विषयगत मन्त्रालयहरूले साउन मसान्तभित्र तत् तत् स्थानीय तहमा रकम सहित हस्तान्तरण गर्नुपर्ने र आवश्यक प्राविधिक सहयोग उपलवध गराउनुपर्ने | ब. उ. शी नं. ३४७१८३ का सबै कार्यक्रमहरु र ३४७१९२ अन्तर्गतको क्रमागत बाहेकका नयाँ कार्यक्रमहरु अर्थ मन्त्रालयमार्फत स्थानीय तहमा हस्तान्तरण भएको ।<br><br>-६४ जना प्राविधिकहरु स्थानीय तहमा पठाउने निर्णय भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | व्यवस्था गरेको छ । | |
| ११३ | नेपाल सरकारले पारित गरेको सहरी विकास रणनीतिअनुरुप सहरी विकासका कार्यक्रमहरु अगाडि बढाइनेछ। आगामी आर्थिक वर्षमा सहरी विकास पूर्वाधार कार्यक्रमलाई अझ बढी प्राथमिकता दिदै सञ्चालन हुने व्यवस्था मिलाएको छु । यसका लागी रू. ३० अर्ब ४८ करोड विनियोजन गरेको छु । | सघन सहरी तर्फ कुल ६२ वटा प्याकेज लागत अनुमान ३५९३६३८२२९५.८८ (मू.अ.कर समेत) को क्रियाकलाप कार्यान्वयन भएको । कुल कार्यान्वयन भएका क्रियाकलाप मध्ये ६ वटा प्याकेज लागत अनुमान ५१३८०७३०४९.६५ (मू.अ.कर समेत) को क्रियाकलापको चेकजाँच भइरहेको र ५६ वटा प्याकेज लागत अनुमान ३०८६६४७७५४८१.१५ (मू.अ.कर समेत) को क्रियाकलापको ल.ई. स्वीकृत भएको । लागत अनुमान स्वीकृत क्रियाकलाप मध्ये ४ वटा प्याकेजलागत अनुमान ३५४६४५५५९४.४५ (भ्या. क. समेत) को क्रियाकलापको टेण्डर आह्वान भएको र ५२ वटा प्याकेज १७,००,०२,१९,२१६.१९ (मू.अ.कर बाहेक) को क्रियाकलापको बोलपत्र स्वीकृत भएको र सम्झौता भएको । |
| ११४ | छरिएर रहेका वस्तीहरूमा राज्यले उपलव्ध गराउनुपर्ने सेवा सुविधा उपलव्ध गराउन कठिन र खर्चिलो भएको तथा भूकम्पले क्षति पुऱ्याएको र भौगोलिक हिसावले कमजोर स्थानमा रहेका बस्तीहरूलाई समेत स्थानान्तरण गर्ने गरी एकीकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिएको छु । | ७ वटा घनावस्ती विकास गर्ने कार्यक्रममा परामर्शदातासँग सम्झौता भइ परामर्शदाताबाट Inception Report प्राप्त भएको । हाल परामर्शदाताहरु Field मा परिचालित भएको । |
| ११५ | काठमाडौं उपत्यकाभित्रका सबै नगरपालिकाहरुमा समन्वयात्मक रूपले स्याटेलाईट सिटी विकास गरिनेछ।<br><br>सातै प्रदेशमा एक एक वटा मेगासिटी विकास गर्ने कार्यलाई अगाडि वढाइनेछ । हिमाली क्षेत्रमा व्यवस्थित सहर विकास गर्न यस सम्वन्धि अध्ययन गरिनेछ । | -विराटनगर, पोखरा र सिद्धार्थनगर मेगासिटीको अध्ययन गर्ने परामर्शदाताबाट Field Report प्राप्त भई छलफल भएको ।<br><br>एक सहर एक पहिचान अन्तर्गत अध्ययन भएका १८ वटा सहर मध्ये ६ वटाको Draft Report प्राप्त भएको । ललितपुर र भक्तपुरको सम्झौता भई इन्सेप्सन रिर्पोट प्राप्त भएको। |
| ११६ | पर्याप्त सहरी विकास पूर्वाधार एवं आवास सुविधा सहित स्मार्ट हरियाली सहरहरुको विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । मध्यपहाडी लोकमार्ग र तराई मधेशको हुलाकी राजमार्गमा पर्ने महत्त्वपूर्ण स्थानहरुमा १०/१० वटा गरी | मध्य पहाडी लोकमार्ग अवस्थित १० नयाँ सहरहरुको पूर्वाधार निर्माणको कार्य चालु रहेको<br>- नयाँ सहर आयोजना भेरीगंगा र भिंग्रीको IDP बाट उल्लेख भएको आयोजनाहरुको लागत अनुमान स्वीकृत भई खरिद प्रक्रियामा रहेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | २० नयाँ सहर स्थापना गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ । तराई — मधेशका २० जिल्ला सदरमुकामको विकासका लागि सञ्चालित सहरी पूर्वाधार विकास कार्यक्रमलाई तीब्रता दिइने छ । | - डुम्रे-भन्सार नयाँ सहरको एकीकृत सरकारी भवनको जगको काम सम्पन भएको।<br>- अनुगमन तथा मूल्याङ्कनको लागि PMIS Software तयार भई डाटा इन्ट्रिको काम शुरू भएको ।<br>तराई मधेश र हुलाकी राज मार्गका अवस्थित १५ वटा बस्तीलाई नयाँ शहरको रुपमा विकास गर्ने परामर्श खरिद प्रकृया अन्तर्गत परामर्शदाताहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन कार्य सम्पन्न भई स्वीकृतिको लागि पेश भएको ।<br>- मौलापुरमा ८ वटा र कटहरीया नयाँ सहरमा ४ वटा भौतिक पूर्वाधार निर्माणको कार्य शुरू भएको ।<br>- कटहरियामा बसपार्क निर्माणको लागि जग्गा खरिदको कार्य अगाडि बढेको ।<br>-पालुङटार र निजगढको स्मार्ट सिटीको मास्टर प्लान तयार गर्ने परामर्शदाताहरुबाट Inception Report पेश भएको ।<br>लुम्बिनी स्मार्ट सिटीको परामर्शदातासँग सम्झौता भई लुम्बिनी न.पा.का पदाधिकारीसँग प्रारम्भिक छलफल भएको । |
| ११७ | आवास सुविधामा सबै जनताको पहुँच पुर्‍याउन ग्रामीण स्तरमा अल्पसंख्यक, पिछडिएका, दलित, लोपोन्मुख, वृद्ध, अशक्त र सहरी गरीब तथा सीमान्तकृत वर्गकालाई सञ्चालनमा रहेको जनता आवास कार्यक्रमलाई निरन्तरता दिएकोछु । यसअन्तर्गत आफ्नो भूमि नभएका जनतालाई समेत आवास कार्यक्रममा सहभागी बन्न सक्ने व्यवस्था गरिनेछ । | -मिति २०७४।४।२२ गते केन्द्रीय समन्वय समितिको बैठक सम्पन्न भएको<br>-गत विगत आ.व. को क्रमागत २१ हजार ३ सय ४४ आवास इकाई मध्ये ३ हजार ७ सय ५० आवास इकाई निर्माण सम्पन्न, २ हजार ६ सय ९० आवास इकाईको छाना तथा झ्याल ढोकाको कार्य सम्पन्न, ३ हजार २ सय ५० आवास इकाईको गारोको कार्य सम्पन्न, २ हजार ६ सय ९८ आवास इकाईको डि.पि.सि लेभलसमम कार्य सम्पन्न, १ हजार २ सय ५५ आवास इकाइको जग खन्ने कार्य सम्पन्न, १ हजार ३ सय ९९ आवास इकाई आवास निर्माणको लागि सम्झौता भए विभिन्न कारणले निर्माण कार्य नभएको, २ हजार आवास इकाई लाभग्राही छनौट भएको, ७ सय ३१ आवास इकाईको सर्वे कार्य सम्पन्न भएको, ३ हजार ६ सय ९४ आवास इकाईको सर्वे कार्य भइरहेको छ ।<br>-नयाँ २५ हजार ७ सय ७५ आवास इकाई कार्य्रकम सञ्चालन ७४ वटा जिल्ला मध्ये हुने ५६ जिल्लाहरुको जिल्ला जनता आवास समन्वय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | समितिको बैठकबाट कार्यक्रम लागु हुने गा.पा/न.पा. छनौट भएको, २५ आवास इकाईको छाना तथा झ्याल ढोकाको कार्य सम्पन्न, ४१ आवास इकाईको गारोको कार्य सम्पन्न, ३ सय १५ आवास इकाईको डि.पि.सि लेभलसम्म कार्य सम्पन्न, ६ सय १५ आवास इकाइको जग खन्ने कार्य सुरु भएको, ४ हजार २ सय ४ आवास इकाइ निर्माण गर्नको लागि लाभग्राही छनौट भएको, १ हजार ६ सय ५० आवास इकाइको सर्वे कार्य सम्पन्न भएको, ८ हजार ७ सय २५ आवास इकाइको सर्वे कार्य भइरहेको, २ हजार ९ सय २५ आवास इकाइ निर्माणको गाउँपालिका/नगरपालिका छनौट भएको । |
| ११८ | सरकारी कार्यालय भवन र जग्गाको लगत संकलन गरी नागरिकलाई उपलव्ध गराउने सार्वजनिक सेवालाई प्रभावकारी र छिटोछरितो बनाउन छरिएर रहेका सरकारी कार्यालयहरूका जग्गालाई सट्टापट्टा गर्न सकिने व्यवस्था मिलाई एकीकृत सरकारी कार्यालय भवन निर्माण गर्ने नीति अबलम्बन गरिनेछ। प्रदेश र स्थानीय तहमा एकीकृत रूपमा सार्वजनिक सेवा प्रवाह गर्ने एकल विन्दु सेवा (वान स्टप शप सर्भिस) अवधारणाअनुरुपका पूर्वाधार विकास गरिनेछ। | -काठमाडौं बबरमहलमा बहुतले प्रशासनिक प्लाजाको डिजाइन तयार गर्न परामर्शदाताले ड्राफ्ट रिपोर्टको प्रस्तुतीकरण गरेको । |
| २०३ | आयोजना/कार्यक्रमको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धि सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना भदौ १५ गतेभित्र तयार गरी आयोजना स्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गरिनेछ। आयोजना/ कार्यक्रमको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरिसक्नुपर्ने छ । | -महाशाखागत तथा आयोजनागत रूपमा कार्यान्वयन कार्ययोजना तयार पारी वेवसाइटमा राखिएको । |
| २०४ | सबै मन्त्रालय/निकायबाट कार्यक्रम/ आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र नियमावलीहरू तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गरिनेछ। नयाँ कार्यक्रम/आयोजना कार्यान्वयनका लागि साउन मसान्तभित्र आयोजना कार्यालयहरू | -प्रधानमन्त्री आवास योजना कार्यान्वयन कार्यविधि मन्त्रालयबाट मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको ।<br>-विभाग अन्तर्गतका कार्यक्रम/आयोजनामा जम्मा १ हजार ३ सय ५५ जनाको (आयोजना प्रमुख, लेखापाल र नासु समेत गरी) दरबन्दी स्वीकृत भएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | स्थापना गरी सकिनेछ । कार्यक्रम/ आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट जनशक्ती योजनासहित आवश्यक अस्थायी दरबन्दीहरु साउन मसान्तभित्र स्वीकृत गरी सक्नुपर्नेछ । | |
| २०५ | स्वीकृत सँगठन संरचना र दरबन्दीअनुरुप आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, मुख्य कार्यसम्पादन सूचकहरू र आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाइनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव र आयोजना कार्यन्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाइनेछ। | -विभागको कार्यविधि, स्वीकृत सँगठन संरचना र दरबन्दीअनुरुप कर्मचारी खटाइएको। |
| २०६ | आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र उपलव्धि, अन्तरनिकाय समन्वय लगायतका पक्षहरूमा शुरुमै अभिमूखीकण तालीम प्रदान गरिनेछ। | -विभागबाट आवश्यकताअनुसार विभिन्न विषयमा तालिम सञ्चालन हुने गरेको ,आयोजनामा खटिएको कर्मचारीलाई सार्वजनिक खरिद अनुगमन कार्यालय मार्फत खरिदसम्बन्धी तालिम प्रदान गर्ने व्यवस्था मिलाइएको । |
| २०७ | आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणिय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानूनमा तोकिएको न्यूनतम समयसीमाभित्र सम्पन्न गरिनेछ। | -सघन सहरी कार्यक्रम अन्तर्गतका १० वटा क्रियाकलापहरुको IEE गर्नको लागि परामर्शदाता चयन गरिएको र थप एक जना वातावरण विज्ञको सेवा लिइएको । |
| २०८ | आयोजनाको तयारीका चरणहरु पूरा गरी साउन मसान्तभित्र बोलपत्र आव्हान र असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको समयभित्र कार्य शुरु नगर्ने र आयोजना कार्यान्वयन कार्ययोजनाअनुरुप कार्य नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गरिनेछ। | -बोलपत्र आह्वान, मूल्याङ्कन तथा ठेक्का सम्झौताको काम चरणवद्ध रुपमा भइरहेको ।<br>-स्वास्थ्य भवन ईकाइ अन्तर्गत तोकिएको समयभित्र आयोजना कार्यान्वयन कार्ययोजनाअनुरुप कार्य नगर्ने १७ वटा आयोजनाका निर्माण व्यवसायीसँग ठेक्का सम्झौता रद्द गर्नको लागि सम्बन्धित डिभिजन कार्यालयलाई निर्देशन दिइएको र डिभिजन कार्यालयहरूले सोसम्बन्धी प्रक्रिया अगाडि बढाएको। मन्त्रालयबाट ५ सदस्यीय रुग्ण आयोजनाको छानविन तथा समस्या समाधान समिति गठन भई प्रतिवेदन पेश भएको । |
| २०९ | एउटै निर्माण व्यवसायीले आफ्नो क्षमता भन्दा बढीको कार्यका लागि धेरैवटा ठेक्का लिने र कार्य सम्पन्न नगर्ने प्रवृतिको अन्त्य गरिनेछ। निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि | -एक भन्दा बढी काम लिंदा Cash Flow = Net Worth - 40% of Current Contract Commitment सूत्रसँग आवद्ध गरी मूल्याङ्कन गर्ने व्यवस्था रहेको खरिदको Standard Bidding Document प्रयोग गर्ने गरिएको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | सम्झौताबमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्नुपर्ने भएमा सम्बन्धित आयोजना प्रमुखको लिखित स्वीकृति लिनुपर्ने छ । अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गरिनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गरिनेछ । | -खरिदको Standard Bidding Document अनुसार २५ प्रतिशतसम्म Subcontracting गर्नुपूर्व आयोजना प्रमुखको लिखित स्वीकृति लिनुपर्ने प्रावधान कार्यान्वयन भइरहेको ।<br>-मूल्याङ्कन गर्दा Work Load मा Negative Marking समावेश भएको |
| २१० | विभागीय प्रमुख र आयोजना प्रमुखहरुसँग गरिएको कार्य सम्पादन सम्झौताअनुरुपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुगत आधारमा कार्यसम्पादन स्तर मापन गरिनेछ। निश्चित अङ्कभन्दा बढी अङ्क प्राप्त गरेमा निजामती सेवा ऐनअनुसार पुरस्कृत गरिनेछ । | सबै आयोजना प्रमुख तथा डिभिजन प्रमुखहरुसँग वार्षिकरुपमा कार्यसम्पादन सम्झौता गरिएको । सो सम्झौतामा वस्तुगतरुपमा तीनवटा न्यूनतम सफलता सूचकहरु वित्तीय प्रगति ८० प्रतिशत, भौतिक प्रगति ८५ प्रतिशत र बेरुजु ५० प्रतिशतको आधारमा कार्यसम्पादन स्तर मापन गर्ने प्रावधान राखिएको । |
| २११ | तोकिएको लागत, गुणस्तर र समय सिमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा वित्तीय प्रोत्साहन उपलव्ध गराइनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र तोकिएको समयभित्र कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुनबमोजिम कारवाही गरिनेछ । | -सम्बन्धित सबै डिभिजन कार्यालयहरुलाई तोकिएको अवधिमा लागत, गुणस्तर र समय सिमाभित्र कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई नियमानुसार पुरस्कृत र समय सिमाभित्र कार्य नगर्नेलाई कारबाही गर्न निर्देशनहरु दिने गरिएको । |
| २१२ | कार्यसम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्यसम्पन्न भएको मितिले १० दिनभित्र कार्यसम्पन्न बिल तयार गरिनेछ ।बिल पेश भएको मितिले पन्ध्रदिनभित्र बिल स्वीकृत गरी भुक्तानी दिइनेछ। | -प्रचलित नियमानुसार कार्य सम्पन्न भएपछि बिल भुक्तानी गर्ने गरिएको । |
| २१३ | शोधभर्ना निर्देशिकाबमोजिम थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गरिनेछ। प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरिनेछ। | -वैदेशिक सहायताबाट सञ्चालित आयोजनाहरुमा सोधभर्ना निर्देशिका पालना गरिएको । |

## ९. आर्थिक वर्ष २०७४/७५ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

**सहरी विकास तर्फ**

- सघन सहरी विकास कार्यक्रम अन्तर्गत तराई मधेशका सदरमुकामका १८ नगरपालिकाहरुमा सहरी पूर्वाधार विकास गर्न विभिन्न प्याकेजमा कार्यक्रमहरु सञ्चालनमा रहेको ।
- नयाँ नगरपालिका, नगर पालिका नभएका जिल्ला सदरमूकामहरु, एकीकृत वस्ती विकास र घनावस्ती विकासको पुर्वाधार विकासका क्रमागत कार्यकमहरु सुचारु रहेको

**एकीकृत जाँच चौकी**

पर्सा - वीरगन्ज :-

- भारत सरकारबाट नेपाल सरकारलाई हस्तान्तरण भएको र सोको सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल इन्टर मोडेल यातायात विकास समितिलाई हस्तान्तरण गरिएको ।
- क्रमागत कार्यक्रम अन्तर्गत ल्याण्ड स्केपिङ्ग र प्लान्टेसनको कार्य भइरहेको

रुपन्देही - भैरहवा:-

- एकीकृत जाँच चौकी जोडनेबाटो स्तरोन्नति कार्य अन्तिम चरणमा रहेको र जग्गा संरक्षणको बाँकी कार्य अन्तिम चरणमा रहेको ।

**मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना**

- विराटनगर – ४४ कि.मी. ढल मध्ये ४१ कि.मी. र ४५ कि.मी. सडक मध्ये ४० कि.मी. सडक सुधार कार्य सम्पन्न ।
- वीरगन्ज– ४६ कि.मी. ढल मध्ये ४२ कि.मी. सम्पन्न र ११ कि.मी. सडक मध्ये ८ कि.मी. सडक सुधार सम्पन्न ।
- बुटवल – वुटवल नगरपालिकामा खानेपानी प्रणाली विस्तार कार्यको ६ वटा मध्ये ५ वटा Tube Well निर्माण कार्य सम्पन्न ।
- काभ्रे उपत्यका खानेपानी – २३७.०५ कि.मी. Pipe Laying कार्य सम्पन्न । १६४.५४ कि.मी. Pipe Line Against Leakage Tested को कार्य सम्पन्न

**एकीकृत सहरी विकास कार्यक्रम**

- धरान - खानेपानी प्रणाली निर्माण , सुधार तथा विस्तार कार्य अन्तर्गत ३९७.५१४ कि.मि. Pipe laying को कार्य सम्पन्न।
- जनकपुर - सतही ढल निर्माण /सुधार अन्तर्गत १५ कि.मि. RCC Pipe Laying कार्य सम्पन्न। ४.० कि.मि. सडक सववेस तयार र १.६४ कि.मी. एसफाल्ट भएको । ४०५ Nos. Manhole निर्माण कार्य सम्पन्न भएको। ल्याण्डफील साईटका लागि गुठी संस्थानसँग लिज सम्झौता सम्पन्न भएको ।
- सिद्धार्थनगर - सतही ढल निर्माण कार्य अन्तर्गत ४३.४७ कि.मि. निर्माण कार्य सम्पन्न। सडक निर्माण तथा सुधार कार्य अन्तर्गत १०.७१ कि.मि. निर्माण कार्य सम्पन्न।
- नेपालगञ्ज - सतही ढल निर्माण तथा सुधार कार्य अन्तर्गत ५९.९०६ कि.मि. कार्य सम्पन्न। सडक निर्माण तथा सुधार कार्य अन्तर्गत ७.८ कि.मि. निर्माण कार्य सम्पन्न।

- नेपालगञ्ज, सिद्धार्थनगर र जनकपुरको फोहरमैला व्यवस्थापन कार्य मध्ये नेपालगञ्जमा मात्र कार्य भइरहेको ।

**आवासतर्फ**

- ४६ जिल्लाको जिल्ला जनता आवास समन्वय समितकोको बैठक बसी कार्यक्रम लागु हुने गाउँपालिका/नगरपालिकाका वडा छनौट गरिएको ।
- क्रमागत २१३६० आवास इकाई र नयाँ २५००० आवास इकाई गरी कुल ४६३६० आवास इकाई मध्ये ३७१६ आवास इकाई निर्माण सम्पन्न भएको ।

**जेष्ठ नागरिक आवास निर्माण**

- कैलाली, जुम्ला, प्यूठान, गोरखा, धनुषा, काभ्रे, धनकुटा जिल्लाहरुमा जेष्ठ नागरिक आवास निर्माण गर्ने कार्यक्रम चालु रहेको ।

**इमर्जेन्सी सेल्टर**

- झापा, सिराहा, ललितपुर, सुर्खेत, बर्दिया, बाग्लुङ्ग, बैतडी जिल्लाहरुमा इमर्जेन्सी सेल्टर निर्माण गर्ने कार्यक्रम रहेको । ललितपुर जिल्लामा इमर्जेन्सी सेल्टर निर्माण सम्पन्न भएको ।

**कर्मचारी आवास**

- जुम्ला, सोलुखुम्बु र रोल्पामा कर्मचारी आवास निर्माण कार्य रहेकोमा रोल्पा र जुम्लामा कर्मचारी आवास भवन फिनिसिङ्ग कार्य भइरहेको, सोलुखुम्बु क्रमागत (प्रथम) चरण अन्तर्गत ८ आवास इकाई कर्मचारी आवासको निर्माण सम्पन्न भएको र सोलुखुम्बु क्रमागत (दोश्रो) कर्मचारी आवासको भूई तल्लाको लिन्टल ढलान कार्य सम्पन्न भएको ।

## १०. आर्थिक वर्ष २०७३/७४ मा विनियोजित बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११३ | सहरी विकास मन्त्रालय | ५६६१३.४ | ४८४०४.०७ | ८५.५ |
| ३४७०२० | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु | २१४९७९.८० | १८३४०६.९५ | ८५.३१ |
| ३४७०२१ | विशेष भवन निर्माण संम्भार डिभिजन | १०८८४९.७७ | १०७९३७.७७ | ९९.१६ |
| ३४७१८० | आवास व्यवस्था कार्यक्रम | ९६१५२.०० | ४७१९५.६५ | ४९.०८ |
| ३४७१८२ | एकीकृत कार्यमुलक योजना | ५४३.०० | २०७.३८ | ३८.१९ |
| ३४७१८३ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ७१२१.९३ | ६७२१.२५ | ९४.३७ |
| ३४७१८६ | सघन सहरी विकास आयोजना | १२६५८६.०० | ६६२६७.९६ | ५२.३५ |
| ३४७१८७ | मझौला शहर एकीकृत सहरी वातावरणिय सुधार आयोजना | १७८२८८३.०० | १६६५६६९.८६ | ९३.४३ |
| ३४७१९० | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ४३६५३.०० | २३०९३.२४ | ५२.९० |
| ३४७१९१ | विराटनगर चक्रपथ विकास आयोजना | १६७५.०० | १०४.९१ | ६.२६ |
| ३४७१९२ | नमुना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड) | ३१५४.०० | १२३१.२० | ३९.०४ |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७१९७ | गणतन्त्र स्मारक | २००.०० | १९०.५१ | ९५.२५ |
| ३४७३०९ | नेपाल भारत सिमा एकीकृत जाँच चौकि विकास आयोजना | ३१२२.०० | २६८१.८७ | ८५.९० |
| ३४७३१६ | सहरी साशकिय क्षमता तथा विकास कार्यक्रम | ३३६४२७.०० | २५२६७०.९३ | ७५.१० |
| ३४७३२० | एकीकृत सहरी विकास आयोजना (IUDP) | १८७८८१९.०० | १४९०६६९.९४ | ७९.३४ |
| ३४७३२१ | बिपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनस्थापना कार्यक्रम | ६०००.०० | ०.०० | ०० |
| ३४७३५८ | नयाँ सहर आयोजना | ३५८३७.०० | ३२८४६.७७ | ९१.६६ |
| ३४७३६१ | क्षत्रिय विकास कार्यक्रम | २५७६६२.०० | १७२६६२.९३ | ६७.०१ |
| ३४७१७२ | बागमती क्षेत्र भौतिक पुर्वाधार बिकास आयोजना | ३९०६१ | ३८०२३ | ९७.३४ |
| ३४७३५७ | बागमती सुधार आयोजना | ४५८९६ | ३९८६४ | ८६.८६ |
| ३४७०२२ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ६३५८६ | ४१३८२ | ६५.०८ |
| ३४७१८९ | सिंहदरबार सचिवालय पुनः निर्माण विकास समिति | १२९०५ | ११७४० | ९०.९७ |
| ३४७३०८ | धोविखोला कोरिडोर सुधार आयोजना | ४४३५ | ४४२५ | ९९.७७ |
| ३४७३५५ | बाग्मती विष्णुमती करिडोर संरक्षण आयोजना- संयुक्त राष्ट्र संघ पार्क विकास समिती | १००९६ | ७५०० | ७४.२९ |
| ३४७३६० | गरिबी लक्षित सहरी पुनरुत्थान कार्यक्रम | ७०५०० | ५४०६७ | ७६.६९ |
| | **कुल जम्माः** | **५२०६७५६.९** | **४२९८९६४.२** | **८२.५७** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११ | सहरी विकास मन्त्रालय | १४०१५ | १३३११.९ | ९४.९८ |
| ३४७०२० | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु | १३५११९.०० | १२६७३७.६३ | ९३.८० |
| ३४७०२१ | विशेष भवन निर्माण संम्भार डिभिजन | १६९४८०.०० | १६८९६०.०० | ९९.६९ |
| ३४७१८० | आवास व्यवस्था कार्यक्रम | २०५००४२.०० | १८०८९७१.४० | ८८.२४ |
| ३४७१८२ | एकीकृत कार्यमुलक योजना | २१४१८८.०० | ८३७८८.१८ | ३९.१२ |
| ३४७१८३ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ७१५१९०.५० | ६३२६१०.६० | ८८.४५ |
| ३४७१८६ | सघन सहरी विकास आयोजना | ३०९३४१४.०० | १९१५२२८.१६ | ६१.९१ |
| ३४७१८७ | मझौला शहर एकीकृत सहरी वातावरणिय सुधार आयोजना | २१८९५.०० | १६९६३.९९ | ७७.४८ |
| ३४७१९० | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | १२३२०००.०० | ६७५४३०.४० | ५४.८२ |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| ३४७१९१ | विराटनगर चक्रपथ विकास आयोजना | ६५०००.०० | २२१४४.८२ | ३४.०७ |
| ३४७१९२ | नमुना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड) | ७४४६४९.०० | ५९७९८५.६० | ८०.३० |
| ३४७१९७ | गणतन्त्र स्मारक | ५००००.०० | ४९९८८.९८ | ९९.९८ |
| ३४७३०९ | नेपाल भारत सिमा एकीकृत जाँच चौकि विकास आयोजना | ४९९४०.०० | ३९६५५.११ | ७९.४१ |
| ३४७३१६ | सहरी साशकिय क्षमता तथा विकास कार्यक्रम | २७४७००.०० | २६०३०.८८ | ९.४८ |
| ३४७३२० | एकीकृत सहरी विकास आयोजना (IUDP) | २४५७८.०० | २४००५.९३ | ९७.६७ |
| ३४७३२१ | बिपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनस्थापना कार्यक्रम | | | |
| ३४७३५८ | नयाँ सहर आयोजना | १०१४१४४.०० | ६३५८०२.७८ | ६२.६९ |
| ३४७३६१ | क्षत्रिय विकास कार्यक्रम | १४२३००.०० | ९९२.०३ | ०.७० |
| ३४७१७२ | बागमती क्षेत्र भौतिक पुर्वाधार बिकास आयोजना | १७०७७६८.०० | १५०७७९३.५५ | ८८.२९ |
| ३४७३५७ | बागमती सुधार आयोजना | ११६४४२९.०० | १०१५०८७.०० | ८७.१७ |
| ३४७०२२ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ११३३८६२ | ११००३४८.२६ | ९७.०४ |
| ३४७१८९ | सिंहदरबार सचिवालय पुनः निर्माण विकास समिति | १२२५८१ | ९८०४४.०० | ७९.९८ |
| ३४७३०८ | धोविखोला कोरिडोर सुधार आयोजना | ३५०००१.०० | ३४६९९२ | |
| ३४७३५५ | बाग्मती विष्णुमती करिडोर संरक्षण आयोजना- संयुक्त राष्ट्र संघ पार्क विकास समिती | १२३८५.०० | १०३८३ | ८३.८४ |
| ३४७३६० | गरिबि लक्षित सहरी पुनरुत्थान कार्यक्रम | १०६६८३ | ४२४३२ | ३९.७७ |
| | **कुल जम्मा** | **१४६०८३६४** | **१०९५९६६८** | **७५%** |

## ११. आर्थिक वर्ष २०७४/७५ मा विनियोजित बजेट तथा २०७४ चैत्र मसान्तसम्मको खर्चको अवस्था:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११३ | सहरी विकास मन्त्रालय | ३३९,१५७ | ४२,६८० | १२.५८ |
| ३४७०१९३ | सहरी विकास तथा भवन निर्माण बिभाग | ९४,६५८ | ५५,६१३ | ५८.७५ |
| ३४७०२०३ | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु | २९६,५२७ | १४६,७३७ | ४९.४९ |
| ३४७०२१३ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन | १०६,४८२ | ६८,२१७ | ६४.०६ |
| ३४७०२२३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ८१,५५० | ३४,१८५ | ४१.९२ |
| ३४७१७२३ | बागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजना | ६१,०१० | ३०,०९७ | ४९.३३ |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७१८०३ | आवास व्यवस्था कार्यक्रम | १५५,५७३ | ८५,९८७ | ५५.२७ |
| ३४७१८२३ | एकीकृत कार्यमूलक योजना (सहरी विकास) | ६१५ | ० | ०.०० |
| ३४७१८३३ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ७,५५३ | ३,४९७ | ४६.३० |
| ३४७१८६३ | सघन सहरी विकास कार्यक्रम | ११५,३०८ | ३८,२४४ | ३३.१७ |
| ३४७१८७३ | सहरी तथा वातावरणीय सुधार आयोजना | १,८९९,५२९ | १,६७७,३२३ | ८८.३० |
| ३४७१८९३ | सिहंदरबार पुनर्निर्माण समिति | २१,३८९ | ११,०३० | ५१.५७ |
| ३४७१९०३ | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | ६६,४१५ | १६,००६ | २४.१० |
| ३४७१९१३ | विराटनगर चक्रपथ आयोजना | १,९४५ | ० | ०.०० |
| ३४७१९२३ | नमुना एकीकृत बस्ती विकास कार्यक्रम (तराई मधेश-पहाड-हिमाल) | ३,६५५ | ८११ | २२.१९ |
| ३४७१९७३ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २३६ | १९९ | ८४.३२ |
| ३४७३०८३ | धोविखोला कोरिडोर सुधार आयोजना | ४,२१० | २,८५३ | ६७.७७ |
| ३४७३०९३ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | २,२८५ | ५५१ | २४.११ |
| ३४७३१६३ | सहरी शासकीय क्षमता विकास कार्यक्रम | ९,५८९ | १,४६० | १५.२३ |
| ३४७३२०३ | एकीकृत सहरी विकास आयोजना | १,१०५,१४९ | ३४८,०५९ | ३१.४९ |
| ३४७३२१३ | विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनस्थापना कार्यक्रम | ५,००० | ० | ०.०० |
| ३४७३५५३ | बागमती विष्णुमती (कोरिडोर) संरक्षण आयोजना-संयुक्त राष्ट्र संघ पार्क विकास समिति | ११,५८९ | ६,६४७ | ५७.३६ |
| ३४७३५७३ | बागमती सुधार आयोजना | ८४,९६० | २०,६४९ | २४.३० |
| ३४७३५८३ | नयाँ सहर आयोजना | ७६,०७१ | ३०,९०४ | ४०.६३ |
| ३४७३६०३ | गरिबी लक्षित सहरी पुनर्उत्थान कार्यक्रम | ७०,२९९ | ४१,९१५ | ५९.६२ |
| ३४७३६१३ | क्षेत्रीय सहरी विकास कार्यक्रम | ३,९१७,८५० | २,६१६,९५६ | ६६.८० |
| | **जम्मा** | **८,५३८,६०४** | **५,२८०,६२०** | **६१.८४** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११४ | सहरी विकास मन्त्रालय | २०,१७७ | १,८९९ | ९.४१ |
| ३४७०२०४ | सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु | १,१९९,९४० | १३८,०६१ | ११.५१ |
| ३४७०२१४ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन | १३१,९४१ | ६९,५७३ | ५२.७३ |
| ३४७०२२४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ८७९,१६६ | ४६६,४७२ | ५३.०६ |
| ३४७१७२४ | बागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजना | १,५२१,०४५ | २९९,५१६ | १९.६९ |
| ३४७१८०४ | आवास व्यवस्था कार्यक्रम | २,२९०,००० | १,४५२,८६४ | ६३.४४ |
| ३४७१८२४ | एकीकृत कार्यमूलक योजना (सहरी विकास) | २६८,९२८ | ११,७९० | ४.३८ |

| ब.उ.शि.नं. | आयोजना/कार्यक्रमको नाम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७१८६४ | सघन सहरी विकास कार्यक्रम | १०,९००,०८२ | ४,१५८,९३६ | ३८.१६ |
| ३४७१८७४ | सहरी तथा वातावरणीय सुधार आयोजना | ३६,९२० | ८,३७६ | २२.६९ |
| ३४७१८९४ | सिहंदरबार पुनर्निर्माण समिति | १५४,३९० | ७४,१९५ | ४८.०६ |
| ३४७१९०४ | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | १,५५०,६३९ | ६५२,१५३ | ४२.०६ |
| ३४७१९१४ | विराटनगर चक्रपथ आयोजना | ७६,६४४ | - | ०.०० |
| ३४७१९२४ | नमुना एकीकृत बस्ती विकास कार्यक्रम (तराई मधेश-पहाड-हिमाल) | ४५३,५०० | १४६,४५० | ३२.२९ |
| ३४७१९७४ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | ५५,०६४ | ८५३ | १.५५ |
| ३४७३०८४ | धोविखोला कोरिडोर सुधार आयोजना | ४४९,९५८ | ४३९,३३० | ९७.६४ |
| ३४७३०९४ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ८५,२९० | ७,८०० | ९.१५ |
| ३४७३१६४ | सहरी शासकीय क्षमता विकास कार्यक्रम | १९०,००० | १०,५८० | ५.५७ |
| ३४७३२०४ | एकीकृत सहरी विकास आयोजना | ५०,००० | १७,३७३ | ३४.७५ |
| ३४७३५५४ | बागमती विष्णुमती (कोरिडोर) संरक्षण आयोजना- संयुक्त राष्ट्र संघ पार्क विकास समिति | ४८,०५१ | ६,१७६ | १२.८५ |
| ३४७३५७४ | बागमती सुधार आयोजना | ९७०,४५२ | २५७,०७२ | २६.४९ |
| ३४७३५८४ | नयाँ सहर आयोजना | २,०३९,६७६ | ४५८,६७५ | २२.४९ |
| ३४७३६०४ | गरिबी लक्षित सहरी पुनर्उत्थान कार्यक्रम | ८७,८५१ | ४५,०७९ | ५१.३१ |
| ३४७३६१४ | क्षेत्रीय सहरी विकास कार्यक्रम | ५६०,४८६ | १०१,०३० | १८.०३ |
| | **जम्मा** | **२४,०२०,२००** | **८,८२४,२५३** | **३६.७४** |

◆ ◆ ◆

# स्वास्थ्य मन्त्रालय

## १. पृष्ठभूमिः

स्वास्थ्य क्षेत्रमा नयाँ विषयहरुको प्रवेशलाई एकीकृत गरी सञ्चालनका लागि वि.सं. २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना भएको हो । मन्त्रालय स्थापना हुनु भन्दा पहिले नेपालमा पहिलोपटक वि.स. १९९० मा स्वास्थ्य सेवा विभागको स्थापना भएको थियो । संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा अङ्गिकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गरेको छ । साथै, स्वास्थ्य सेवामा सबैको समान पहुँचको व्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरेको छ ।

## २. दीर्घकालीन सोचः

सबै नेपाली नागरिकहरु शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

## ३. उद्देश्यः

- नागरिकको मौलिक अधिकारको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराउने ।
- प्रत्येक नागरिकले सहज रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीसहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने । यस क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्व प्रवर्द्धन गर्ने ।

## ४. रणनीतिहरुः

स्वास्थ्य क्षेत्रको विषयगत रणनीतिहरु निम्नबमोजिम रहेका छन्ः

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुनेगरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने ।
- पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यससम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुऱ्याउने ।
- नवजात शिशु मुत्यु दर, शिशु मृत्यु दर र बाल मृत्यु दर घटाउने र औषत आयु बढाउने ।
- गुणस्तरीय औषधि तथा स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई जोड दिने ।
- स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरुबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।
- देशमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक–चिकित्सा प्रणालीहरुको संरक्षण एवं व्यवस्थित विकास गर्ने ।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार स्वास्थ्य मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु निम्नबमोजिम रहेका छनः

- स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र यूनानी आदि चिकित्सा प्रणालीको विषयमा प्रतिकारात्मक; प्रवर्द्धनात्मक, उपचारात्मक, पुनःस्थापन, अनुसन्धान तथा विकास;
- विश्व स्वस्थ्य संगठन र स्वास्थ्यसँग सम्बन्धित अन्तराष्ट्रिय सस्था;
- स्वास्थ्य तालिम;
- स्वास्थ्य सेवा सम्वद्ध गैरसरकारी संस्था;
- स्वास्थ्य विषयक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्पर्क;
- नर्सिङ होम, निजी तथा सामुदायिक अस्पताल;
- स्वास्थ्य क्षेत्रको जनशक्ति विकास र उपयोग;
- जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्य सेवाको विस्तार, अनुसन्धान, योजना र विकास;
- औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण र औषधि वा औषधि उत्पादनमा लागू पदार्थहको अनुचित प्रयोग वा दुरूपयोग हुन नदिई असुरक्षित तथा न्यून गुणस्तरका औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय र सेवन नियन्त्रण;
- चिकित्सा तथा स्वास्थ्यसँग सम्बन्धित परिषद्, प्रतिष्ठान तथा अन्य संस्था;
- परिवार नियोजन तथा मातृशिशु कल्याण योजना;
- प्रजनन स्वास्थ्य र पोषण शिक्षा;
- नेपाल स्वास्थ्य सेवाको सञ्चालन;

## ६. आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमको २०७४ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १२७ | सबै नेपालीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा सहज रूपमा प्राप्त गने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछन् । नेपालको संविधानवमोजिम प्राथमिक स्वास्थ्य लगायतका कार्यक्रमहरु स्थानीय तहले कार्यान्वयन गर्ने भएकाले ती बाहेकका स्वास्थ्य क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन गर्ने रू. ३१ अबि ७८ करोड विनियोजन गरिएको । | चैत्र मसान्तसम्म ५४% पुँजीगत, ४९% चालु र जम्मा ५०% खर्च भएको । |
| १२८ | कुनै पनि नागरिकले आर्थिक अभावमा आधारभूत स्वास्थ्य उपचारबाट वन्चित हुनपर्ने अवस्थालाई अन्त्य गर्न आगामी तीन वर्ष भित्र सबै नेपालीको स्वास्थ्य बीमा गर्ने लक्ष्यसहित राष्ट्रिय स्वास्थ्य बीमा योजना कार्यान्वयनलाई तीब्रता दिइने । | हालसम्म ३३ जिल्लामा प्रस्तुत कार्यक्रम लागू भइसकेको । |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| १२९ | मुलुकभित्रै विशेषज्ञ चिकित्सक सहितको अत्याधुनिक स्वास्थ्य सेवा उपलव्ध गराउन वीर अस्पताललाई काठमाडौं उपत्यका भित्र अत्याधुनिक भौतिक पूर्वाधार, यन्त्र, उपकरण र विशेषज्ञ सेवा सहितको अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न अस्पतालको रूपमा बिकास गर्न आगामी आर्थिक वर्षमा गुरू योजना तयारी गरि निर्माण कार्य आरम्भ गरिनेछ । प्रदेशस्तरीय अस्पतालहरुको क्षमता विकास गरिने । | स्वीकृती माष्टर प्लानअनुसार भवन निर्माण गर्न प्रकृया अघि बढाइएको |
| | | |
| १३० | गरिवीको रेखामुनिका नागरिकहरुलाई देशभित्रका सरकारी अस्पतालहरुमा क्यान्सर, मुटु, मृगौला र कलेजोको उपचार निःशुल्क उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु । डायलासिस सेवालाई पूर्ण रूपमा निःशुल्क गरेको छु । मराई-.मधेश क्षेत्रमा विशेष गरी थारू समुदायमा देखिएको सिकलसेल एनिमियाको पहिचान र उपचारको लागि सेवा विस्तार गरेको छु। | क्यान्सर, मुटु, मृगौला र कलेजो रोग लगायत ८ प्रकारका रोगको सेवा प्रदान गर्नका लागि हाल ४७ अस्पतालबाट बढाई ६० अस्पतालहरु बाट सेवा विस्तर गरिएको र हालसम्म ३२ हजार ७ सय १९ जनाले निःशुल्क उपचार सेवा प्राप्त गरेको । |
| | | अञ्चल अस्पतालसम्म सेवा विस्तार गरिएको । |
| | | नेपाल स्वास्थ्य अनुसनधान परिषद् (NHRC) बाट सिकलसेल र एनिमिया रोगको अध्ययन अनुसन्धानको बर्दिया जिल्लाको धाधाबार र बानियाबार गा.वि.स. को सम्भाव्यता अध्ययन कार्य र समुदायबाट संकलन गर्ने रगतको नमूना परीक्षण गर्न प्रयोगशालाको निरीक्षण कार्य सम्पन्न । भेरी अञ्चल अस्पताललाई सिकलसेल एनिमियाको सेवा केन्द्रको रूपमा विकास गर्ने कार्य प्रकृयागत रूपमा रहेकोले केन्द्र स्थापना भइनसकेको । |
| १३१ | आयुर्वेदिक औषधिहरुको गुणस्तरमा सुधार ल्याउन सिंहदरबार वैद्यखानाको औषधि उत्पादन प्रक्रियामा असल उत्पादन प्रक्रिया (जीएमपी) अवलम्बन गर्ने कार्यलाई निरन्तरता दएको छु । नेपाली जडिबुटीहरुबाट स्वदेशमै औषधि उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहित गरिनेछ। प्राकृतिक चिकित्शालाई वैकल्पिक उपचार विधिको रूपमा विकास गरिनेछ । सबै नेपालीको दैनिक जीवनचर्याको अभिन्न अंङ्ग बनाउन अभियान चालिने । | GMP मा स्तरोन्नति गर्ने प्रकृया अघि बढाइएको, सोही क्रममा हाल एउटा Index भवन बनिसकेको । |
| | | सिंहदरबार वैद्यखानाबाट निरन्तर रूपमा जडिबुटी प्रशोधन गरी आयूर्वेदिक औषधिहरु उत्पादन भइरहेको । आयूर्वेद विभागलाई आवश्यक आयुर्वेद औषधि खरिद गर्न (G to G) सम्झौता सिहंदरबार वैद्यखान विकास समितिसंग गरिएको । |
| | | प्राकृतिक चिकित्सालाई वैकल्पिक उपचार |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | | विधिको रूपमा विकास गर्न आयूर्वेदिक तालिमलाई ७ वटै प्रदेशमा विस्तार गर्न शुरू गरिएको । |
| | | सवै जिल्लाहरुमा योग शिविर सञ्चालन भएको । राष्ट्रिय योग दिवस र धनवन्ती जयन्ती सबै तहमा मनाइएको । |
| १३२ | गुणस्तरीय स्वास्थ्य सेवालाई थप विस्तार गर्न सरकारी, निजी र सहकारी क्षेत्रका स्वास्थ्य संस्थाहरुसँग साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक निजी तथा सामुदायिक स्वास्थ्य सेवाको गुणस्तर नियमनको लागि जनस्वास्थ्य विधेयक व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गिरने । | २७ बाट सामुदायिक संघ संस्थाहरु छनौट गरी सहकार्य भइरहेको । |
| | | जनस्वास्थ्य विधेयक मस्यौदा तयार भई परामर्शको क्रममा रहेको । |
| १३३ | औषधि तथा स्वास्थ्यसम्बन्धी उपकरणहरुको गुणस्तर थप सुनिश्चित गर्न औषधि ऐन, २०३५ लाई परिमार्जन गरिनेछ । सबै सरकारी अस्पतालहरुमा अनिवार्य रूपमा आफ्नै फार्मेसी राखी सुपथ मूल्यमा गुस्तरीय औषधि उपलव्ध गराउने कार्यलाई थप व्यवस्थित गरिने । | औषधि व्यवस्था विभागवाट औषधि तथा स्वास्थ्यसम्बन्धी उपकरणहरुको गुणस्तर थप सुनिश्चित गर्न औषधि ऐन, २०३५ लाई परिमार्जनका लागि मस्यौदा तयार भएको । |
| | | फार्मेसी सीड मनि अन्तर्गतको अख्तियारीमार्फत गत वर्ष अञ्चल तथा सो माथिका २३ वटा अस्पतालहरुमा अनुदान प्रदान गरिएकोमा २२ वटामा फार्मेसी सञ्चालन भएको तथा यसवर्ष ती लगायत २९ अस्पताल एवं प्रतिष्ठानमा फार्मेसी सीड मनि रु. ४ करोड ५० लाख अख्तियारी बाँडफाँड स्वीकृतिको लागि पेश गरिएको, हालसम्म देशभरका ७१ प्रतिशत सरकारी अस्पतालमा आफ्नै फार्मेसी सेवा सञ्चालन आइसकेको । |
| १३४ | म स्वस्थ, मेरो देश स्वास्थ अभियानलाई सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा विस्तार गरिनेछ । विद्यार्थीहरुलाई स्वास्थ्यसम्बन्धी चेतना जगाउने मुख्य पात्रको रूपमा स्थापित गर्दै, सरकी तथा निजी विद्यालयहरु मार्फत यस अभियानलाई अगाडि बढाइने । | प्याब्सन, एनप्याब्सनसँग MoU गरी सो अन्तर्गतको विद्यालयहरुमा स्टाफ नर्स राख्ने कार्य भइरहेको, सरकारी तथा गैरसरकारी सञ्चार माध्यामवाट म स्वस्थ, मेरो देश स्वस्थ अभियानसम्बन्धी प्रचार प्रसारको कार्य भइरहेको । |
| | | भाष्कर मेमोरियल ट्रष्टको सहकार्यमा विद्यालय स्वास्थ्य शिक्षा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिएको । |
| १३५ | सरकारी छात्रवृत्तिमा एम.डी र एम.एस. गरेका | प्रस्तुत व्यवस्था निरन्तर कार्यान्वयनमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | फागुन मसान्तसम्मको प्रगति |
|---|---|---|
| | विशेषज्ञहरुले निश्चित अवधिसम्म दुर्गम क्षेत्रमा अनिवार्य रूपमा सेवा गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिएको । | रहको । |
| १३६ | वातावरणीय परिवर्तन, दैवी प्रकोप, भू-उपयोग, रोजगारी र आर्थिक अवसर लगायतका कारणले जनसांख्यिक बनौटमा आएको परिवर्तनलाई अध्ययन गरिनेछ । जनसंख्या व्यवस्थापनसम्बन्धी अभिमूखीकरण र चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । | वसाईसराई सर्वेक्षणको प्रकृया केन्द्रीय तथ्याङ्क विभाग मार्फत शुरू भएको ।<br>आवश्यक अभिमूखीकरण तथा चेतनामूलक कार्यक्रम साविक जनसंख्या तथा वातावरण मन्त्रालयबाट सञ्चालन भइरहेको छ । |

## ७. चालु आर्थिक वर्ष २०७४।७५ को फाल्गुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- चालु आ.व. ०७४।७५ को ८ महिनामा ३ लाख ३० हजार ३० जनालाई बि.सि.जी. भ्याक्सिन प्रदान गरिएको, २ लाख ६६ हजार ५ सय ३७ जनालाई डि.पि.टि. हेपाटाइटिस बी. तेश्रो मात्रा प्रदान गरिएको २ लाख ६६ हजार २ सय २८ जनालाई पोलियो (तेश्रो मात्रा) प्रदान गरिएको र त्यसैगरी २ लाख ४७ हजार १ सय ५२ जना महिलालाई टिटानस खोप दिइएको, २ लाख ७२ हजार ७ सय ३६ जनालाई दादुरा रूवेला खोप दिइएको २ लाख ९८ हजार ५ सय १२ जना महिलालाई आइरन चक्की वितरण गरिएको छ । ५ लाख ७१ हजार ७३ जना झाडापखालाका रोगीहरु दर्ता भएकोमा ५ लाख ४५ हजार २ सय ३५ लाई जिंक र जीवनजलबाट उपचार गरिएको । यसैगरी १ लाख ८० हजार ७ सय २२ जनाको श्वासप्रश्वाससम्बन्धी रोगको उपचार गरिएको छ ।
- आर्थिक वर्ष २०७४।०७५ प्रथम आठ महिनामा आमा सुरक्षा कार्यक्रम अन्तर्गत ५ लाख ७० हजार २ सय ५६ जनालाई सेवा प्रदान गरिएको । गर्भवति तथा सुत्केरी उत्प्रेरणा सेवा २९ हजार १ सय ५७ जनालाई प्रदान गरिएको । प्रोटोकलअनुसार ४ पटक गर्भवती जाँच गराइएको २४ हजार २ सय १ जना, ३ हजार २ सय १३ जनालाई परिवार नियोजन स्थायी बन्ध्याकरण गराइएको ।परिवार नियोजन साधन प्रयोगकर्ता २९ लाख १६ हजार ६ सय ४७ जना भएका । नयाँ प्रयोगकर्ता (प्रथम चौमाशिकको) पिल्स २३ हजार ३ सय ३४ जना, डिपो ५२ हजार १ सय २० जना, आइ.यू.सि.डि. ५ हजार ४ सय ३६ जना, इम्प्लाण्ट १५ हजार ८ सय ८६ जना, स्थायी बन्ध्याकरण ३ हजार २ सय १३, ६ वटा जिल्लाहरु सोलुखुम्बु, धादिङ्ग, कास्की, बाँके, कैलाली र बैतडीमा MPDSR कार्यक्रम सञ्चालन गरिएकोमा चालु आ.ब. मा थप ५ वटा जिल्लाहरु सुनसरी, सर्लाही, जुम्ला, रुपन्देही, सुर्खेत जिल्लामा MPDSR कार्यक्रम सञ्चालन गरिएको । ५३ वटा स्वास्थ्य संस्थाहरुमा CEONC को बजेट मार्फत सेवा निरन्तरता प्रदान गरिएको । अनसाइट कोचिङ्गको माध्यमबाट प्रसुतीकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको । परिवार स्वास्थ्य महाशाखाको वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका छपाइ गरी वितरण गरिएको । परिवार स्वास्थ्य महाशाखाको लागि आ.ब. २०७४/०७५ मा आवश्यक पर्ने उपकरणहरुको स्पेशिफिकेशन तयार गरिएको ।
- आर्थिक वर्ष २०७४।०७५ मा ३० स्थानबाट एचआइभी संक्रिमतहरुलाई CD4 सेवा दिइरहेको छ। ७० वटा ART केन्द्रहरुबाट १५ हजार २ सय ६० जनालाई ART उपचार सेवा प्रदान गरिएको छ। ७७ वटै जिल्लामा समुदायमा आधारित CB PMTCT सेवा विस्तार गरिएको छ । सो अवधीमा ARV औषधि सेवन गरिरहेका संक्रमित तथा PMTCT कार्यक्रममा आवद्ध १ सय १५ गर्भवती महिला र ARV

मा रहेका १५ वर्ष मुनिका ९ सय ६८ बालबालिकाहरुलाई पौष्टीक आहार वितरण भएको छ । १ सय ७५ वटा HTC Center बाट एचआइभी परीक्षण गरिएको छ । ६ लाख ९० हजार ४ सय ७६ जनाको HIV परीक्षण गरिएको छ जसमध्ये २ लाख ३२ हजार ४ सय १४ जना गर्भवती महिलामा पनि HIV परीक्षण गरिएको छ । यस वर्ष उच्च जोखिममा रहेका Migrant र उनीहरुको परिवार MSM, MSW, TG, PWID, FSW र PLHIV लाई लक्षित गरी गैरसरकारी संस्थाहरु माध्यमबाट विस्तृत HIV रोकथाम कार्यक्रम सञ्चालन गरिएको छ । उपचार सेवामा रहेका एचआइभी संक्रिमतहरु को जानकारी वास्तविक समयमा (Real Time मा हेर्न मिल्ने गरी सेवाग्राहीलाई आवश्यक परेको खण्डमा अरू संस्थामा सजिलै प्रेषण गर्न सकिने र Double Counting हुन समेत नदिन HIDC II ट्र्याकर प्रणाली देशका विभिन्न १४ स्थानमा रहेका ART केन्द्रहरुमा लागु गरिसकेको छ ।

- चालु आ.व. २०७४।७५ को फागुन मसान्तसम्ममा विपन्न नागरिक उपचार कोष कार्यक्रम अन्तर्गत कूल ४५ हजार १ सय ९१ जनालाई सेवा प्रदान गरिएको जसमध्ये २ हजार ८ सय ६६ मुटु, १८ हजार ३ सय मृगौला रोगको उपचार सेवा प्रदान गरिएको । ९० वटा स्वास्थ्य संस्थाहरुको भवन निर्माण सम्पन्न भएको, जसमध्ये ४ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७७ वटा स्वास्थ्य चौकी, तालिम हल १, कर्मचारी क्वार्टर ३, बर्थिङ सेन्टर ३ र पोष्ट मार्टम घर २ को निर्माण सम्पन्न, ६ सय ९३ निर्माणाधीन रहेका छन् । ७ वटा जिल्लामा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रममा । १ करोड ९ लाख ८८ हजार ४१ नयां विरामीहरुलाई निशुल्क औषधी वितरण, परामर्श प्रदान गर्ने कार्यक्रम सञ्चालन, २ सय ५८ वटा नयाँ भवन निर्माणका लागि स्वास्थ्य मन्त्रालयबाट सहरी विकास तथा भवन निर्माण विभागमा कार्यक्रम पठाइएको । देशभरका सबै अस्पतालहरुमा (ठूला केन्द्रीय अस्पताल बाहेक) अस्पतालका उपकरणहरु मर्मत सुधारका लागि कार्यक्रम अगाडि बढेको ।
